CC-0. In Public Domain. Digitization by eGangotri

कार्तवीर्योदय

महाकाव्य

सम्पादक

डा. स्वामी प्रपन्नाचार्य

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वतन्त्रस्वतन्त्रकवितार्किककण्ठीरव
महाकविसुकृतिदत्तसूरिविरचित

कार्तवीर्योदयमहाकाव्य

0
0
0
0
0
0
0
0
0
0
0
0
0
0
0
0

सम्पादक
डा. स्वामी प्रपन्नाचार्य
वेदान्ताचार्य पीएच. डी.

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

वि. सं. २०५१ पहिलो संस्करण
मूल्य रु. १२४।-

मुद्रक

लुष प्रेस, नयाँ बानेश्वर
☎ ४७३५८६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

जसले यस महाकाव्यलाई लेखेर
समाज र राष्ट्रको गौरव बढायो,
जसले यस महाकाव्यलाई लेखेर विशाल
संस्कृत वाङ्मयको भण्डार भऱ्यो
जसलै यस्ता सर्वशास्त्रपारङ्गत विद्वान्
तथा
महाकविलाई जन्म दियो,
उनै जननी जन्मभूमि नेपाललाई
यो काव्यकुसुमसम्पादन समर्पित छ

त्वदीयं वस्तु गोविन्द
तुभ्यमेव समर्पये !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

देशको माटो आफैं बोल्दैन । राष्ट्रको गौरवशाली इतिहास-संस्कृति र साहित्य-कलाले त्यसलाई वाणी प्रदान गर्छ । त्यसैले देशको कला-साहित्य, संस्कृति-इतिहासको संरक्षण, संवर्धन गर्दै तिनलाई उचित संमान र कदरका साथ प्रकाशमा ल्याउनु राष्ट्रिय समुन्नतिको पहिलो शर्त हो । यसै महान् उद्देश्यको परिपूर्तिका लागि नै नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको स्थापना भएको हो ।

यसै परिप्रेक्षमा एउटा महाकाव्यका रूपमा आजसम्म अँध्यारोमा मिल्किएको सुक्तिदत्त पन्तको, 'कार्तवीर्योदय महाकाव्य' नामको यो महत्त्वपूर्ण शोधपरक ग्रन्थलाई विशिष्ट विद्वान् स्वामी प्रपन्नाचार्यले आफ्नो विवेक बुद्धिले अथक परिश्रम र धनसमेत खर्च गरी आफ्ना समीक्षात्मक टिप्पणीका साथ उज्यालोमा ल्याइदिने पुनीत कार्य सम्पादन गर्नुभएको छ । त्यसैले उहाँलाई साधुवाद दिँदै उक्त ग्रन्थलाई प्रकाशनमा ल्याउँदा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान आफूलाई गौरवान्वित ठान्छ । अस्तु ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वत्प्रवर नयराज पन्तको आन्तरिक उद्‌गार

कति परिश्रमले कति खर्चले
प्रथित पण्डित बाबु बराजुले ।
विविध पुस्तक सञ्चय गर्दछन्
अलिकता त नयाँ पनि रच्तछन् ॥१॥

अलस सन्ततिको करमा परी
अलि अलोसँग हाय ! ढुसी परी ।
सकल पुस्तक मक्किन थाल्दछन्
विविध बोध हरे शिव लुक्दछन् ॥२॥

कति बिके अघि, पुस्तक बिक्तछन्
अझ, कतातिर बाहिर पुग्दछन् ।
सडकमा पनि पुस्तक सड्दछन्
कति नदीजलमा पनि बग्दछन् ॥३॥

शिव हरे ! यसरी निज देशको
विविध शास्त्ररहस्य त्यसै डुब्यो ।
यसविषे नदिईकन लोचन
अब हुँदैन नि बस्नु सुधी जन ॥४॥

(गल्लीमा फ्याँकिएका कसिङ्गरबाट)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री १०८ स्वामी अनन्त भारतीजी महाराज

महामहोपाध्याय डा. ब्रह्ममित्र अवस्थी

साहित्याचार्य एम. ए., पीएच. डी.

रूपनगर दिल्ली

प्रस्तावना

डा. स्वामिरामकृष्णप्रपन्नाचार्यमहोदयेन सम्पाद्यमानं पण्डितभववत्तस्य पुत्रेण सुकृतिदत्तपन्तेन विरचितं कार्तवीर्योदयं नाम महाकाव्यं संस्कृतसाहित्य-वाराम्निधेरद्यावध्यविदितमप्रकाशितमवश्यंप्रकाशार्हं महनीयं महाकाव्यरत्नमस्ति। महाकाव्यस्यास्य प्रणेता पण्डितप्रवरः श्रीसुकृतिदत्तपन्तो न्यायव्याकरणवेदान्तादि-शास्त्राणां प्रौढं पाण्डित्यं बभारेति महाकाव्यस्यास्यानुशीलनेनानायासं प्रतीयते। महाकाव्यस्यास्य षोडशः सर्गस्तु पण्डितप्रवरस्यास्य पाण्डित्यं डिण्डिमघोषं-द्घोषयतीव यत्र प्रत्येकश्लोकेषु शास्त्राणाममीषां तत्त्वविशेषा यथायथं सङ्केतिता एव। मोक्षस्वरूपं तदुपायश्चास्य सर्गस्य मुख्यो वर्णनीयो विषयोऽस्ति। प्रथमे सर्गेऽपि महाकविः माहिष्मतीन्नगरीमुपवर्णयन्तत्राध्ययनाध्यापनव्यसनिनो न्यव-सन्निति सूचयन्नमीषां शास्त्राणां वर्ण्यानि तत्त्वान्यपि वर्णितवान्।

चतुश्चत्वारिंशदुत्तरसप्तदशशतमित१७४४श्लोकमयमिदं महाकाव्यं सप्तदशसु सर्गेषु विभक्तमस्ति। महाकाव्यस्यास्य बीजनिक्षेपस्तु महाकविना माहिष्मती-नगर्याः वर्णनोपक्रमेण कृतः। इयं हि नगरी काव्यनायकस्यार्जुनपदाभिधेयस्य कार्तवीर्यस्य जन्मस्थली क्रीडास्थली चाभवत्। तत्पिता कृतवीर्यो धर्मं प्रतिष्ठा-पयन् शास्त्रपरम्परा रक्षन्निमां शशास। यथा कालिदासकृतस्य रघुवंशमहाकाव्यस्य प्रथमः सम्राट् निस्सन्ततितया पीडितः पीडानिवृत्त्यै पुत्रप्राप्त्युपायञ्जिज्ञासमानो वसिष्ठाश्रमं याति तथैव माहिष्मतीपरिवृढः कृतवीर्योऽपि निस्सन्तानः स्वपीडा-निवृत्त्यै दत्तगुरोराश्रमपदं प्राप्नोति। गुरुं प्रीणयित्वा च सन्ततिलाभायाऽशिषं लभते। अयं दत्तगुरुः श्रीमद्भागवतमहापुराणस्यैकादशे स्कन्धे वर्णितोऽ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वधूतो दत्तात्रय एवास्तीति संभावयामि । द्वितीये सर्गे दत्तगुरोराश्रमस्य वर्णनमेव कवेर्मुख्यो वर्ण्यो विषयः । दत्तगुरोः कृपया कृतवीर्यः सर्वलक्षणसम्पन्नं पुत्रं लभते । 'अर्जुन' इति च तदभिधानं विदधाति । यद्यपि सः कृतवीर्यसूनुतया कार्तवीर्याभिधानेनैव विशिष्य ख्यातिमवाप । तत एवासौ महाकविरपि तं कार्तवीर्यपदेनैवैनं प्रायशोऽभिधत्ते । तृतीये सर्गे कार्तवीर्यस्यार्जुनस्य जन्म तच्छैशवञ्च मुख्यतया वर्णितमस्ति । अत्र प्रकरणेऽर्जुनस्य बाललीला विशिष्य पाठकानां मनो हरन्ति । चतुर्थे सर्गे कार्तवीर्यस्य गुरुगृहे विद्यार्जनस्य, पञ्चमे च दिव्यशक्तिलाभाय तस्य तपश्चरणस्य वर्णनं प्राधान्येन कृतमस्ति ।

यथा हि प्रथमं सङ्कुचितं मुकुलितदलमन्तः प्रथमं शास्त्रवित्पण्डितः, कविस्तु पश्चात् । अतस्सः स्वीयां शास्त्रज्ञतां स्वमहाकाव्ये मूर्तिमतीं द्रष्टुं कामयते । तत एव सप्तमं सर्गमन्यथा प्रणिनाय यथा प्रतिपद्यं तस्य पाण्डित्यं प्रतिबिम्बितं प्रतीयते । अत्र सर्गे पूर्वेष्वेकषष्टिषु श्लोकेषु क्रमशः 'अ'वर्णादारभ्य 'ह'वर्णपर्यन्तं वर्णान् प्रत्येकं श्लोकस्यादौ प्रथमवर्णतया निवेशयन्, ततो द्वयोः पद्ययोः ज्ञक्षवर्णौ प्रथमतो विनिवेशयन् स्वीयां काव्यचमत्कृतिजननप्रतिभामिव प्रदर्शयति । ततः कतिपयेषु पद्येषु निष्कण्ठ्यां निस्तालव्यां निर्दन्त्यां निरोष्ठ्यां निरनुनासिक्यां निरूष्मां निरन्तःस्थां रचनां निबध्नाति । अत्रैव प्रसङ्गेऽसौ कतिषुचित्पद्येषु केवलमेकजातीयस्वरवतीमन्यत्र द्विव्यञ्जनवतीञ्चतुर्व्यञ्जनवतीं वा रचनां ग्रथ्नाति । ततश्च षट्त्रिंशत्सु पद्येषु दुष्करान्बन्धाननुप्रासयमकप्रभृतीन् वा शब्दालङ्कारान् प्रतिपद्यं बध्नाति । महाकविरिमं सप्तमं सर्गं 'शब्दालङ्कारवर्णन'मित्यभिधानेनाभिदधाति । वर्णमालायाः प्रत्येकं वर्णेनारब्धपद्यरचनाशैलीं शब्दालङ्कारतयाभिदधन्महाकविरयं शब्दालङ्काराणां कामपि नवीनाम्परम्पराम्प्रवर्तयन्निव प्रतीयते । इयमन्यद्यत्परम्परेयं शब्दालङ्कारतया परवर्तिभिः कविभिः काव्यशास्त्राचार्यैर्वा नानुसृता समर्थिता वा । सर्गेऽत्र कविना कार्तवीर्यस्य तपोवनात्प्रत्यागमनकथाश्रयीकृता ।

सप्तमे सर्गे शब्दालङ्कारनिबन्धनानन्तरमष्टमे सर्गे महाकविः विविधैर्भेदप्रभेदैस्सहोपमादीनर्थालङ्कारान्निबध्नाति । तत्र प्रसङ्गे चासौ सर्वप्रथमं विविधैर्भेदप्रभेदैस्सहोपमालङ्कारमेव ग्रथ्नाति । ततश्च, सप्तत्यधिकानामलङ्काराणामुदाहरणयोग्यानि पद्यानि निबद्धुं महाकविना कार्तवीर्यस्यार्जुनस्य राज्याभिषेकस्य तत्पितुः कृतवीर्यस्य तपोवनगमनमयी कथा समाश्रिता ।

महाकाव्येऽस्मिन्नवमसर्गात्काव्यार्थः मुकुलीभवन्निव दृश्यते । काव्यस्यास्याङ्गीरसः शृङ्गारः । विदर्भराजतनयां कनकप्रभामालम्ब्यार्जुनाश्रयो रति-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावोऽत्र रस्यते । तदेवमालम्बनविभावभूतायाः कनकप्रभायास्स्वयंबरयोजना-मुपक्रान्तुं महाकविः प्रथममत्र सर्गे कनकप्रभाया रूपगुणादिवैभवमस्मिन्सर्गे वर्णयति । ततश्च दशमे सर्गे कनकप्रभायास्स्वयंवरसमारोहमुपश्रुत्य कार्तवीर्य-स्यार्जुनस्य विदर्भनगरीं प्रति यात्रां, प्रसङ्गतश्च विदर्भराजधानीं महाकविरवर्ण-यत् । एकादशे सर्गे प्रभातवर्णनोपक्रमे कार्तवीर्यस्य कनकप्रभास्वयंवरस्थलगमन-रूपो वृत्तान्तो ग्रथितः । द्वादशे च पुनः कनकप्रभायास्स्वयंवरवृत्तान्तवर्णनं रघु-वंशीयेन्दुमतीस्वयंवरवर्णनमादर्शतयाऽङ्गीकृत्य सुविशदं कृतमस्ति । ततश्च त्रयोदशे कार्तवीर्यस्य सर्वोत्कृष्टत्वेन विद्यमानस्य कनकप्रभया वरणम्, चतुर्दशे च पुनः कनकप्रभाकार्तवीर्यार्जुनयोर्विवाहवर्णनं काव्यकथाविषयीभूतं कृतमस्ति । अत्रैव सर्गे विवाहसंस्कारसंस्कृतः कार्तवीर्यः कनकप्रभया देव्या सहोपवनादिषु विहरन्कदा जलक्रीडार्थं शर्मदाया नर्मदाया उपकण्ठं याति । तौ यदा जलक्रीडा-व्यापृतावास्तां तदा लङ्केश्वरो रावणोऽपि विहारार्थमागतः । तत्र च नर्मदायां क्रीडमानन्तन्दृष्ट्वा दर्पवशात्कार्तवीर्यं कुप्यति । ततश्च तत्र तयोः रावणकार्तवीर्य-योर्युद्धं समजनि । तत्र युद्धे चासौ कार्तवीर्योऽर्जुनो दशमुखं विंशतिबाहुं रावणं पराजित्य तस्य दर्पं भञ्जयति ।

पञ्चदशे सर्गे महाकविः क्रमशो वर्षाशरदृतुवर्णनेनोपक्रम्य कार्तवीर्यस्य सप्तसु सागरेषु सप्तसु च द्वीपेषु निर्द्वन्द्वं विहारवर्णनन्निबद्धवान् । सर्गोऽयं सम्पूर्णेऽपि महाकाव्ये विशालतमः यत्र सप्तत्युत्तरं द्विशतीश्लोकानान्निब-द्धोऽस्ति ।

महाकविना निबद्धः कथानायकस्य जनकः कृतवीर्योऽष्टमे सर्गे स्वपुत्रं राज्य-सिंहासने प्रतिष्ठाप्य तपोवनं प्रस्थित इति पूर्वमुक्तम् । तत्प्रसङ्गत एवात्र सर्गे कविना चरमपुरुषार्थभूतस्य मोक्षस्य स्वरूपं विशदीकृतम् । तत्प्रसङ्गतश्च विवि-धानां दर्शनशास्त्रीयाणां सिद्धान्तानाञ्चात्र निबन्धनं कविना कृतमस्ति । यद्यपि शृङ्गारेऽङ्गिनि प्रतिष्ठीयमाने मोक्षस्य मोक्षशास्त्रगतस्य वा विषयस्य वर्णनन्न भवति प्रासङ्गिकम् । परं महाकविस्स्वं सर्वशास्त्रपाण्डित्यं प्रदर्शयितुं हठादिव विषयमिममुपनिबध्नाति । सूक्ष्मतमांश्च तांस्तान् सिद्धान्तांस्तत्र सङ्केतयति । अन्तिमे सप्तदशे सर्गे महाकविस्तयस्त्रिशङ्क्विः पद्यैस्स्ववंशवर्णनं कृत्वा महा-काव्यमिदं पूर्णतामनयत् ।

पदबन्धेन महाकाव्यमिदं माघकृतेन शिशुपालवधमहाकाव्येन श्रीहर्षकृतेन वा नैषधीयचरितमहाकाव्येन तुलयितुं शक्यते । परन्तु तत्र काव्ययोः यादृशी स्वाभाविकता द्रष्टुं शक्यते, तादृशी स्वाभाविकताऽत्र सुदुर्लभा । काव्याचार्यैः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिः व्युत्पत्तिरभ्यासश्चेति त्रितयं काव्यहेतुतयाङ्गीकृतम् । तेषु त्रिषु कुत्रचित् कविषु शक्तेरन्यत्र व्युत्पत्तेरपरत्राभ्यासस्य प्राधान्यं द्रष्टुं शक्यते । प्राधान्याप्राधान्यप्रसङ्गेऽपि यथास्थानमेतेषु प्रत्येकमनुपातभेदोऽपि भवति । कालिदासीयेषु काव्येषु शक्तिरेव प्राधान्येन हेतुभूतास्ति । इतरयोः गुणभाव एव ।

अत्र च सुकृतिदत्तकृते कार्तवीर्योदयनाम्नि महाकाव्ये व्युत्पत्तेरेवाऽस्ति प्राधान्यम् । अत एव कालिदासीयेषु काव्येषु येयं सहजता प्रतिष्ठिता दृश्यते यश्च वैदर्भीरीतेः परिपाको दृश्यते, मुख्यतो रघुवंशे महाकाव्येऽभिज्ञानशाकुन्तले दृश्यकाव्ये वा तस्यात्र प्रायशोऽभाव एवास्ति । परन्तु व्युत्पत्तिजन्यचमत्कारविशातादृशपारम्परीकाणां नलचम्पूप्रभृतीनां काव्यानामपेक्षया महाकाव्यमिदं श्रेष्ठं काव्यमिति वक्तुं शक्यते । काव्यशास्त्रीयेष्वाचार्येषु पाण्डित्यमहितां शैलीमधिकृत्य यथालङ्कारकौस्तुभकृत्पर्वतीयो विश्वेश्वरपण्डितो महीयान्मन्यते तथैव कविपरम्परासु नितरामविदितस्यास्य कार्तवीर्योदयमहाकाव्यस्य कवयिता महाकविः सुकृतिदत्तपन्तो निर्विवादमनुपमो वक्तुं शक्यते ।

पर्यन्तेऽद्यावधि सर्वतोभावेनाज्ञातस्यास्य महाकाव्यस्य सम्पादनप्रसङ्गे सततं कर्मनिरताय विद्याव्यसनिने स्वशिष्यवर्याय स्वामिने रामकृष्णप्रपन्नाचार्यायाशीराशिभिर्वर्धापयामि–

'पावका नः सरस्वती वाजेभिर्वाजिनीवती यज्ञं वष्टु धिया वसु'

वि. सं. २०४५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आशुकविः, इतिहासमर्मज्ञः,

राष्ट्रान्ताराष्ट्रलब्धकीर्तिः, सर्वदाऽनुसन्धानतत्परः

विद्यालंकारः योगी नरहरिनाथः शास्त्री

सम्मतिः

सुकृतिवत्कृतिस्सुमनोहरा
विहरतीह हिमालयवासिषु ।
विहरतादवनीतलवासिषु
नरहरेरिदमेव निवेदनम् ।।

प्रपन्नाचार्य्यसम्पाद्या हृद्या कृतिरियं कवेः ।
कवीनां हृदयागारे रमतां शृण्वतामपि ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा. डिल्लीराम तिमसिना
एम. ए., पीएच. डी.
दर्शनाचार्य, काव्यतीर्थ
जर्मन तथा भाषाविज्ञान डिप्लोमा

अध्यक्ष
भारतीय भाषा विभाग
काशी हिन्दू विश्वविद्यालय
वाराणसी-२२१००५
दिनाङ्क २०४५

अभिनन्दन

संस्कृत र नेपाली वाङमयका पुरातनकालिक इतिहासमा ध्रुवतारातुल्य चहकिला नक्षत्र भए पनि लोकप्रिय हुन नपुगेका नेपाली विद्वान् पण्डित प्रेमनिधि पन्त, अद्वितीय दार्शनिक नीलदेव पन्त र महाकवि सुकृतिदत्त पन्तहरूका वंशपरम्पराको यथार्थ परिचय प्रस्तुत ग्रन्थको भूमिकाबाट अवगत हुन आउँछ। नेपाली वाङमयको पक्षमा यो अत्यन्त अपेक्षित कार्य हो।

आजभन्दा पुगनपुग चार दशकपूर्व पूर्णप्रसाद ब्राह्मणको 'सत्यहरिश्चन्द्र' संस्कृत महाकाव्य हामीले पढ्न पायौं। अर्को नेपाली कवि सुकृतिदत्त पन्तले 'कार्तवीर्योदय' नामक संस्कृत महाकाव्य रचेका छन् भन्ने सम्म सुनिएको थियो। विशालकाय भएको उक्त महाकाव्यको पाण्डुलिपि सपरिश्रम सम्पादित रूपमा साक्षात् दृष्टिगोचर गर्ने सौभाग्य पाउँदा हर्षोल्लास र अपार आनन्दको अनुभव भएको छ।

सत्र सर्गमा विभक्त यो महाकाव्य १७४४ पद्यमा कुँदिएको छ। डा. स्वामी रामकृष्ण प्रपन्नाचार्यका सुयोग्य सम्पादनमा यस महाकाव्यले प्रकाश पाउन लागेको छ। विद्वान् सम्पादकले नेपाली भाषामा महाकाव्यको चिकित्सक अध्ययनका साथै विशद विश्लेषण गर्नुभएको छ। यसको भूमिका भाग, परिशिष्ट र पादटिप्पणीले मनगगे शोधको स्वरूप लिएको छ। महाकाव्य रचनाको उद्देश्य, काव्यगत भाषा र शैली, गुण, रीति, रस, छन्द, अलङ्कार, ध्वनि तथा शब्दशक्तिबारे प्रकाश पारेर पाठकलाई पढ्न र बुझ्न झन् सजिलो पारिदिएको छ। संक्षिप्त कथावस्तु प्रस्तुत गर्नाले काव्यगत विषय सरल र सुबोध भएको छ।

यस्तो महत्त्वपूर्ण कार्य गरेर स्वामीज्यूले नेपाली-संसारलाई ठूलो गुन लाउनुभएको छ। समाजबाट उहाँलाई यस सन्दर्भमा सशक्त प्रेरणा र अपेक्षित सहयोग उपलब्ध हुनु नितान्त आवश्यक ठानिन्छ। विद्वत्ता र गुणको कदर गर्नु आफ्नै सम्मान हो।

यस प्रकार नेपाली कविले रचेका लुप्तप्रायः संस्कृत महाकाव्यको उद्धार तथा अनुसन्धानपूर्ण स्तुत्य कार्य सम्पन्न गर्नुभएबापत साधुवादसहित म उहाँको हार्दिक अभिनन्दन गर्छु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो कुरा

वि. सं. २०१५ तिर (बनारसमा पढ्दै रहँदा) प्रसिद्ध विद्वान् राजेश्वर शास्त्री द्रविडको मुखबाट नेपाली विद्वान् सुक्तिदत्त पन्त र उनको कार्तवीर्योदय महाकाव्यको प्रशंसा सुनेको थिएँ। नीलदेवपछि नेपालीहरूमा सुक्तिदत्त नै ठूला विद्वान् भए भनी त्यहाँ चर्चा परिचर्चा भएको थियो। त्यतिखेर म नव्यन्याय र व्याकरणको छात्र थिएँ, तापनि सुक्तिदत्तबारे केही जान्ने जिज्ञासा बढ्यो तथा उनका कृति खोजर पढ्नुपर्छ भन्ने धारणा पनि बन्यो।

काल बित्तै गयो। केही लेख्ने छपाउने काम शुरू गरेपछि अब सुक्तिदत्त पन्तका बारेमा पनि समग्ररूपमा एउटा ग्रन्थ लेख्नुपर्छ भन्ने इच्छा जागृत भयो। वि. सं. २०४० देखि मैले सुक्तिदत्त र कार्तवीर्योदयका बारेमा शोधखोज गर्न शुरू गरें। नेपाल राष्ट्रिय अभिलेखालयबाट कार्तवीर्योदयको फोटोकपी पाउँदाको कष्ट तथा बागलुङ्को भ्रमण, माहिष्मतीको भ्रमण आदिको परिश्रमका बारेमा तल विस्तृत भूमिकामा लेखेको छु।

धेरै वर्षको परिश्रमपश्चात् सुक्तिदत्तको कार्तवीर्योदय जनसमक्ष प्रस्तुत गर्न सकेको छु। यति गर्न मैले धेरै शारीरिक तथा मानसिक क्लेश भोग्नुपरेको छ। भविष्यमा यस्तै काममा लागिपर्ने विद्वज्जनले मेरो श्रमको मूल्याङ्कन गर्नेछन्।

अहिले यस रूपमा कार्तवीर्योदय महाकाव्य प्रकाशमा आउनुमा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान धन्यवादार्ह बनेको छ। त्यहाँका तात्कालिक उपकुलपति डा. ईश्वर बरालले यसको प्रकाशन सम्बन्धमा निकै प्रयास गर्नुभयो एतदर्थ उहाँलाई हार्दभावेन धन्यवाद टक्र्याउँछु। उहाँको सत्प्रयासले कार्तवीर्योदय महाकाव्य र सुक्तिदत्त पन्त दुवै सदाको लागि अमर रहेका छन्। स्वयं सत्प्रयासकर्ता पनि यस प्रकाशन कार्यले अमर रहनुभएको छ।

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानका वर्तमान उपकुलपति श्रीमदनमणि दीक्षित तथा प्राज्ञपरिषदका सदस्यहरूलाई पनि मुरीमुरी धन्यवाद छ। अस्तु।

डा. स्वामी प्रपन्नाचार्य
मृगस्थली, काठमाडौं

वि. सं. २०५१ मार्गशुक्लपञ्चमी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक तथा विश्लेषणात्मक भूमिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तावना

नेपालको गौरवशाली काशी : पर्वत

विश्वको एक मात्र हिन्दू राष्ट्र नेपाल आजभन्दा दुइ सय वर्षअघि पूर्वमा सिक्किमदेखि लिएर पश्चिममा काङ्गडासम्म विस्तृत थियो । आज मेचीदेखि महाकालीसम्म लगभग पाँच सय मीलको नेपाल रहेको छ। परन्तु एघारौं शताब्दीका सिंजा–बुल्लुका क्राचल्ल र अशोकचल्ल आदिका शिलालेख, त्रिशूल-लेख हेर्दा पश्चिममा उत्तरकाशी गढवाल र दक्षिणमा बुद्धगयासम्म नेपाल फैलिएको देखिन्छ । एघारौं शताब्दीमा मात्रै होइन, अपितु ईशापूर्व पाँचौं–छैटौं शताब्दी-तिर श्रावस्ती कुशीनगर नेपालको सीमामा भएको 'सर्वास्तिवाद विनयसङ्ग्रह' आदि बौद्ध ग्रन्थहरूबाट जान्न सकिन्छ । उत्तरमा ताक्लाकोट, मानसरोवर आदि-ले नेपालजस्तो पवित्र नामलाई स्वीकारेका थिए। समुद्र गुप्तको प्रयागको स्तम्भलेखबाट उनको शासनकालमा नेपालको सीमा कुमाउदेखि कामरूप (आसाम)सम्म थियो भन्ने बुझिन्छ । उही नेपाल साँगुरिंदै आयो । त्यो पनि समय आयो, जब २२ मौजा र २४ मौजाका मालिक पनि स्वयं राजारजौटा भएर बसे। त्यसै वेला काठमाडौं, भादगाउँ, ललितपुर, कान्तिपुरमा छुट्टाछुट्टै राजा थिए। पूर्वमा विजयपुर, चौदण्डीगढी मकवानपुर आदि र पश्चिम–दक्षिण-तिर पाल्पा, नुवाकोट, गोरखा, लमजुङ, पर्वत आदिमा बाइसे–चौबीसे राजाहरू राज्य गर्दथे।

पश्चिम नेपालको पर्वत क्षेत्रको वर्तमान नाम धौलागिरि अञ्चल भएको छ। साथै पर्वत वर्तमान समयमा एउटा जिल्ला बनेको छ। पर्वत जिल्लाको सदरमुकाम कुस्मा (कुसुमा) भएको छ। बाग्लुङ जिल्लाको सदरमुकाम बाग्लुङ-मा छ। दुवैतिर पर्वतमाला सजिएका छन् । माझमा कालीगण्डकी उत्तुङ्ग तरङ्ग भ्रूभङ्ग लिएर बगिराखेकी छ। प्राचीन कालमा मुक्तिनाथ जाने एक मात्र बाटो यही थियो। कालीगण्डकीको किनारमा कुसुमा, म्याग्दी, बलेवा, थनथाप, बाग्लुङ, पाङ, मलाज, वेणी, धोर, दाना, गलेश्वर आदि प्रसिद्ध गाउँ बसेका छन् । यीमध्ये कुसुमा, बाग्लुङ, बेनी आदि धौलागिरि अञ्चलका विभिन्न जिल्लाका सदरमुकाम बनेका छन् । वेनी प्राचीन राजधानी थियो । शाह, मल्ल, घनश्याम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल्ल, मलयवर्म मल्ल र कीर्तिवर्म मल्लको राजधानी 'वेणी' नै थियो, पछि मलाजमा पनि राजधानी सारेका थिए।

तात्कालिक पर्वत राज्यको यही क्षेत्र विक्रमको सोह्रौं शताब्दीपछिको चार शताब्दीसम्म नेपालको 'काशी' बनेर रह्यो। रमापति, उमापति, हरिराम, शिवराम, प्रेमनिधि, वीरशाली, सुकृतिदत्त आदि विद्वान् यसै क्षेत्रका गौरवशाली विभूति हुन्। छिमेकी मित्रराष्ट्र भारतको काशीसँग नेपालीहरूको हजारौंहजार वर्षदेखि विद्याध्ययन र तीर्थवाससम्बन्धी सम्बन्ध रहेको देखिन्छ। यो सम्बन्ध आज पनि जस्ताको तस्तै छँदैछ। त्यसमा पनि विद्यामा काशीसँग सम्बन्ध राख्ने काठमाडौं, पर्वत, पोखरा, जनकपुर, दिङला, इलाम आदि थिए। यीमध्ये कुनै समय पर्वत काशीसँग हाराहारीमा उभिएको इतिहास नेपालीले भुल्नु हुँदैन। शिवराम, प्रेमनिधि, सुकृति आदिका तथा प्राणमञ्जरीका रचनाहरू जबसम्म रहन्छन्, तबसम्म पर्वत (बाग्लुङ) को नाम भविष्यको इतिहासले पक्षपातरहित भएर स्वर्णाक्षरमा लेख्नेछ।

कठिनताको अनुभव

कार्तवीर्योदय महाकाव्य सम्पादन गर्दा जे कठिनताको अनुभव गर्नुपर्‍यो, ती कुरा यहाँ पोखेर साध्य छैन। स्वयं महाकविमाथि पनि आक्षेप पुग्नेजस्ता काम प्रतिलिपिकर्ताहरूको भूलले भएको छ। सबैभन्दा ठूलो कठिनताको अनुभव चतुर्थ सर्गको पाठ तथा श्लोक सङ्ख्यामा भएको छ। कार्तवीर्योदय महाकाव्यको मैले जो चर्चा विद्वान्हरूका मुखारविन्दबाट सुनेको थिएँ, सम्पादन गर्न त्यति सरल थिएन, सबैको वशको काम पनि थिएन। यस काव्यको लिपि देवनागरी नै भए तापनि पुरानो ढङ्गको अक्षर लेखाइ भएका हुनाले कैयौं स्थलहरूमा शब्दलाई छिचोल्नु सारै गाह्रो भयो। कैयौं[1] स्थलहरूमा प्रचलित शब्दकै प्रयोग भए पनि अशुद्ध प्रयोग भएको देखियो। कैयौं स्थलहरूमा समासच्युति भएको देखिन्छ। धेरै स्थलमा व्याकरणसम्बन्धी सन्धि नै गरेको छैन। कैयौं स्थलमा सन्धि गर्दा छन्द मिल्दैन। कैयौं स्थलमा अर्थ खुल्दैन। कैयौं स्थलका अनावश्यक 'प्र' आदि उपसर्ग, शब्द र वाक्य विमर्शमा मेरो सहमति छैन। त्यसैले कठिनताको अनुभव

---

१. यी पङ्क्तिहरूको सङ्ख्यापूर्वक उल्लेख गर्दा भूमिका अनावश्यक विस्तृत हुने भएको हुनाले 'कैयौं' शब्दले भाव अभिव्यक्त गर्ने प्रयास गरेको छु। विज्ञ पाठकवृन्दले काव्यको पाठ गर्दा बाटैमा फेला पार्नुहुनेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनु स्वाभाविकै भयो । कैयौं स्थलहरूमा श्लोक शुद्धै भए पनि यतिभङ्ग भएको देखिन्छ । कैयौं स्थलमा लिपिकरले श्लोकहरूमा शब्द अथवा पदहरू थपिदिएका छन् । ती सबै पढ्न सकिएन । यस्ता स्थलहरू प्रथम सर्गदेखि लिएर पाँचौं सर्गसम्म छन् । धेरै ठाउँमा लिपिकरले थप गर्दा चिह्न दिन भुलेको हुनाले पनि पाठभेद र सम्पादनका लागि ठूलो कठिनाई पऱ्यो । चतुर्थ सर्गको दुइ पानामा सङ्ख्या नभएको हुनाले पनि धेरै दुःख पाएँ ।

वर्तमान प्राप्त मूल कापी विद्वच्छिरोमणि राजगुरु हेमराज पाण्डेयको सङ्कलनको हो । धन्न ! हेमराजजीको सङ्कलनमा पर्न गएछ र प्राप्त भयो । यो पनि मूल प्रति होइन । किनभने ठाउँठाउँमा भयङ्कर ठूलठूला गल्तीहरू छन् । ती गल्तीहरू सुकृतिदत्तले गरे भन्न सुहाउँदैन । राजगुरु हेमराजले पाएको मूल कापी अत्यन्त जीर्ण शीर्ण थियो होला । हेमराजजीका हातमा कार्तवीर्योदय परेपछि प्रतिलिपि गर्न लगाए होलान् । प्रतिलिपि[1] गर्ने पण्डितले पढ्न आएजति लेख्दै गए, नआएका स्थलहरूमा आफ्ना शब्दहरू जोड्दै लगे । धेरै स्थलमा पुनरुक्ति पनि भएको छ । कतै श्लोकहरूको छन्द ठीक छ, परन्तु सन्धिविच्छेद गर्दा पूरा हुँदैन (तर मैले सम्पादन गर्दा मूललाई बिगार्ने प्रयास गरेको छैन) । सारिसकेपछि पनि हेमराजजीको सामुन्ना उक्त प्रतिको जाँच भयो होला । किनभने प्रथम सर्गको २३ र २४ श्लोकको माझमा केही शब्दहरू थपिएका छन्, तर चिह्न लगाएको छैन । २० देखि ४० श्लोकसम्म तलमाथि वरपर केही थपेका छन्, तर साह्रै साना अक्षर हुनाले पढ्न सकिन्न । तृतीय सर्गको १८ र १९ श्लोकमा पनि मसिना अक्षरमा थपेका छन्, ती पनि पढ्नमा आउँदैनन् । ४१ र ४२ श्लोकमा पनि थप भएको छ, ती पनि पढ्न नसकिने खालका छन् । चतुर्थ सर्गको[2] १३ र २५ श्लोकमा थपेका छन्, तर चिह्न छैन । साथै दुर्वाच्य

---

१. प्रतिलिपि गर्ने पण्डित हेरम्बराज भनेर लेखेको छ । हेरम्बराजका बारेमा शोधखोज गरिएको छैन ।

२. चतुर्थ सर्गको ४२ श्लोक पूरा छैन । आठौं सर्गको ९२ औं श्लोक खण्डित छ । तेह्रौं सर्गको ३३ औं श्लोक पनि छुटेको देखिन्छ । परन्तु यति मात्रै होइन, काव्यका तत्तत्स्थलहरूमा धेरै श्लोकहरू छुटेका छन् । कैयौंमा शब्दहरू र श्लोकै पनि तलमाथि भएको देखिन्छ । त्यसैले सुकृतिदत्तको समयपछि काव्यमा छिकथप भएको बुझिन्छ । यो प्रसङ्ग विज्ञजनहरूले काव्यमै बुझ्नुहुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । यसै बीचको पाना विना नम्बरको छ । यसैले यसले ठूलो दुःख दिएकोछ । यसमा पाठ मिलाउन साह्रै गाह्रो पर्‍यो । ४५ देखि ४६ श्लोकसम्ममा पनि थपथाप भएको छ । पाँच सर्गको २४ श्लोकमा चिह्न त छ, तर थपुवा अक्षरले धेरै दुःख दियो, समय खायो । ५१ देखि ५२ श्लोकमा डेढ श्लोक जति थपिएका छन्, तिनमा थोरै मात्रै पढ्न सकिन्छ । ७० र ७१ श्लोकमा पनि थपिएका छन्, त्यसका पनि चिह्न छैनन् । अक्षर हेर्दा आँखा खाइदिन्छ । छैटौं सर्गको माझमा पनि कतैकतै थप भएको छ । ७२ श्लोकमा चिह्न छ । तर 'विद्यस्मर' को स्थानमा 'मदनाधिनिवारणे इति पाठान्तरम्' भनेर लेखेको छ । षष्ठ सर्गको अन्त्यमा पनि पाठभेद गरेको छ । सातौं सर्गको ३५ श्लोकको बीचमा पनि केही थपेको छ, तर पढ्न सकिन्न । यसरी आँखा र दिमाग तथा बुद्धिलाई खियाएर हेर्दा सुकृतिदत्तदेखि यता (वि. सं. १९२८ देखि यता) यस महाकाव्यले मूसा, कीरा, ढुँढी तथा हृदय नभएका छोरा आदिबाट धेरै मुकाबला गर्नुपर्‍यो होला भन्न सकिन्छ ।

हेमराजजीले गराएको प्रतिलिपिबाहेक अरू ठाउँमा यो काव्यको प्रति पाइएन ।[1] वाराणसेय सरस्वतीभवन, कलकत्ता एशियाटिक सोसाइटी, जम्बू, गायकवाड, कुम्भकोणम्, सरस्वतीमहल आदि हस्तलिखित पुरातत्त्वविभागसँग मैले धेरै सम्पर्क गरेर खोजें, तर कहीँ पनि पाइएन । त्यसैले पूरा काव्यको प्रतिलिपि यही एउटै मात्र रहेछ भन्ने दुःसाहस गरेको छु । भरतराज पन्तसँग रहेको तीन सर्गको मैले पाठभेद गरेको छु । वाराणसेय सरस्वती भवनका प्रतिमा पं. जनार्दन पाण्डेयको टीकासहित उही तीनै सर्ग मात्र छ । त्यसको मूल र पाण्डेयजीको परिवर्तन निबकै पाठभेदको साथमा गरिएको छ । मूलमा पाठभेद देखिएन । यसरी निबकै टाउको दुःखाएर पाठभेद र अध्ययन गर्दा यस काव्यमा धेरै नै लिपिकरहरूले परिवर्तन गरिसकेका छन् भन्ने कुरा बुझिन्छ । त्यसैले यस महाकाव्यभित्र परेका जति पनि न्यूनाधिक दोष छन्, ती सबै लिपिकरहरूको अनवधानताबाट आएका हुन् । कैयौं ठाउँमा क्रियापदमा पनि पर्यातुलोपना आएको

---

१. स्वर्गीय माहिलागुरु (वडागुरु, राजगुरु) पं. हेमराज पाण्डेयजीका हातमा स्वनामधन्य सुकृतिदत्त पन्तको अमर महाकाव्य कार्तवीर्योदय परेछ । यो प्रति अन्तिम रहेछ । त्यसैले हेमराजजीले पनि श्रद्धापूर्वक सारेर राखेको देखिन्छ । कार्तवीर्योदयको अरू प्रति (१७ सर्गवाला) अन्यत्र उपलब्ध नभएकाले राजगुरु हेमराजको अन्तरात्मालाई स्वर्गीय शान्ति मिलोस् भन्ने कामना गर्दछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ, त्यो मूल लेखकको क्रियापद लुप्त हुँदा अथवा दुर्वाच्य हुँदा लिपिकरले थपेको हुनुपर्छ। त्यस्ता दर्जनौं मूर्धन्य ग्रन्थ लेखेर बेजोड महाकाव्य लेख्ने महाकविले पयातुलो क्रियापद दिन सक्दैन।

सम्पादन गर्दा यस काव्यलाई ४१ पटक आफ्ना आँखादेखि वारपार पारिएको छ।[1] परन्तु मलाई 'क्षणे क्षणे यन्नवतामुपैति तदेव काव्यं रमणीयतायाः' भन्ने उक्ति अनेक प्रकारले उपयुक्त लागेको छ। मैले सम्पादन गरेको मूल मातृकामा कविले उल्लेख गरेका छन्दहरूमध्ये कतैकतै अरू अप्रसिद्ध छन्दको प्रयोगले गर्दा पनि ठूलो कठिनाई पऱ्यो। प्रथम सर्गजस्ता अन्य सर्गहरूमा पनि कतैकतै अरू छन्दको प्रयोग भएको छ। त्यसैले यस सर्गमा यही छन्दको प्रयोग भएको छ भन्न सक्ने स्थिति छैन। कार्तवीर्योदय महाकाव्यको प्रत्येक पुष्पिकामा ग्रन्थहरूको नाम 'गङ्गाप्रसादानुजे' आदि भन्दै जोडेका छन्। त्यसले पनि निकै सोच्न बाध्य गऱ्यो। फलतः सात ग्रन्थहरूको सूची तयार भयो। नवौं ग्रन्थको सूची नैषधको 'क्रोडपत्र' बाट मिलाउँदा सन्तोष लाग्यो। यीमध्ये व्रीह्यादिसूत्राष्टक, मकरन्दस्तुति, शक्तिवाद, तथा शेखर राष्ट्रिय-अभिलेखालयमा पनि छन्। कार्तवीर्योदय महाकाव्यको मूल प्रतिको मातृका नेपाल राष्ट्रिय-अभिलेखालयबाट प्राप्त गरेको छु। बत्तीसपुतलीबाट दिनदिनै धाउँदा यातायातमा मात्र निकै रुपियाँ खर्च भएछ। त्यो पुरातत्त्वका कर्मचारीहरूको भोलि, आज मान्छे छैन भोलि भन्ने बानीले भएको हो। बस्ने र खाने खर्च आयुष्मान् डा. गोविन्द टण्डनको घरैमा थियो, त्यसको हिसाब गरिएन। डेढ महीनापछि श्रीबलराम डङ्गोलजीको सौजन्यबाट सात सय पचास रुपियाँमा फोटोकपी गराएँ। वाराणसी र काठमाडौं चार फेर गर्दा पनि निकै रुपियाँ खर्च भयो। मस्यौदा कापी तथा प्रेसकापी आदिको कागज, डटपेन, रिफिल र तीन वर्ष अध्ययन र सम्पादन गर्दा बस्ने खाने आदिमा लागेको खर्चको हिसाब गर्दा आकाशतिर फर्केर आँखा तान्नुपर्छ। अबूझका सामु काम भने केही देखिदैन, परन्तु काम गर्ने अनुभवी सज्जनवृन्दबाट यो खर्च र काम लुकेको छैन। मान्छेले किताब लेखेर तथा सम्पादन गरेर महाजन भएका छन् भन्छन्, कतै त्यस्ता देखिएका छन् पनि। अपलाप गर्न सकिदैन। परन्तु

---

१. यूरोपमा भएको हिन्दूसम्मेलनका लागि लण्डनमा जाँदा एक महीनाजति मात्रै कार्तवीर्योदय महाकाव्य अलग बस्यो। शेष २४ सौं घण्टा सम्पादककै हातमा रहेको छ। मैले यस काव्यलाई रुचिपूर्वक पढेर सम्पादन गरेको छु, परन्तु एक श्लोक पनि कण्ठ भएको छैन। मेरो यस्तो काममा सहायक कोही पनि भएको छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो स्थिति त्यस्तो छैन । म सधैं विद्यार्थी न छु । सधैं ताजा पानी पिउँछु । हुन सक्छ बासी पानी पनि उपयोग गर्न सक्थें होला । तर कहिल्यै बासी हुने गरी पानी भरेको छैन । यसैले दिनदिनै भऱ्यो, दिनदिनै पियो । तर खतरा त पानीको अभावमा देखिन्छ । बासी पानीको भाउ मरुभूमिमा थाहा पाइन्छ । तर धेरै विद्वान् कलकल बग्ने खोलाको पानीमा प्यासै मरे । हुन सक्छ मोही माग्न जाँदा ढुङ्ग्रो लुकाउँथे होलान् । यसले त्यसो गर्न सक्दैन । भोक, प्यास तथा अनेक प्रकारका दुःख सहेर संस्कृत भाषा, हिन्दू–संस्कृति, सभ्यता, धर्म र संस्कृत भाषाका ग्रन्थ सम्पादनका लागि ज्यान दिएर समर्पित रहें । किन्तु यसको मूल्याङ्कन भएन । खोष्टे–बोक्रे सुझाव र आश्वासन मैले पर्याप्त पाएको छु । परन्तु मलाई खोष्टे–बोक्रे सुझाव चाहिएको छैन । मलाई त सहयोग चाहिएको छ । म मरेपछि मेरो किरीया कर्म नगरे पनि हुन्छ । तर ज्यूँदैमा मानवाधिकारपूर्वक बाँचेर राष्ट्रसेवा र साहित्यसेवा गरून् भनेर यसै वेला प्रचुर मात्रामा सहयोग दिए कति राम्रो हुने थियो !

कबीरको यो फटकार मलाई अमृतजस्तै मन पर्छ — 'जीते बापको रोटी न देवै कौवा बाप बनै हो' जबसम्म बाबु ज्यूँदै थिए भुक्रोमा पिल्साइराखे, मरेपछि श्राद्ध गरेर पिण्ड पन्छाए । त्यो पिण्ड कागले खाएपछि काग नै बाबु बन्यो अर्थात् जसले खायो, उही बाबु बन्यो । हाम्रो समाज यस्तै हो । ज्यूँदैमा पिल्साउने मरेपछि श्राद्ध गर्ने अथवा 'जयन्ती' 'शताब्दी' मनाउने । यी कुरा र धारणाहरूमा शीघ्र परिवर्तन ल्याउनुपर्छ ।

यसरी चारैतिरका दुःखद कटु अनुभव बटुल्दै यस काव्यको सम्पादन गर्दा तीन वर्ष बित्यो । यस काव्यलाई यत्रो लामो अवधिसम्म सम्पादन गर्दा आफ्नो स्वास्थ्य, मन, मस्तिष्क, बुद्धि, परिश्रम, लगन र द्रव्य व्यय त लागेकै छ । साथै घोर परिश्रमबाहेक पनि मेरा पीएच. डी. मार्गनिर्देशक अन्ताराष्ट्र ख्यातिप्राप्त काव्यशास्त्रका उद्भट विद्वान् महामहोपाध्याय डा. ब्रह्ममित्र अवस्थीजीबाट पनि पर्याप्त सहयोग लिएको छु । यद्यपि धेरै ठाउँमा हामी गुरु–शिष्यको मत मिलेको छैन, त्यहाँ त्यहाँ श्लोक अथवा शब्द वा अक्षर जस्ताको तस्तै राखेको छु । डा. अवस्थीजीले पूर्ण वात्सल्यभावले सँगै बसेर हेर्ने, छलफल गर्ने र मेरो चित्त नबुझेको पाठ निर्णय गर्ने अवसर मलाई एक महीनासम्म दिनुभयो । यद्यपि यस काव्यलाई वि. सं. २०४१।१२।२० मा फोटोकपी प्राप्त गरेर वि. सं. २०४३ मा सम्पादन गरिसकेको थिएँ । भूमिका परिशिष्ट सूची बनाउन शेष थियो । महेन्द्र संस्कृत विश्व–विद्यालयका प्रथम उपकुलपति डा. हरिदेव मिश्रजीले कार्तवीर्योदय महाकाव्यको सम्पादन समाप्त भएको वृत्तान्त सुन्नुभएछ । यसबारे दाङदेखि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं अनि काठमाडौंदेखि धरानसम्म पनि उपकुलपतिजीले शोधखोज गर्नुभयो। संयोगवश म धरानमै थिएँ। उपकुलपतिजीलाई मैले सबै मिलाएर ६ महीनाभित्रमा प्रेसकापीसहित तयार पार्नेछु, भूमिका लेख्ने र अन्य कुरा फेरि गरौंला भनें। वि. सं. २०४६ मङ्सीरमा यो कुरा भयो। जनकपुरमा पञ्चम विश्वरामायण सम्मेलनमा माग लिएर सीधा प्रयाग पुगें। मेरा प्रिय छात्र डा. चिरञ्जीवी शर्मा वेदाचार्य (अध्यापक चतुर्धाम वेद विद्यालय अलोपी बाग प्रयाग इलाहाबाद)लाई बोलाएर प्रेसकापी तयार गर्न दिएँ। डा. चिरञ्जीवीले प्रेसकापी बनाउन थाले, म भूमिका लेख्न थालें। मङ्सीरको आधाआधीदेखि चैत्रसम्म फेरि पनि घोर परिश्रम गरेर भूमिका र प्रेसकापी तयार गरियो। त्यही परिश्रम पाठकवृन्दसामु प्रस्तुत छ।

मातृकाविवरण : एक मात्र दुर्लभ मातृका

कार्तवीर्योदय महाकाव्य सम्पादन गर्दा उपलब्ध भएसम्म मातृकाहरूको पाठभेद गरिएको छ। कार्तवीर्योदयलाई सम्पादन गर्दा पूरा मातृका कतैबाट पनि उपलब्ध भएन। नेपालमा काठमाडौं, बाग्लुङ, पोखरा आदिमा शोधखोज भयो। तर राष्ट्रिय अभिलेखालय एवं भरतराज पन्तको सङ्ग्रहमा बाहेक कार्तवीर्योदयका प्रति अन्त प्राप्त गर्न सकिएन। भारतका हस्तलिखित पुस्तकालयका प्रकाशित–अप्रकाशित अलगअलग २२ वटा भारीभारी सूचीपत्र (Catalogue of Sanskrit Manuscripts) हरू पढियो। तर कतै कार्तवीर्योदयको सूचना पाइएन। त्यसैले कार्तवीर्योदय महाकाव्यको एकै प्रति मात्र रहेछ भन्ने कुरा स्पष्ट भयो। अतः सम्पाद्यमान प्रतिको नाम 'क' राखेको छु। त्यसैले 'क' मातृका ('क. मा.') भन्नाले सम्पादन गरिएको मूल प्रतिलाई बुझ्नुपर्ने हुन्छ। काव्यका प्रारम्भदेखि अन्तसम्म 'क. मा' नाम आउनेछ। पं. भरतराज पन्तको सौजन्यबाट प्राप्त तीन सर्गको नाम मैले 'ख. मातृका' राखेको छु। यसलाई पाठभेद गर्दा 'ख. मा. इति पाठः' लेख्ने गरिएको छ। त्यसैले यस काव्यलाई पढ्दा भ्रम मान्नु हुँदैन। तीन सर्गसम्म कतै 'क'लाई तल टिप्पणीमा झारेर 'ख'लाई 'क'को पङ्क्तिमा पुऱ्याइएको छ। पटक्कै शब्दार्थ नलागेको खण्डमा शब्दार्थ लाग्ने र शब्द जोड्ने प्रयास पनि कतैकतै गरेको छु। तर तुरुन्त 'क'को मूल शब्द वा अक्षर सङ्केत दिएर टिप्पणीमा उतारिदिएको छु। चित्त नबुझ्ने पाठकले तलको मूल शब्द वा अक्षर माथि लगेर आफ्नो अभीष्ट अर्थ निकाले आपत्ति छैन, तर मूल प्रतिमा पढ्नु आवश्यक छ। भारतका हस्तलिपि पढ्नेहरूसँग पनि ठाउँठाउँमा मेरो मत मिलेको छैन। किनभने पढ्न नसकिने शब्द वा अक्षरहरूलाई अर्थको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिले 'हो' भनेर मिचेर पढ्ने गरेका छन् । त्यसैले आफूलाई सन्देह भएका ठाउँमा लिपिवाचनका दृष्टिले पनि निर्णय नभएका शब्द वा श्लोकहरूलाई त्यसै राखेको छु । पहिलेका लिपिकर्ताहरूले के के गरे; भन्न सकिने स्थितिमा छैन । तर मैले एक अक्षर पनि पयाँकेको छैन, अर्थात् यही हो भनेर निर्णय नभएको शब्द, अक्षर वा वाक्यलाई पनि तल टिप्पणीमा देखाएकै छु । त्यो मेरो इमान्दारी र मूर्खता जेमा जोड्ने मन छ त्यसैमा जोड्नुहोला; कलमीलाई रत्तिभर आपत्ति छैन । चिह्नको महत्त्व कत्रो हुन्छ भन्ने ज्ञान सम्पादक र सुल्झेको लेखकलाई मात्र हुन्छ । अरूले त, 'नहि बन्ध्या विजानाति गुर्वीं प्रसववेदनाम्' गरेका हुन्छन् । यस मातृकामा पनि यस्तै भएको छ । त्यसैले धेरै दिमाग खपाउनुपऱ्यो । यसमा पूर्णविराम त छ, तर अन्यान्य चिह्न र त्रुटिचिह्नका अभावमा दुःख उठाउनुपऱ्यो ।

माहिष्मती भ्रमण

पुण्यश्लोक महाकवि सुकृतिदत्त सूरिको कार्तवीर्योदय महाकाव्यको सम्पादन गर्दा फेरि माहिष्मती नगरीको भ्रमण गर्ने अवसर प्राप्त भयो । माहिष्मतीको विषयमा लेख्नुभन्दा पूर्व रेवा नदी र उसको उद्भवस्थान मेकल पर्वतको परिचय पाठकवृन्दलाई दिँदा भौगोलिक र ऐतिहासिक तथ्य बुझ्न सजिलो होला । स्कन्दपुराणअन्तर्गत रेवाखण्ड तथा रेवामहात्म्यको ठूलो समारोहका साथमा वर्णन भएको छ । त्यसै रेवा नदीलाई नर्मदा र मेकलकन्यका तथा सोमजा सोमपुत्री आदि नामले उल्लेख भएको छ । मेकल पहाडबाट निक्लेकी हुनाले नर्मदा नदीलाई मेकलकन्यका भन्ने गरेका हुन् ।

प्रसिद्ध मेकल पर्वतको अर्को नाम अमरकण्टक हो । अमरकण्टक इतिहासप्रसिद्ध विन्ध्याचल पर्वतको एक शाखा हो । विन्ध्याचल पूर्वमा नालन्दा राजगिरिदेखि पश्चिममा गुजरातको सूरतको छेउ भरुचसम्म लगभग चार हजार मीलको लम्बाइमा फैलिएको छ । यो सारै अग्लो पर्वतशृङ्खला होइन । विन्ध्याचल कतै कतै मात्र समुद्रतलदेखि अढाई या तीन हजार फीट अग्लो होला, नत्र यो समुद्रतलदेखि पाँच सय वा डेढ हजार फीटसम्मको अग्लाइ भएको ऐतिहासिक पर्वतमाला हो । यसको हाँगा अमरकण्टक (मेकल पर्वत) बाट दुइटा नदी निक्लेका छन् । एउटा नदी शोणभद्रा उत्तरवाहिनी भएर बिहारतिर गएको छ भने अर्को नदी रेवा (नर्मदा) पश्चिमवाहिनी भएर निस्किएको छ । नर्मदाको विशेषता विन्ध्याचल र सतपुडा पहाडका माझमा बग्नु हो । सतपुडा पहाडले महाराष्ट्रको सीमा छुट्ट्याउँछ । विन्ध्याचलले उत्तर र दक्षिणको सीमाको काम गर्छ । रेवा नदी विन्ध्याचलको दक्षिणमा बग्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तवीर्योदय महाकाव्यका नायक सहस्रार्जुनको राजधानी 'माहिष्मती' वर्तमान मध्यप्रदेश (भारत) का ४१ जिल्लाहरूमध्ये खर्गुन जिल्लाको पनि महेश्वर तहसीलमा पर्छ। यतिखेर माहिष्मतीको नाम महेश्वरका नामले प्रसिद्ध छ। त्यस ठाउँमा इन्दौरबाट मोटरमा चार या पाँच घण्टामा पुगिन्छ।

कार्तवीर्यका पूर्वज महिष्मानूले बसाएको हुनाले यसको 'माहिष्मती' भन्ने नाम रहेको हो। माहिष्मती ठीक वाराणसीजस्तै नर्मदाको तटमा बसेको छ। माहिष्मतीको पूर्व द्वारमा दुर्गेश्वर, नानी तथा पश्चिममा बालसमुद्र र उत्तरद्वारमा चोली तथा दक्षिणद्वारमा कसरावद पर्छन्। मध्यप्रदेशमा नर्मदाघाटीको सभ्यता सिन्धुघाटीको सभ्यताभन्दा कम पुरानो छैन। मिश्र, दजला, नील नदीको भन्दा यसको सभ्यता धेरै पुरानो छ भन्ने कुरा पाँच लाख वर्ष पुरानो हात्तीको शिर (उज्जैन सङ्ग्रहालयमा प्रदर्शनमा राखिएको) ले प्रमाणित गरिसकेको छ। माहिष्मती पुरानो राजधानी हो। सहस्रार्जुनभन्दा पूर्व र सहस्रार्जुनसम्मका पुरातत्त्वका खण्डहर आज पनि प्रत्यक्ष रूपले देखन पाइन्छ। कार्तवीर्यको समाधि-मन्दिर (चिहान) मा आजसम्म पनि ११ वटा दियो रातदिन बलिराखेकै छन्। केही चार पाँच मील टाढा कार्तवीर्यले नर्मदालाई सहस्रभुजाले रोकेको सहस्र-धारा आज पनि हेर्न पाइन्छ। रावणको घमण्ड चुर गरेको ठाउँ पनि त्यही हो र शङ्कराचार्य र मण्डन मिश्रको शास्त्रार्थ भएको ठाउँ पनि त्यही हो। ज्वालेश्वर र कालेश्वर जस्ता अत्यन्त प्राचीन मन्दिर पनि यहीं छन्। आठौं शताब्दीमा शङ्कराचार्य र मण्डन मिश्रको शास्त्रार्थ भएको इतिहासको साक्षी, मण्डन मिश्रको समाधि पनि माहिष्मतीमा छ। माहिष्मतीमा जुन किल्लाको खण्डहर थियो, त्यो कार्तवीर्यका पूर्वजदेखि कार्तवीर्यसम्म रह्यो, त्यसपछि क्रमशः अकबर, औरङ्गजेब र बाजीराव होलकरका हातमा आयो। त्यसपछि अठारौं शताब्दीमा प्रसिद्ध महारानी अहिल्याबाई देवी होलकरका हातमा आयो। त्यसपछि लाखौं वर्ष पुरानो माहिष्मतीको इतिहास महारानी अहिल्याबाई होलकरका साथै समाप्त भयो।

महाकवि सुकृतिदत्त सूरि माहिष्मतीको रेवा नदीमा स्नान गर्न गएका थिए। त्यतिखेरसम्म माहिष्मतीमा मण्डन मिश्रका परम्पराका विद्वान् हुनाले अध्ययन अध्यापनको परम्परा त्यति सारो छुटेको थिएन। त्यसैले कार्तवीर्योदय महाकाव्यको प्रथम सर्ग माहिष्मतीको वर्णनक्रममा त्यहाँका विद्वान्, त्यहाँको पठनपाठन तथा शास्त्रार्थको वर्णनैमा समाप्त भयो। विक्रमको अठारौं शताब्दीको अन्तिमतिर आफ्नो विद्वत्ताको मदमत्त बैंस लिएर सुकृति माहिष्मती पुगे होलान्। काव्यको प्रथम सर्गमा धेरै अंश कल्पना नभएर साक्षात् घटना नै हो जस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ । तर कालदेवलाई के भनौं ? पर्वतमा जस्तै माहिष्मतीमा पनि विद्वत्ताको अपुताली परेको छ । ठीकसँग संस्कृत सम्झेर बुझेर उत्तर दिने मान्छे अहिले माहिष्मतीमा पाउन गाह्रो मात्रै होइन अपितु असम्भव नै छ । अहिले ८० देखि ९० वर्षसम्मका बूढाहरूमध्ये वंशीधर शास्त्री, वासुदेव शास्त्री, शिवचैतन्य ब्रह्मचारी आदिबाट उनीहरूले सुनेका सयदेखि दुइ सय वर्ष पुराना कुरा सुन्दा महाकवि सुकृतिदत्त सूरिले माहिष्मतीमा केही विद्वान् र केही पढ्ने छात्रहरू भेट्टाएका थिए भन्ने कुरा ज्ञात हुन्छ । कार्तवीर्योदयको प्रथम सर्गका २४–३३ श्लोकसम्म महाकविले आफूले देखेका र भोगेका कुराको मार्मिक वर्णन गरेका छन् । त्यसैले त्यहाँको धेरैजसो वर्णन महाकविले साक्षात् भोगेका कुराको ऐतिहासिक वर्णन हो भन्ने बुझिन्छ ।

सहस्रार्जुनको प्रभाव उत्तर भारतमा धेरै नै परेको थियो । त्यसैले ग्वालियर, जोधपुर र माहिष्मती आदिमा करोडौं खर्च गरेर विशाल तथा भव्य मन्दिर बनाइएका छन्, जो सहस्रबाहु मन्दिरको नामले प्रख्यात छन् । यसरी माहिष्मतीपति कार्तवीर्यको अपार वैभवको उपासना पनि गर्ने गरेका छन् । कार्तवीर्य सहस्रार्जुन कृतवीर्यका पुत्र थिए, यदुवंशी क्षत्रिय थिए । पितापुत्र दुवै गुरु दत्तात्रेयका कृपापात्र थिए । तर भविष्यमा गएर दत्तमुनिका तपोबलले हजार भुजावाला भए । सहस्रार्जुन भगवान् विष्णुका चक्रावतार मानिन्छन् । वाल्मीकिरामायण, विष्णुपुराण, महाभारत आदि प्राचीन वाङ्मय र तन्त्रहरूमा कार्तवीर्य सहस्रार्जुनको ठूलो महिमा छ । कार्तवीर्य परशुरामका हातबाट मारिएको इतिहास पनि भुल्ने योग्य छैन । परशुरामको पूजा भएको विशेष देखिदैन, तर कतकतै जयन्ती मनाएको र कतै टुसुक्क मन्दिर भने देखिन्छन् । कार्तवीर्यका ती मन्दिरहरू हेर्दा सातोपुत्लो जान्छ । स्वतन्त्र कार्तवीर्यमाथि पचासौं ग्रन्थ छन् । तन्त्रपरम्परामा कार्तवीर्यका परमोपासक थिए र छन् पनि । जगत्प्रसिद्ध नेपाली तान्त्रिक स्वनामधन्य प्रेमनिधि पन्त आदि पनि कार्तवीर्यकै उपासक थिए । उनको कार्तवीर्यसपर्या प्रसिद्ध छ । परन्तु सुकृतिदत्त सूरिका उपास्यदेवी तारा थिइन् । सुकृति पनि तान्त्रिकै थिए । उनले माहिष्मती (अमरावती)को भ्रमण गरेपछि आफ्नो अमर रचना कार्तवीर्योदय महाकाव्यको धीरोदात्तनायक कर्तवीर्यलाई नै बनाए ।

म माहिष्मतीको भ्रमण गर्न वि. सं. २०२२ देखि २०४७ सम्म सात पटक पुगें । पछिल्लो पटकचाहिं सुकृतिको नाममा यात्रा तथा अनुसन्धान गर्न गएको थिएँ । यो पुण्य कार्य महाकवि सुकृतिदत्त सूरिलाई समर्पित छ । अनुसन्धानको साक्षात् फल पाठकवृन्दलाई नै प्राप्त हुनेछ । तीर्थ गरेर रेवामा स्नान गरेको फल चाहिं सुकृतिलाई मिलोस् भन्ने हार्दिक कामना गर्छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तवीर्योदय महाकाव्यको संक्षिप्त कथावस्तु कारणवश राष्ट्रिय अभिलेखालयको पत्रिकामा छापिएको छ । पाठकहरूलाई काव्यको मर्म बुझ्न सजिलो होस् भन्नाका लागि त्यसै कथावस्तुलाई यहाँ पनि जस्ताको तस्तै दिइएको छ ।

कार्तवीर्योदय महाकाव्य

नेपालीको बानी विदेशिने नानी, किन खाइस् कानी ? भन्ने उखानको बखान हुनु स्वाभाविकै हो । अथवा टाढाको जोगी सिद्ध गाउँको जोगी गिद्ध भने जस्तै भएको छ । नेपाली कालिदास, माघ, श्रीहर्ष आदिको प्रशंसा गरेर अघाउँदैन । प्रस्तुत छ यहाँ महाकवि श्रीहर्षका प्रतिद्वन्द्वी महाकवि सुकृतिदत्तको कृति र छोटो परिचय । सुकृतिका पूर्वज वसु पन्त थिए । उनैका वंशमा कविवर इन्दिरारमण भए । इन्दिरारमणका नौ भाइ छोरा थिए । ती नौ भाइमध्ये कान्छा रमापति दत्त धौलागिरि अञ्चलको जिल्ला बाग्लुङ, ओखले गाउँमा बसे । उनी राजा मलयवमका गुरु भएर बसेका थिए । रमापतिका तीन भाइ छोरा थिए । ती हरिराम, शिवराम र रुद्रदत्त थिए । यिनै रुद्रदत्तका छोरा सर्वशास्त्रपारङ्गत भवदत्त थिए । भवदत्तका पनि चार भाइ छोरा भए— व्यासदत्त, श्रीदत्त, ज्वालादत्त र कान्छा सुकृतिदत्त । सुकृतिदत्तको जन्म वि. सं. १८८० मा भएको थियो । किनभने 'अष्टपदीव्याख्या' को अन्तिम पुष्पिकामा शाके १७६५ मा म २० वर्षको हुँदा यो 'व्याख्या' गरेको हुँ भनेर लेखेका छन् ।

सुकृतिदत्तले व्याकरणमा व्रीह्यादिसूत्राष्टकवृत्ति, परिभाषेन्दुशेखरमा क्रोडपत्र, शब्देन्दुशेखरमा टीका, तथा न्यायमा शक्तिवाद र व्युत्पत्तिवादमा क्रोडपत्र, शब्दशक्तिप्रकाशिका तथा गादाधरीमा टीका, साहित्यमा नैषध महाकाव्यको क्रोडपत्र, अष्टपदीव्याख्या, शृङ्गारसङ्ग्रह तथा स्वतन्त्र तन्त्रमा मकरन्दस्तुतिको टीका, स्वतन्त्ररचना–रसमाला, मन्दारमाला, रसरञ्जनी, रत्नावली, सिद्धान्तवाद, स्फोटवाद, गङ्गाप्रसाद, अलङ्कारचूडामणि, छन्दःप्रबन्ध, उदाहरणचन्द्रिका, देवीस्तोत्र र विरुदावली तथा कार्तवीर्योदय गरी जम्मा २५ ग्रन्थ लेखेका छन् । अरू पनि होलान् कि ? तर मेरा दृष्टिमा आएका ग्रन्थचाहिँ यति नै हुन् । यीमध्ये अष्टपदीव्याख्या र शृङ्गारसङ्ग्रह सबैभन्दा पहिले सुकृतिदत्तले लेखेका ग्रन्थ हुन् भन्ने विश्वास छ । उनको अन्तिम रचनाचाहिँ कार्तवीर्योदय महाकाव्य र देवीस्तोत्र नै हुनुपर्छ । देवीस्तोत्रमा भएको विकल चित्रणले त देवीस्तोत्र नै अन्तिम हो भन्न कर लाग्छ ।

कार्तवीर्योदय महाकाव्य श्रीहर्षको नैषध महाकाव्यको प्रतिपक्षीको रूपमा उभिएको अन्तिम महाकाव्य हो । कार्तवीर्योदयपछि भारत नेपाल दुवै देशभित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस कोटिको महाकाव्य देखन र सुन्नमा आएको छैन । यस महाकाव्यमा भाषा, शैली, कुलक प्रयोग, निष्केवल तालव्य आदिको प्रयोगका साथै रस, छन्द, अलङ्कार, ध्वनि, अभिधा, लक्षणा, व्यञ्जना, धीरोदात्त नायक, नायिका, प्रसाद, माधुर्य, ओज गुण, तथा वैदर्भी, पाञ्चाली, गौडी रीति आदिको प्रयोगबारे अलगै विशद रूपमा विवेचना गरिएको छ । उपर्युक्त ग्रन्थहरूका सम्बन्धमा पनि छुट्टै जानकारी दिइएको छ ।

धन्यवाद र आशीर्वाद एकसाथ

यो कलम धेरै अभागी छ । यसले कसैबाट सहयोग र सहानुभूति पाउँदैन । कतै पाइहाल्यो भने कोठे, खोप्टे र बोक्रे सुझावहरूको मुरीमुरी रास पाउने गरेको छ । ती सहानुभूतिहरूले पनि पिलिसिएका घाउमा चरचऱ्याउने काम मात्रै गर्छन् । परन्तु मेरा पीएच. डी. का मार्गनिर्देशक श्रद्धेय महामहोपाध्याय डा. ब्रह्ममित्र अवस्थीजीबाट काव्यको मूलपाठ र पाठभेदहरूको प्रयोगात्मक सुझाव, क्रियात्मक सहयोग प्राप्त गरेको छु । त्यसै वेला एउटा सानो प्रस्तावना संस्कृत भाषामा लेख्ने आग्रह मैले उहाँसँग गरें । उहाँले सहर्ष स्वीकार गरेर सरलभाषामा भाव गाम्भीर्य–आप्लावित प्रस्तावना लेखिदिनुभयो । एतदर्थ श्रद्धापूर्वक धन्यवाद टक्र्याउँछु ।

यसरी नै भारतीय भाषाविभाग (काशी हिन्दू विश्व–विद्यालय) का अध्यक्ष दर्शनाचार्य काव्यतीर्थ एम. ए. पीएच. डी. श्रद्धेय डा. डिल्लीराम तिमसिनाजीले पनि विहङ्गम दृष्टि फेरेर आफ्नो अमूल्य मन्तव्य प्रदान गरेबापत हार्दिक धन्यवाद (उहाँ मेरा गुरु हुनुहुन्छ) टक्र्याउँछु । यसै क्रममा मेरा परम आज्ञाकारी छात्र डा. चिरञ्जीवी शर्मा वेदाचार्यले दैनिक तीन घण्टा र अवकाशको दिन पूरा समय लगाई धैर्य, लगन र गुरुभक्तिका साथ प्रेसकापी तीन महीनामा तयार पारेर मलाई समर्पित गरे । साथै आवश्यक पुस्तकहरू पनि समय समयमा दिएर सहयोग पुऱ्याए । एतदर्थ प्रिय डा. चिरञ्जीवी शर्मालाई मुरिमुरि हार्दभावेन–आशीर्वाद छ । लेखन कार्यको सिलसिलामा पाएको सहयोग यो न पहिलो अवसर हो ।

परिशिष्ट र भूमिकाको प्रतिलिपि गर्ने काम नवीनकुमार राईबाट भयो । दीपककुमार राईले अरू आवश्यक सामग्री जुटाएर र मेरो दैनिक अत्यन्त आवश्यक सामग्रीहरू उपस्थित गरेर रात दिन खटिई सहयोग पुऱ्याए । कार्तवीर्योदयका अध्ययनका सिलसिलामा डा. गोविन्द टण्डन (बत्तीसपुतली काठमाडौं) तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेम राई चामलिङ धरान दुवैले सहयोग गरेका छन् । कार्तवीर्योदय महाकाव्यको लागि यी क्षणहरू ऐतिहासिक भएका छन् । त्यसैले 'शुभेन चेतसा आशीषा सम्भावयामि' गर्न चाहन्छु । यसरी नै राष्ट्रिय अभिलेखालयका प्रधानानुसन्धानाधिकारी श्री बलराम डङ्गोल बन्धुलाई पनि धन्यवाद नदिईकन रहन सकिन्न । कार्तवीर्योदय महाकाव्यको प्रस्तुत फोटोकपी उहाँले गराइदिनुभएको हो । उहाँको सौजन्यलाई धन्यवाद । वेदान्तदेशिक सेवा संस्थान त्रिदण्डीमठ दारागञ्ज प्रयागका सञ्चालक-समितिलाई पनि धन्यवाद दिनुपरेको छ । मेरा यशस्वी ग्रन्थ 'वेदमा के छ ?', 'प्राचीन हिन्दूविज्ञान', 'वेदान्तनयभूषण' र 'पद्मस्मृतिग्रन्थ'— आदिका प्रेसकापी वेदान्तदेशिक सेवा संस्थान प्रयागमै तयार भएका थिए । संयोगवश कार्तवीर्योदय महाकाव्यको प्रेसकापी पनि यही संस्थानमै तयार भएको छ । त्यसैले गुण-ग्राहितापूर्वक वेदान्तदेशिक सेवा संस्थानलाई धन्यवाद छ । भूमिकाको सामग्री तयार गर्दा अनेक कष्ट उठाएर बाग्लुङ पुगेको थिएँ । त्यसै परिश्रमले यो भूमिका तयार भएको छ । अतएव बाग्लुङका तात्कालिक सहायक अञ्चलाधीश कार्कीजी, हाम्रा चरित्रनायक सुकृतिदत्तका सनाती यज्ञकुमार पन्त, कृष्ण श्रेष्ठ आदि बन्धुहरू र त्यत्रा दुःखका अवस्थामा कलमीलाई भात्सा पकाएर खुवाउने होटले पन्त बाजे[1] आदि सहयोगी सज्जनवृन्दलाई धन्यवाद र आशीर्वाद यथायोग्य छ ।

अन्तमा भू. पू. उ. शिक्षा निर्देशक (उत्तरप्रदेश सरकार) प्रसिद्ध लेखक तथा ख्यातिप्राप्त विद्वान् मित्रवर श्री गोपालदत्त पाण्डेय व्या. आ., एम. ए. लाई कायेन मनसा वाचा धन्यवाद टक्र्याउनु मेरो परम कर्तव्य बनेको छ । पाण्डेयजीले सुकृतिदत्त पन्तको दुर्लभ 'नैषधीय कोडपत्र' को फोटोकपी सौजन्यपूर्वक गरिदिनाले सुकृतिको धेरै कीर्ति गुप्त पाएँ, एतदर्थ धन्यवाद । पैसा कुनै ठूलो कुरा होइन; परन्तु सौजन्य व्यवहार धेरै ठूलो कुरा हो । यो सबैसँग हुँदैन । खालि पैसालाई मात्रै अगाडि सार्ने गोमन साँप हो भन्दछन् । हो त्यस्तै लागेको छ पनि । तर पाण्डेयजीको स्वभावबाट म अत्यन्त प्रभावित छु । बाग्लुङ मूलपानी, तातोपानी, ओखलढुङ्गा आदिका यज्ञकुमार, दानराज, योगराज पन्त आदिलाई पनि धन्यवाद छ । उहाँहरूको सौजन्यले पाएको सामग्री यसै भूमिकामा छरपस्ट पारेर राखेको छु ।

✱

१. नाम बिर्सियो; नोट गरेको पाना पनि हरायो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पन्तहरूका आश्रयदाता पर्वते राजवंश

वर्तमान नेपालको धौलागिरि अञ्चलमा पर्ने पर्वते राजाहरूको वंशावली हेर्दा यी चन्द्रवंशी देखिन्छन् । वंशावलीअनुसार यिनीहरूको वंश निकै पुरानो परम्परामा आधारित छ । पर्वते राजाहरू खास ठूला राजा थिएनन् । पूर्वका लिम्बूहरूको भुरेभारे थुमको 'हाङ' पनि राजा भएजस्तै लिम्बूहरूको भन्दा अलि ठूलो बाइस र चौबीस मौजाको राज गर्नेहरूलाई नै बाइसे चौबीसे राजा भनेका हुन् । यीमध्ये कसैको मौजा ठूलो थियो भने कसैको सानो थियो । स्वयं पृथ्वीनारायण शाह पनि त्यसैभित्रका हुन् । बुद्धिवैभवले गर्दा उनी आधुनिक नेपालका राष्ट्रनिर्माता हुन पुगेका हुन् । पश्चिमका राजाहरूमा क्राचल्ल र अशोक चल्ललाई छोडेर त्यत्रो व्यापक राजा कुनै देखिंदैनन् । यी दुइका शिलालेख उत्तरकाशी गढवाल र बुद्धगयासम्म पाइन्छ । शेष प्रसिद्ध राजाहरूमा डोटीका नागमल्ल, बुडका कीर्तिमेदिनीसिंह, डिङ्कोटका डियाँ राजा, बझाङका जयपृथ्वीबहादुर, पाल्पाका पृथ्वीपाल सेन, मणिमुकुन्द सेन, रिसिङका मधुसूदन सेन, तनहुँका हरकुमारदत्त सेन, लमजुङका वीरमर्दन शाह, गोरखाका खड्का राजा, मकवानपुरका मानिक सेन, चौडण्डीगढीका कर्ण सेन, विजयपुरका कामदत्त सेनजस्तै पर्वतका राजा मलयबम र कीर्तिबम मल्ल ज्यादै प्रसिद्ध थिए ।

१) पर्वते राजाहरूको वंश[१] विष्णुदेखि ब्रह्माको नेत्रबाट उत्पन्न भएका अत्रि ऋषिबाट चलेको छ । यीमध्ये अत्रि, चन्द्रमा र बुधसम्म नामको अगाडि पछाडि कुनै पदवी लागेको छैन । परन्तु राजा पुरूरवादेखि राजा लक्ष्मीचन्द्रसम्म ७६ पिंढीका राजाहरूका नामको अन्तमा 'समाल' जोडिएको छ, जस्तै लक्ष्मीचन्द्र समाल आदि । राजा मित्र सेनदेखि राजा मिढमलसम्म १० पिंढीका नामको अन्तमा 'राईथोर' जोडिएको छ, जस्तै राजा मिढमल राइथोर आदि । यस

---

१. यो वंशावली स्व. मोहनबहादुर मल्लको घरमा भएको वंशावलीको संक्षेप हो । मूल प्रति मोहनबहादुरका कान्छा छोराको घर बाग्लुङ मल्लाजमा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस वंशावलीमा पनि कन्नोजबाट आउने गन्ध आएको छ। सम्भवतः कन्नोजबाट आएकालाई राजा लक्ष्मीचन्द्रले 'राइथोर' जोडिदिएका होलान्।

२) ब्राह्मणीलाई बिहा गरेपछि देवशर्मा पाध्येदेखि काशीदास पाध्येसम्म ६ पिंढीको नामको अन्तमा 'पाध्ये' जोडिएको छ।

३) काशीदासदेखि धर्मदासमम्म चार पिंढीको नाममा 'दास' जोडिएको छ। देवषर, सेवषर र श्रीषर यी तीन नामका अगाडिपछाडि कुनै उपाधि जोडिएको छैन।

४) त्यसपछिका नाममा 'येन' 'कर' 'इमु' नामका पछाडि जोडिएका छन्।

५) काप्रियदेखि गजार्थसम्म नामको अन्तमा 'शाही' जोडिएको छ।

६) गजैभीमको समयदेखि राजा मलयबमसम्म १५ पिंढीको नामको अन्तमा 'बम' जोडिएको छ।

७) नर्सिंहदेखि ११ राजा धनेश मल्लसम्म नामको अन्तमा 'मल्ल' उपाधि जोडिएको छ।

८) राजा मलयबम मल्लदेखि विजयबम मल्लसम्म ६ पिंढीसम्मको नामको अन्तमा 'बम्ममल्ल' जोडिएको छ,

विजयबम मल्लका सन्तान थिएनन्। लक्ष्मीकुमार मल्लका छोरा चन्द्रकुमार र पृथ्वीबहादुर थिए। पृथ्वीबहादुर मल्ल वि. सं. १९८६ सालमा 'द्रवाङ' को पैंरोमा परेर स्वर्ग भए।

९) राजा मलयबमका पाँच भाइ छोरा थिए। बदरीबम मल्लका समेत गरी राजा शाहबम मल्लका ७ भाइ थिए—

(क) जेठा शाहबम मल्ल वेणी मल्लाजमै शासन गर्थे।
(ख) माहिला अरिमर्दन 'जेमरुक' भन्ने ठाउँमा गएर बसे।
(ग) शत्रु मल्ल 'डांधा' मा गएर बसे।
(घ) कलिमर्दन मल्ल 'कुहुँ' मा गएर बसे।
(ङ) रमेश मल्ल 'माझकोट' मा गएर बसे।
(च) ठूलाकान्छा रघुदत्त मल्ल 'देवपुर' मा बसे।
(छ) कान्छा रघुनारायण मल्ल 'भीमपोखरी' मा गएर बसे।

यहाँ वंशावलीअनुसार राजा कीर्तिबम मल्ल रघुनारायण मल्लका छोरा देखिन्छन्। कीर्तिबम मल्लका पनि चार भाइ छोरा थिए - नृसिंहबम, राजेन्द्रविक्रम बम, विक्रमार्क बम, एउटाको नाम थाहा भएन।

१०) कीर्तिबम मल्लदेखि माथि तोरण मल्लसम्म ६० पिंढीका मूल वंशावली स्व. मोहनबहादुर मल्लको घरमा छ। यही वंशावली 'बुकी' पत्रिकाको बोस्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्कमा ओङ्कारप्रसार गौचनद्वारा छापिएको छ। यी राजाहरूमध्ये मलयबम मल्ल र कीर्तिबम मल्लको ठूलो भूमिका छ।

विद्वत्प्रिय राजा मलयबम मल्ल

यति लामो समयमा कुन–कुन राजाले के–के गरे, यसको लेखाजोखा छैन। परन्तु मलयबम मल्लको नाम पर्वते राजाहरूमा अमर भएको छ। प्रेमनिधि पन्तका शिवताण्डतन्त्र, प्रायश्चित्तप्रदीप आदि ग्रन्थले मलयबम तथा उनकी रानी महलवसन्तालाई पनि ज्यूँदो राखेको छ। राजा मलयबम मल्ल केवल विद्वत्प्रिय मात्र थिएनन्, अपितु स्वयं पनि विद्वान् थिए। शास्त्रहरूको मर्म बुझ्ने, धर्मात्मा, दानी र न्यायकारी राजा थिए। त्यसैले त उमापति, रमापति र प्रेमनिधिजस्ता विद्वद्वृन्दलाई राजाश्रय दिएका थिए। दोस्रो प्रमाण राजा मलयबम मल्लले आफैं पाठ गर्नका लागि प्रतिलिपि गराएका धेरै स्तोत्रका पानाहरू पाइएका छन्। 'इति श्रीमलयवम्मनृपोत्तमस्य पाठार्थं तारापुरश्चरणाभिधानग्रन्थरत्नं प्रतिलिपीकृतम्' इत्यादि अनेक ग्रन्थका अन्तिम पानाहरू यज्ञकुमार पन्त आदिका घरमा पाइन्छन्। नजान्ने र नमान्ने मान्छेका लागि केही पनि छैन, 'तारापुरश्चरण' जस्ता महत्त्वपूर्ण र विद्वत्तापूर्ण ग्रन्थ पाठ गर्न सक्ने राजा विद्वान् थिएनन् भन्न सकिंदैन। प्रेमनिधि आदिले पनि खालि राजा भनेर मात्र मानेका होइनन् भन्ने प्रमाण धेरै ग्रन्थका पुष्पिकाहरूबाट पाइन्छ। स्वयं विद्वान् नभई विद्वान्हरूको मर्म बुझ्न सक्दैन, रागद्वेषको कुरा अर्कै हो।

राजा स्वयं विद्वान् र विद्वत्प्रिय थिए, त्यसै भएर पनि विद्वन्नगरी काशीमा बास गर्थे। आफ्नो देश र काशीका विद्वान्हरूको विद्वत्ताको आस्वाद लिन्थे। काशी गढवासी टोलका छेउमा गोमठमा शाके १६५८ (वि. सं. १७९३) मा राजा मलयबम मल्लको स्वर्गवास भयो। प्रेमनिधि पन्त विद्वत्प्रिय राजाको मृत्यु भएको वेला धेरै दुःखी भएका थिए। यो कुरा उनैको चर्चाबाट थाहा पाइन्छ।

मल्लादर्शभित्र परेका ऐतिहासिक तथ्यहरू

मल्लादर्श टीका प्रेमनिधि पन्तका कृतिहरूमध्येको एक हो। यो 'शिवताण्डवतन्त्र' को टीका हो। यस टीकामा प्रेमनिधि पन्तले दार्शनिक विद्वत्ताको छटा राम्रोसँग देखाएका छन्, तन्त्रशास्त्रका त उनी निधि वा शेवधि नै थिए। उनको समयमा घटेका अथवा गरेका र गराएका कार्य वा घटनाहरूको उल्लेख मल्लादर्शमा पर्याप्त भएको छ। केही अंश पाठकवृन्दको सामुमा प्रस्तुत गरिंदैछ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाना	विषय
४०	नाग मल्ल र नारायण मल्ल भूप दरिद्र भएको उल्लेख
४३	श्रीराज मल्ल र शाह मल्लले दुर्गासाधना गरेको उल्लेख
४४	शाह मल्लका छोरा घनश्याम मल्लको उल्लेख
४५	घनश्याम मल्लका छोरा मलयबमको तथा उनकी रानी महलवसन्ताको उल्लेख
४६	मलयबमका सात भाइ छोराहरूको उल्लेख
४७	मलयबमका छोरा शत्रुशालको तन्त्रसाधनाको उल्लेख
४९	रघूत्तम भूपवर्यको उल्लेख
५१	रघुनारायण नामक राजकुमारको उल्लेख
५२	भानुचन्द्र, बलीकरण, समुद्रक्षित्यङ्गगुणवान् तथा सातौं क्षितिपतिकुमार श्रीरमेशको उल्लेख
५३	मलयबमका छोरा अरिमर्दन तथा राजेन्द्रकुमारको उल्लेख
५४	शत्रु मल्लका छोरा रविनारायण र कलिमर्दनको उल्लेख
५६	मलयबमले गण्डकीलाई बाँधेर शासन गरेको उल्लेख तथा रावणले तन्त्रसाधना गरेको उल्लेख
६४	मुस्ताङका राजालाई काकवेणीमा पछारेको तथा जुमलेश्वर राजाले दया गरेर छोडाएको साथै सम्पूर्ण आफ्ना विपक्षी राजाहरूलाई हराएको उल्लेख
६५	महाराजा मलयबम विद्वान् थिए भन्ने उल्लेख र सम्पूर्ण तन्त्रशास्त्राध्ययन र यन्त्रसाधनाको उल्लेख
६६	राजा र रानी दुवैले साधना गरेको उल्लेख
७४	महाराज मलयबमले कठिन यन्त्रको साधना गरेको उल्लेख
७४	सधैं पण्डितमण्डलीमा चर्चित श्रीपतिको उल्लेख
७५	महाराज मलयबम प्रजासुखका लागि अग्रणी भएको उल्लेख
८२	महाराज घनश्यामकी रानी पार्वतीले साधना गरेको उल्लेख
९७	महाराज मलयबमले काशीमा राजमहल बनाएर बसेको र स्वगुरुकरुणाले ग्रन्थकर्तालाई सघाउ पुऱ्याएको उल्लेख (१४ पटल)
११०	महाराज मलयबमकी यशस्विनी रानी महलवसन्ताको उल्लेख

यसरी प्रेमनिधि पन्तले आफ्ना आश्रयदाता महाराज मलयबमको विद्वत्ता, साधना र यशोगानको उल्लेख गर्दै मल्लादर्शमा अरू घटनाहरूको पनि उल्लेख गरेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वतको अन्तिम भाग्यरेखा राजा कीर्तिबम मल्ल

पर्वतका अन्तिम राजा कीर्तिबम भए । यिनको अवसानपछि पर्वत राज्य र विद्वत्ताको गढ अपरकाशी बागलुङको विद्वत्परम्परा एकै साथ धराशायी भयो । अब त राजनीतिका भुल्ला उखाल्नेहरू हुन सक्लान्, यसमा दुइ राय हुने छैन । त्यो विद्वत्परम्परा यस शताब्दीमा सम्भव छैन, तर आचार्य, एम. ए. जस्ता पास गर्ने छैनन् या हुने छैनन् भनेको चाहिं होइन । उमापति, रमापति, हरिराम, शिवराम, भवदत्त, प्रेमनिधि, व्यासदत्त, सुकृतिदत्तजस्ता दर्जनौं विद्वद्रत्न भएको ठाउँमा अब विद्वत्तालाई जान दिऊँ । यो ग्रन्थ यस विषयको हो भनेर छुट्टयाउने मान्छे पाउन गाह्रो छ । कतै लुकेर बसेकाहरूलाई खोजेर निकाल्न सकिएला कि ! जसको[1] शासन कालमा विद्वान् साहित्यकार, दीन, दुःखी, कलाकार सबैले आश्रय पाएका थिए, ती कीर्तिबम मल्लको शासन कालमा भएका कुरा महाकवि सुकृति-दत्त पन्तले केही स्वयं आफ्नै आँखाले देखे होलान्, केही उनीभन्दा वृद्ध अनुभवी विद्वान्हरूबाट सुने होलान्, त्यसैले आफ्नो वंश परिचयमा अत्यन्त स्पष्टसँग लेखेका छन् ।

राजा कीर्तिबम राजा मात्रै नभई कीर्तिका बिम्बै थिए । सुकृतिका वर्णन-अनुसार कीर्ति माने यशका बिम्ब माने स्वरूप, कीर्तिबम (कीर्तिबिम्ब) मल्ल हुन् । मलयबम (मलयबिम्ब) जस्तै कीर्तिबम पनि संस्कृतका विद्वान् थिए । यिनी पनि दया, धर्म, वीरता, विद्वत्प्रियताका खानी थिए, दीन, दुःखीका कल्पद्रुम थिए । त्यसैले शिवरामजस्ता राजगुरुले उदार हुन कर लाग्यो ।

एक सानो कागज (नेपाली कागज) मा कीर्तिबम मल्लले पाठ गर्ने श्लोक भनी उल्लेख गरिएको छ । त्यो किताबको अन्तिम पाना हो, तर मूल किताब होइन । मूल किताब उतारिसकेपछि उतार्नेवाला विद्वान्ले श्लोक बनाएर समाप्त गरे । उतारेको ग्रन्थ त छँदै छैन, परन्तु उतार्नेले लेखेको श्लोक पनि पाँचौं श्लोकको अन्त्य अक्षरदेखि मात्रै छ । त्यसपछिका श्लोकचाहिं यस्ता छन्—

---

१. तस्यावरोऽप्यनवरो नवरोपितः किं, कल्पद्रुमो भुवि गुणैः शिवरामनामा ।
श्रीकीर्तिबम्बनृपतेर्गुरुतामवाप्तो दैन्यञ्जहार कलिदुःखितमानवानाम् ॥४॥
तद्दृष्टिगोचरमितस्य जनस्य शश्वत् क्षुत्क्षामताऽवसनता जडताप्यपैति ।
यावद्वपुर्धृति दधौ व्रतमेवमेष दिक्प्रान्तविश्रुतशरच्छशिकल्पकीर्तिः ॥५॥

(कार्तवीर्योदय १७ सर्ग)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जयतु जयतु लक्ष्मीर्लक्षणालंकृताङ्गी
जयतु जयतु पद्मा पद्मपद्माभिवन्द्या ।
जयतु जयतु विद्या विष्णुवामाङ्कसंस्था
जयतु जयतु सम्यक् सर्वसम्पत्करी श्रीः ।।६।।

जयतु जयतु देवी देवसंघाभिपूज्या
जयतु जयतु भद्रा भार्गवी भाग्यरूपा ।
जयतु जयतु नित्या निर्मलस्नानवेद्या
जयतु जयतु सत्या सर्वभूतान्तरस्था ।।७।।

जयतु जयतु रम्या रत्नगर्भान्तिरस्था
जयतु जयतु शुद्धा शुद्धजम्बूनदाभा ।
जयतु जयतु कान्ता कान्तिमद्भासिताङ्गी
जयतु जयतु शान्ता शीघ्रमागच्छ सौम्ये ।।८।।

।। परालक्ष्म्यै नमः ।।

स्वस्ति श्रीगगनगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली-विराजमानमानोन्नतश्रीमहाराजाधिराजकीर्तिबममल्लदेवस्य पाठार्थं महालक्ष्मी-प्रसादः शुभं भूयात् ।

महाराज कीर्तिबम मल्लले पनि ठूलाठूला ग्रन्थ पाठ गर्ने गरेका रहेछन् भन्ने कुरा यी पङ्क्तिहरूले बुझाउँछन् ।

अनङ्गरङ्गकार श्री कल्याण मल्ल

नेपालमा राजा महाराजाहरू पनि विद्वान् थिए भन्ने उल्लेख ठाउँठाउँमा पाइन्छ । तर कसैकसैले यस्ता कुरालाई थोथे मर्केको घोवा भनेर हास्यास्पद पनि मान्ने गरेका छन्, कतै आफैं हास्यास्पद बनेका पनि छन् । तर घर बसी लङ्का देख्ने विद्वान्हरूले राजा महाराजा विद्वान् हुन सक्दैनन् भन्नु स्वयं हास्यास्पद हुनु हो । मैले साक्षात् पाएका संस्कृतका विद्वान् राजाहरूमा महाराजा दुर्गासिंह सोलन रियासत हिमाचल प्रदेश, महाराजा हरिसिंह हरिपुर, महाराजा कर्णसिंह जम्बु काश्मीर, काशीनरेश महाराजा विभूतिनारायण सिंह आदि राजा महाराजाहरूको विद्वत्ताबाट म राम्ररी परिचित भएको छु । यीमध्ये महाराजा दुर्गासिंहका संस्कृतमा कैयौं नाटक र व्याकरणका ग्रन्थरचना देखेको छु । विश्वास भएन र मैले स्वयं महाराजा दुर्गासिंहसँग साक्षात्कार गर्ने समय मागें, समय मिल्यो पनि । सोलन किलाको दरबारभित्र लगभग १५ दिनसम्म अनेक शास्त्रसम्बन्धी चर्चा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो । महाराज दुर्गासिंहले– 'महामहोपाध्यायमथुरानाथदीक्षितस्यान्तेवासी' भनेर आफ्नो परिचय दिएपछि ममा महाराजा दुर्गासिंहको विद्वत्ताबारे शङ्का रहेन । उहाँले सभापति र प्रमुख अतिथि भएर संस्कृतमा भाषण दिँदै गरेका ठूलाठूला विद्वत्सभाहरूमा यो पङ्क्तिलेखक स्वयं उपस्थित थियो । प्रयागको विश्वसंस्कृत सम्मेलनमा (भू. पू. जम्बुकाश्मीरनरेश) डा. कर्णसिंहको संस्कृतमा उद्घाटन भाषण तथा विभूतिनारायणसिंह (भू. पू. काशीनरेश) को समापन भाषणले प्राचीन राजा महाराजा अश्वपति, जनक आदिको याद दिलाउँथ्यो ।

यस्तै नेपालका मल्ल राजाहरू पनि राम्रा राम्रा विद्वान् थिए भन्ने इतिहासको सुइँको हामीलाई नमिलेको होइन । काठमाडौं अधित्यकाका जयस्थिति मल्ल, सिंहप्रताप शाह आदि, बाग्लुङ पर्वतका मलयबम मल्ल, कीर्तिबम मल्ल तथा कल्याण मल्ल आदिले विद्वान् नहुने कुनै तगारो लगाएका छैनन् । बझांगे राजा रामजङ्ग पनि विद्वान् थिए भन्ने बारेमा दुइ–चार जना व्यक्तिबाहेक अन्य नेपालीहरू कसैलाई पनि थाहा छैन । सबैभन्दा ठूलो लापरवाही र वैमनस्य नै यसको कारण हो । राजा रामजङ्गले अध्यात्मरामायणको अंग्रेजीमा अनुवाद गरेका छन् ।

यति लामो गन्थनको गर्नुको अर्थ हो– कल्याण मल्ल नेपाली (खस क्षत्रिय) मल्ल खानदानका विद्वान् थिए, उनले 'अनङ्गरङ्ग' भन्ने कामशास्त्रविषयक ग्रन्थ लेखेका थिए । परन्तु 'अनङ्गरङ्ग' केही अंग्रेजी भाषामा र केही संस्कृत मूल र अङग्रेजी भूमिकामा छापिएको पनि बजारमा पाइएको छ । त्यसमा धेरै कुराहरू संशोधनीय छन् । बाग्लुङ गैरीगाउँमा पाइने 'अनङ्गरङ्ग' का पुष्पिकामा 'इति श्रीकल्याणमल्लविरचिते अनङ्गरङ्गे चन्द्रकलानिरूपणं नाम द्वितीयस्थलम्' भनेर लेखिएको छ । त्यसपछि शाके १७६४ (वि. सं. १८९९) भनी लेखिएको छ । यसका प्रतिलिपिकर्ता गङ्गाराम शर्मा हुन् । यी मल्ल राजाहरू शास्त्रका रसिक हुनाले नै यिनीहरूले विद्वान्हरूलाई केवल आश्रय मात्रै होइन अपितु शास्त्ररसले पनि रत्याएर राखेका थिए । प्रतिलिपिकर्ता गङ्गाराम नेपाली हुन् कि कुमैंया यो शोधको विषय हो । किनभने कुमैंया गङ्गाराम विद्वान् पनि प्रसिद्ध थिए ।

□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुकृतिदत्तको वंश र विद्वत्परम्परा

वर्तमान धवलागिरि अञ्चलको जिल्ला बागलुङ (संगुर जस्तो ढुङ्गा)[1] र जिल्ला पर्वतको सेरोफेरोमा बस्ने पन्तहरू मूल रूपमा चार हाँगामा बाँडिएका छन्– ती वसु पन्त, नाथु पन्त, भगि पन्त तथा सरम पन्त हुन् । कुलपरम्पराबाट हेर्दा वसु पन्त र भगि पन्तका कुलपुरोहित नाथु पन्त हुन पुगेका छन् । आज पनि वसु पन्त र भगि पन्तका सन्तानपरम्पराले कुलपुरोहित नाथु पन्तकै खलकलाई मान्ने गरेका छन् । सरम पन्तको खलक त्यति सारो फैलिएको देखिएन । यद्यपि सरम पन्तको खलकमा अहिले पनि प्रसिद्ध विद्वान् पं. नयराज पन्तजी हुनुहुन्छ । यी चारै पन्तका पूर्वज कुमाऊका थिए भन्ने कुराको प्रसिद्ध तान्त्रिक विद्वान् प्रेमनिधि पन्त र महाकवि सुकृतिदत्त पन्त दुवैले उल्लेख गरेका छन् । 'श्रीमत्कूर्मधराधरेन्द्रवसतिः' तथा 'कूर्माचलो जन्मभूः' आदि पद्यहरूबाट पन्तहरू कूर्माचलीय हुन् भन्ने कुरा स्पष्ट हुन्छ । रमापति पन्त प्रयागमा जन्मेका थिए, उनको शिक्षादीक्षा प्रयागमै भएको थियो । उमापति पन्तको जन्म र शिक्षादीक्षा कुमाऊमा भएको थियो । यी दुइ विद्वान् जीविका गर्न वा मुक्तिनाथ यात्राका लागि बागलुङ पर्वतमा पुगेका थिए । प्रेमनिधिको जन्म कुमाऊमा नै भए पनि उनले शिक्षा प्राप्त गरेपछि समग्र उमेर पर्वत (नेपाल) मा नै बिताएका थिए, अन्तिम समयमा काशीवासी हुन पुगे । विक्रमको सोह्रौं शताब्दीतिर पर्वते राजाहरूको खूब यश थियो; टाढाटाढाका विद्वान्हरूले पनि उनीहरूको यश सुनिसकेका थिए । त्यसैले रमापति र उमापतिजस्ता उद्भट विद्वान्हरू नेपाल पसे । यी विद्वान्हरूका विशेष आश्रयदाता महाराज मलयबमका पिता र स्वयं मलयबम थिए । दुवै बाबुछोरा अत्यन्त विद्वत्प्रिय तथा विद्वान् थिए । त्यसैले रमापति र उमापतिजस्ता विद्वान्हरूले बागलुङ पर्वतजस्तो ठाउँमा बास गर्न रुचाए । वेणीजस्तो खोपिल्टामा भएको राजधानीमा राजगुरु बनी राजाश्रय लिएर बसे । यी

---

१. यस क्षेत्रमा किरातक्षत्रिय वान्तवा राईहरूको धेरै कालसम्म निवास थियो । किनभने बागलुङ, पाङ, बलेवा, आदि किराती शब्दहरू संज्ञावाचकका रूपमा आज पनि त्यहाँ विद्यमान छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठकुरी मल्ल राजाहरू थिए। उता पन्तहरूलाई आश्रय दिने पाल्पाका किरात क्षत्रिय मगर कुलका महाराज मुकुन्द सेन थिए। महाराज मुकुन्द सेनले विद्वच्छिरोमणि कामदेव पन्तलाई पाल्पा ठुली हुँगीमा एक सय रोपनी भूमि दिएर राखेका थिए। कामदेव पन्तका जेठा नाति स्वनामधन्य सर्वशास्त्रपारङ्गत नीलदेव पन्त थिए। लमजुङ (बाटोमाथिको डाँडा) तथा गोर्खामा विक्रमको तेह्रौं शताब्दीतिर पन्तहरू बसोवास गर्न पुगिसकेका थिए। त्यसैले पन्तहरू द्रव्य शाहका सहयोगी बन्न पुगे। गोर्खाका खड्का मगर राजाहरूका आश्रयमा पनि पन्त र पाण्डेयहरू थिए। त्यसैले खड्का मगर राजाको अस्तित्व समाप्त पार्नका लागि पाण्डेय, पन्त, अर्ज्याल, आदि र स्वयं राना मगर ज्यादै सक्रिय थिए। घर नफुटेसम्म अर्कालि भेद पाउँदैन। गोर्खा र लमजुङका पन्तहरूले कतै राजनीतिमा अलिअलि नाम कमाए कि? थाहा छैन। परन्तु बागलुङ पर्वत र पाल्पाका पन्तहरूले अलौकिक विद्वत्तामा औंधि यश आर्जेका छन्। तीमध्ये पाल्पाका नीलदेव पन्तलाई समस्त बङ्गालले नतमस्तक भएर स्वीकारेको छ। नीलदेव पन्तको अध्ययन पनि बङ्गालमा नै भएको थियो। पर्वत बागलुङका पन्तहरूमध्ये वेदान्तशास्त्र योग तथा नेपाली भाषाका सेवाका लागि वीरशाली पन्त अत्यन्त यशस्वी बने। त्यसपछि तन्त्रशास्त्रसाम्राज्यधुरन्धर प्रेमनिधि पन्त समस्त तन्त्रजगत्मा देशविदेशमा प्रख्यात भए। त्यसपछि कुनै रचना प्रकाशित नभए पनि सर्वाधिक यशस्वी महाकवि सुकृतिदत्त पन्त हुन पुगे। त्यसपछि गुल्मी जिल्लाका 'धारातस्थ' धारापानी दियाम आदिमा बसोबास गर्ने पन्त पनि प्रसिद्ध भए। सर्वप्रथम महामहोपाध्याय पदवी पाउने नेपाली विद्वान् म. म. धर्मरत्न हरि शर्मा मुनि गुल्मी धारापानीका थिए। विश्वप्रसिद्ध तान्त्रिक टेहरी नरेश कीर्ति शाहका राजगुरु महीधर डङ्गवालका साक्षात् गुरु थिए म. म. धर्मरत्न हरि शर्मा मुनि।

चारै थरी पन्तका सन्तान-वितान वर्तमान धौलागिरि अञ्चलको बागलुङ, पर्वत आदिमा छन्। सरम पन्तका सन्तान पर्वतको लिमिथाना र फलेवास आदिमा छन्। भगि पन्तका सन्तानहरू जिल्ला बागलुङको गलकोट, गैरीगाउँ, तथा ढिक्कीचौर आदिमा बसेका छन्। वेदान्तका प्रकाण्ड विद्वान् परम वैष्णव वीरशाली पन्त भगि पन्तका वंशकै थिए। वीरशाली पन्तको जन्म पनि गैरीगाउँ ढिक्कीचौरमै भएको थियो। गलकोटे राजगुरु पं. काशीराज पन्त पनि यसै वंशका थिए। नाथु पन्तका सन्तान गैरीगाउँ, मूलपानी आदिमा बसेका छन्। यसरी पर्वत क्षेत्रमा वसु पन्त, भगि पन्त, नाथु पन्त तथा सरम पन्तका सन्तानपरम्परा यशस्वी भएर बसेका देखिन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुधीन्द्र रमापति पन्त

पन्तहरूको इतिहास कोट्टयाउँदा केही प्रामाणिक इतिहास पनि पाइएको छ । यद्यपि कृष्णागण्डकीको पवित्र पुलिन बागलुङ क्षेत्रमा बस्ने पन्तहरू विक्रमको सत्रौं शताब्दीको अन्तिमतिर पसेका थिए । यो इतिहास बलेवा लक्ष्मीनारायण मन्दिरको शिलालेख[1] तथा घण्टाको लेखबाट स्पष्ट हुन्छ । शिलालेखको मनन गर्दा विक्रमको सत्रौं शताब्दीतिर इन्दु कविवर प्रयाग (भारत) मा निवास गर्दथे भन्ने अनुमान हुन्छ । इन्दु कविवरको नाम इन्दिरापति थियो । इन्दिरापति धुरन्धर विद्वान् थिए । बागलुङ निवासी पन्तहरूका कुलदेवता लक्ष्मीनारायण हुन् भने इष्टदेवता 'तारा' अथवा तारिणी देवी हुन् । अतएव पन्तहरू मूलतः वैष्णवं हुन् । इन्दिरापतिका नौ भाइ छोरा थिए । नवैं जना विद्वान् थिए । ती नौ भाइ छोराहरूमध्ये इन्दिरापतिका आठौं छोरा लक्ष्मीपति र कान्छा छोरा रमापति थिए । रमापतिले आफ्नो पिताको नाममा कुसुमा र बलेवाको माझमा कालीगण्डकीका तीरमा लक्ष्मीनारायण मन्दिर बनाए । रमापति पन्त वसु पन्तका वंशमा उत्पन्न भएका थिए । वसु पन्तका छोराको नाम कतै उल्लेख भएको पाइएको छैन । परन्तु नाति इन्दिरापतिको उल्लेख भने छ तर इन्दिरापतिका आठ भाइ छोराहरूको उल्लेख पनि कतै भएको छैन । यस्तै सुकृतिदत्त पन्तले पनि कार्तवीर्योदय[2] महाकाव्यको सप्तदश सर्गमा आफ्नो वंशपरिचय दिंदा

---

१. स्वस्ति श्रीमत्पन्तकुले निर्मलेऽजनि भूसुरे ।
प्रयागवसतिः श्रीमानिन्दुकविवरः सुधीः ।।१।।
नव तस्याभवन्पुत्रा विद्वांसः सर्व एव ते ।
तेषां कनीयान् कश्चिद्रमापतिरिति श्रुतः ।।२।।
रचितं सुचिरं (तेन) इन्दिरापतिमन्दिरम् ।
तदिदं तस्य सततं पुत्रैः पौत्रैः प्रपौत्रकैः ।।३।।
पालनीयं प्रयत्नेन परमेश्वरतुष्टये ।
शुभं भवतु सर्वेषां नारायणप्रसादतः ।।४।।

इति शाके संवत १६३७ भनेर लेखेको छ । सँगैको घण्टामा पनि यसरी नै लेखेको छ ।

२. विद्याकुशेशयवनीचरराजहंसे संसन्मुखादिगणवादविहीनदंशे ।
कूर्माचलाभिजनके वसुपन्तवंशे जातो रमापतिरिति प्रथितस्सुधीन्द्रः ।।१।।
कृष्णातटे प्रतिभटेऽमरविष्टपस्यागत्यैष पर्वतनरेन्द्रगुरुर्बभूव ।
अस्थापयच्च हृदि सौधवरेऽपि लक्ष्मीनारायणौ विपुलभावनया स विद्वान् ।।२।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'वसुपन्तवंशे' मात्रै भनेका छन् । रमापति मुक्तिनाथको यात्रा गर्न आउँदा देवताहरू बस्ने स्वर्गजस्तो भूमि बागलुङमा पुगे । त्यहीं पर्वतका राजासँग भेटघाट गर्दा राजा रमापतिको विद्वत्ताबाट अत्यन्त प्रभावित भए । ती राजा थिए राजा मलयवमका पिता घनश्याम मल्ल । रमापतिले अब स्थायी बसोबासका साथ राजसम्मान पाएका हुनाले उनी पर्वत नरेन्द्रका राजगुरु कहलाए । रमापति पन्त अत्यन्त प्रख्यात विद्वान् थिए । आफ्ना समयमा न्याय, व्याकरण, साहित्य, ज्यौतिष र कर्मकाण्डमा उनका टक्करका कोही थिएनन् । आफ्नो बुद्धि–वैभव र विद्वत्ता तथा लोकचातुर्यले गर्दा पर्वते राजाहरूमा रमापति पन्तको ठूलो प्रभाव थियो । त्यसैले कालीगण्डकीको किनारैमा रमापति पन्तले आफ्ना पिताका नाम-मा लक्ष्मीनारायणको मन्दिर स्थापना गरेर शिलालेख राखेका थिए । साथै आफ्नै वंशपरम्परालाई मन्दिरको रक्षा गर्ने आदेश पनि दिए ।

रमापति पन्तका पनि दुइ भाइ छोरा भए । जेठा छोराको नाम हरिराम पन्त तथा कान्छा छोराको नाम थियो शिवराम । यी दुइ भाइ उद्भट विद्वान् थिए । यसरी पर्वत, कुसुमा, बागलुङ, ओखले, गैरीगाउँ, मल्लाज, वेणी आदिमा भगि पन्तका योग्य सन्तानले निवास गरे । पर्वत क्षेत्रमा सोह्रौं शताब्दीदेखि अठारौं शताब्दीका अन्तिमसम्म काशीका विद्वान्हरूलाई अङ्गुलिमा नचाउने विद्वान्हरू विद्यमान थिए । मानौं पर्वत र बागलुङ अर्को काशी नै भएर बसेको थियो ।

पर्वतको विद्वत्परम्परामा रमापति पन्त, उमापति पन्त, प्रेमनिधि पन्त, हरिराम पन्त, शिवराम पन्त, धरणीधर पन्त, शिवराम, भवदत्त, रुद्रदत्त, दोस्रो भवदत्त, उनका पुत्र व्यासदत्त, श्रीदत्त, ज्वालादत्त र अन्तिम सुकृतिदत्त पन्त भए । यीमध्ये प्रेमनिधि पन्त र सुकृतिदत्तलाई छोडेर अरू कसैका पनि अमर कृतिहरू सुरक्षित रहेनन् । यसमा त्यतिखेरका नेपालका विद्वान्हरूको आपसी रागद्वेष तथा लापरवाही नै मुख्य कारण थियो । साथै त्यतिखेरका शासकहरूमा पनि त्यो प्रवृत्ति थिएन । सारै धेरै काम गरे बापत केवल प्रशंसा तथा अरू केही भत्ता अथवा रुपैयाँ, पैसा, जागीर दिएपछि सन्तुष्ट हुन्थे । विद्वान्हरूमा पनि दुर्गुणहरू थिए । त्यसैले नेपालका विद्वान्हरू अन्यसँग टक्कर गर्न सक्ने भए तापनि आफ्नो रचनाले प्रभावित पार्न सकेनन् । धन्न प्रेमनिधि र सुकृतिदत्तले भने आफ्नो होश सह्मालेरै छोडे । तर यी दुइजस्ता विद्वान् नेपालमा अरू पनि थिए । स्वयं रमा-पतिकै रचनाहरू प्राप्त भएनन् । परन्तु उनले अवश्य लेखेका थिए । रमापतिको शिलालेखको रचनाबाट यो कुरा स्पष्ट बुझिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकलशास्त्ररत्नाकर हरिराम पन्त

हरिराम पन्तका बारेमा स्वनामधन्य सुकृतिदत्त पन्तले स्पष्ट शब्दमा एकै श्लोकमा[1] भनेका छन् । शास्त्ररत्नाकर हरिराम पन्त पुण्यश्लोक रमापति पन्तका जेठा छोरा थिए । यिनले सर्वप्रथम आफ्नै पिता रमापतिबाट शास्त्राध्ययन गरेका थिए । सानै उमेरमा यिनले अष्टाध्यायी तथा अमरकोष कण्ठस्थ पारेका थिए । ओच्छ्यानैमा पिता रमापतिले पाठ गर्न लगाउँथे । भूल गरेका ठाउँमा सुधारिदिन्थे । केही वर्षपछि हरिराम पन्तले अन्य न्यायग्रन्थका साथ 'चिन्तामणि'को पाठ पढेपछि उनी काशीमा देखापरे । केही वर्षसम्म काशीका विद्वान्हरूसँग शास्त्रार्थ गरे, केही विद्वान्सँग शास्त्रचिन्तन गरे र उनी आफ्नै देश बागलुङ पर्वततिर फर्के । आफ्नै देशमा हरिराम पन्तले न्याय, व्याकरण, वेदान्त आदि विषयहरूमा अनेक ग्रन्थ लेखेका थिए । परन्तु असावधानी र अपहेलना, तथा राग द्वेषका ज्वालामा ती ग्रन्थहरू कहाँ गए भन्न गाह्रो छ । परन्तु धर्मराजाध्वरीन्द्रका वेदान्तपरिभाषामा लेखेको टीकाले गदाधर र मधुसूदनसरस्वतीको विद्वत्ताभन्दा कुनै हालतमा कमी थिएन भन्ने कुरा बताउँछ । दुर्भाग्यले वेदान्तपरिभाषाको टीका पनि पूर्ण छ जस्तो लागेन । तर दूध पानी छुट्याउने विद्वान्हरूले यसतर्फ अवश्य नै दृष्टि पुर्‍याउनेछन् ।

यसरी अनेक ग्रन्थहरूको रचना गरिसकेपछि पश्चिम कालीगण्डकीदेखि पूर्व अरुणकोशीसम्मका उद्भट विद्वान्हरूलाई शास्त्रार्थमा पराजित गरेर आश्चर्यजनक दिग्विजय गरेका थिए । सुकृतिदत्त पन्तजस्ता सरस्वतीपुत्रले त्यसै आफ्नो लेखनीको विषय बनाउने थिएनन् । त्यसैले सुकृतिलाई लेख्न कर लाग्यो । महाकवि सुकृतिदत्तका पालासम्म पनि हरिराम पन्तका ग्रन्थहरू विद्यमान थिए । अर्थात् वि. सं. १९२८ सम्म पनि सकलशास्त्ररत्नाकर हरिराम पन्तका ग्रन्थहरूको चर्चा विचर्चा र केही पठनपाठन पनि हुन्थ्यो । वेदान्तपरिभाषाको प्रस्तुत वेदान्तरत्नाकरटीका शिष्यवर्गमा पठनपाठनमा चलेको थियो । परन्तु शिष्यवर्गलाई ठम्याउन सकिएन । यो अनुसन्धानको विषय छँदैछ । ग्रन्थ पनि पूरा सुरक्षित राख्न सकेनन् । अहिलेसम्म प्राप्त उनको वेदान्तपरिभाषाका अनुमान खण्डको सात पृष्ठ हेर्दा विद्वत्ताको धाक–हाँक राम्ररी थाहा पाउन सकिन्छ ।

---

१. तस्यात्मजौ सकलशास्त्रमतप्रवीणो ज्येष्ठस्तयोः समभवद्धरिरामसञ्ज्ञः ।
कृष्णारुणान्तरबुधान् प्रतिराजसंसन्निर्जित्य दिग्विजयकौतुकमातनोद्यः ।।

(कार्तवीर्योदय १७।३)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजगुरु शिवराम पन्त

विद्वत्प्रवर शिवराम पन्त अत्यन्त यशस्वी विद्वान् थिए । यिनी रमापति पन्तका कान्छा छोरा थिए । यिनको शिक्षा दीक्षा पिता रमापतिबाट भएको थियो । केही वर्षपछि सकलशास्त्ररत्नाकर हरिराम पन्तबाट शिवराम पन्तको शिक्षा भयो । शिवरामले काशीको दर्शन मात्रै गरे, त्यहाँ विद्याध्ययन गरेनन् । शिवराम पन्तको समस्त विद्याध्ययन बागलुङ पर्वतमा नै भयो । सबै शास्त्रको अध्ययन आफ्नै ज्येष्ठ भ्राता हरिराम पन्तबाट गरेका थिए । शिवरामजीले सबै शास्त्र पढे तापनि उनका प्रधान विषय नव्यन्याय र व्याकरण थिए । परन्तु यी तान्त्रिक पनि थिए । अनेक शास्त्रहरूका साथ–साथै पर्वते पन्तहरू तन्त्रविद्यामा पनि अत्यन्त निपुण थिए । तन्त्रमा विश्वास राख्ने यिनी तन्त्रविशारद पनि थिए भन्नुमा अत्युक्ति हुने छैन । तर तन्त्रमा भने उनका रचनाहरू उपलब्ध छैनन् । बागलुङ गैरीगाउँ, ओखले, ओखलढुङ्गा आदिका डोका, थुन्चे, ढकी, फुर्लुङ आदिमा पोका बाँधेर राखेका पानाहरूमा लेखकले केही पाएका थिए । शिवराम पन्तका केही रचनाहरू हयग्रीव पन्तका छोरा यज्ञकुमार पन्तको घर ओखल-ढुङ्गामा डोकामा फेला परेका थिए । ती 'व्यधिकरणजागदीशि' लेखिएका टीका हुन् । त्यसले पनि शिवराम पन्त विद्वान् थिए भन्ने अडकल काट्न सकिन्छ । शिवराम पन्तको 'व्यधिकरण' को टीकाको विद्वत्तालाई बुझ्नका लागि मूल 'व्यधिकरण' ग्रन्थ लागेको हुनुपर्छ, तब मात्रै शिवराम यस्तै विद्वान् थिए भन्न सकिन्छ ।

यसरी पर्वते पन्तहरू नव्यन्यायका विशेष र अरू शास्त्रहरूमा पनि गहन डुबुल्की लगाउने भएकाले नै बागलुङलाई काशी भनेको हो । पाङका ज्योतिषी बेनीका तान्त्रिक, ओखले गैरीगाउँका नैयायिक, वैयाकरण साहित्यिक भन्ने चलन आज पनि कतैकतै असी नब्बे वर्षका बूढाहरूबाट सुन्न पाइन्छ । शिवराम पन्त ओखलेमा जन्मेका थिए । शिवराम पन्त सकल शास्त्र पढिसकेपछि तात्कालिक कीर्तिबम मल्लका राजगुरु भए । शिवराम पन्त राजगुरु हुनाका साथै धर्माधि-कारी पनि भएको देखिन्छ । राजा कीर्तिबम मल्ल पनि उदार प्रकृतिका थिए । राजगुरु पनि उदार हुनाले नै कलिकालमा दुःख पाएका मानवका लागि शिवराम पन्त पृथ्वीका कल्पवृक्ष कहलाए । मानव मात्रको दुःख दूर गरे । आफ्नो आँखा र कानले भ्याएसम्म कपडा वस्त्र, भोकप्यास मेटाएर पनि शिक्षा दिए । शिवराम पन्त जबसम्म बाँचिरहे तबसम्म उनले यो आफ्नो व्रतलाई छोडेनन् । त्यसैले पर्वतराज्यमा राजगुरु शिवराम पन्तले शरत्कालिक इन्दुकलाजस्तै कीर्ति फैलाएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिए । यसरी विद्वत्ता र उदारता दुवै भएका यशस्वी शिवराम पन्त बीसौं शताब्दीभित्रै विलुप्त व्यक्तित्वको रूपमा रहे । यो त्यतिखेरका जन-समुदायको र शासकको लापरवाही हो भन्न सकिन्छ । यस्ता विषयलाई इतिहासले कहिल्यै क्षमा गर्ने छैन ।

महातान्त्रिक महायशस्वी प्रेमनिधि पन्तले पनि पृथ्वीप्रेमोदय ग्रन्थको अन्तिम पुष्पिकामा शिवराम पन्तको श्रद्धापूर्वक उल्लेख गरेका छन्—

हरिभुजमुनिस्कन्दवक्त्रचन्द्रे (१६७४) सुशाके
हिमधरनगपुत्रीनाथधान्यां लिलेख ।
द्विजवरशिवरामभ्रातमनाम्नः सुतुष्टचै
गणपतितिथिवारे भानुजे मार्गकृष्णे ।।

यसको अर्थ हो प्रेमनिधि पन्तले पनि शिवराम पन्तको विद्वत्ता र लोकतन्त्रलाई नतमस्तक भएर स्वीकारेका थिए, यद्यपि पन्तहरूमा पनि मूढा पल्टाउने सानो काम थिएन । शिवराम पन्तले आफ्नै पिता सुधीन्द्र रमापति पन्तसँग अध्ययन प्रारम्भ गरेका थिए । केही वर्षपछि वेदान्त ग्रन्थहरूको अध्ययन आफ्ना साखै दाजु सकलशास्त्ररत्नाकर हरिराम पन्तबाट गरेका थिए । पछि काशीमा पनि प्रेमनिधिहरूसँग गौमठमा[1] वसेका थिए । उतिखेर नेपालीहरूमध्ये धेरै बागलुङ्हरू गौमठमा नै बस्थे । काशीमा गढवासीटोला र मणिकर्णिकाको माझमा पर्ने गौमठ नेपालीहरूको ऐतिहासिक स्थल भएको छ । महाराजा मलयबमको निवास गौमठमा थियो, उनको स्वर्गवास त्यहीं भयो । तान्त्रिक धुरन्धर प्रेमनिधि पन्तको स्वर्गारोहण पनि गौमठमा नै भएको थियो । रमापति, हरिराम आदिको निवास पनि गौमठमा नै हुन्थ्यो । शिवराम पनि कहिले कहीं गौमठमा नै आएर बस्थे ।

संक्षिप्तार्थप्रदीपिकाको मङ्गलाचरण

ध्यात्वा ब्रह्माह्वयं सत्यं चिदानन्दात्मकं हृदि ।
लिख्यते शिवरामेण सङ्क्षिप्तार्थप्रदीपिका ।।१।।

---

१. यहाँ गौमठ भन्नाले गौमठ नामको मठलाई भनिएको होइन, अपितु मणिकर्णिका, गढवासीटोला र गौमठको वरपर त्यतिखेर गौमठको नामले प्रसिद्ध थियो । यसै क्षेत्रमा महाराजा मलय बमको सुन्दर राजमहल बनेको थियो । यसै राजमहलको छेउ छाउमा विद्वान्हरू पनि बस्दथे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मराजाध्वरीन्द्रलिखित वेदान्तपरिभाषामा दुवै दाजुभाइले टीका लेखेका रहेछन् । दाजु हरिराम पन्तको टीका सात पाना मात्र प्राप्त छ । त्यो पनि अनुमानखण्डको शुरुदेखि केही अंश मात्र पाइन्छ । किन्तु शिवराम पन्त[1]को टीका दुवैतिर लेखिएको ४६ पानासम्म उपलब्ध छ । यो ६ अङ्गुल चाक्लो र १३ अङ्गुल लम्बाइको छ ।[2] अक्षर पङ्क्ति १२ र कतै १३ सम्म पनि छन् । शिवरामजीको वैदुष्यको पराकाष्ठा त्यही एउटा रचनाले वताउँछ । प्रशंसा गर्नुभन्दा प्रत्यक्ष रूपले हेरेर मनन गर्नु वेश होला । आजको बागलुङलाई हेर्दा ती सब कुराको विश्वास पनि हुँदैन ।

वादीभीकर सर्वतन्त्रस्वतन्त्र भवदत्त शर्मा

भवदत्त पन्त आफ्ना दाजुहरूभन्दा पनि अलौकिक प्रतिभा भएका थिए । भवदत्त पन्तले त्यस वेला आफ्ना विद्या बलले समग्र विद्वान् मण्डललाई आश्चर्यचकित पारेका थिए । यसवारे आफैं लेख्नुभन्दा महाकवि सुकृतिदत्तको वचनलाई मनन गर्नु उत्तम होला । उनी लेख्छन् —

तस्यात्मजाजननताः शिवराम आद्यस्तस्यानुजः पृथुयशा भवदत्तशर्मा ।
तत्पश्चिमः कृतिमतः खलु रुद्रदत्तस्सर्वे समा निगदिता विधिविष्णुशर्वैः ।।

(कार्तवीर्योदय १७।६)

सुकृतिदत्त कवि मात्र होइनन्, त्यसो हुँदा उनको प्रामाणिकतालाई ध्यानमा राखिएको छ । रमापति पन्तका साहिँला छोरा अझ यशस्वी विद्वान् भएको बुझिन्छ रुद्रदत्त पन्त कान्छा हुनाका साथै अरू दाजुहरूभन्दा अलि मुन्तिर परेको बुझिन्छ । वादीभीकर भवदत्त शर्माका वारेमा सुकृति लेख्छन् —

तेषामुदग्रगुणगुम्फितकीर्तिकुन्दस्रक्तोरणावलिविकासितदिङ्मुखानाम् ।
शास्त्रारविन्दविलसद्रसचञ्चरीको रेजेतरां बुधवरो भवदत्तशर्मा ।।

(कार्तवीर्योदय १७।७)

भवदत्त शर्मा कुन कुन विषयमा पारङ्गत थिए भन्ने कुरामा शङ्का नरहोस्

---

१. श्री ५ पुरन्दर शाहका शिवराम नाम गरेका पण्डित थिए, उनले संस्कृतमा 'शिवगोरक्षस्तव' लेखेका छन् भनेर स्व. प. गोविन्दप्रसाद भट्टराईले 'नेपाल र नेपाली' भन्ने पुस्तक (११४ पृष्ठ) मा लेख्नुभएको छ । यी शिवराम उनै हुन् कि भिन्न हुन् खोजको विषय भएको छ ।

२. यो ग्रन्थ यज्ञकुमार पन्तको सौजन्यले प्राप्त गरिएको हो । यसलाई बडो मुस्किलले भए पनि फोटोकापी मात्रै प्राप्त गरेको छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर सुकृतिदत्तद्वारा लिखित यी पङ्क्तिहरूलाई मनन गर्दा श्रीहर्ष र गङ्गेश आदि मात्र होइन, अपितु नेपालमा पनि गङ्गेशोपाध्याय र श्रीहर्षजस्ता विद्वान् कैयौं भइसकेका रहेछन् भन्ने अनुमान लगाउन सकिन्छ । सुकृतिका वचनलाई हेरौं—

नागाधीशवचो विचारविशदे गङ्गेश्वरोक्ताम्बुधौ
मन्थाद्रिप्रतिमे च तत्र युगले स्वान्तं समालम्बिते ।
साहित्यामृतकुण्डमीनसदृशे सांख्यैकसंख्यान्विते
नेपालक्षितिपालपूजितपदे का नेह विद्या स्थिता ।।८।।
सन्दिग्धे विषयेऽपि वादिरहिते पूर्वेऽपि पक्षे तथा
येनोट्टङ्कितमाकलय्य विलसद्राद्धान्तमूर्वीधरः ।
नागो मूर्द्ध विधूननं स्म कुरुते यच्छाययाद्यापि तत्
संस्कारेण करोति किं मुहुरसौ भूकम्पकृतकम्पनम् ।।९।।

(कार्तवीर्योदय १७ सर्ग)

यसरी नव्यन्याय, व्याकरण, पूर्वमीमांसा, उत्तरमीमांसा, साङ्ख्य तथा साहित्य आदिमा अगाध गति राख्ने भवदत्त शर्मामाथि शङ्का–उपशङ्का गर्ने वादी कोही थिंएनन् । आफैं आफ्ना विद्यार्थीहरूसँग पूर्वपक्ष राखेर उत्तर दिन्थे, स्वयं नै सिद्धान्त स्थापित गर्थे । भवदत्त शर्माको यस विद्वत्तालाई देखेर राजा महाराजाहरू पनि नतमस्तक थिए ।

पं. रुद्रदत्त शर्मा

'गुणोपसंहार' नाटककार पं. रुद्रदत्त पन्त, सुधीन्द्रकुलतिलक रमापति पन्तका कान्छा छोरा थिए । हरिराम, शिवराम तथा भवदत्त शर्माका कान्छा भाइ हुने सौभाग्य यिनैले पाए । यिनको गुणोपसंहार नाटकमा वेदान्त र न्यायको गुण, पदार्थ, व्याप्ति आदिलाई पात्र बनाएर जीवात्मालाई नायिका र परमात्मालाई धीरोदात्त नायक बनाइएको छ । नाटक पूरा छैन । शुरूदेखि १७ पाना तथा १०७ देखि १८२ सम्मका केही पाना मात्र प्राप्त छन् । ती पनि धेरै ठाउँमा पढ्न नसकिने खाले छन् । एक ठाउँमा 'इति रुद्रदत्तपन्तकृतं गुणोपसंहारनाटकम्' भनेर लेखिएको छ । कागज माड लगाएरै बनाएको भए तापनि बेसम्मारले गर्दा जतातत्तै राख्नाले कुहिएर च्यातिएर गइराखेका छन् । तैपनि अर्को अधिकारी विद्वान् या अनुसन्धान गर्न आएको छ भने पहिले त बताउँदैनन्, बताए भने पनि छुन, हेर्न दिंदैनन् । कतैबाट उनीहरूले पनि त्यस्ता हस्तलिखित पुस्तक बेचेर धेरै रूपैयाँ कमाउने सुइँको पाएका रहेछन् कि ? त्यसैले विदेशीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखापरे भने बोलाएर पनि देखाउँदा रहेछन् ।। लेखकले चार पाँच ठाउँहरूमा आफ्नै आँखाले प्रत्यक्ष यस्तो देखेको छ । यो पङ्क्ति लेखकलाई पटक्कै देखाउन मानेनन् । तर एक जना घुमन्ते अमेरिकनलाई बोलाएर पल्टाई–पल्टाई देखाए । एक जना मेरा मित्रले सोध्रेछन्— स्वामीजी त्यत्रो कठिनाइसँग अनुसन्धान गर्न आउनुभयो, तपाईंले देखाउनुभएन, त्यो विदेशीलाई देखाएर के हुन्छ ? उनबाट 'विदेशीबाट पैसा धेरै पाइन्छ' भन्ने उत्तर आएछ । यसरी हाम्रा देशका हस्तलिपि ग्रन्थहरू विदेश लागेका होलान् । कैयौं हस्तलिखित ग्रन्थ त्यसै गए होलान् । कैयौं उत्तराधिकारी छोरा नाति योग्य निक्लेनन्, त्यसैमा च्यातिए, कुहिए, गले, ढुँढी परे, कतै पर्याकिए, कतै बेचिए होलान् । रुद्रदत्त शर्माका अरू पनि रचना होलान् । गुणोपसंहार नाटक गैरीगाउँ, गैरीधाराको सातयुगे काला काला पोका-हरूमा बाँधिएको छ । अयोग्य सन्तानका जेलमा परेका कृतिहरू दुइ–चार, दश–पन्ध्र रचनाहरू बाग्लुङ क्षेत्रमा अझै पनि छँदैछन् । लेखकले त्यहींका एक जना जिल्ला शिक्षा कार्यालयमा काम गर्ने कर्मचारीलाई सूची बनाउन लगाएको हो । तर उनले सूची पूरा तयार पार्न सकेनन् । जे होस् यसरी रमापति पन्तका चारै भाइ छोराहरू पूर्ण उत्तराधिकारीका रूपमा थिए, यी सबै धुरन्धर थिए । सुकृति लेख्छन्—

केचिद् व्याकरणेऽनवद्यविदका वेदान्तिवन्द्याः परे
सांख्ये केऽपि सुसंस्थिताः कतिपये न्याये परे नाटके ।
तत्तच्छास्त्रसुधानिधिप्रमथनेऽमन्दादरो मन्दरो
मन्दारो भुवी मन्दको दरदरो हारस्स एकोऽभवत् ।।

नैयायिक धुरन्धर व्यासदत्त पन्त

व्यासदत्त पन्त वादीभीकर सर्वतन्त्रस्वतन्त्र भवदत्त शर्माका जेठा छोरा थिए । व्यासदत्तजीका प्रायः सबै ग्रन्थ गैरीधारा गाउँका एक जना सज्जनसँग प्रायः जस्ताका तस्तै छन् भन्न सकिन्छ । 'परन्तु' र 'प्रायः' दुवै लागेका हुनाले सबै छन् भन्न चाहिं सकिंदैन । यी पङ्क्तिका लेखकले देखेका ग्रन्थहरूमध्ये शक्तिवाद, व्युत्पत्तिवाद, प्रामाण्यवाद, मुक्तिवाद, गादाधरी, दीधिति र न्यायमकरन्द आदि छन् । यीमध्ये मुक्तिवाद दुइटा छन् । हरेरामतर्कवागीशको सानो छ, उनैका शिष्य तर्कसाम्राज्य धुरन्धर गदाधर भट्टाचार्यको मुक्तिवाद पनि छ । दुवैको मुक्तिवादको तुलना गरेर व्यासदत्तजीले 'गुरुशिष्ययोरनर्थान्तरकल्पनं व्यापकता-वच्छेदकीभूतमिति तथ्यम्' भनेर लेखेका रहेछन् । ती ग्रन्थहरू कुनै पनि छापिएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैनन्, सबै हस्तलिखित मात्रै छन् । तर कुनै ग्रन्थ पूरा पनि छैनन् र सुरक्षित पनि छैनन् । मुक्तिवाद नामको यो ग्रन्थ सात पन्ना मात्रै शेष छ । थप्न 'हरेराम-गदाधरयोर्गुरुशिष्ययोर्मुक्तिवादविचारः' भनेको आधारमा उक्त कुरा पक्रन पाइयो । प्रामाण्यवादमा र व्युत्पत्तिवादमा पनि लेखेका छन् । तर शङ्का पिशाचिनी आइहाल्छे । कीराले खाएर, केही पोतिएर, केही कुहिएर गएका छन् । तैपनि अझ पनि केही जगेर्ना गर्न सकेमा अवश्य पनि व्यासदत्तका बारेमा बुझ्न सकिन्थ्यो होला ।

साहित्यरत्नाकर श्रीदत्त कवि

साहित्यरत्नाकर श्रीदत्त कवि भवदत्त शर्माका माहिला छोरा थिए । श्रीदत्तका बारेमा पनि महाकवि सुकृतिदत्त पन्तका श्रीमुखबाट निक्लेका शब्दराशि मनन गर्नु उत्तम होला । सुकृतिले आफूभन्दा ठूला तीनै भाइ दाजुहरूका बारेमा लेख्दै गएर अन्त्यमा आफूलाई सबैभन्दा सानो र बुद्धि नभएको बताएका छन् । यो सुकृतिको नम्रता प्रदर्शन हो । यथा—

ज्येष्ठो न्यायविदग्रणीः समभवच्छ्रीव्यासदत्ताभिधः
साहित्याम्बुधिपारगस्तदनुजः श्रीदत्तनामा कविः ।
ज्योतिश्शास्त्रविदांवरस्तदनुजो ज्वालादिदत्तो गुणै-
स्तेपत्यापि जघन्यजोऽस्मि सुकृतिस्तेषामतिस्वल्पधीः ।।

यसरी आफ्ना दाजुहरूका बारेमा सुकृतिले नम्रता देखाउनाका साथै दाजु-हरूको योग्यता र रचनाहरूलाई पनि राम्ररी जानेका थिए । स्वयं कार्तवीर्यो-दय जस्ता महाकाव्य लेख्न सक्ने महाकविले अर्कालाई 'कवि' भन्छ या लेख्छ भने त्यो कवि पनि उत्कृष्ट रहेछ भन्ने बुझिन्छ ।

दैवज्ञशिरोमणि ज्वालादत्त पन्त

पाङका ज्योतिषी भनेपछि सबैले ठूलो आदर दिने गर्दथे । साथै पाङका ज्योतिषीले चिना हेर्दा अथवा लगन साइत आदि निकाल्दा अरू ज्योतिषीहरूले काट्ने हिम्मत राख्दैनथे । ज्योतिष शास्त्रमा बागलुङ पारिपट्टी पाङ गाउँ नेपालको पूर्व पश्चिम उत्तर दक्षिण र भारतको काशी, मिथिला, आदिका ज्योतिषीका कानमा पनि थुरिन पुग्यो ।

पर्वतीय पण्डित भन्दा सबै पर्वतमा बस्नेहरूको बोध हुन्छ । परन्तु नेपालदेखि हिमालयका पाँचै खण्डहरूमा पर्वत भए पनि प्राचीन कालदेखि नै बागलुङ क्षेत्रले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वत संज्ञा पाएको बुझिन्छ । 'पर्वतनरेन्द्रगुरुर्वभूव' आदि पदले पनि पर्वत त्यस क्षेत्र-को नाम थियो भन्ने बुझिन्छ, परन्तु कालान्तरमा समस्त नेपाल, कुमाऊ, गढवालका विद्वान्हरूले आफूलाई पर्वतीय भन्न थालेको कुरा सत्य हो । धौलागिरि अञ्चल-भित्र पर्वत जिल्ला पर्छ । परन्तु विक्रमको सत्रौं शताब्दीदेखि उन्नाइसौं शताब्दीको पूर्वार्धसम्म पर्वतीय विद्वान् भन्नाले बाग्लुङ क्षेत्रकै विद्वान् मानिन्थे । बाग्लुङ शब्द राई बोलीको हो । यसको अर्थ हो सुंगूर जस्तो ढुङ्गा । हो पनि, कैयौं ठाउँमा आज पनि त्यस्ता आकारप्रकारका ढुङ्गा पाइन्छन् । तर आश्चर्यको कुरा त्यस्तो नाम कसरी पर्न गयो ? त्यस्तै पनि प्रसिद्ध छ । यो पनि किरातक्षत्रिय 'राई बोली' को नाम हो । ज्वालादत्त पन्त धेरै वर्षसम्म पाङमा बसेका थिए । उनका आश्रयदाता राजा कीर्तिबम मल्ल पनि पछि पाङमै आएर बसेका थिए । ज्वालादत्त पन्तभन्दा पूर्व पनि पाङमा ज्योतिषीहरू थिए कि थिएनन् ? यो ता शोधखोजको विषय छँदैछ । तर ज्वालादत्तपछि बाग्लुङ, कुसुमा, वेनी, पोखरा आदिलाई पाङले नै ज्यौतिष विद्यामा चम्काएको थियो ।

यसरी ज्वालादत्त पन्तले ज्यौतिष विद्याको धेरै प्रचार तथा अध्ययन र अध्यापन गरेका थिए । रचना विषयमा केवल जनश्रुति मात्रै सार्थक नमानेर केही डोकामा, केही पोकामा, केही थुन्चे, नाङ्ला, डाला आदिमा होलान् । भेटिएको उनको २३ पाना मात्रै भएको सूर्यसिद्धान्तमा नाम च्यातिएको छ, शुरूका पाना छैनन् । गैरीधाराको कालो पोकामा छ यो ।

नैयायिकशिरोमणि लक्ष्मीरमण पन्त

मन नपरी नपरी खोलेका पोकापत्यौराहरूमा निकै उल्लेखनीय इतिहास लुकेको हुन्छ । बागलुङ ओखले गैरीगाउँको एउटा घरमा न्यायधुरन्धर व्यासदत्त पन्तका तथा अरूका पनि विविध विषयका ग्रन्थहरू हस्तलिखित रूपमा विद्यमान छन् । न्याय, व्याकरण, साहित्य, ज्यौतिष, तन्त्र, कर्मकाण्ड, वेद आदि विषयका धेरै जसो उतारेका र केही स्वतन्त्र रचनाहरू पनि छन् । ती उतारिएका ग्रन्थ-हरूमा जसले उतारेका थिए, त्यस ग्रन्थका शुरू या अन्तमा ग्रन्थ नामसहित प्रतिलिपिकर्ताको नाम लेखेको हुन्छ । यस्ता पङ्क्तिलाई पुष्पिका भन्ने गरेका छन् । त्यसपछि संवत् लेख्ने चलन अझ महत्त्वपूर्ण हुन्छ । यसरी नै नैयायिक धुरन्धर रघुदेव भट्टाचार्यको 'आख्यातवाद' माथि मेरो नजर पुग्यो । त्यसको प्रतिलिपिकर्ता नैयायिकशिरोमणि लक्ष्मीरमण पन्त रहेछन् । पहिले त आख्यातवाद ग्रन्थ नै कमालको छ । त्यसलाई प्रतिलिपि गरी टिप्पणीको चाबी कस्ने विद्वान् लक्ष्मीरमण अझ कमालका देखिए । लक्ष्मीरमण पन्तले 'अख्यात' 'आख्यात' तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'वाद' शब्दमाथि कमालको वैदुष्य देखाएका छन् । त्यसमा पनि प्रभाकर-मीमांसाको 'अख्याति' सँग हुने दोष दिएर कतैकतै ग्रन्थकार रघुदेव भट्टाचार्यलाई चुप पार्ने काम खुलस्त रूपले गर्दै 'प्रतियोगितानवच्छेदकधर्मावच्छिन्नभेदप्रतियोगितावच्छेदक' आदि नव्यन्यायका शब्दावलीले जटिल ग्रन्थलाई उतारिसक्दा आफूलाई मन नपरेका स्थलहरूमा पर्याप्त मात्रामा कलम घुमाएको देखिन्छ । त्यसैले लक्ष्मीरमण पन्त कुन–कुन शास्त्रका कस्ता विद्वान् थिए भन्ने अडकल सहजै काट्न सकिन्छ । ग्रन्थको अन्तमा 'इति रघुदेवभट्टाचार्यकृत आख्यातवादः समाप्तः' भनेर लेखेपछि 'प्रतिलिपिकर्ता टिप्पणीकर्ता च लक्ष्मीरमणपन्तः शाके १७९७ (वि. सं. १९३२)' भनेर लेखिएको छ । बागलुङजस्ता ठाउँमा पनि रघुदेव, गदाधर आदि नैयायिक साम्राज्य धुरन्धरहरूलाई हाँक दिने विद्वान् थिए भन्ने इतिहास स्पष्ट भएको छ । 'अंग्रेजी बोर्डिङ्गको कीरा' नेपालमा पस्यो, त्यसैले कसैले पनि संस्कृतलाई रुचाउँदैन । नव्यन्याय झन् ठूलो शत्रु भइसक्यो । अध्यापक र विद्यार्थी दुवै आकाशका फूल भइसके । हेरौं लक्ष्मीरमण पन्तजस्तालाई फेरि नेपाल आमाले जन्माउँछिन् कि ?

परम वैष्णव विद्वत्प्रवर वीरशाली पन्त

नेपाली जगत्मा यशस्वी विद्वान् तथा योगी बागलुङ निवासी वीरशाली पन्त थिए । वीरशाली पन्त 'भगि पन्त' का खलक थिए । भगि पन्तका छोरा गौरीश्वर पन्त थिए । गौरीश्वरका छोरा महेश्वर पन्त भए । महेश्वरका धरणीधर, दाताराम, दयाराम, त्रिलोचन गरी चारभाइ छोरा थिए । यीमध्ये दयाराम पन्तका जेठा छोरा परम यशस्वी विद्वान् वीरशाली पन्त थिए । यिनको जन्म बागलुङ मूलपानी गैरीगाउँमा भएको थियो । उपर्युक्त कुरा उनीहरूकै वंशावलीमा लेखिएको छ ।

वीरशाली पन्तको जीवनी नेपाली भाषाका प्रथम उपन्यासकार गिरीशवल्लभ जोशीले 'प्रारब्धदर्पण' भन्ने उपन्यासमा, यिनीहरूमा घटेका घटनाहरूलाई समेटेर स्पष्टसँग लेखेका छन् । उनले अल्लारे बैंसमा अनेक शास्त्र योग, तन्त्र, सङ्गीतको विद्वत्ता र ऐश्वर्यले पूर्ण भएर बसेका व्यक्तिले अन्तिम समयमा शशिधर, वीरशाली र उनैका छोरासँग घटेको घटना प्रारब्ध नै हो भन्ने उल्लेख गरेका छन् । शशिधरले नेपालमा पसेर विहा गर्नु, गिरीशवल्लभले सत्तल, पौवा पाटीमा अन्तिम भिखारी जीवन बिताउनु, वीरशाली पन्तको छोरासँग त्यस्तो व्यवहार भएर वृन्दावन, बरसाना, गोवर्धनमा वास गर्नु निश्चितै प्रारब्धको खेल होला । वीरशाली पन्तको अन्तिम जीवन पनि वृन्दावन बरसाना गाउँमा यमुना नदीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनारामा बित्यो । आज पनि वीरशाली पन्त यमुनामा शिला भएर बसेको कुरा धेरैलाई थाहा छ । मुसलमान कवि रसखानले गरेको प्रतिज्ञा बागलुङ निवासी वीरशाली पन्तले पूरा गरेर देखाए । रसखानले भगवान् कृष्णका रूपदेखि मोहित भएर "जो खग हुंतो बसेरो करुं कालिन्दीकूल कदम्बके जस्न" भनेका थिए । अर्थात् मेरो दोस्रो जन्ममा पनि हे भगवन् ! वृन्दावन, नन्दगाउँ, बरसाना, गोवर्धनको सेरोफेरोको माटो वा ढुङ्गा भएर, त्यो पनि भएन भने चरा भएर यमुना नदीको तीरमा कदम्बको रूखमा बस्न पाऊँ भन्ने आशय व्यक्त गरेका थिए । वीरशाली पन्तको शरीर नेपाल बागलुङमा बनेको थियो । बागलुङको हावा, पानी माटाले बनेको शरीरलाई उनले बरसानामा गएर ढुङ्गो भएर सेलाए । भक्त या ज्ञानीका लागि ठूलो भाग्यको कुरा हो यो, अज्ञानीका लागि केही पनि होइन । तर टाउको रन्कनिने गरी ठोकर लाग्दा मात्र ऐय्या हुन्छ र होइन पनि 'हो' हुन्छ ।

वीरशाली पन्त नेपाल र भारतको वृन्दावन, गिरिनार, पौडी गडवाल आदिमा अत्यन्त प्रसिद्ध भएका महापुरुष हुन् । शशिधर मिरासीन र वीरशाली पन्तको आध्यात्मिक विषयको शास्त्रार्थको चर्चा आज पनि नेपालमा मात्र होइन अपितु भारतमा पनि प्रसिद्ध छ । अध्यात्म विद्यामा शशिधर मिरासीन र वीर-शाली पन्त दुवै भुरेबाबा 'ज्योतिर्मुनि' का शिष्य थिए । केही वर्षपछि वीरशाली पक्का कृष्णभक्त वेदान्ती भए । शशिधर योगी नै रहे । दुवै संस्कृतका विद्वान् थिए । परन्तु प्रचलित लोकभाषामा प्रचार गर्ने उद्देश्य दुवैको थियो । त्यसैले वीरशाली पन्त संस्कृतमा लेखिएका दर्शन ग्रन्थहरूका प्रकाण्ड विद्वान् भए पनि उनले नेपालीमा नै लेखे । वीरशालीको संस्कृतरचना पाइएको छैन । शशिधर त गडवाली भाषामा पनि आदिकवि हुन पुगेका छन् । शशिधरका नेपाली-हिन्दी मिश्रित भजनहरू थुप्रै छन् । उनका 'शशिधरयोगशास्त्रम्' र 'वाण्युपनिषद्' (बाणोपनिषद्) दुइटा साना-साना ग्रन्थ अशुद्ध संस्कृतमा लेखिएका छन् । परन्तु वीरशाली पन्तका नेपालीमा निधकै रचना छन् । धेरैजस्तो अनुसन्धान-कै गर्भमा छन् । संस्कृतका ग्रन्थहरूमा वीरशाली पन्तको रचना भनेर नेपालमा सुन्न वा देख्न पाइएको छैन । तर वृन्दावन कलाधारीका बगैंचामा पण्डित रेवतीरमण खुलालसँग ब्रह्मतत्त्वमीमांसा, भक्तिस्वरूपम्, स्वरूपसिद्धान्तमुक्तावली भन्ने तीनवटा वीरशालीद्वारा रचित ग्रन्थ थिए । यीमध्ये ब्रह्मतत्त्वमीमांसामा अद्वैत, द्वैत र अरू दर्शनहरूका सिद्धान्तलाई मीमांसा गरेर विशिष्टाद्वैत पक्षलाई अङ्गालेको देखिन्छ । यसले के बुझिन्छ भने वीरशाली पन्त विशिष्टा-द्वैतवादी थिए । यस कुरालाई 'भक्तिस्वरूपम्' भन्ने ग्रन्थले पनि स्पष्ट बुझाउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूपसिद्धान्तमुक्तावली ग्रन्थ पद्यात्मक छ। नाना छन्द तथा अलङ्कार आदिले गुम्फित यो ग्रन्थ द्रष्टव्य छ। यी प्रौढ र विद्वत्तापूर्ण ग्रन्थहरू हुन्। यी ग्रन्थहरूका अन्तिम पुष्पिकामा 'इति पर्वतीयवीरशालीविरचितब्रह्मतत्त्वमीमांसा समाप्ता', 'नेपालाभिजनपर्वतीयवीरशालीरचितभक्तिस्वरूपं समाप्तम्', 'स्वरूपसिद्धान्तमुक्तावली समाप्तिमगात्' भनेर लेखिएको छ। तर वि. सं. २०२७ देखि मैले निरन्तर खुलालजीलाई खोजें। तर उनी स्वर्गे भइसकेका रहेछन्। ती ग्रन्थ कहाँ छन् भन्न सकिन्न। तर वृन्दावनमित्र खोजी गर्दा पाउन सकिएला भन्ने आशाचाहिँ छदैं छ। सबैभन्दा धेरै बागलुङलाई चम्काउने विद्वान् यिनै वीरशाली थिए। आश्चर्यको कुरा ज्योतिर्मुनि (भुरेबाबा) सँग योग सिकेर पनि यी योगतिर त्यति साह्रो प्रभावित भएजस्तो लागेन।

द्रौपदीविलाप, कृष्णचरित्र तथा विमलबोधानुभव आदि ग्रन्थहरूलाई मेरा आंखाले साक्षात्कार गर्न पाएका छैनन्। अर्काले दिएका उद्धरणका आधारमा लेखिएको हो। यसरी वीरशाली पन्तले संस्कृत र नेपाली दुबै भाषामा अद्भुत कलम चलाएको कुरा थाहा पाइन्छ। तर दुर्भाग्यको कुरा बाँकी नेपालले त बिर्स्यो भइहाल्यो, बागलुङले समेत बिर्सिनु सार्है चित्त दुख्दो कुरा हो।

पं. पद्मपाणि धरासुर

पद्मपाणि धरासुर (ब्राह्मण) अत्यन्त यशस्वी सर्वतन्त्रस्वतन्त्र कवितार्किकसिंह महाकवि सुकृतिदत्त पन्तका कान्छा छोरा थिए। सुकृतिका जेठा छोरा बृहस्पति र कान्छा छोरा पद्मपाणि थिए भन्ने इतिहास कार्तवीर्योदय महाकाव्यको अन्तिम १७ सर्गको वंशपरिचयबाट प्राप्त हुन्छ। वि. सं. १९२८ तिर महाकवि अत्यन्त वृद्ध भइसकेका थिए। त्यस बेला जेठा छोरा बृहस्पति बाबुका सेवामा[1] रत थिए भन्ने कुरा पनि त्यसै वंशपरिचयबाट बुझिन्छ। त्यसैले आफ्नो रचना अर्थात् महाकाव्यका कवितालाई सम्बोधन गरेर कविते ? चिन्ता नगर[2], सुकृतिको तपले कोही न कोही यस महाकाव्यको आदर गर्ने, बुझ्ने, छपाउने, कदर गर्ने अवश्य यस धरातलमा आउनेछ, अथवा मेरो स्वर्गवास भएपछि दुबै

---

१. अथवास्ति सुतो बृहस्पतिः परिचर्य्याकुशलस्तवाधुना।
भविता शिशुपद्मनाभकोऽवरपुत्रोऽपि कियद्दिनैरलम् ॥२७॥

२. कविते भवितेह को नु मे सरतोक्तेरनुरागभाजनम्।
इति मा स्म तपस्तपोबलात्सुकृतेः कोऽपि जनिष्यते तथा ॥२६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाइले तेस्रो कान्छो[१] भाइ मानेर यस कार्तवीर्योदय महाकाव्यलाई पनि अंश दिनुपर्छ भनेर लेखेका छन् । दैव संयोगले दुवै छोराहरू निस्सन्तान भए । शरीरजन्य छोराहरू निस्सन्तानै भए पनि यस संसारमा कार्तवीर्योदय महाकाव्य जबसम्म रहन्छ तबसम्म सुकृतिको वंश अक्षुण्णरूपले चलेको मानिनेछ । सुकृतिकै भनाइअनुसार यो महाकाव्य उनको कान्छो छोरा हो । बुढेसकालको अन्तिम परिश्रम भएको हुनाले यस काव्यलाई सुकृतिले धेरै माया पनि गरेका छन् ।

त्यस्तो वैदुष्य भएका महान् विद्वान्का कान्छा छोरा पद्मपाणि धरासुर पनि कम विद्वान् थिएनन्, तन्त्रशास्त्रका पनि विद्वान् थिए । यिनले 'कार्तवीर्य-स्तोत्र' को प्रतिलिपि गरेका छन् । यो स्तोत्र उपडामरतन्त्रबाट लिइएको हो । यस तन्त्रलाई अश्वक्रान्त र रथक्रान्त सम्प्रदायको सम्मिलित ग्रन्थ मान्दछन् । कसैले अलगै मान्ने गरेका छन् । यी तन्त्रहरूका अध्ययनले बागलुङको तन्त्रपरम्परा र तन्त्रसम्प्रदायका बारेमा बुझ्न अझ सजिलो पर्छ । प्रेमनिधि, सुकृति आदि पनि तान्त्रिक थिए, यति त प्रायः सबैले जानेकै छन् । तर कुन सम्प्रदायका हुन्, यी परम्परालाई जानेका हुँदैनन् । यसलाई छुट्ट्याउन आवश्यक छ । पद्मपाणि धरासुर र उनका बाबु सुकृतिको परम्परा बेग्लाबेग्लै छन् । त्यसैले उपडामर तन्त्रको उपासक हुँदा 'उपडामर' को 'कार्तवीर्यस्तोत्र' पद्मपाणि धरासुरले लिपि गरेको कुरा स्पष्ट छ । यसको प्रतिलिपि ओखलढुङ्गामा यज्ञकुमार पन्तका घरमा छ । अन्तिम पुष्पिकामा पद्मपाणि धरासुरले यसरी लेखेका छन्—

हरेश्चक्रावतारो यः कृतवीर्यात्मजो बली ।
मनोऽभीष्टप्रदो भूयान्मलैवस्यनृपाय सः ॥
खरामरसभू १६३० शाके भद्रे हरिदिने सिते ।
तदर्थमेनमलिखत् पद्मपाणिर्धरासुरः ॥

यसका आठ पानाहरूमा अरू वैदुष्यपूर्ण टिप्पणी र विचारहरू लेखिएका छन् । त्यसैले अनुमान गर्न सकिन्छ कि यो हीड नभए पनि हीडको टालोचाहिँ अवश्य नै हो । अहिले त बागलुङ र सेरोफेरोमा हीडको टालो पनि देखिएन । अर्थात् पिताभन्दा पुत्रमा कालक्रमले साधनाभेदले केही कमी आउनु स्वाभाविकै हो । तर बागलुङ एक्कासि विद्वत्तामा अपुताली हुनु दुःखको कुरा हो । अब त

१. पुत्रस्यास्य कनीयसो मम पुनः काव्याभिधानस्य च
ज्येष्ठाभ्यां मयि तारिणीपदगते दायः प्रदेयो ध्रुवम् ।
नित्यावेक्षणदुष्टतानिरसनाविघ्नप्रचारादिको
भूयाद्वां कुशलं सदाप्यविकलं सौभ्रात्रभाजोरिति ॥२८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य पुराण गरिखाने पाउनु पनि निक्कै मुस्किल छ । परन्तु पद्मपाणि धरासुरका ती टिप्पणीहरू जो तन्त्र, व्याकरण, ज्यौतिष आदि विषयका छन् सङ्कलन गरेर प्रकाशमा ल्याएका खण्डमा धरासुर पनि सपुत्र हुन सक्छन्, अपुत्रको कल्पना गर्नुपर्दैन । स्तोत्रचाहिँ मलयवर्मका लागि सारेको भनेर पुष्पिकामा लेखे तर छुट्टै धेरै कुराहरू अलगअलग पानाहरूमा लेखेको सम्पत्ति चाहिँ निश्चय नै राष्ट्रको सम्पत्ति हो, राष्ट्र र समाजको गौरव हो ।

ज्योतिर्विद् पं. लक्ष्मीनारायण

सर्वतन्त्रस्वतन्त्र शिवराम पन्तका दाहिने हात भएर राजा कीर्तिवम मल्लका राजकाजमा कलम चलाउने विद्वान् थिए पं. लक्ष्मीनारायण ज्योतिर्विद् । यिनी धर्मशास्त्र र ज्यौतिषमा शिवरामका टक्करका थिए । न्याय, व्याकरण, साहित्य, वेदान्त, दर्शन आदि शास्त्रहरूमा शिवराम पन्तले कसैलाई छेउ पनै दिदैनथे भने, ज्यौतिष र कर्मकाण्डमा पं. लक्ष्मीनारायण ज्योतिर्विद्ले पनि छेउ पर्न दिदैनथे । त्यसैले सामयिक रूपमा शिवराम राजगुरु भए, लक्ष्मीनारायण ज्योतिर्विद् राजकाज, लेखाजोखा, ज्यौतिष र कर्मकाण्डमा कहलाएका विद्वान् थिए । पं. लक्ष्मीनारायण ज्योतिर्विद्को ज्यौतिष र कर्मकाण्डसम्बन्धी विद्वत्ताबारे डोटीका ६४ वर्षीय उमाकान्त भट्ट आदिबाट प्रशस्त सुन्न र जान्न पाइयो । ज्यौतिष तथा कर्मकाण्ड विषयमाथि यिनका ग्रन्थ लेखिएका छन् भन्ने चर्चा वयोवृद्ध उमाकान्त भट्टले गर्नुभएको थियो, तर देख्न भने पाइएको छैन ।

प्रत्यक्ष प्रमाणचाहिँ के हो भने राजा कीर्तिवम मल्लले आफ्ना गुरु, परम गुरु, परापरगुरु गरी तीन गुरुहरूलाई सबै कर माफ गरिदिएको ताम्रपत्र[1]का लेखक लक्ष्मीनारायण ज्योतिर्विद् थिए । ताम्रपत्र लेखिसकेपछि 'श्रीशाके १६९९ मुकाम राजधानी वेणी, लिखितं लक्ष्मीनारायणज्योतिर्विदा शुभम्' भनेर लेखिएको छ । त्यसपछि छेउमा यस्तो लेखिएको छ ।

श्रीकीर्तिवम्मेन नृपोत्तमेन प्रीत्यर्थमेतत्परदेवतायाः ।
समर्पितं श्रीगुरुपादपद्मयोः संरक्षणीयं खलु भाविभूतैः ।।

छेउमा उर्दूमा पनि लेखिएको छ । जे होस् लक्ष्मीनारायण ज्योतिर्विद् पनि

---

१. यो ताम्रपत्र बागलुङ मूलपानी गा. वि. स. वा. नं. ६ रुमरी दानराज पन्तको घरमा छ । मैले उहीँबाट प्राप्त गरेको हो, यो ताम्रपत्र देखाएवापत धन्यवाद ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वतराज्यमा एक विभूति थिए, एक रत्न थिए। उनका रचनाहरू कतै लुकेका छन् त्यो अनुसन्धेय विषय बनेको छ।

पं. देवीदत्त पन्तको रसमञ्जरी व्याख्या

पं. देवीदत्त पन्त पनि बागलुङ क्षेत्रका बेजोड विद्वान् थिए। देवीदत्त पन्तका अरू कृतिहरू त अनुसन्धेय छँदै छन्, तर प्रसिद्ध भानुदत्त मिश्र रचित 'रसमञ्जरी' को प्रतिलिपि देवीदत्त पन्तले गरेका छन्। देवीदत्तले रसमञ्जरी उतारेका मात्र होइनन् अपितु उनका विद्वत्ताका परिचायक गजबका टिप्पणीहरू पनि दिएका छन्। रसमञ्जरीको प्रथम श्लोक यस्तो छ—

आत्मीयश्चरणं दधाति पुरतो निम्नोत्तमायां भुवि
स्वीयेनैव करेण कर्षति तरोः पुष्पं श्रमाशङ्कया।
तल्पे किञ्च मृगत्वचो विरचिते निद्रातिभार्गैर्निजैः
अन्तःप्रेमभरालसं प्रियतमामङ्के दधानो हरः ।।१।।

विद्वज्जनमनोभृङ्गरसव्यासङ्गहेतवे।
एषा प्रकाश्यते श्रीमद्भानुना रसमञ्जरी ।।२।।

यी दुइ मङ्गल श्लोक लेखेपछि भानुदत्तले अनेकानेक नायिकाका भेद देखाएका छन्। ग्रन्थका अन्तमा भानुदत्त मिश्रले आफूलाई 'विदेहभू' निवासी भनेर नेपाली सिद्ध गरेका छन्।

तातो यस्य गरवरः (?) कविकुलालङ्कारचूडामणिः
देशो यस्य विदेहभूः सुरसरित्कल्लोलकिर्मीरिता।
पद्येन स्वकृतेन तेन कविना श्रीभानुनोर्जिता
वाग्देवी श्रुतिपारिजातकुसुमस्पर्द्धाकरीमञ्जरी ।।१३८।।

यसरी अन्तिम पुष्पिकामा 'इति श्रीमद्भानुदत्तमिश्रविरचिता रसमञ्जरी समाप्ता' लेखिएको छ। त्यसछि यस्तो श्लोक छ—

चतुस्त्रिसप्तभू १७३४ शाके तुलार्के गुरुवासरे।
देवीप्रसादपन्तेन लिखिता रसमञ्जरी ।।

माथि लेखेको श्लोकअनुसार १७३४ शाके (वि. सं. १८६९) मा देवीदत्त पन्तले रसमञ्जरी प्रतिलिपि गरेका हुन्। परन्तु देवीप्रसाद पन्त केवल प्रतिलिपि मात्र गर्ने पण्डित थिएनन्, यिनी 'रसमञ्जरी' का बेजोड विद्वान् थिए। देवीदत्तले उतारेको प्रतिदेखि छुट्टै प्रतिमा संख्या दिएर जुन व्याख्या र केही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिप्पणीहरू दिएका छन्, यी उनका असाधारण वैदुष्यलाई बताउने प्रमाण हुन् भन्न सकिन्छ। देवीदत्तले मङ्गलाचरणको प्रथम र द्वितीय श्लोकको अभूतपूर्व व्याख्या गरेका छन्। 'अन्तःप्रेमभरालसं' पदमा देवीदत्तले देवीदत्तै भएर लेखेका छन्। यस्तै 'विद्वज्जनमनोभृङ्गरसव्यासङ्गहेतवे' पदमा पनि अचम्मका कुरा देखाइएको छ। अगाडि टिप्पणीहरू पनि गजबगजबका छन्। मूलकारलाई पनि 'श्रीमद्भानु' आदि पदले निक्कै भुईंचालो ल्याएको छ। यी नै प्रमाणहरूले बुझिन्छ देवीदत्त पन्त पनि बागलुङ क्षेत्रमा कमालका उद्भट विद्वान् थिए। 'प्रियतमामङ्के दधानो हरः' मा पं. देवीदत्तले सम्भोग शृङ्गार रसको स्थापना गरेको चाहिँ अलिकति नसुहाएको पाएँ। तर त्यतिले देवीदत्तको लोकोत्तर वैदुष्य लुक्दैन।

दुर्भाग्यको कुरा रसमञ्जरी व्याख्याको ९ पानादेखि छैन, अन्तिमको चाहिं ३ पाना मात्रै छ। पुष्पिका यो मूल ग्रन्थभन्दा अलग्गै पानामा लेखिएको छ। बागलुङमा र ओखलढुङ्गामा यज्ञराज पन्तका घरमा केही पाना छन्। केही गैरीधाराका व्यासदत्तको पुस्तकसङ्ग्रहमा छ, परन्तु पूरा छैन। पुस्तकको सुरक्षा पनि छैन। यस्तो हुनु हाम्रो राष्ट्र र समाजको दुर्भाग्य हो। मेरा विचारमा देवीदत्त पन्तले 'रसमञ्जरी' टीका नै लेखेको हुनुपर्छ। कतै अन्यत्र खोजे प्राप्त होला कि जस्तो मलाई लागेको छ।

विद्वत्प्रवर डमरुवल्लभ पन्त

पन्तहरूमध्ये विद्वत्प्रवर डमरुवल्लभ पन्तको नाम पनि भारतमा त प्रख्यातै छ। भारतको विद्वत्समाजले आज पनि सभासम्मेलनहरूमा नीलदेव, प्रेमनिधि, सुकृतिदत्त, डमरुवल्लभ, विष्णुप्रसाद भण्डारी, विष्णुहरि रिमाल र पद्मप्रसाद भट्टराईलाई भुल्न सकेका छैनन्। तीमध्ये नेपालमा एक दुई जना विद्वान् या पण्डितहरू बाहेक डमरुवल्लभ पन्तको नामसम्म पनि जान्दैनन्। यस अर्थमा म नेपालका यस क्षेत्रका एक मात्र विभूति पं. नयराज पन्तजीलाई धन्यवाद नदिई रहन सक्दिनँ, जसले काठमाडौंका गल्लीमा गुहुमा लुटपुटिएको कागजको पाना मेला पारेर 'गल्लीमा फ्याँकिएका कसिङ्गर' भन्ने ग्रन्थ तयार पार्नुभयो। उपर्युक्त ग्रन्थ पढ्नुभन्दा पूर्व ९४ वर्षीय महिमानन्द भट्टाचार्यजीबाट (नवद्वीप भाट्टपाडा, उहाँकै घरमा) डमरुवल्लभ पन्त नेपाली थिए, कलकत्ता शिवकुमार भवनमा अध्यापक थिए, न्याय, व्याकरण र साहित्यका विशिष्ट विद्वान् थिए आदि प्रशंसा उनका बारेमा सुन्न पाएँ। तर कुरा त्यतिकै रहे।

फरि बाराणसीमा आएपछि पण्डितराज राजेश्वर शास्त्री तथा मुकुन्द

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्री खिस्ते दुवै विद्वान्‌हरूबाट पनि विशेष सुन्न पाएँ। पं. नयराज पन्तजीका अनुसार उनले आफ्ना रचना काठमाडौंमा रानीपोखरी पाठशालामा पनि पढाएका रहेछन्। यसैले उनको रचना तथा अनुवाद पनि रहेछ भन्ने थाहा पाइयो। पन्तहरूमध्ये डमरुवल्लभ पन्त पनि विशिष्ट विद्वान् थिए तर डमरुवल्लभका बारेमा अनुसन्धान गर्न बाँकी नै छ।

विद्यानिधि पं. उमापति पन्त

प्रेमनिधि पन्तले आफ्ना जन्म दिने मातापिता तथा जन्मभूमिबारे धेरै ठाउँमा लेखेका छन्। प्रेमनिधिजस्ताका पिता विद्वत्तामा कम थिए होलान् भन्न सकिन्न, हुनत सबै बाबु विद्वान् हुन्छन् अथवा थिए भन्न पनि सकिँदैन। लोकापवाद पनि प्रसिद्ध छ। परन्तु पर्वते मल्ल राजा घनश्याम मल्ल, मलयबम मल्ल र कीर्तिबम मल्ल आदिका पालामा पर्वत क्षेत्र विद्वत्तामा 'अपरकाशी' भयो। त्यसको कारण उमापति र रमापति पन्त नै हुन् भन्न सकिन्छ। उमापतिले कूर्माचलैमा पढेका थिए भन्छन्। कूर्माचलका विद्वान्‌हरू उद्भट भए। तिनले काशी, अयोध्या, मथुरा, मिथिला, अनुपशहर आदिबाट विद्याध्ययन गरी जाने गरेका थिए। यीमध्ये उमापति काशीकै विद्यार्थी हुनुपर्छ। व्याकरण, ज्योतिष, कर्मकाण्ड, पुराण, तन्त्रादिका विद्वान् उमापतिको जीविका विद्याध्ययनपछि कुमाऊमा चल्न सकेन। त्यतिखेर पर्वतका राजा घनश्याम, मलयबम आदिको नाम टाढाटाढासम्म पुगेको थियो। यी राजाहरू स्वयं विद्वान्, विद्वत्प्रिय छन् र यिनले विद्वान्‌हरूलाई आदर गर्छन् भन्ने कुरा सुनेकै थिए। नेपालको प्रसिद्ध वैष्णवतीर्थ मुक्तिनाथ यात्राको बहानाले प्रयागबाट रमापति बाटो लागे। कुमाऊबाट उमापति पनि छोरा प्रेमनिधि र पत्नी उद्योतमतिलाई साथ लिएर नेपाल पसे। यसरी सबै पर्वत (बागलुङ) आइपुगे। राजाले माझकोट गैरीगउँमा बास बस्न दिए।

सर्वतन्त्रस्वतन्त्र तन्त्रधुरन्धर प्रेमनिधि पन्त

प्रेमनिधि पन्तका बारेमा जानीनजानी सबैलाई लेख्न मन लाग्छ। तर वस्तुसत्य पहिल्याउन भने दाँतबाट पसीना चुहुन्छ। धेरैले प्रेमनिधि नेपालीका हातबाट फुत्केलान् कि भनेजस्तो गरेर जबरजस्ती नेपाली बनाउन खोजेछन्। वास्तवमा विद्वान् कवि, साहित्यकार, दार्शनिक, साधु, संन्यासी आदि दिशा, काल, देशदेखि अनवच्छिन्न हुन्छन्। ती सबै देशका हुन्छन्, सबै समाजका हुन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारतमा सर्वमान्य लेखक म. म. डा. गोपीनाथ कविराज तथा तान्त्रिक चन्द्रमणि, ज्ञानानन्दस्वामी आदिले प्रेमनिधिको तन्त्रशास्त्रको देन र विद्वत्ताबारे धेरै लेखेका छन्। धेरैले यिनलाई काशीवासी लेखेका छन्, कँयौंले कुमाऊका लेखेका छन्, कँयौंले कौवेरी दिशाका निवासी थिए भनेर लेखेका छन्। यस परिस्थितिमा प्रेमनिधि कहाँका थिए भनेर निर्णय गर्नु आवश्यक छ। वसन्तवल्लभ भट्टको 'कूर्माचलीय विद्वानों की संस्कृतको देन' भन्ने शोधपत्रमा प्रेमनिधि, नीलदेव आदि प्रसिद्धिमा आएका नेपाली विद्वान्हरू कुमाऊका हुन पुगेका छन्। यस परिस्थितिमा पनि नेपाली विद्वान्हरूले उधोमुण्टो लगाएर बस्ने काम उचित थिएन र उचित छैन पनि।

प्रेमनिधिबारे अनुसन्धान गरेर नेपालीमा लेख्ने योग्य लेखकको आवश्यकता पनि छदैछ। जुन कुनैले लेखेर उपहासको पात्र बन्ने र बनाउने काम पनि राम्रो होइन।

यस परिस्थितिमा प्रेमनिधिबारे लेख्ने योगी नरहरिनाथ, मोहनबहादुर मल्ल तथा विश्वनाथ भट्टराई आदि अरू पनि छन्। योगीजी अवश्य नै निदिखुदि गर्ने मान्छे हुन्। विश्वनाथ भट्टराईको लेख अनुसन्धानपूर्ण र आधिकारिक छ, साथै परिश्रम पनि लेखकले पर्याप्त मात्रामा गरेका छन्। तर केही कुरा विचारणीय नै छन्।

प्रेमनिधि पन्त धौलागिरी अञ्चल बागलुङ जिल्ला गैरीगाउँका निवासी थिए। यिनी हयग्रीव पन्तका पूर्व पुर्खा थिए भनेर इतिहास प्रकाश अङ्क १ पृष्ठ ८७ मा छापिएको विषयलाई बागलुङ मलाज निवासी मोहनबहादुर मल्लले योगीजीको मतको आलोचना गर्दै शाके १६४८ (वि. सं. १७८३) मा शिवताण्डवतन्त्रको टीका लेखेको हो भन्ने कुरा उल्लेख गरेका छन्। सो अङ्कको इतिहास प्रकाशको पृष्ठ ५५० मा प्रेमनिधि पन्तका आमाबावु र उनको परिचय दिइएको छ। यस कारण प्रेमनिधिका जन्मभूमिका सम्बन्धमा विवाद गर्ने आवश्यकता देखिदैन। 'कूर्माचलो जन्मभूः' शब्द स्वयं प्रेमनिधिकै हुनाले उनी कुमाऊका कुनै ठाउँमा जन्मेका थिए भन्ने बुझिन्छ। प्रेमनिधि सानै उमेरमा पिता उमापति र माता उद्योतमतिका साथ मुक्तिनाथ यात्रा गर्न पसेका थिए, मुक्तिनाथ दर्शन गरेर फर्कंदा पर्वते राजा मलयबम आदिसँग भेट भयो। त्यसपछि बागलुङ माझकोट गैरीगाउँमा बसे। यसै गाउँमा बसेर प्रेमनिधिले दिनकर भन्ने गुरुसँग पढेका थिए। दिनकरका बाजे हरिराम थिए, बाबु रघुदेव शीतिकण्ठ देखिन्छन्। उनकी दिदी राजलक्ष्मी राजा जिल्ल शाहलाई दिएका रहेछन्। उनबाट प्रताप शाह भए। जिल्ल शाह कुमाऊ या डोटीतिरका राजा हुन। जे होस प्रेमनिधिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिता उमापति धर्मशास्त्र, तन्त्र, ज्यौतिषका प्रकाण्ड विद्वान् थिए। त्यसैले पर्वतका राजाहरूले उमापतिलाई आश्रय दिएर राखेका थिए। त्यसै राजाश्रयमा हुर्केर प्रेमनिधिले आफ्ना आश्रयदाता राजा मलयबम र रानी महलवसन्ताको निकै राम्रो वर्णन गरेका छन् भन्ने केही व्यक्तिहरूबाट सुनिएको छ। मलयबममाहात्म्य हेर्ने इच्छाले बागलुङ पुगेर चाहारियो। त्यस बाहेक प्रसिद्ध पुस्तकालयहरूमा पनि हेर्ने प्रयास गरियो। तर ग्रन्थको नाम नसुनेका मन्नेहरू धेरै निक्ले। योगीले मलयबममाहात्म्य बारे प्रकाश पारेका छन्। प्रेमनिधिले राजा मलयबमका कान्छा छोरा रमेशबमको अथक सहयोगले 'शिवताण्डव' टीका लेखेका छन्। रमेशबम मल्लका कान्छा छोरा शत्रुभञ्जनको नाम पनि त्यहाँ जोडिएको छ।

राजा मलयबमको मृत्यु शाके १६५८ (वि. सं. १७९३) मा भयो भनेर प्रेमनिधि पन्तले लेखेका छन्। त्यसो हुँदा शिवताण्डवको टीका लेखेको ११ वर्षपछि मलयबममाहात्म्य लेखेको बुझिन्छ भन्ने पनि एकथरी छन्। शिवताण्डवमा मलयबमका जेठा छोराको नाम 'प्रियवर्त' लेखिएको छ। मलयबममाहात्म्यमा 'शाहबम' भनेर लेखिएको छ भन्दछन्। परन्तु मोहनबादुर मल्लको लेखाइअनुसार प्रियवर्त नै राजा भएपछि शाहबमका नामले प्रख्यात भए। यी सबै प्रमाणहरूले प्रेमनिधि पन्तको जन्म कुमाऊँ भए पनि उनी नेपालका पर्वते राजाका पूजनीय सम्माननीय एवं प्रसिद्ध विद्वान् नेपाली नागरिक थिए। यिनको शिक्षादीक्षा नेपालैमा भयो। अन्तिममा धेरै जसो काशीमै बास गर्नाले 'वाराणसीवासभूः' भनेर लेखेका हुन्।

प्रेमनिधि पन्तका रचना

१. प्रेमोदय र पृथ्वीप्रेमोदय

प्रेमनिधि पन्तले आफ्ना समयमा अनेक रचना गरेका छन्। ती रचनाहरूमा आफ्नो जन्मभूमि र अन्तिम बासभूमि दुवै उनले स्पष्टसँग लेखेका छन्। तर त्यति मात्रले उनी कुमैया हुन सक्दैनन्। यो निश्चित छ। प्रेमनिधिले आफ्नो रचना 'प्रेमोदय'मा जन्मभूमि र वासभूमि दुवै लेखेका छन्।

यस्योद्यतमती सती गुणवती माता पितोमापति-
र्नामप्रेमनिधीति पन्तकुलभूः कूर्माचलो जन्मभूः।
सूपास्यं कृतवीर्यजाच्युतपदं वाराणसीवासभूः
तस्मादभ्युदितेऽयमाद्य उदयः प्रेमोदये पूरितः॥

यस श्लोकमा स्पष्टसँग जन्मभूमि, वासभूमि र ग्रन्थ पूरा गरेको कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखिएको छ । उनले अर्को ग्रन्थ 'पृथ्वीप्रेमोदय' भन्ने लेखेका छन् । त्यस ग्रन्थको पुष्पिकामा चाहिँ 'काश्यां स्थितः सद्द्विजः' भनेर लेखेका छन् । त्यसपछि ग्रन्थ समाप्तिको तिथि, संवत्, दिन, वार पनि लेखे । जस्तै –

रामशास्त्रनृपसम्मितशाके[1] मार्गशीर्षसितबाणतिथौ च ।
पुष्पभे विधुदिने परिपूर्णो ग्रन्थलक्षणमहाधरराजः ॥

यसरी प्रेमोदय र पृथ्वीप्रेमोदय दुवै धर्मशास्त्रसम्बन्धी ग्रन्थ प्रमनिधिले लेखेका रहेछन् भन्ने कुरा स्पष्ट हुन आउँछ ।

धर्मतत्त्व भन्ने ग्रन्थको मङ्गलाचरण र पुष्पिकाहरूबाट पनि प्रेमनिधि पन्ता कस्ता खालका विद्वान् थिए, उनका गुरु को थिए भन्ने प्रश्नहरूको उत्तर प्राप्त हुन्छ ।

सूनोर्दिनकरस्यैषा मायाभट्टमनीषिणः ।
चन्द्रालोकस्य विवृतौ कृतिरस्तु सताम्मुदे ॥
शरनवशिववस्त्रक्षोणी १५९५ युक्ते सुशाके ।
भ्रमररुचिरपक्षे मेषगे चन्द्रभानौ ॥
क्षितिसुखजनकं श्रीशाहमल्लावम् ।
नीडप्रबलसुकृतपात्रं ... ... ॥

उपर्युक्त पुष्पिकामा शाके १५९५ (वि. सं. १७३०) ताकाका प्रसिद्ध मीमांसक गागा भट्ट र उनका पिता दिनकर भट्टको नाम पनि प्रेमनिधि पन्तले उल्लेख गरेका छन् । यो निश्चय पनि शोधको विषय हो, यद्यपि १५९५ पनि स्पष्ट लेखेको छ । धर्मतत्त्वको पुष्पिका श्लोकबाट प्रेमनिधिको अन्तिम समय पनि राम्ररी बितेन भन्ने बुझिन्छ ।

---

१ 'नृप' शब्द ज्योतिषीहरूको पारिभाषिक शब्द हो । ज्योतिषका विद्वान्हरू नृप शब्दको अर्थ १६ के को आधारमा गर्छन्, यो मलाई चित्त बुझेको छैन । जस्तै राम भन्नाले राम, परशुराम र बलराम प्रसिद्ध छन् । शास्त्र पनि छवटै प्रसिद्ध छन् । यसै प्रकारले १४ मनुहरूलाई लिने हो भने २ वटा अरू नृप हुनुपर्‍यो, होइन अरू नै हुन् भने कुन कुन हुन् ? होइन भने नृप शब्दको १६ अर्थ गराइको प्रमाण या आधार पाइएन । त्यसो भए तापनि अहिलेलाई मैले नृप शब्दको अर्थ १६ नै हुने कुरालाई मानी 'रामशास्त्रनृप' को अर्थ १६६३ मानेको छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूयिष्ठन्द्रविणात्मजञ्जनयितुं लिप्सावता चेतसा
नार्यः पञ्च[1] मया क्रमेण कुलजाः काले समुद्वाहिताः ।
सद्विद्या कविता विदेशवसतिः सेवा तथाऽभ्यर्थना
दैवेन प्रतिकूलकेन युगपद्बन्ध्याः समस्ताः कृताः ।।

यस श्लोकमा प्रायः प्रेमनिधिले आफ्नो समस्त जीवनी लेखेर दुःख पोखेका छन् । नेपालका विद्वान्हरू सबै नै यस्तै थिए त ? भन्ने प्रश्नहरूले कता-कता कुत्कुत्याइराखेको छ ।

२) पृथ्वीप्रेमोदय

यस ग्रन्थका २५ श्लोक अन्तिम ग्रन्थका रूपमा प्राप्त छ । त्यो पनि जीर्ण-शीर्ण छ, ग्रन्थको अन्तिम अंश हो कि अध्यायको अन्तिम अंश हो छुट्ट्याउन गाह्रो छ । पुष्पिकामा 'इतिश्रीभारद्वाजकुलप्रसूतपन्तोपनामकप्रेमनिधिशर्मा-निर्मितः पृथ्वीप्रेमोदयः[2] सम्पूर्णः' भनेर लेखिएको छ । सम्पूर्ण शब्दले त ग्रन्थको अन्तिम पुष्पिका जस्तो लाग्छ । तर कतैकतै अध्याय पूर्ण हुँदा पनि सम्पूर्ण शब्द प्रयोग भएको देखिनाले बीचको कुनै अंश हो कि जस्तो लाग्छ । यस पुष्पिकादेखि तल मालिनीमा यो श्लोक छ ।

हरिभुजमुनिस्कन्दववत्रचन्द्रे १६७४ सुशाके हिमधरनगपुत्रीनाथधान्यां लिलेख ।
द्विजवरशिवरामश्चात्मनाम्नः सुतुष्ट्यै गणपतितिथिवारे भानुजे मार्गकृष्णे ।।

यस पुष्पिका श्लोकले शिवराम पन्तको प्रसन्नताको लागि यो लेखिएको हो भन्ने कुरा स्पष्ट गरेको छ । १६१ पानाको आठ औंला चाक्लो तथा सोह्र औंला लामो यो ग्रन्थ हस्तलिखित छ । कुनैमा १२ र कुनैमा १३ पङक्ति पनि छन् । पृथ्वीप्रेमोदय ग्रन्थको नाम कसरी भयो ! थाहा हुन सकेन । ग्रन्थ प्राप्त भएको अंशले धर्मशास्त्रकै देखिन्छ ।

---

१. प्रेमनिधि पन्तका पत्नीहरू पाँच जना थिए भन्ने इतिहास यसै पद्यबाट स्पष्ट हुन्छ । सबै पत्नीहरूको नाम उल्लेख छैन । तैपनि नेपालका प्रथम विदुषी नारी तथा तन्त्रराजतन्त्रको टीकाकर्त्री तथा प्रायश्चित्तप्रदीपको प्रथम नेपाली भाषानुवादकर्त्री प्रेमनिधि पन्तकी तृतीय पत्नी प्राणमञ्जरी थिइन् ।

२. श्रीदत्त पन्तका पनाति योगराज पन्त मूलपानी लामेला तातोपानी गाउँ जिल्ला बागलुङ धवलागिरि अञ्चलमा पाएको प्रतिचाहिँ पूर्ण छैन । पृथ्वीप्रेमोदय डेढ पानाजति छ । प्रेमोदयको अन्तिम एक पाना मात्रै छ । यी दुवै योगराज पन्तकै घरमा छन् । धेरैजसो मातृकाहरू देखाउन मानेनन् । विदेशी रुपियाँको चस्का लागिसकेजस्तो लाग्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३) प्रायश्चित्तप्रतीप

प्रायश्चित्तप्रदीप पनि धर्मशास्त्रकै ग्रन्थ हो । यसमा हिन्दूहरूले अर्थात् समस्त सनातनधर्मावलम्बीहरूले गर्नुपर्ने क्रियाकलापको उल्लेख छ । मूलतः अन्य शास्त्रहरूबाट आधार लिएर लेखिएको छ । यसमा स्वयं वा उनकी पत्नीले लेखेको नेपाली भाषामा टीका पनि छ । यो टीका नेपाली भाषाको पहिलो टीका वा भाषाप्रयोग मानिन्छ । यस ग्रन्थमा प्रेमनिधिले आफ्ना आश्रयदाता राजाहरूको उल्लेख गर्दा मलयबम राजा र उनकी रानी महलवसन्ता आदिको उल्लेख गरेका छन् । यो ग्रन्थ मलयबमका कान्छा भाइ रमेश मल्लको सहयोगले लेखिएको हो । अन्तिममा शाके 'वेदशरर्तुभू१६५४परिमिते' भनेर पुष्पिकामा लेखिएको छ । अप्रकाशित ग्रन्थ ४०० पानाको छ । पाना छ अङ्गुल चाक्लो र सोह्र अङ्गुल लामो छ । यो ग्रन्थ राष्ट्रिय अभिलेखालयमा पनि जीर्ण शीर्ण दुर्वाच्य अवस्थामा छ । अरू सानासाना धर्मशास्त्रका ग्रन्थहरू केही राष्ट्रिय अभिलेखालयले प्रकाशमा ल्याएको छ तापनि महत्त्वपूर्ण ग्रन्थहरू थन्किएकै छन् ।

४) त्रिपुरसुन्दरी पद्धति

प्रेमनिधि पन्तको तन्त्रसम्बन्धी महत्त्वपूर्ण ग्रन्थ हो त्रिपुरसुन्दरीपद्धति । यो ग्रन्थ सबैभन्दा ठूलो र महत्त्वपूर्ण ग्रन्थ हो । तन्त्रजगत्मा प्रेमनिधिको ठूलो देन मानिने कारणहरूमध्ये एउटा यही ग्रन्थ हो । यस टीकाको नाम कमला र कर्तकर्त कर्मकला पनि देखिन्छ । यस ग्रन्थका तीन खण्ड छन् । पहिलो श्रीविद्यानित्यकर्मकलाखण्ड ४९ पानाको छ, दोस्रो नैमित्तिककलाखण्ड २३१ पानाको छ, तेस्रो काम्यकलाखण्ड १३७ पानाको छ । दश अङ्गुल लामो चार अङ्गुल चाक्लो नेपाली कागजमा लेखिएको छ । यो प्रेमनिधिको महत्त्वपूर्ण अमर कृति हो । यो प्रति भने राष्ट्रिय अभिलेखालयमा राम्रै हालतमा छ । तर त्यसको उद्धार गर्ने कोही छन् कि छैनन् ?

५) शिवताण्डवमल्लादर्श

यो प्रेमनिधि पन्तको अत्यन्त प्रसिद्ध ग्रन्थ हो । यसको प्रसिद्धिले ठूलाठूला विद्वान्हरूलाई ठाउँठाउँमा धराशायी बनाएको छ । जस्तो अन्नं भट्टको सानो 'तर्कसङ्ग्रह' पढेर तर्कसङ्ग्रह जान्ने विद्वान्हरूले तर्कसङ्ग्रहको उद्धरण दिँदा अशुद्धि काटेजस्तै हो । आनन्दज्ञानको तर्कसङ्ग्रह नहेर्ने विद्वान्ले तर्कसङ्ग्रहको भ्रममा बकवास गरेजस्तै हुन्छ । यस्तै प्रसिद्ध 'शिवताण्डव' स्तोत्रलाई प्रायः समाजमा शङ्करको उपासना गर्नेहरूले जानेकै हुन्छन् । त्यसैले प्रेमनिधि पन्तले शिवताण्डवमा टिप्पणी लेखेको छन् भन्ने गरेका छन् । यसबारे मैले प्रसङ्गवश एउटा ठूलो काशीको विद्वत्सभामा मानिएका र चुनिएका विद्वान्हरूलाई सोधें ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने दक्षिणको सभा थियो । सभा गराउने मेरै मित्र हुनाले मै त्यस सभामा उपस्थित हुन पाएँ ।

विद्वान्हरूले प्रेमनिधिका बारेमा निक्कै सुनेका रहेछन् । उनीहरू 'शिवताण्डव' लाई रावणकृत 'शिवताण्डवस्तोत्र' बताए । मलाई धेरै आश्चर्य लाग्यो । वस्तुतः एक सज्जनको घरमा मैले 'शिवताण्डवतन्त्र'[1]को पाण्डुलिपि हेरेको थिएँ । हाम्रै नेपालीहरूले पनि शिवताण्डवमा टिप्पणी लेखेका छन् भनेर लेख्नेहरू छन् । तर उनीहरूलाई पनि शिवताण्डव स्तोत्र हो कि तन्त्र ग्रन्थ हो थाहा छ कि छैन भन्न सकिन्न । 'शिवताण्डव' तन्त्र ग्रन्थ हो । यसै ग्रन्थमाथि प्रेमनिधि पन्तले संक्षिप्त रूपमा मल्लादर्श टीका लेखेका छन् । यस ग्रन्थको क्रियात्मक भाग धेरै हुनाले सबैले सम्पादन गर्ने क्षमता राख्दैनन् । त्यसमा पनि रेखाहरूको विचार र उल्लेखले गर्दा कसैलाई ग्रन्थ उठाउने साहसै हुँदैन । त्यसका केही अस्पष्ट अंशहरू वाराणसेय संस्कृत विश्वविद्यालयको सरस्वती भवनमा छ । एक शुद्ध प्रति व्यक्तिगत रूपमा स्व. महामहोपाध्याय नित्यानन्द पर्वतीयका दौहित्र (भू. पू. उ. शि. सचिव) गोपालदत्त पाण्डेय व्या. आ. एम. ए. का पासमा छ । मल्लादर्श टीकाको मङ्गलश्लोकमा पनि 'प्रायश्चित्तप्रदीप' मा जस्तै आफ्ना आश्रयदाता मल्ल राजाहरूको परिचय रूपमा उल्लेख भएको छ । यो तन्त्रको अद्भुत[2] ग्रन्थ हो ।

---

१. पुस्तकमिदं त्रिपाठीकेशवदत्तशास्त्रिणः पर्वतीयस्य मल्लादर्शाख्यशिवताण्डवयन्त्रस्य १३५०० ग्रन्थो ज्ञेय इति । यस्य नेपालदेशे वाण्य ? लेखकद्वारा सम्पादितं संवत् १६३१ आश्विनशुक्ल १५ गुरुपुरोहितप्रसादत इति शुभम् ।"

यो शिवताण्डवतन्त्रको बाहिरको पानामा लेखेको छ ।

२. प्रेमनिधि पन्तका तन्त्र, धर्मशास्त्र, भक्ति आदि विषयहरूमा अप्रकाशित साना ठूला गरी पचासभन्दा अधिक ग्रन्थ छन् । ती सबै ग्रन्थहरूको सूची तयार पार्ने मेरो विचार थियो । परन्तु अरू नै कार्यमा व्यस्त हुनाले सङ्कलन गर्ने अवसर मिलेन । यी ग्रन्थहरू नवद्वीप बङ्गालमा म. म. हरिप्रसाद शास्त्रीको पुस्तक सङ्ग्रह, पं. तारापद स्मृतितीर्थको पुस्तक सङ्ग्रह, भाट्टपाडा श्रीजीवन्यायतीर्थको ग्रन्थसङ्ग्रह, वाराणसेय सरस्वती भवनको पुस्तक सङ्ग्रह, काठमाडौं पुरातत्त्व-अभिलेखालयको ग्रन्थसङ्ग्रह, तथा पर्वत, बाग्लुङ आदिका गाउँहरूमा कलमीले देखेको छ । भविष्यमा नेपालीआमाको आँसु पुछ्ने कुनै पुत्र जन्मेला भन्ने आशामा छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६) शारदातिलकतन्त्र

यो ग्रन्थ तन्त्रशास्त्रहरूमध्ये प्रसिद्ध छ। यसमाथि पनि प्रेमनिधि पन्तले कलम चलाएका छन्। यो टीका प्रकाशित भएको छ। वास्तवमा यो टीका प्रकाशमा आएपछि नै प्रेमनिधि विद्वत्समाजमा धेरै विख्यात भए। त्यसैले महामहोपाध्याय डा. गोपीनाथ कविराजजस्ता अन्तर्राष्ट्रिय ख्याति प्राप्त विद्वान्हरूले पनि प्रेमनिधिको विषयमा कलम चलाउने अवसर पाएका थिए।

७) मलयवममाहात्म्य

यस ग्रन्थको चर्चा इतिहास प्रकाशको प्रथम अङ्कमा योगी नरहरिनाथजीले गर्नुभएको छ। योगीजीले प्रथम अङ्कमा मलयवम माहात्म्य प्रेमनिधि पन्तले लेखेर प्रशंसा पाएको बारे प्रकाश पार्नुभएको छ। त्यस मलयवममाहात्म्यको खोजीमा म एक महीनाभन्दा बढ्तै बागलुङ र सेरोफेरोमा घुमें र त्यहाँका विद्वान् मनाउँदा र केही हस्तलिपि राख्नेहरूका घरमा गएर हेरें। परन्तु प्राप्त हुन सकेन। सोधखोज गर्दा हामीले त सुनेकै छैनौं भने। योगीजीसँग सोध्दा खोज्नुपर्छ मात्रै भन्नुभयो, तथ्य के हो भविष्यले बताउला।

नेपाली विदुषी प्राणमञ्जरी

मध्यकालिक इतिहास निक्कै साँगुरिएको छ। परन्तु यो इतिहास यत्तिकै साँगुरिएका होइन। यो इतिहास वेदहरूको संहिता कालमा खुलस्त भएको देखिन्छ। ब्राह्मण र आरण्यक तथा उपनिषद्कालिक महिलाहरूको योगदान तत्तत्प्रसङ्गमा मार्मिक रूपमा लेखिएका छन्। 'वेदमा के छ ?' मा यी विषयहरूमा विशद चर्चा भएको छ। संहिताकालिक वाक्, वागाम्भृणी, सूर्या, रोमशा आदि, ब्राह्मण, उपनिषद्कालिक मैत्रेयी, गार्गी, पुराणकालिक मदालसा, रामायणकी सीता, महाभारतकी कुन्ती, द्रौपदी आदि भात पकाउने र नानी खेलाउने महिला मात्रै थिएनन्। यिनीहरू आ-आफ्ना समयका दिग्गजयुगप्रवर्तिका महिला विदुषीहरू थिए। यी महिलाहरू घरगृहस्थीका व्यावहारिक कामदेखि लिएर शास्त्र, न्याय, युद्ध, कृषि, आदि प्रत्येक विषयमा दक्ष थिए। ऋग्वेदमा यस्ता धेरै मन्त्रहरू छन्, जो तात्कालिक महिला विदुषीहरूले सङ्कलन (रचना) गरेका छन्। यो इतिहास मध्यकालमा केही स्वार्थीहरूले विच्छिन्न पारे। त्यो पनि समय आयो, स्त्री र शूद्रले पढ्ने अधिकारै छैन भन्न थाले। साथै शूद्रनामधारीमा जुन अत्याचार भयो त्यसमा इतिहास नै साक्षी छ। परन्तु यहाँसम्म भयो कि ब्राह्मण कुलका महिलाहरू पनि वेद, शास्त्रहरूको अध्ययन र अध्यापनबाट वञ्चित गराइए। खेत, बारी, पँधेरा, घाँस, पानी, भाँडा बटुकामा र कोकामा नानी-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाई हेर्ने बाहेक उनको केही अधिकार रहेन । आइमाईको काम पकाउनु, नानी पाउनु र खेलाउनु मात्रै भयो । सामाजिक काममा तल्लो घर र माथिल्लो घर; धेरै भए वल्लो घरदेखि पल्लो घर; टाढाको यात्रा भनेको आफ्नो घरदेखि माइतीघर, त्यहाँदेखि आफ्नै सिकुवा, दलान, कौसी, धुरेन र पधेँरामा नै टुङ्गिएको थियो ।

यस परिस्थितिमा नेपाल राष्ट्रले प्राणमञ्जरी जस्तो विदुषी पाउनु सानो इतिहास होइन । ग्रन्थमाथि टीका लेख्न सक्ने, ग्रन्थहरूको अनुवाद गर्न सक्ने विदुषीलाई देख्दा या नाम मात्रै भए पनि लेखेको देख्दा उस्तै त्यस्तैलाई शङ्का हुनु अथवा पत्यारो नलाग्नु अर्कै कुरा हो । विदुषी प्राणमञ्जरी तन्त्रजगत्प्रख्यात तन्त्रसम्राट् प्रेमनिधि पन्तकी तृतीया पत्नी थिइन् । जेठी कमला, माहिली सुमति, साहिली प्राणमञ्जरी थिए । प्राणमञ्जरी अत्यन्त विदुषी थिइन् । प्राणमञ्जरीले त्रिपुरसुन्दरीपद्धतिको पहिलो पृष्ठमा आफ्ना माता, पिता, पति र मातापिताको जन्मभूमिको परिचय दिएकी छिन् —

यस्याः कोऽपि च हर्षदेवविबुधस्तातः प्रसूः श्रीमती
ख्याता हर्षमतीति चन्द्रदिगितः कूर्माचलो जन्मभूः ।
विद्वत्प्रेमनिधेस्तृतीयवनिता श्रीप्राणमञ्जर्यहं
कुर्वे यां कमलां स्वतन्त्रमततः श्रीसुन्दरीपद्धतिम् ।।

यस पद्यमा प्राणमञ्जरीको परिचय र विद्वत्ता दुवै पर्याप्त मात्रामा छन् भन्न सकिन्छ । प्राणमञ्जरीको पिताको नाम हर्षदेव थियो । सौभाग्यवती र विदुषी पुत्री प्राणमञ्जरीलाई जन्माउने आमाको नाम हर्षमती थियो । प्राणमञ्जरीको पतिदेवको नाम प्रेमनिधि थियो । परन्तु प्रेमनिधिको जस्तै प्राणमञ्जरीका माता–पिता पनि कूर्माचलको कुनै चन्द्रदिग् भन्ने ठाउँमा जन्मेर नेपाल पर्वतको तवमा, दाना, ओखले आदिमा आएर बसे । त्यसैले कूर्माचलो जन्मभूः लेखेका छन् । यसको मतलब उनको जन्म कूर्माचलमा भएको हो भन्ने होइन । पूर्वज अथवा मातापिता कूर्माचलबाट आएका हुन्; यति सङ्केतको लागि कूर्माचलो जन्मभूः को प्रयोग भएको हो । त्यसैले प्राणमञ्जरी अथवा प्रेमनिधिको जन्म कुमाऊमा हुनु आवश्यक छैन । यति मात्र हो उनले कुमाऊलाई बिर्सन सकेनन् । त्यसो त चार शताब्दीपछि पनि पन्त र पाण्डेयहरूले खास गहिरो कुरा पर्‍यो भने कूर्माचलीय हौं भनेको सुनिन्छ । तर गम्भीर विचार गर्दा यिनीहरू कुमाऊका त हुन्, तर यिनका पनि पुर्खाचाहिँ दक्षिणबाट आएका द्राविडहरू हुन् । यिनले आफू द्राविड हुँ भन्न त परै जाओस्, दक्षिणबाट आएका हौं भन्न पनि भुलिसके । कसैकसैले मात्रै हाम्रा पूर्वज दक्षिणबाट आएका हुन् भन्छन् । जे भए पनि विदुषी प्राणमञ्जरीले अठारौं शताब्दीको महिला समाजको इतिहास बोकेकी छन् भन्नुमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुइ राय हुने छैन । रह्यो आइमाई विदुषी हुन सक्दैनन् भन्ने कुरा, उनका नाममा कसैले ग्रन्थ रचना गरिदिएको हो भन्नु आदि भ्रमात्मक कुरा हुन् । यसबारेमा विशेष शोधपूर्ण विचार भविष्यमा निक्लनेछ ।

प्राणमञ्जरी आफ्ना पतिदेव प्रेमनिधिजस्तै विदुषी थिइन् । प्राणमञ्जरीका ग्रन्थहरूमा भएका टीकाहरूमध्ये तीनवटा चाहिं प्रसिद्धिमा आएका छन् । प्रथम प्रायश्चित्तप्रदीपको नेपाली भाषाकरण, दोस्रो त्रिपुरसुन्दरीतन्त्रको (कमला) सुन्दरी टीका, तेस्रो तन्त्रराजतन्त्रमाथि सुदर्शन टीका छन् । प्राणमञ्जरीदेवीलाई सदा नेपालको विद्वत्परम्परामा महिला समाजको प्रतिनिधि विदुषीको रूपमा युगौं याद गरिने छ ।

नाट्यरसिक पं. गङ्गाराम शर्मा

बागलुङ क्षेत्रका गङ्गाराम शर्मा वेदान्त साहित्य आदिका धुरन्धर विद्वान् थिए । यी विक्रमको अठारौं शताब्दीतिर परिमार्जित विद्वान् भइसकेका थिए । यद्यपि गङ्गाराम शर्मा शास्त्री नामका विद्वान् कुमाऊमा पनि थिए । परन्तु कुमैंया गङ्गाराम शास्त्रीका प्रपौत्र गणेशदत्त शास्त्री र उनका छोरा नाति आज पनि वाराणसी बुधविनायक क्षेत्रमा बसेका छन् । अतः कुमैंया गङ्गाराम शर्माभन्दा भिन्न नेपाली गङ्गाराम शर्मा यी हुन् ।

गङ्गाराम शर्माले शाके १७३७ (वि. सं. १८७२) मा विशाखदत्तकृत 'मुद्राराक्षस' नाटकको प्रतिलिपि गरेका छन् । यस नाटकका ४५ वटा अन्तिमका पाना मात्रै छन् । यी पानाहरूमा मूल नाटकबाहेक नाटकीय टिप्पणी र कतै टीका लेखेका छन् । शुरूको धेरै अंश छैन । मुद्राराक्षस नाटक उपलब्ध छ । यो नाटक निकै ठूलो आकारमा छ । परन्तु गङ्गाराम शर्माले लेखेको नाटकमा सबै अंश छैनन् । तर अहिले जति अंश उपलब्ध छन्, तिनमा लेखिएका टीका–टिप्पणीका संस्कृतले गङ्गाराम शर्मा कुन कोटिका विद्वान् थिए भन्ने कुरा स्पष्ट बुझिन्छ । वस्तुतः गङ्गाराम शर्मा नाटककारका हैसियतले पाठक वा दर्शकको हृदय स्पर्श गर्न अत्यन्त खप्पिस थिए । परिमार्जित र सुललित पदविन्यासले गर्दा गङ्गाराम शर्मा नाटककारहरूको मुटु छाम्न सक्ने अत्यन्त कुशल नाटकीय विद्वान् थिए भन्न सकिन्छ । यिनले आफ्ना टीकाभित्र कालिदासका मालविकाग्निमित्र, शाकुन्तल र धनञ्जयको वेणीसंहार नाटकको तुलनात्मक अध्ययन पनि गरेर देखाएका छन् । अन्तमा 'इति श्रीगङ्गारामशर्मणा सटिप्पणं प्रतिलिपीकृतं मुद्राराक्षसनाटकं परिपूर्णम्' भनेर लेखेका छन् ।

गङ्गाराम शर्माले प्रतिलिपि गरेको शिवस्तोत्रको मूल किताब सानो छ । यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कतै अनुष्टुप्, कतै वंशस्थ, कतै शार्दूलविक्रीडित छन्दमा निबद्ध छ। यस स्तोत्रमा शिवका स्तुतिको व्याजले वेदान्तपरक स्तोत्र हुनु स्वाभाविकै हो। परन्तु गङ्गाराम शर्माले ठाउँ–ठाउँमा वेदान्तपरक टिप्पणी गरी जुन बुट्टा भरेका छन् ती विद्वान्हरूले मनन गर्न योग्य छन्। ती टिप्पणीका पङ्क्तिहरूले उनी न्याय, वेदान्त, साहित्यका उद्भट विद्वान् थिए भन्ने बुझाउँछ। उनले 'अघोर' आदि शब्दका अर्थ विचित्र लगाएका छन्। अन्तमा (पुष्पिकारूपमा) 'इति गङ्गाराम-शर्मणा सटिप्पणं प्रतिलिपीकृतं शिवस्तोत्रं समाप्तम् शाके १७३८ (वि. सं. १८७३) शुभमस्तु' भनेर लेखिएको छ। उनी कुन थरका थिए भन्ने लेखिएको छैन। बाग-लुङको सेरोफेरोमा सोधखोज गर्दा पनि थाहा पाइएन। उनको शिवस्तोत्र र टिप्पणीहरू पनि छरपस्टै छन्।

गङ्गाराम शर्माले उतारेको तेस्रो पुस्तक 'अनङ्गरङ्ग' हो। यस ग्रन्थका लेखक श्रीकल्याण मल्ल हुन्। यो ग्रन्थ कति स्थलसम्म पूर्ण छ भन्न सकिन्न। परन्तु गङ्गाराम शर्माले द्वितीय स्थलसम्म उतारेका छन्। यो विशुद्ध काम-शास्त्रको ग्रन्थ हो। पद्मिनी, शङ्खिनी आदि नायिकाका भेद र उदाङ्ग कामकलाको वर्णन यसमा भएको छ। यसमा पनि गङ्गारामले ग्रन्थकारको होडमा ग्रन्थकार-लाई मात गर्ने टिप्पणी ठाउँठाउँमा रचेका छन्। यो मेरो विषय होइन, तैपनि मैले हेरें। केवल गङ्गाराम शर्माको बुद्धिवैशद्यद्वारा प्रभावित भएँ। यी टिप्पणीहरू-लाई भेला पारेर छपाए संस्कृत जगत्को मात्रै होइन अपितु नेपाल राष्ट्रको पनि ठूलो नाम हुने थियो।

विद्याकलानिधि धरणीधर सुधी

धरणीधरको प्रसिद्धि विद्वत्समाजमा आज पनि निक्कै चर्को छ। तर ती ईशावास्योपनिषद्को शाङ्करभाष्यलाई खण्डन गरेर 'ईशतत्त्व' लेख्ने धरणीधर हुन् कि अर्कै धरणीधर हुन् भन्न सकिन्न। इतिहासशिरोमणि बाबुराम आचार्यले मध्यप्रदेश रिवा महाराज रघुराजसिंहका राजगुरु धरणीधर पन्त थिए भनेर लेखेका छन्। उनै धरणीधरको 'ईशतत्त्व' हो भन्ने आधार भेटिएको छैन। पं. गोपालदत्त पाण्डेय (भू. पू. उ. सचिव उ. प्र. सरकार) का घरमा प्राप्त 'यम-द्वितीयानिर्णय' पनि धरणीधरकै नाममा छ। ईशतत्त्वको मङ्गलश्लोकमा नेपालका शाहवंशीय राजाहरूको नाम उल्लेख गर्ने धरणीधर सुधी यिनै हुन् कि भनेजस्तो लाग्छ। तर धरणीधर सुधीले पन्त वा पन्थ भनेर लेखेका छैनन्। ज होस्— यी धरणीधर सुधी निश्चितै सुधी मात्रै होइनन् सुधीन्द्र हुन्। यी पनि तान्त्रिक थिए। वेदान्ती धरणीधर तान्त्रिक थिए कि थिएनन् भन्न निक्कै गाह्रो छ। प्रमाणाभाव-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ले गर्दा वेदान्ती धरणीधर बागलुङतिरका थिए भन्नु पनि कठिनै छ। कैयौं ठूला खाले नेपाली विद्वान्हरूले यी बागलुङतिरका थिए भनेका छन्। प्रमाण सोधेपछि हक्कबक्क भए।

वेदान्ती धरणीधर अत्यन्त प्रसिद्ध विद्वद्धौरेय नीलदेव शास्त्रीको खानदानका हुन्, यसमा सन्देह छैन तर धरणीधर सुधी चाहिं तान्त्रिक सुधी हुन् र अन्य शास्त्रहरूमा पनि प्रगाढ पाण्डित्य राख्दथे। धरणीधर सुधीको तारार्चनकल्पवल्लीको प्रतिलिपि र विषयस्थलहरूमा टिप्पणी भेटिएको छ। ग्रन्थको मङ्गलाचरणमा यस्तो लेखिएको छ --

प्रणम्य रामेश्वरपादपद्मं ताराञ्चिरश्चेतसि चिन्तयित्वा।
करोमि तारार्चनकल्पवल्लीं सुबोधिनीं बालविबोधनाय॥

यो ग्रन्थ आठ अङ्गुल चाक्लो र अठार अङ्गुल लामो कागजमा लेखिएको छ। लेखाइचाहिं कतै आठ हरफ त कतै दश हरफ, कतै एघार र बाह्र हरफमा पनि लेखिएको छ। दुवैतिर गरी जम्मा २५ पाना छन्। त्यसको अन्तमा यस्तो पुष्पिका छ—

श्रीरामानन्दशिष्येण कृष्णानन्देन धीमता।
कृता तारार्चनायैव कल्पवल्ली विदां मुदे॥

मूल रूपमा यो ग्रन्थ श्रीकृष्ण भट्टाचार्यले लेखेका थिए। त्यसैले अन्तिम पुष्पिकामा इति श्रीकृष्णभट्टाचार्यकृता तारार्चनकल्पवल्ली समाप्ता' लेखिएको छ। श्रीकृष्ण भट्टाचार्य रामानन्द तान्त्रिकका शिष्य थिए। उनले तन्त्रदीक्षा लिएपछि कृष्णानन्द भएको इतिहास स्पष्ट छ। यसै ग्रन्थको प्रतिलिपि धरणीधर सुधीले गरेका हुन्। यो प्रतिलिपि १६९५ शाकेमा गरेको भनेर पुष्पिकामा लेखिएको छ, तर यो सन्देहात्मक छ।

बाणनन्दरसभूमिते शके कर्कगे दिनपतौ हि पुस्तकम्।
कीर्तिविम्बनृपतेर्मुदे स्वयं संलिलेख धरणीधरः सुधीः॥

यो पुस्तक कीर्तिबम राजाका प्रसन्नताका लागि लेखिएको हो भनेर लेखे तापनि कीर्तिबम मल्लको समयसँग मेल खालाजस्तो लागेको छैन। परन्तु छुट्टै सङ्ख्या दिएर नौ पन्नाको कागजमा लेखेको टिप्पणी तन्त्रसम्प्रदायका विद्वान्हरूलाई साह्रै उपयोगी र विद्वत्तापूर्ण छ। तर रोगचाहिं उही छ; पूरा छ जस्तो लाग्दैन। यो ग्रन्थको अन्तिम पानातिरको टिप्पणी हो। किनभने टिप्पणीको बाणनन्दरसभूमिते शके भनेर लेखेको पुष्पिकाले यो अन्तिम हो भनेर बुझाएको छ। उग्रताराबीजमन्त्रका केही अन्तिम पानाहरू वज्रकुमार पन्तका घरमा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । त्यसका पुष्पिकामा पनि 'शाके १६७४ (वि. सं. १८०६) चत्रामायां श्रीकीर्तिविम्बमल्लस्येक्षणञ्जातम्' लेखेको छ । यसको प्रतिलिपिकर्ता र लेखक दुबैको नाम छैन । परन्तु राजा कीर्तिबम मल्लले किताबलाई हेरेर पाठ आदि गरेको पनि बुझिन्छ । यो प्रतिमा ग्रन्थका केवल तीन पाना मात्रै छन् ३ पानाको रचनाले भए पनि धरणीधर सदा अमर रहनेछन् ।

※

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुकृतिको गुरुपरम्परा

सर्वतन्त्रस्वतन्त्र महामहोपाध्याय नीलदेव पन्त र उनका रचनाहरू

सुकृतिदत्त सूरिका गुरु भएका हुनाले नीलदेव पन्तजीका रचनाहरू र वंशको परिचय यहाँ दिँदा अप्रासङ्गिक नहोला भन्ने ठानेको छु। संस्कृतका नेपाली विद्वान्हरूमा नीलदेव पन्तले विद्वत्तामा जुन यश आर्जेका थिए; त्यो आज पनि ताजै छ। तर त्यत्रा ठूला विद्वान्का अवश्य पनि पुस्तकसङ्ग्रह हुनुपर्छ, किनभने विद्वान्हरूको सर्वस्व पुस्तकालय नै हो। यति मात्रै होइन विश्वका सबै वर्ग र सबै विषयहरूमा विद्वान्हरूका लागि पुस्तकालय नै प्रमुख पाइएको छ। पुस्तकालयको परम्परा आधुनिक र पाश्चात्त्यहरूको देन होइन। यो अत्यन्त प्राचीन परम्परामा रहेको एक साँचो ऐतिहासिक देन हो। त्यसै परम्परामा म. म. नीलदेव[1] पन्त पनि भएका हुनाले नीलदेवको ग्रन्थालय अवश्य पनि महत्त्वपूर्ण थियो। सङ्ग्रह पनि महत्त्वपूर्ण थियो। म. म. नीलदेव पन्त वि. सं. १९२६ सम्म जीवित थिए। नीलदेवले आफ्ना एउटै पुत्र वाचस्पतिलाई अपर वाचस्पति बनाएका थिए। उनको देहावसानपछि योग्य शास्त्रीय पुत्र म. म. वाचस्पति पन्तका हातमा ग्रन्थालय पर्‍यो। त्यसपछि म. म. वाचस्पतिले पनि आफ्ना समानै 'आत्मा वै जायते पुत्रः' श्रुतिका अनुसार दुइ पुत्र जन्माए। ती दुइ थिए– महावैयाकरण जयदेव पन्त र सर्वशास्त्रपारङ्गत तान्त्रिकशिरोमणि दिव्यदेव पन्त। दुवै उद्भट विद्वान् थिए। नीलदेवको ग्रन्थालय सरेर यी दुवै भाइको हातमा पर्‍यो। जब यी दुवै भाइ छुट्टिए, त्यसै वेलादेखि पुस्तकालय दुइ भागमा बाँडियो। राणाशासनले गर्दा जयदेव र दिव्यदेवले पनि अनेक रङ बदल्नुपर्‍यो। भाइ–भाइमा पनि भाइचारा रहेन। त्यसै वेला नीलदेवजीको स्वरचित ग्रन्थ र ग्रन्थालय समाप्त भयो। दिव्यदेव र जयदेवको वि. सं. १९६० देखि ६४ सम्म

---

१. पं. नीलदेव पन्तजीले वि. सं. १९२० सम्म पनि सालको ६०० रू. वेतन पाउँथे, यो १९२० को ढड्डामा स्पष्ट लेखिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जमेर भएको[१] झगडाले सर्वनाश पनि भयो। 'भाइ फुट्यो घर नास्यो' भन्ने उखान नीलदेवका नातिहरूमा स्पष्ट हुन्छ। त्यसै वेलादेखि नीलदेवको पुस्तकालय र रचना स्वाहा भयो। तैपनि भुवनदेव पन्त र भैरवदेव पन्तका घरमा उपनिषद्हरू अलिअलि छँदैछन्। हरेक उपनिषद्हरूका बाहिरका खोलमा म. म. नीलदेवको आफ्नो हस्ताक्षर छ। केवल 'नीलदेव' चार अक्षर मात्र लेखेका छन्। भुवनदेव पन्तसँग भएका उपनिषद् ग्रन्थ यी हुन्– ईशावास्य, मुण्डक, तैत्तिरीय र बृहदारण्यकोपनिषद्। बृहदारण्यकोपनिषद्चाहिँ शुरूको दुइ अध्याय मात्र छ। यसमा भगवद्–आनन्दज्ञानको 'भाष्यतात्पर्यटीका' पनि छ। यो टीका नीलदेवको समयमा छापिने कुरै थिएन, त्यसैले सार्न लगाएका होलान्। अरू भैरवदत्त पन्तका घरमा उपलब्ध उपनिषद्हरू यी हुन्– छान्दोग्य, केन, माण्डूक्य, प्रश्न, ऐतरेय, श्वेताश्वतर र कैवल्योपनिषद्। यहाँ पनि छान्दोग्यमा आनन्द ज्ञानको भाष्यतात्पर्यटीका छ। प्रश्नादि उपनिषद्हरूमा नारायणेन्द्र सरस्वतीकृत उपनिषद् भाष्य विवरण छ। यी टीकाहरूमध्ये नीलदेवजीका पनि केही मिसिएका छन् जस्तो लाग्छ। पढ्दाखेरि छेउछाउ कतै माझैमा पनि लेखिएका छन्। राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित सूचीमा नीलदेवका जम्मा दुइटा पुस्तकको उल्लेख भएको छ। लगत ३ नं. १११ ग्रन्थ सं. ४००० नेपालीभाषाका 'पाल्पाकाव्य (पाल्काव्य) तथा अर्को गजायुर्वेद २१६ पत्र पं. नीलदेव पन्त १९१९ भनेर लेखेको छ। पाल्पाकाव्य पाइएन। गजायुर्वेद पनि नीलदेवको होइन। तर यहाँ पाइएन भन्दैमा नीलदेवले रचना गरेका थिएनन् भन्न चाहिँ मिल्दैन। किनभने म. म. चित्रधर मिश्र, म. म. सुब्रह्मण्य शास्त्री, म. म. सीताराम शास्त्री नैयायिक आदि र नेपालका सर्वशास्त्रपारङ्गत सुकृतिदत्त पन्त जस्ता तथा आफ्नै पुत्र वाचस्पति पन्तजस्तालाई तयार पार्ने विद्वान्ले आफैं कलम चलाउन जान्दैनथिए भन्नु मूर्खतापूर्ण कुरा हो। स्व. पद्मप्रसाद भट्टराईलाई पनि लेखन जान्दैनथिए नै भन्थे। यहाँसम्म कि भट्टराईजीका पट्टशिष्य र मित्रहरूले समेत पनि पद्मप्रसाद भट्टराई लेखक कवि थिए भनेर जान्दैनथिए। परन्तु वर्तमान बडागुरुज्यू पं. अम्बिकाप्रसाद अधिकारीले कुराको सिलसिलामा मलाई एकपटक भन्नुभयो – हामीले स्व. पद्मप्रसाद भट्टराईको सम्बन्धमा राखेको धारणा गलत निस्कियो।[२]

---

१. यी कुरा उनैको परिवारबाट स्पष्ट रूपमा लेखकले सुनेको छ।

२. पद्मस्मृतिग्रन्थ प्रकाशित हुँदा उहाँ बडागुरुज्यू हुनुभएको थिएन। केही कारणवश म उहाँको घरमा पुगें। उहाँले विद्वद्जनोचित आतिथेय गरेपछि स्व. पद्मप्रसाद भट्टराईजीको प्रसङ्ग निक्लँदा उपर्युक्त प्रसङ्ग भन्नुभएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"तपाईंले पद्मप्रसादजीका लेख र कविताहरू सङ्कलन गरेर पुस्तकाकारमा राखी 'पद्मस्मृतिग्रन्थ' नाम दिई एक ठूलो तथ्य सामुमा ल्याउनुभएपछि पद्मप्रसाद ज्यूँदै भए, अब कहिल्यै मर्ने छैनन्" भनेर उहाँले भन्नुभएको थियो ।

यस्तै म. म. नीलदेव पन्तका पनि लेखहरू कतै अवश्य थन्किएका होलान्, विशेष गरेर नातिहरूका बाझाबाझले कतै परे होलान् ।

महामहोपाध्याय वाचस्पति पन्त र उनका रचना

म. म. वाचस्पति पन्त नीलदेव पन्तका एकै पुत्र थिए । वाचस्पतिले शुरू-देखि अन्तिमसम्म न्याय, व्याकरण, साहित्य, वेदान्त, मीमांसा आदि सम्पूर्ण शास्त्र आफ्नै पिता म. म. नीलदेव पन्तबाट पढेका थिए । अन्तिम समयमा आफ्ना पितृ-चरणका आज्ञाले केही समय राजाराम शास्त्री रानडेसँग पढेका थिए । वाचस्पति पन्तले आफ्ना पितालाई सानै उमेरदेखि शास्त्रहरूमा सवाउन थालेका थिए । पछि पिता प्रसन्न भएर 'अब त वाचे (वाचस्पति) पनि पण्डित भएछ' भनेका थिए अरे । किन नहोस् त योग्य पिताका योग्य पुत्र ! सिंह कुकुर्नीसँग जांदैन, फ्याउरो जन्माउँदैन । सिंहले सिंह नै जन्माउँछ । वाचस्पति पनि आफ्ना समय-का उद्भट विद्वान् थिए । तर 'जमरा' (वर्ष ३ अङ्कुर ३) का अनुसार वि. सं. १९४४ तिर खड्गशमशेर पर्वमा परेर वाचस्पतिले पनि देश निकाला हुनुपर्‍यो ।

काशीमा भवानीजानिको चरणकमलमा बसेर सरस्वतीसाधना गर्दै जाँदा 'गीतामण्डल' नामक ग्रन्थ लेखेर समस्त काशीमा विद्वान्हरूद्वारा 'प्रशंसापत्र' पाएका थिए । त्यही 'गीतामण्डल' हो कि अर्कै हो भन्न गाह्रो भए पनि एउटा सानो गीता सम्बन्धी पुस्तक वाचस्पतिका नामबाट प्रकाशित छ । अकुशल सम्पादक र प्रुफ पढाइको लापरवाहीले वाचस्पतिका विद्वत्तामा आँच आउने गरी प्रकाशित भएको छ । राम्रो सम्पादन र संशोधन भएको खण्डमा रचना राम्रो हो । वाचस्पतिको रचना 'गीतामण्डल' बाहेक पाणिनिका अष्टाध्यायीमा 'लक्ष्यदर्शिका' टीका पनि भएको बुझिन्छ । त्यसैमा केही रूपहरू लेखेर 'इति महामहोपाध्यायवाचस्पतिपन्तविरचिता लक्ष्यदर्शिका समाप्ता' भनेर पुष्पिकामा लेखिएको छ । मूल ग्रन्थ अरू नै हुनुपर्छ । राष्ट्रिय अभिलेखालयमा भएका दुवै प्रति ग्रन्थका रूपमा देखिएनन् । वाचस्पतिका जेठा छोरा जयदेव पन्तले पिताका लक्ष्यदर्शिकामाथि 'दीर्घदर्शिका' टीका लेखेको उल्लेख पनि त्यसै प्रतिमा छ । तर त्यसमा पनि केही रूप र केही टापटिपे टिप्पणी मात्रै देखिए । ग्रन्थका अन्त-मा 'इति महामहोपाध्यायवाचस्पतिपन्तसूरिविरचितायां लक्ष्यदर्शिकायां जयदेव-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूरिकृता दीर्घदर्शिका समाप्ता' आदि लेखेका छन् । पिता–पुत्र दुवैले अष्टाध्यायी-साथि लक्ष्यदर्शिका र दीर्घदर्शिका टीका लेखेका थिए भन्ने कुरा यस पुष्पिकाबाट बुझिन्छ । किन्तु ग्रन्थको नाम मात्रै छ, ग्रन्थ उपलब्ध छैन । यस बाहेक म. म. वाचस्पति सूरिका महत्त्वपूर्ण अरू रचना हुनुपर्छ; शोध खोज गर्न अझ बाँकी छ। यी राष्ट्रका सम्पत्तिको चर्चा गर्ने मान्छे पनि नपाइएको हुनाले केही चर्चा अगाडि बढोस् भन्नाका निमित्त यहाँ सानो चियोचर्चो गरिएको हो । भविष्यमा विशेष खोजको आशा गरिन्छ, परन्तु यहाँ दिएका सामग्री आफ्नो कल्पना होइन, उनकै खानदान भैरवदेव पन्त, भुवनदेव पन्त तथा उनका माताजी आदिबाट सङ्कलन गरेको सामग्री यहाँ प्रस्तुत गरिएको हो ।

वैयाकरणकेशरी पं. जयदेव पन्त र उनका रचना

वैयाकरणकेशरी पं. जयदेव पन्त प्रख्यात विद्वान् सर्वतन्त्रस्वतन्त्र म. म. नीलदेव पन्तका जेठा नाति तथा म. म. वाचस्पति पन्तका जेठा छोरा थिए। यिनी आफ्ना समयका प्रख्यात वैयाकरण थिए । प्रख्यात वैयाकरण हुनुका साथै अन्य शास्त्रका पनि धुरन्धर विद्वान् थिए । परन्तु यिनी विशेष शब्दविद्यामा नै धेरै रमाउने गर्थे । जयदेवलाई शब्दविद्यासम्बन्धी शिक्षा तथा कोष आदिको अध्यापन आफ्नै पिता म. म. वाचस्पति पन्तबाट भएको थियो । यस दृष्टिले कामदेव, नीलदेव, वाचस्पति र जयदेव पन्तसम्म पाल्पाली पन्तहरूको विद्वत्परम्परा अक्षुण्ण रह्यो । चार पुस्तासम्म यो विद्वत्परम्परा एकभन्दा एक हुँदै गयो, अपुताली परेन । पाँचौं पुस्तादेखि वंश त उसरी नै चल्दै गयो, तर विद्याको चाहि अपुताली पर्‍यो । आज पनि नीलदेवको वंश फूलेफलेकै छ, तर विद्वत्तामा भने पाँचौं पिढीदेखि अपुताली पर्‍यो । जयदेव र विजयदेवको झगडापछि यो वंश 'अंग्रेजीबाज' हुन थाल्यो, तर अंग्रेजीबाजै भए पनि शङ्करदेवले केही शिक्षा सम्बन्धी स्तुत्य सेवा गरेका छन् । जयदेव शङ्करदेवका वंशज भुवनदेव पन्तहरू हुन् । बाजु-भाइको झगडापछि वि. सं. १९७५ मा महावैयाकरण जयदेव पन्तको मृत्यु भयो।

तर जयदेव पन्त मरेका छैनन्, किनभने उनका दुइवटा रचना छन् । ती हुन् – 'कारकावली' र 'समासावली' । जयदेवजीले यी दुवै रचना आफ्नै समयमा प्रकाशित गराएका थिए । जयदेव सूरीले कारकावली र समासावली दुवै ग्रन्थ-हरूमा पहिले कारिका लेखेर कारक र समास सम्झाउने महत्त्वपूर्ण प्रयास गरेका छन् ।

पठन–पाठनमा हामी विदेशीहरूले लेखेका ग्रन्थलाई समावेश गर्छौं, तर हाम्रा विद्वान्हरूले गरेको परिश्रमको अवहेलना गर्ने गरेका छौं । यसैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका विद्वान्हरूको परम्परा छिन्नभिन्न भएको हो । यो कसैलाई थाहा नै छैन । प्रकृतमा जयदेवको कारकावली र समासावलीबाहेक तेस्रो ग्रन्थ दीर्घदर्शिका हो । दीर्घदर्शिका टीका पाणिनिको अष्टाध्यायीमा म. म. वाचस्पति सूरिले लेखेका 'लक्ष्यदर्शिका' को पनि टीका हो । दीर्घदर्शिका नाम उल्लेख भएको एउटा ग्रन्थ राष्ट्रिय अभिलेखालयमा छ, परन्तु ग्रन्थरूपमा छैन । जेभए पनि वैयाकरण-केसरी जयदेव सूरि आफ्ना समयका महान् वैयाकरण थिए । उनी पालपाली पन्त परम्पराका अन्तिम विद्वान् थिए ।

तन्त्रशिरोमणि राजगुरु दिव्यदेव पन्त

राजगुरु दिव्यदेव पन्त यशस्वी सरस्वतीका वरदपुत्र म, म. नीलदेव पन्तका कान्छा नाति तथा म. म. वाचस्पति पन्तका कान्छा छोरा थिए । दिव्यदेव पनि आफ्नै पिता र पितामहजस्तै विद्वान् थिए । साथै यिनमा एउटा विशेषता थियो तन्त्रप्रयोग । अन्तिम समयमा दिव्यदेवले पनि नेपाललाई रुचाएनन् अथवा नेपालले दिव्यदेवलाई रुचाएन, यो भन्न सारै गाह्रो छ । राजगुरु भएर बसेका विद्वान् पछि देश छोडेर बाहिर गई देहत्याग गर्नु अथवा आफ्नो सर्वत्र तन्त्रोपासना सम्बन्धी धरोहर बाहिर राख्नुको अर्थ हो; भित्र साह्रै दुःख हुनु ।

भारतप्रख्यात धुरन्धर नैयायिक राजेश्वर शास्त्रीजीले एक पटक प्रसङ्गमा मलाई दिव्यदेव पन्तका विद्वत्ताका बारेमा सुनाए । तर त्योभन्दा पहिले पनि दिव्यदेव जुवाडे र तान्त्रिक पण्डित थिए भन्थे । यी भन्नेहरू सबै नेपाली नै हुन् र थिए । तर पण्डितराज राजेश्वर शास्त्रीजस्ताले दिव्यदेव पन्तका विद्वत्ताका बारेमा मुक्तकण्ठले प्रशंसा गर्दा म गद्गद् भएँ । पण्डितराज शास्त्री हतपत्त कस्तै विद्वान्को पनि प्रशंसा गर्दैनथे । कसैले प्रशंसा गरे भने 'वयं द्रक्ष्यामः' मात्रै भन्ने गर्थे । त्यस्ता विद्वान्ले दिव्यदेवलाई न्यायमा पनि प्रशंसा गरेको सुनें । जब कि न्यायमा आफूदेखि अरूलाई नगन्ने मान्छे थिए उनी । अरू सबै विषयको विद्वान् हुनुका साथै दिव्यदेव तन्त्रका पनि ठूला र प्रयोगात्मक विद्वान् थिए । दिव्यदेव पन्तले प्रयोग गरेका तन्त्रका यन्त्रहरू र अन्य तन्त्रका सामग्री तथा केही तान्त्रिक ग्रन्थहरू आज पनि राजेश्वर शास्त्रीका सङ्ग्रहमा रामघाट काशीमा छँदैछन् । राजेश्वर शास्त्रीजी भन्थे— 'दिव्यदेव पन्त नेपाल छोडकर जब वाराणसी में आए थे, उस समय काशीनरेश महाराजा प्रभुनारायण सिंह ने बहुत बडा सम्मान किया था' । जे होस् कालगतिले सुरक्षित केही रहेनन् । छोरा नातिले कसैलाई पनि ज्यूँदो राखेको देखिएको छैन । इतिहासै छैन । आफ्नै कृतिले वा सन्तले ज्यूँदो राख्ने गरेका छन् । भुवनदेव पन्त र उनकै पूज्य माताको भनाइ-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार वि. सं. १९९३ सालमा दिव्यदेव पन्तको मृत्यु भयो । दिव्यदेवजीले वाराणसीमा बसेर लेखेका ग्रन्थहरूमध्ये 'वाणीविलास' र 'पुरुषधौरेय' (मा टिप्पणी) यी दुवै ग्रन्थ धेरै समयसम्म धितालकोमा थिए । यी कुरा राजेश्वर शास्त्रीजीले भएका हुन् ।

नेपालमा दिव्यदेवको प्रचलित रचना 'शाहवंशचरित' नेपाली काव्य प्रथम भाग छ अरे । हेर्ने प्रयास धरै गरियो, तर कसैले उपलब्ध गराउन सकेनन् । आफूले खोज्दा पनि उपलब्ध हुन सकेन । दोस्रो रचना 'हयसुचरितम्' राष्ट्रिय अभिलेखालय (विषयसङ्ख्या २९८— ४ । १६५८ । B. 315/91) मा भएको उल्लेख छ, तर पुस्तक खोज्दा पाइँदैन । यसरी पालपाली पन्तहरूको विद्वत्परम्पराको अन्त भयो ।

नेपालको तान्त्रिक परम्परामा पर्वतको स्थान

सुकृतिदत्त पन्त पनि तारिणी अथवा ताराका परमोपासक भएका हुनाले तन्त्रबारे केही लेख्नु अप्रासङ्गिक नहोला भन्ने ठानेर लेख्दैछु । नेपालको इतिहास तान्त्रिक परम्पराबाट पनि निकै पुरानो बुझिन्छ । स्वयं 'नेपाल' शब्द पनि अत्यन्त प्राचीन छ । वेदहरूमा अथर्व परिशिष्टदेखि लिएर पुराण, रामायण, महाभारत साथै तन्त्रग्रन्थहरूमा नेपाल शब्दले ठूलो र आदरणीय स्थान पाएको देखिन्छ । यो इतिहास ठाउँ ठाउँमा मैले सङ्केत गर्दै आएको छु । त्यसैले ईसापछि बनेका भाषा र बोलीका शब्दहरूको खिचातानी गरेर 'नेपाल' शब्दको अर्थ गर्नु प्राचीन इतिहासको गला घोट्नु मात्रै हुनेछ । तिब्बती र नेवारी भाषाको पुच्छर निमोठेर 'नेपाल' शब्दको अर्थ गर्नु पनि त्यसै अन्यायको शिकार हुनु हो । जुन शब्द ईसापूर्व हजारौं वर्ष पहिलेका भाषामा प्रयोग भएर ग्रन्थहरूमा बसेको छ; त्यसलाई ईसापछि बनेका भाषाहरूका प्रभावबाट के हुन सक्छ ? यस्तो बुद्धि लगाउनेले यस इतिहासलाई स्वीकार गर्न सक्दैन ।

यसरी नै तन्त्रसाहित्यको देन पनि पुरानो देखिन्छ । प्राचीनकालिक तन्त्र शास्त्रहरूको आदानप्रदानमा नेपाल कसैभन्दा पछाडि छैन । तर नेपाल आफ्नै अकर्मण्यले पछाडि भएको इतिहास पनि बिर्सन सकिन्न । यसतर्फ अहिलेसम्म पनि नेपाल सचेत छैन, सबै विदेशी कुरा बटुल्नुमा भने नेपालीहरू कमर कसेर सचेत भएका देखिन्छन् ।

तन्त्रहरूमा भौगोलिक भेदले उपासनापद्धति पनि भिन्नभिन्न भएको देखिन्छ । तन्त्रोपासनापद्धतिमा मुख्य तीन सम्प्रदाय छन् । ती हुन्– अश्वक्रान्त,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रथक्रान्त, विष्णुक्रान्त । तीमध्ये विन्ध्याचलदेखि दक्षिणी समुद्रपर्यन्तको भागलाई 'अश्वक्रान्ता' भनिन्छ । यस भागमा चल्ने तन्त्रलाई अश्वक्रान्त सम्प्रदायका तान्त्रिक भनिन्छ । उसैं विन्ध्याचलदेखि पूर्व चट्टल (चटगाउँ वर्मा आदि) मा चल्ने तन्त्र-सम्प्रदायलाई विष्णुक्रान्त सम्प्रदाय भनिन्छ । विन्ध्याचलदेखि उत्तर महाचीनादि-सम्म रथक्रान्त सम्प्रदायको चलन छ । यहाँ भौगोलिक दृष्टिले विभाग गर्दा पन्तहरू मूलतः द्राविडहरूमा पर्ने हुनाले अश्वक्रान्त सम्प्रदायका तान्त्रिक मानिन्छन् । किनभने सबै पन्तहरू आफ्नो मूल थलो दक्षिण भारत बताउँछन् । नेपालको तान्त्रिक सम्प्रदाय रथक्रान्त हो । अश्वक्रान्त आदि तन्त्रका उपासक सात्त्विक वैष्णव थिए । पछि यसमा बलि प्रथा मिसिएको बुझिन्छ । 'श्रीविद्या' अथवा 'श्रीयन्त्र' ईसा पूर्वकालदेखि प्रचलित थियो । बाह्र महाशक्तिपीठहरूमध्ये नेपाल पनि एक 'महाशक्तिपीठ'मा गनिन्छ । खास गरेर रथक्रान्त सम्प्रदायको प्रधानपीठ नेपाल मानिन्छ ।

यसरी तीन सम्प्रदायमा पनि शैव, शाक्त र वैष्णव गरी तीन भेद गरेका छन् । काश्मीरशैव, वीरशैव, पाशुपत आदि शैवी धाराका तन्त्र हुन् । वैखानस, पाञ्चरात्रादि वैष्णवी धाराका तन्त्र हुन् । शाक्तधारामा पनि उपासनाभेदले धेरै धारा फुटेका छन् । शाक्तधाराभित्र पर्ने वामाचार, दक्षिणाचार, दिव्याचार, कौलाचार, प्रसिद्ध छन् । यसैमा कालान्तरमा मासु, रक्सी र बलिजस्ता कुरीति-हरू गाँसिएका हुन् । तान्त्रिकहरूमा उपास्य शक्तिका रूपमा मानिने काली, तारा, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, मातङ्गी, बगलामुखी, कमला र धूमावती हुन् । यी कुनै नाम वैदिक संहिता ग्रन्थमा पाइँदैनन् । परन्तु लक्ष्मी र विद्याकी अधिष्ठात्री सरस्वतीको उल्लेखचाहिं छ । कतैकतै सरस्वतीको नीलवर्णको रूप उल्लेख भएको पाइन्छ । त्यसै नीलवर्णा सरस्वतीलाई कालान्तरमा काली मानेर तान्त्रिकले पूजा गर्न थालेका हुन् भन्ने कुरा पनि धाइघुईं सुनिन्छ । परन्तु सरस्वतीले आजसम्म पनि रगतको भोग खाएको देखिएको छैन । गणेश[1] र

१. यद्यपि गणेशको पूजा गर्दा लड्डू, पान, सुपारी, दुग्ध आदि सामग्री उपयोगमा ल्याउने गरेका छन् । त्यसैले गणेशलाई मोदकप्रिय पनि भनिन्छ । परन्तु काठमाडौं अधित्यकाभित्र गणेशका थान मूर्तिहरूमा डिम्बा र रगत प्रशस्त मात्रामा देख्न पाइन्छ । यहाँसम्म कि अहिंसाका प्रचारक विश्वज्योति बुद्धका मूर्तिछेउमा पनि आजभोलि रगत देखिन थालेका छन् । गुम्बाको नजीकमा बलिदान गर्नु त केही जस्तो मानेका छैनन् । केही वर्षपछि गणेश, बुद्ध र पशुपतिले पनि कालीकै रूप लिने हुन् कि ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धले भने काठमाडौंभित्र लुकीलुकी खाँदैछन् । यसरी सबै विद्याको अधिष्ठात्रीलाई नै काली पारेका हुन् कि अलगै हो, यो भविष्यको खोजको विषय बनेकै छ । तर नेपालको गुह्यकालीपीठ जगत्प्रसिद्ध छ । उनैको रूपबाट उछिट्टिएर विन्ध्यवासिनी, वज्रवाराही, दक्षिणकाली, क्षीरभवानी, पाटेश्वरी आदि तान्त्रिक देवीहरू नेपालभित्र छन् । कालीको मन्दिर सुकृतिदत्त पन्तको जन्मभूमि बागलुङमा पनि छ । क्षीरभवानी काश्मीर श्रीनगर तथा काठमाडौंदेखि अन्यत्र देखिएको छैन । क्षीरभवानी एक मात्र नेपालको विशेषता जस्तो लागेको छ ।

सुकृतिदत्त पन्तले विद्याकी अधिष्ठात्री देवी तारा वा तारिणीको मात्र उल्लेख गरेका छन् । उनले ताराको भरिमेटेर उपासना गरेको तथा त्यसैको फलस्वरूप तारिणीले उनलाई अलौकिक विद्या दिएको कुरा उनका रचनाबाट प्रत्यक्ष बुझिन्छ । परन्तु प्रेमनिधि र सुकृति दुवैको सम्प्रदाय 'अश्वक्रान्त' भए पनि पछि 'रथक्रान्त' को वामाचारादिमा पसे कि ! भन्ने तर्कना पनि छँदैछ । जे होस् नेपालको राजधानीमा महाकालसंहिता जस्ता ग्रन्थको निर्माण भयो भने पर्वत (बागलुङ) मा कार्तवीर्यसपर्या, कार्तवीर्योदय, मल्लादर्श आदि जस्ता ग्रन्थहरूको रचना भएको इतिहास हामीले भुल्नु हुँदैन । परन्तु तन्त्रको परम्परा नेपालमा किरातकालदेखि चलेको देखिन्छ । बुद्ध पनि शाक्यवंशीय किरात क्षत्रिय थिए, अनि स्वयं तान्त्रिकै थिए । यसबारे म. म. बुद्धदेव भट्टाचार्य आदिका रचनाहरू हेर्नु आवश्यक छ । परन्तु बुद्ध स्वयं हिंसा र दुर्व्यसनका विरोधी थिए । यसरी बुद्ध आदिदेखि लिएर नेपालको तन्त्रशास्त्रको परम्परा आजसम्म सुरक्षित छ । नेपालको धेरै पुरानो इतिहासमा किरातकाल वैदिक र तान्त्रिक दुवै उपासनामा आधारित थियो । लिच्छविहरू पनि वैदिक र तान्त्रिक दुवै थिए । मल्ल शासनमा जयस्थिति मल्ल, जगज्ज्योति, भूपतीन्द्र, सिद्धिनरसिंह मल्ल आदि प्रसिद्ध तान्त्रिक साधक थिए । सेन राजाहरूमा पाल्पाका मुकुन्द सेन, मकवानपुरका माणिक सेन, चौदण्डी गढीका कर्ण सेन, विजयपुरका हरि सेन, त्रिविक्रम सेन आदि पनि तान्त्रिक उपासक थिए । शाहकालिक राजाहरूमा श्री ५ प्रतापसिंह, श्री ५ गीर्वाणविक्रम, श्री ५ राजेन्द्रविक्रम तथा भारदारहरूमा रङ्गनाथ पौडेल, वाणीविलास पाण्डे, दिव्यदेव पन्त, फुलनिधि पन्त, पर्वतका राजा मलयबम, कीर्तिबम आदि प्रसिद्ध थिए । यीमध्ये सर्वाधिक ख्यातिप्राप्त प्रेमनिधि पन्तको तन्त्रमाथि धेरै देन छ । त्यसपछि उनैकी तृतीय (साहिली) धर्मपत्नी प्राणमञ्जरी, सुकृतिदत्त पन्त, उनका कान्छा छोरा पद्मपाणिधरासुर तथा धरणीधर सुधी आदिले नेपालको तन्त्रजगत्मा ठूलो देन दिएका छन् । त्यसैले नेपालको तन्त्रपरम्परामा पर्वतको ठूलो देन छ भन्न करै लागेको छ । तर आज पर्वतमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वत्ताको क्षेत्रमा अपुताली भएको देखिन्छ । पाँच पिढीपछि विद्वत्ताको अपुताली पर्छ भनेको साँच्चै रहेछ । आज सुक्तिदत्त, प्रेमनिधि आदि जस्ता विद्वान्हरूको जन्मभूमि पर्वत (बागलुङ) हो भन्दा विश्वास लाग्दैन । सबैभन्दा ठूलो कुरा उनको नाम लिन पनि बन्द भएछ । सरस्वती या तारिणीले सुक्तिलाई जस्तै फेरि वरदान दिऊन् भन्ने प्रार्थना छ ।

महाकवि सुक्तिदत्त सूरिको जीवन परिचय

स्वनामधन्य सुक्तिदत्त पन्तका पूर्वपुरुष वसु पन्त थिए। वसु पन्तका छोरा इन्दिरापति भए । उनका छोरा रमापति भए । रमापति पन्तका हरिराम, शिवराम, भवदत्त र रुद्रदत्त गरी चार भाइ छोरा भए । ती भाइहरूमध्ये कान्छा-रुद्रदत्त पन्तका छोरा भवदत्त भए । यी पनि आफ्ना पूर्वजहरू जस्तै अत्यन्त प्रतिभाशाली उद्भट विद्वान् थिए । यिनै भवदत्त शर्मा र भार्गवीका[1] गर्भबाट चार भाइ छोरा भए । तिनीहरू एकभन्दा एक विद्वान् थिए । जेठा व्यासदत्त, माहिला श्रीदत्त, साहिँला ज्वालादत्त तथा कान्छा सुक्तिदत्त थिए । सुक्तिको जन्म वि. सं. १८८० मा भएको बुझिन्छ । महाकाव्य वि. सं. १९२८ मा पूरा गरेका थिए । सुक्तिदत्तले आफूलाई अत्यन्त नम्र देखाउँदै 'उत्पत्त्यापि जघन्यजोऽस्मि + सुक्तिस्तेषामतिस्वल्पधीः'[2] भनेका छन् । यी चारै भाइको जन्म गैरीगाउँ ओखलेमा भएको थियो । आज उहाँ हयग्रीव पन्तका छोरा यज्ञकुमार पन्त बसेका छन् । पीपलका रूखमुनि चौतारामा बसेर सुक्तिले शास्त्र निर्णय दिने गर्थे । त्यसै ओखलढुङ्गामा अनेकौं विद्यार्थीहरूलाई पढाएर विद्वान् बनाएका थिए । त्यो पीपल सुक्तिले आफ्नै हातले लगाएका थिए । चौतारा पनि आफ्नै हातले लगाएका थिए । विद्यार्थीहरूलाई ढुङ्गा ओसार्न लगाएर आफूले गाह्रो लगाउने गर्थे । त्यो पीपल र चौताराले आज पनि सुक्तिलाई पर्खिराखेकै छ; फेरि सुक्तिले आएर यसै ठाउँबाट शास्त्रनिर्णय दिऊन्; यसै ठाउँबाट सयकडौं विद्यार्थीहरूलाई भित्रबाट कोमल र बाहिरबाट कठोर अनुशासन पढाएर विद्वान् बनाऊन् भनेर ।

---

१. श्रीमत्कूर्मधराधरेन्द्रवसतिप्रख्यातपन्तान्वये
जातः श्रीभवदत्तपण्डितवरः श्रीभार्गवी तत्प्रिया ।
लेभाते सुक्तिं सुतं निजमतेः संशुद्ध एतत्कृते
काव्ये श्रीकृतवीर्यसूनुचरिते सर्गो गतः षोडशः ।।

२. शाके १७६५ मा सुक्तिदत्त २० वर्षका थिए भनेर अष्टपदीव्याख्याको अन्तिम पुष्पिकामा स्वयं लेखेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौतारादेखि अलि तल सुकृतिको राम्रो खेत छ । तर संसार यस्तै हो । रावणको लङ्का राम्रो थियो । रामको अयोध्या पनि राम्रो थियो । तर तरँमा रह्यो। यो कुरा कविले आफैं लेखेका छन् ।[1]

यहाँ यज्ञकुमार पन्तबाट प्राप्त भएको सामग्री पनि प्रस्तुत गर्नु आवश्यक देखिन्छ । यज्ञकुमार पन्तका भनाइअनुसार वसु पन्तका छोरा इन्दिरापति भए। इन्दिरापतिका नौ भाइ छोरा थिए । तीमध्ये लक्ष्मीपति र कान्छा छोरा रमापति मुक्तिनाथ दर्शन गर्न आएका थिए । त्यसै वेला मल्ल राजाहरूले दुवैलाई मूलपानीमा सुविधा दिएर राखे । तर लक्ष्मीपतिका सन्तान भएनन् । रमापतिका हरिराम, शिवराम, तथा आत्माराम तीन भाइ छोरा भए । तीमध्ये हरिरामका छोरा राधाकृष्ण थिए । शिवरामका शिवदत्त, भवदत्त, रुद्रदत्त तीनै भाइ छोरा भए । आत्माराम सन्तानरहित थिए । शिवदत्तका छोरा विद्यानिधि थिए ।

भवदत्तका छोरा मायादत्त, व्यासदत्त, श्रीदत्त, ज्वालादत्त तथा कान्छा छोरा सुकृतिदत्त भए । रुद्रदत्तका पनि गुरुदत्त, ऋषिदत्त, नागदत्त, छायादत्त, श्रीनिवास पाँचै भाइ थिए । सुकृतिदत्तका बृहस्पति[2] र पद्मनाभ दुइ भाइ छोरा थिए तथा एउटी छोरी थिइन् । सुकृतिदत्तका छोराहरूबाट कुनै सन्तान भएनन् । यज्ञकुमार पन्तका भनाइअनुसार सुकृतिदत्तकी श्रीमतीको नाम गङ्गाकुमारी थियो । छोरीको विवाह प्रसिद्ध लोहिनी ब्राह्मण परिवारमा भएको थियो ।

भरतराज पन्तका भनाइअनुसार सुकृतिदत्त पन्तकी छोरीको नाम श्रीविद्या थियो । श्रीविद्याको विवाह रङ्गनाथ लोहनीसँग भयो । रङ्गनाथ र श्रीविद्याका छोरा नेपालका प्रसिद्ध ज्योतिषी राधानाथ लोहनी थिए । राधानाथ लोहनी सुकृतिदत्तका छोरीपट्टिका सनतान थिए भन्नुमा अस्वीकृति नहोला । सुकृतिदत्तले प्रारम्भमा आफ्नै पिता र बाजेसँग पढे, तापनि त्यतिखेर चारैतिर नीलदेव पन्तको लोकोत्तर वैदुष्यको धाक जमेको हुनाले सबैले सल्लाह गरेर नीलदेवसँग पढ्न पठाएका थिए । सुकृतिदत्तले नीलदेव पन्तसँग पढे र वाराणसीबाट दुवै गुरुशिष्य

---

१. अजरामरतापि पूरयोध्या विननाश क्षणभङ्गुरं वपुः ।
स्थितिशालि कियद्दिनन्नराणान्न मुधा मत्सरिणो बुधास्तत् ।।३१।।

२. कविते ! भवितेह को नु मे सरसोक्तेरनुरागभाजनम् ।
इति मा स्म तपस्तपोबलात्सुकृतेः कोऽपि जनिष्यते तथा ।।२५।।
अथवास्ति सुतो बृहस्पतिः परिचर्य्याकुशलस्तवाधुना ।
भविता शिशुपद्मनाभकोऽवरपुत्रोऽपि कियद्दिनैरलम् ।।२६।।
(कार्तवीर्योदय १७ सर्ग)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संगै नेपाल फर्केपछि मूलपानी ओखलेमा बस्न मन लागेन । अनि ओखले छोडेर काठमाडौं किलागढ (किलागल) मा गएर बसे । सुकृतिको शरीर त्यहीं छुट्यो कीर्ति मात्र शेष रह्यो, हो 'कीर्तिर्यस्य स जीवति' ।

सुकृतिका माहिला दाजु व्यासदत्तका कृष्णदत्त, गीर्वाणदत्त, गिरिधारीदत्त गरी तीन भाइ छोरा थिए । कृष्णदत्तका वाचस्पति, यज्ञदत्त, लक्ष्मीदत्त, प्रद्युम्न, लीलादत्त गरी पाँच भाइ छोरा भए । वाचस्पतिका जेठा छोरा हयग्रीव पन्त थिए । हयग्रीवका जेठा छोरा यज्ञकुमार हुन् । पन्तपरिवार मूलतः वैष्णव भएका हुनाले लक्ष्मीनारायण अथवा रामलाई कुलदेवता मान्दछन् । तन्त्रसाधना गर्ने हुनाले तारालाई इष्टदेवता मान्दछन् । हयग्रीव पन्तको ७३ वर्षको उमेरमा वि. सं. २०३१ मा देहावसान भयो । हयग्रीवले आफ्ना बाजे कृष्णदत्तसँग व्याकरण पढेका थिए । गणित र फलित ज्यौतिष सुकृतिदत्तका छोरीपट्टिका नाति प्रसिद्ध ज्योतिषी राधानाथ लोहनीसँग पढेका थिए । हयग्रीव व्याकरण, ज्यौतिष र पुराणमा पनि दक्ष थिए । हयग्रीव भइन्जेल बागलुङ र पाङ्का ज्योतिषीहरूलाई जनताले बिर्सिएका थिएनन् । पुराना बूढापाकाहरूको भनाइअनुसार हयग्रीव पन्तको र सुकृतिदत्त पन्तको रूपमा कुनै अन्तर थिएन । सुकृतिलाई देख्ने पुराना बूढाहरूले हयग्रीव पन्तलाई देखेर सुकृतिदत्त नै भनेर मान्थे अरे ! हयग्रीव भन्थे रे– मभन्दा धेरै पुराना बाजे, साथै उहाँको यश र विद्वत्ताको छेउमा पुग्न मलाई सय जन्म लाग्छ, त्यसैले मलाई लज्जित नपार्नुहोस् । कुन्नि, यो कुरा कहाँसम्म सत्य हो ! यसलाई यहीं बिसाइन्छ ।

वि. सं. १९०६ सम्म सुकृतिदत्तहरू चारै भाइ संगै रहेछन् । १९०६ चैत्र १२ रोज २ का दिन पुस्तक बण्डा गरेका रहेछन् । त्यस बण्डापत्र कागजमा लेखेअनुसार जेठा दाजु व्यासदत्तको बण्डामा १०९ किताब परेका रहेछन् । तर त्यो पत्र ठीकसँग पढ्न सकिन्न । केवल संवत् मात्रै पढ्न सकिन्छ । निकै पुरानो भएकाले अव्यवस्थित छ । सुकृतिदत्तको अन्तिम पारिवारिक जीवन राम्रो थिएन भन्ने कुरा यी कागज पत्रहरूबाट बुझिन्छ । तर अन्तिमसम्म समग्र शास्त्र प्रातःस्मरणीय महामहोपाध्याय नीलदेव पन्तसँग पढेर नेपाल फर्केपछि सुकृतिदत्त प्रायः बागलुङबाट विरक्त रहेको बुझिन्छ । जे भए पनि उनी महान् नेपाली आमाका छोरा थिए। आफ्नो जीवन कालमा आफ्ना रचना प्रकाशित देख्न पाएनन् । उनलाई आफ्नो अमूल्य रचनाको दुर्व्यवस्था हुने डर थियो । त्यसैले उनी चिन्तित थिए र राजधानीमै बसोबास गर्दा केही व्यवस्था भइहाल्ला कि भनेर काठमाडौंमै बास गर्न पुगेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योग्य गुरुका योग्य शिष्य

संस्कृतका नेपाली विद्वान्हरूमध्ये म. म. नीलदेव पन्त साक्षात् सरस्वती मानिन्थे। नीलदेव पन्तको विशेष गुणगान गर्ने र उनलाई देवताझैं मान्नेहरू बङ्गालको शान्तिपुर, नदिया, कृष्णनगर, भाट्टपाडा आदिमा आज पनि बसेका छन्। ६४ वर्षका महिमानन्द भट्टाचार्य, ६२ वर्षका श्रीजीव न्यायतीर्थ, ६६ वर्ष का ताराचरण स्मृतितीर्थ, आदिका मुखबाट लेखकले श्रद्धापूर्वक सुनेको छ। नीलदेवको विद्याध्ययनक्षेत्र पनि मायापुर तथा भाट्टपाडा नै थियो। पछि वाराणसीमा आएर बसे। बुलानालाको नेपाली राजगुरुको भवन भनेर जानिने भवन गुरुमा नीलदेव पन्तको घर थियो। पछि राजगुरु विजयराज, हेमराज आदिले लिएका हुन्। म. म. नीलदेवजीले त्यसै घरमा बसेर मिथिलाका राजगुरु म. म. चित्रधर मिश्रलाई मीमांसा शास्त्र पढाएका थिए, म. म. सीताराम शास्त्रीलाई नव्यन्याय र म. म. सुब्रह्मण्य शास्त्रीलाई अद्वैतादि वेदान्त पढाएका थिए। त्यसै घरमा बसेर सुकृतिदत्त पन्तले म. म. नीलदेव पन्तबाट समस्त शास्त्र पढेका थिए। यो समय लगभग वि. सं. १८७० को थियो। १९०१ मा दुवै गुरुशिष्य काठमाडौं पसेर मखनटोलमा संस्कृत विद्यालय स्थापित गरे। यस विद्यालयका संस्थापक म. म. नीलदेव पन्त थिए। परन्तु विद्यालय धेरै चलन सकेन।[१] किनभने राणा-

---

१. नीलदेव पन्त र वाचस्पति पन्तले अर्कै विद्यालयमा पढाउन थालेका थिए। यस बारेमा श्रीशरद्चन्द्र भट्टराईको लेख मननयोग्य छ।

पण्डितराज राजेश्वर शास्त्री पं. पद्मप्रसाद भट्टराईका सहपाठी तथा भारत प्रख्यात विद्वान् हुनुहुन्थ्यो। पं. नीलदेव पन्तको शिष्यपरम्पराको प्रामाणिक ज्ञान राख्नेहरूमध्ये स्व. राजेश्वर शास्त्री पनि एक हुनुहुन्थ्यो। आफ्ना मातामह म. म. सुब्रह्मण्य शास्त्रीबाट उहाँले विद्याध्ययन गर्नुभएको हो। सुब्रह्मण्य शास्त्री नीलदेवजीसँग आफूले पढ्दा घटेका अनुभवहरू आफ्ना नातिलाई सुनाउने गर्थे रे। सुकृतिदत्त पन्तसँगका आफ्ना साहचर्यका घटनाहरू पनि सुब्रह्मण्य शास्त्रीबाट स्व. राजेश्वरजीले सुन्नुभएको थियो। सुकृतिदत्त पन्त नीलदेव पन्तका नै छात्र हुन् भन्ने प्रामाणिक इतिहास उहाँबाटै प्राप्त भएको हो। वि. सं. १९०० तिर नीलदेव र सुकृतिदत्त दुवै गुरुशिष्य नेपाल पसेको, तात्कालिक नेपाली शासकद्वारा नीलदेवको उचित सत्कार नभएको, वाराणसीमा महादेवको मूर्ति (ललिताघाटको नेपाली मन्दिर) स्थापना गर्दा गरिएको कर्मकाण्डलाई नीलदेवले अशास्त्रीय घोषणा गरेको, जङ्गबहादुरले नीलदेवको अपमान गर्न खोज्दा 'खसा: प्रत्यक्षराक्षसा:'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको शासन थियो। नीलदेवले जङ्गबहादुर र जङ्गबहादुरले नीलदेवलाई मान्दैनथिए। त्यसैले विद्यालय चलेन। तर त्यस विद्यालयका अध्यापक सुकृतिदत्त पनि थिए। यसरी काठमाडौंमा बसेर सुकृतिदत्तले आफ्ना यशस्वी रचनाहरूमध्ये कार्तवीर्योदय महाकाव्यलाई समाप्त गरेका थिए। उनले काव्य समाप्तिका बारेमा स्वयं यस्तो लेखेका छन् —

नागेन्द्रनेत्रनवभूमितविक्रमाब्दे
वैशाखमासि सितपक्षतृतीयतिथ्याम् ।
श्रीकार्तवीर्यचरितोदितकाव्यमेनत्
श्रीतारिणीकरुणया परिपूर्णमासीत् ।।

यी पङक्तिहरूको अध्ययन गर्दा वि. सं. १९२८ मा कार्तवीर्योदय महाकाव्य सुकृतिदत्त पन्तले पूरा गरेका रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ।

लोकोत्तर वैदुष्य

सुकृतिदत्त सूरिले आफ्नो नम्रता कालिदासले जस्तै देखाएका छन्। सुकृतिदत्त सूरिको स्पष्ट उक्ति यस श्लोकमा प्रकट भएको छ—

सन्तस्सदैव कटुदन्तनिवृत्तचित्ता
वित्तागुणैस्सुनिपुणैरतिबुद्धिमन्तः ।
ते पक्षगा मम भवन्तु भवन्तु येषां
कारुण्यतो व्रजति सर्वकलाकलापः ।।

(कार्तवीर्योदय १।८)

तर अनावश्यक नम्रता पनि दुर्गण नै हो। अर्कालि तपाईं नभनी आफैंले मपाईं भन्नु पनि उचित कुरा वा शिष्टाचार होइन। तर 'तपाईं' भन्ने संसारमा कोही छैनन् भने आफ्नो परिचय आफैंले दिनु घमण्ड अथवा अपराध होइन।

कविले गर्वोक्तिका साथमा आफ्नो महाकाव्य अध्येताका बारेमा भनेका छन्—

भनेको आदि कर्णपरम्पराबाट सुनिएका कुरा प्रामाणिक नै देखिन्छन् भन्ने स्व. पण्डितराज राजेश्वरजीको कथन थियो।

आफ्ना कुनै पनि ग्रन्थमा सुकृतिदत्तले आफ्ना गुरुको नामोल्लेख गरेका छैनन्, यो चाहिं उदेकलाग्दो र खोजी गर्नुपर्ने विषय भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फणिपतिभणितिप्रविष्टचेता उदयनवाचि विशारदः स्मृतिज्ञः ।
भरतवचनभारतोक्तिविज्ञो मम कृतिदर्शनमातनोतु विद्वान् ।।

(कार्तवीर्योदय १७।१७)

अर्थात् पतञ्जलिकृत महाभाष्य अर्थात् व्याकरण, उदयनका वाणी, प्राचीन न्याय, पुराण तथा स्मृतिहरूमा विशारद, भरतको नाट्यशास्त्र तथा महाभारत यी ग्रन्थहरूमा प्रवेश भएको विद्वान्‌ले यस महाकाव्यको अध्ययन तथा मनन गर्न सक्छ, सबै विद्वान्‌हरूको वश चल्ने छैन । किनभने गुरुकृपाले कतिपय[1] पद-योजनाहरूमा देवगुरु बृहस्पति पनि पछि पर्नेछन् । मजस्तै परिश्रमी शास्त्र-व्यसनीले मात्रै त्यो भेउ पाउन सक्छ ।

हो पनि, कार्तवीर्योदय महाकाव्यको गम्भीर अध्ययन गर्दा महाकविको सुकृतिदत्त पन्तको उपर्युक्त उक्ति गर्वोक्ति होइन अपितु वस्तुसत्य हो भन्ने कुरा सिद्ध हुन्छ । कविले आफ्नै शब्दमा यसो पनि भनेका छन् –

हामीजस्तै रागद्वेषरहित विद्वान्‌हरूले तुलना गर्नुहुने नै छ । तर श्रीहर्षको कविता तुल्य छ कि अथवा हीन छ ? त्यो सत्य भन्नुहोला । किनभने झूटो बोल्नुभन्दा ठूलो पाप अरू छैन । कालिदास, भवभूति, मुरारि, माघ र श्रीहर्ष आदि आफ्ना काव्य, नाटक, महाकाव्यरूपी शरीरले कल्पसम्म रहेझैं म पनि यस संसारमा रहनेछु ।

सुकृतिदत्त सूरिले अन्य ग्रन्थहरूमा झैं नैषधीय क्रोडपत्रमा पनि लोकोत्तर वैदुष्यको परिचय दिएका छन् । यिनी तन्त्र, ज्यौतिष, न्याय, व्याकरण, वेदान्त, साहित्य, महाकाव्य, नाटक, गद्य तथा टीका आदि लेखेर श्रीहर्षसँग प्रतिद्वन्द्वितामा उभिने प्रथम नेपाली आमाका छोरा देखिन्छन् । कार्तवीर्योदय महाकाव्यका सर्गहरूमा छन्द, अलङ्कार, रस, ध्वनि तथा शब्दरचना, व्याकरणका प्रयोगहरूबाट महाकविको लोकोत्तर वैदुष्य स्वयं प्रष्फुटित भएको छ । विज्ञ जनले उतैबाट जान्नुहुनेछ ।

सुकृतिको अन्तिम जीवन

सुकृतिको अन्तिम जीवन दुःखको ज्वालामा थियो भन्ने इतिहास उनैको शब्दावलीबाट स्पष्ट हुन्छ । हुन त हाम्रो समाज यस्तै हो । लक्ष्मीप्रसाद देवकोटा

१. कतिपयपदयोजनासु वाचस्पतिरनुयातु तुलाङ्गुरोः प्रसादात् ।
अहमिव न निबन्धगाढबन्धे प्रभुरयमस्ति सुरक्षितीक्षितस्सः ।।
(कार्तवीर्योदय १७।१८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोकै मरे भन्छन् । सुकृतिजस्ता अलौकिक राष्ट्रका प्रतिभाले दुःख पाएनन् होला भन्न सकिन्न । सुकृतिको कार्तवीर्योदय महाकाव्यप्रति सारै माया थियो । यसलाई पूरा गर्दा जीवनभरि आर्जेका विद्वत्तालाई खर्च गरे । अन्तिम रचना वा कान्छा छोरा (कार्तवीर्योदय) प्रति सबै आमाबाबुको माया ममता अधिक हुन्छ । दुवै बाजुहरू (बृहस्पति र पद्मनाभ) लाई भाइलाई पनि अंश दिनु है भनेर छोडेका रहेछन् । जान्नु न तान्नु घचेटि माग्ने राल सिंगान पुछ्नेहरूलाई ताडना दिंदै सुकृतिले विज्ञ जनहरूले दूध पानी छुट्ट्याउने विश्वास गरेका छन् । अन्तिममा महाकविले रामको अयोध्यापुरी त नाश भयो भने म जस्ताको जीवन कति दिन रहला र ? भनेका छन् । वश यी नै पङ्क्तिहरू कोरिंदै गरेका वेलासम्म सुकृति भौतिक कीर्तिले शेष रहे होलान् । पछि यस दुःखी जीवनलाई यस अबुझ समाजमा देखाउन नपरोस् भनेर सदाका लागि त्याग गरे । तर सुकृति आज पनि हाम्रा अगाडि ज्यूँदै छन्, अमर छन् ।

※

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुकृतिका रचना

व्रीह्यादिसूत्राष्टकवृत्ति

बहुप्रतिभाशाली महावैयाकरण सुकृतिदत्त पन्तले पाणिनिको व्रीह्यादिसूत्र-माथि विवृति लेखेका छन् । यो ग्रन्थ राष्ट्रिय अभिलेखालय (ल. सं. प. ३८७४। विषय सं. ५५७ तथा प. सं. ७८) मा छ । यो ग्रन्थ पूरा भएजस्तो लागेन, तर पनि यस विवृतिबाट सुकृतिदत्त कस्ता वैयाकरण थिए भन्ने कुरा स्पष्ट हुन्छ। जहाँ पनि सुललित–आलङ्कारिक पदावली रचनाको माधुर्यमा डुबेको हुन्छ, त्यहाँ व्याकरण जस्ता शुष्क विषयलाई सरस माधुर्य प्रदान गर्ने कला सुकृतिबाहेक अरू-मा हुन सक्तैन भन्ने मलाई विश्वास छ। उनका 'व्रीह्यादिसूत्राष्टकविवृति' को मङ्गलश्लोक विज्ञजनसमक्ष प्रस्तुत छ —

यामादिमायां रमणीस्वरूपां लसन्मणिद्योतितवर्मभाजाम् ।
नानास्त्रविभ्राजिकरां स्तुवन्ति तारास्तु सा निखिलवाङ्मयदर्शिनी नः ॥१॥
नत्वा मुकुन्दचरणाम्बुजमादरेण गोनर्दजातभगवद्वचनानुसारात् ।
प्राचीननव्यपथपान्त इमां सुकीर्तिः[1] सूत्रेऽष्टके मुनिकृते विवृतिं करोति ॥२॥

भाष्यादूर्ध्वं कुणिप्रभृतिभिर्वामनाद्यैस्ततोऽर्वाक्
सूत्रे दाक्षीसुतमुनिकृते कल्पितैवास्ति वृत्तिः ।
न्यूनाधिक्यं किमपि मनसा तत्र सञ्चिन्त्य नूतनां
वृत्तिं कुर्वे पृथुहितकरीमिष्टवाक्यादियुक्ताम् ॥३॥

भाष्यं भाष्यत एव सम्प्रति जनैर्नैवार्थतो गम्यते
विच्छिन्ना पदमञ्जरी विरहिता नो काशते काशिका ।
कौमुद्यो निखिलाश्च शेखरपथाद्वक्राः सनक्रापगा-
तुल्यास्तच्छिशवः श्रयन्तु सुगमां वृत्तिं मदीयामिमाम् ॥४॥

---

१. सुकृतिदत्त पन्तका नामका बारेमा धेरै मानिस भ्रममा परेको देखियो। कसैले 'सुकृति' नै उनको असली नाम हो भनेर लेखेका छन्, भने कसैले 'सुकीर्ति' ठीक हो भनेर लेखेका छन् । स्वयं ग्रन्थकर्ताले दुवै नाम प्रयोग गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साहसं मम संवीक्ष्य बालोपकृतये कृतम्
सहसा सहसा मा भूत् सहसामा बुधावलिः ॥५॥
अष्टाध्यायीं पठतामभीष्टसिद्धये ...

सुकृतिदत्त पन्तले विश्वेश्वर पाण्डेयको 'वैयाकरणसिद्धान्तसुधानिधि' जस्तै अष्टाध्यायी ग्रन्थमाथि यो विवृति लेखेको हुनुपर्छ । तर वर्तमानमा उपलब्ध विवृति पूरा छैन । व्रीह्यादिसूत्राष्टकविवृतिजस्ता महत्त्वपूर्व ग्रन्थको तिथिमिति भने देखिएन ।

परिभाषेन्दुशेखरक्रोडपत्र

अठारौं शताब्दीतिर नागेश भट्टले बनाएका शब्देन्दुशेखर' तथा 'परिभाषेन्दुशेखर' दुवै ग्रन्थ नव्यव्याकरणका परम्परामा विश्वविख्यात छन् । परिभाषेन्दुशेखरमा सुकृतिदत्तले बनाएको क्रोडपत्र पनि प्रसिद्ध भइसकेको छ । जर्मन विद्वान् पोलथिमेलाई पनि यसबारे थाहा थियो र उहाँले "नेपालका विद्वान् सुकृतिदत्त पन्तका 'शेखरक्रोडपत्र' तपाईंले पढ्नुभएको छ ?" भनेर मलाई सोध्नुहुन्थ्यो । "किं सुकृतिदत्तस्य क्रोडपत्राणि अवलोकितानि ?" भनेर एउटा विदेशीले संस्कृतमा आफ्नो देशको विद्वान् र उनको रचनाबारे प्रश्न गर्दा मनमा अवश्य खल्लो लाग्यो । ती विदेशी विद्वान्लाई अप्रकाशित 'क्रोडपत्र' का बारेमा कसरी थाहा भयो ? तर प्रश्न गर्नेहरूबाट धेरै ठूलो ज्ञान उपलब्ध हुँदो रहेछ भन्ने ज्ञान पनि भयो । एक–दुइ घण्टा नै भए पनि पोलथिमेसँग प्रयागमा खूबै राम्रो वार्तालाप भएको थियो । उहाँ संस्कृत सम्मेलनमा भाग लिन आउनुभएको थियो । पोलथिमेलाई 'शेखरक्रोडपत्र' का साथै कार्तवीर्योदय महाकाव्यको सातौं र आठौं सर्गका शब्दालङ्कार र अर्थालङ्कारको बारेमा पनि जानकारी रहेछ ।

शेखरक्रोडपत्रको मङ्गलाचरण सुकृतिदत्तले यसरी लेखेका छन्—

श्रीमत्पतञ्जलिपदाम्बुजमादरेण
चित्ते विचिन्त्य सुकृतिः कृतिनां कृतेऽद्य ।
काश्चिद्विचारमतिदेशविधौ विधत्ते
दृष्टिं क्षिपन्तु विबुधावयपात्रसन्तः ॥१॥

यो क्रोडपत्र राष्ट्रिय अभिलेखालय (ल. स. पं. ६१९० । विषय सं. ६४५) मा छ । तर यहाँको क्रोडपत्र पूरा भएजस्तो लागेन । परिभाषेन्दुशेखरमा विद्वत्ताको भेउ नपाई चेउ खानेहरूलाई ताडना गर्दै सुकृति लेख्छन्—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुरूहाणां पदार्थानां परिभाषेन्दुशेखरे[1] ।
विकाशयन्त्यां टीकायामस्यामज्ञो न खेलतु ॥

सुकृतिदत्तजस्ता विद्वत्कुलधौरेयले यो ताडना गर्न उचितै लाग्छ । आफूले गर्न नसक्ने अर्कालाई पनि गर्न नदिनेहरूलाई अवश्य सुकृतिदत्तको उपर्युक्त वचन-विन्यासले पोल्नेछ । यही वचन दूध-पानी छुट्ट्याउनेलाई अमृत हुनेछ ।

शक्तिवादक्रोडपत्र

महत्त्वपूर्ण ग्रन्थ 'शक्तिवाद' मा पनि टिप्पणीका रूपका कलम चलाएर छाडे सुकृतिदत्तले । शक्तिवादजस्ता दुरूह ग्रन्थका टिप्पणीहरूमा पनि ग्रन्थलाई स्पष्ट पार्न उनले यसरी लेखेका छन् —

जातिवाचकपदार्थस्येत्यर्थः । तेन तदादितस्तथाननुभवेऽपि न क्षतिः । ज्ञान-शक्तिपक्षोऽग्रे मूल एव प्रपञ्चितो दूषितश्चेति नात्र पुनर्दोषोद्भावना कृता । व्याख्यातञ्च तत्र तत्रास्माभिरितीहोपरम्यते । शिवमस्तु । इति सुकृतिदत्तकृता शक्तिवादटिप्पणी ।[2]

नैषधीय क्रोडपत्र

सुकृतिको अर्को रचना अत्यन्त प्रख्यात नैषधीयमहाकाव्यको 'क्रोडपत्र' हो । त्यसको मङ्गलश्लोकमा सुकृति भन्छन्—

श्रीमद्भुवनाथ (?) पदारविन्दमरन्दमनोमिलिन्दः ।
एकर्ति (?) कृति कोऽपि कृतिं विधत्ते हीरात्मभूधीरवचां सुसिध्यै ॥१॥
मान्योक्तिवद्भवतु तस्य कवीश्वरस्य वाणीं नवां बहुलदूषणदूषितेति ।
श्रीहर्षधीरकवितापदमेकमेव चाख्याति कोऽपि सुकृतिः कृतिनां हिताय ॥२॥

ज्ञानेन्द्रभिक्षोरज्ञानाच्छ्रीहर्वकविवर्गिरि (?) ।
सङ्क्रान्ताऽज्ञानध्वान्तघ्नो द्वादशार्काः समुत्थिताः ॥३॥

यी श्लोक शुद्ध पढ्न सकिने स्थितिमा छैनन् । यस्तै पङ्क्ति पनि शुद्ध पढ्न

---

१. राष्ट्रिय अभिलेखालय (व्याकरणविषय ल. सं. प. ३७७९ । वि. सं. २२३ । प. सं. २१) ।

२. राष्ट्रिय अभिलेखालय (न्यायविषय पं. ल. ६६४३ । वि. सं. ५६२ (ख); पं. ६६४४ शक्तिवाद) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निक्कै गाह्रो छ । तथा हि 'हंसं तनौ सन्निहिते चरन्तम्' इत्यादि श्लोकको पूरै टीका लेखिएको छ ।[1] तर बाहिरको खोलमा चाहिँ 'क्रोडपत्र' भनेर लेखिएको छ । एक श्लोकको पनि 'क्रोडपत्र' पूरा देखिंदैन । सुक्तिदत्तले त पूरा लेखेका थिए होलान् । त्यसको सुरक्षा गर्नेहरूले पूरा सुरक्षा गर्न सकेनन् । यताबाट पूरा नैषधमा सुक्तिको टीका भएको सङ्केत मिल्छ ।

सुक्तिको नैषधमाथि कस्तो अधिकार थियो ? कुन ढङ्गको आलङ्कारिक पाण्डित्य थियो ? भन्ने प्रत्यक्ष प्रमाण नैषधको उपलब्ध 'क्रोडपत्र' नै भएको छ । ठाउँठाउँमा यिनले नैषधकारलाई प्रतिद्वन्द्वीको रूपमा उभ्याएर लेखेको स्पष्ट बुझिन्छ । कतैकतै श्रीहर्षको अलौकिक पाण्डित्यलाई पनि पानीमा नून मिलेर एकाकार भएजत्तिकै पारेको छ । यस पक्षमा सुक्तिको वा श्रीहर्षको अन्धभक्त नभई दूधपानी छुट्ट्याउने हंसको आवश्यकता छ । श्रीहर्षप्रति गर्नुपर्ने कर्तव्य सुक्तिले आफ्नो क्रोडपत्रको मङ्गल श्लोकमा भनिसकेका छन् । तुलनात्मक–अध्ययन गर्दा सुक्ति र श्रीहर्ष व्याकरणदेखि लिएर भाषाविज्ञानसम्म पनि परस्पर तुलनीय छन् भन्न सकिन्छ ।

परन्तु अहिले उपलब्ध 'नैषधीयक्रोडपत्र' जम्मा २३ पाना मात्रै छ, त्यो पनि पुरानो जीर्ण–शीर्ण भएकोले सुवाच्य छैन । त्यति नै भए पनि कूर्माचलीय विद्वान् तारादत्त पाण्डेयले कतैबाट हात पारेर राखेका रहेछन् । त्यहाँबाट सारेर म. म. नित्यानन्द पर्वतीयका दौहित्र (भू. पू. उ. शि. सचिव उत्तर प्रदेश) श्रीगोपालदत्त पाण्डेय (व्या. आ. एम. ए.) बाट सौजन्यपूर्वक प्राप्त भयो र हेर्न पाइयो ।

क्रोडपत्रमा सुक्तिदत्त पन्तले श्रीहर्षको नैषधीयचरित महाकाव्यलाई मध्यम काव्यको संज्ञा दिएका छन्, सिद्धान्तकौमुदीको तत्त्वबोधिनी टीकाकार ज्ञानेन्द्रभिक्षुको त सातोपुत्लो उडाएका छन् । सुक्तिको अलौकिक वैदुष्यको झल्को यो क्रोडपत्रमा देखन पाइन्छ । तर ग्रन्थ पूरा छैन, यही नै दुःखको कुरा छ ।[2]

---

१. हंसं तनौ सन्निहितं चरन्तं मुनेर्मनोवृत्तिरिव स्विकायाम् ।
ग्रहीतुकामादरिणाशयेन यत्नादसौ निश्चलतां जगाहे ।।

(नैषधीय चरित ३।४)

२. नैषधीय क्रोडपत्रको बाहिरी खोलमा यस्तो लेखेको छ—
कविजीवनचरितमेतन्नयपालदेशवासिनां सुप्रसिद्धतरमेवास्ति किल ... ...
इत ८० पूर्वं पञ्चत्रिंशद्वर्षे आर्यघट्टे बागमतीतीरे पशुपतीश्वरसन्निधौ ... गण्डकी-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रसमाला तथा रसिकरञ्जनी

सुकृतिका उपलब्ध ग्रन्थमध्ये रसको विषयका ग्रन्थ 'रसमाला' तथा 'रसिकरञ्जनी'[१] हुन् । महाकवि सुकृतिदत्त पन्तले यी दुवै ग्रन्थहरूको नैषधीय क्रोडपत्रमा स्वयं उल्लेख गरेका छन् । क्रोडपत्रमा 'वैदर्भी रीतिः, माधुर्यो गुणः, द्राक्षापाकः, मध्यमकाव्यम्, उपजातिश्छन्दः । एतेषां लक्षणानि मत्कृतलक्षणानि-मत्कृतरसमालारसिकरञ्जन्योर्विलोकयितव्यानि' भनेर लेखेका छन् । दुर्भाग्यले यी ग्रन्थ हेर्न पाएको छैन । यी दुवै ग्रन्थ रीति, रस, छन्द, अलङ्कार, जाति, गुण आदि समस्त आलङ्कारिक सामग्रीहरूले भरिएको हुनुपर्छ । साथै यी पनि अरु ग्रन्थजस्तै विलक्षण वैदुष्यपूर्ण हुनुपर्छ भन्ने मलाई लागेको छ ।

व्युत्पत्तिवादटिप्पणी

यस ग्रन्थको उल्लेख पनि क्रोडपत्रमा भएको छ । मैले त शङ्का मात्र गरेको

तीरनिकटवर्तीवागलुङदेशनामजस्सकलशास्त्रपारदृश्वा ... राजसम्मानादिकलब्धसाप्तपौरुषी निजसाहित्यादिविधी चाधीत्य बहून् ग्रन्थांश्च सम्यक् टीकाभिरसमलङ्कृतस्वतन्त्रतन्त्रापि संस्थाप्य राजभि राजगुरुमान्यताश्चानुभूय पुत्रादीनध्याप्य योगानुभवश्च लब्ध्वा निजरामपादानुकम्पयाभिमतध्यानलब्धपरमनिर्मोहोदधौ निममज्ज, निजकलेवरञ्च जहौ, तदेतत्सर्वं तदीयरचनानां गद्यपद्यमयमूलटीकादि ... स्वयमेव सर्वं लिलेखेति शिवम् ।

यो लेख ग्रन्थसङ्ग्रहकर्ता स्व. तारादत्त पन्तले लेखेको हुनुपर्छ । नैषधको यो उपलब्ध प्रति तारादत्त पन्तबाट म. म. नित्यानन्द पन्तका हातमा आएको हो । त्यसपछि नित्यानन्द पन्तका दौहित्र गोपालदत्त पाण्डेयका हातमा सुरक्षित हुन पुग्यो । तारादत्त पन्त साहित्यशास्त्रका धुरन्धर विद्वान् थिए । तारादत्त पन्तको पनि 'भूगोलकाव्यम्' प्रकाशित छ । सुकृतिदत्त पन्तका बारेमा जति सुने-जानेका थिए, थिनैले लेखेर छोडे । सुकृतिका क्रोडपत्र र कार्तवीर्योदय महाकाव्यबाट तारादत्त पन्त पनि सारै प्रभावित थिए । नत्र उनी जस्तातस्ता कसिङ्गर बटुलेर राख्ने पण्डित थिएनन् । विद्वता नभएको किताब लिएर आउने मान्छेलाई त्यसै पुस्तकले कटारो हानिहाल्ने विद्वान्ले सुकृतिको सुकीर्तिलाई राखिदिए ।

१. सुकृतिले यस ग्रन्थको उल्लेख अष्टपदीव्याख्या 'भावामृत' मा पनि गरेका छन् । उदाहरणचन्द्रिका, रत्नावली, रसिकरञ्जनी, शृङ्गारशतकम् आदि लेखेर 'भावामृत' व्याख्या लेखिसक्दा उनी बीस वर्षका थिए !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिएँ, परन्तु रहेछ । यस तथ्यलाई केलाउन क्रोडपत्रमा निक्कै परिश्रम गर्नुपर्‍यो । तर परिश्रमको फल मीठो हुन्छ, यो सत्य हो । सुकृतिले ज्ञानेन्द्र भिक्षुको जोडदार खण्डन गर्दै जाँदा व्युत्पत्तिवादमा पनि आफूले टिप्पणी लेखेको इतिहास लेखे—

विवेचितश्चैतदस्माभिर्व्युत्पत्तिवादटिप्पण्यां सप्तमीकारकप्रकरणेऽधिका जिज्ञासुभिस्तत्रैवावलोकनीयम् ।

उपर्युक्त पङ्क्तिले पूरै 'व्युत्पत्तिवाद' मा आवश्यक स्थलहरूमा उनले टिप्पणी गरेका रहेछन् भन्ने कुरा स्पष्ट पारेको छ । नत्र केवल सप्तमीकारकमा टिप्पणी लेख्नु कुनै तुक बस्दैन । किनकि व्युत्पत्तिवादको उल्लेखनीय स्थल सप्तमीकारकभन्दा अरू उल्लेखनीय छन् । जे भए पनि नैयायिकधुरन्धर–सुकृतिदत्त पन्तको महत्त्वपूर्ण र लोकोत्तर वैदुष्यपूर्ण कलम व्युत्पत्तिवादमा पनि चलेको छ भन्ने कुरामा दुइ राय हुने छैन ।

शब्दशक्तिप्रकाशिकाटीका तथा गादाधरीटीका

सुकृतिदत्तको अर्को ग्रन्थ हो जगदीश भट्टाचार्यको 'शब्दशक्तिप्रकाशिका' । विद्वान्हरू भन्छन् 'जगदीशस्य सर्वस्वं शब्दशक्तिप्रकाशिका' । जगदीशले आफ्ना जीवनभरि तपस्या गरेको पाण्डित्य शब्दशक्तिप्रकाशिका भन्ने ग्रन्थमा देखाएका छन् । यसमा विद्वान्हरूको दुइ मत हुने ठाउँ छैन ।

'शब्दशक्तिप्रकाशिका' मा टीकाटिप्पणी लेखेको कुरा नैषधको क्रोडपत्र मा सुस्वयं कृतिले लेखेका छन् । भट्टोजि दीक्षितको 'प्रौढमनोरमा' र 'गुणरत्नमहोदधि' को उद्धरण दिँदै ज्ञानेन्द्र भिक्षुको खण्डन गर्दा 'जगदीशगदाधरादिनिबन्धेषु प्रपञ्चितश्चास्माभिः' भनी लेखेका छन् । नैयायिक साम्राज्य धुरन्धर गदाधरको शक्तिवाद र व्युत्पत्तिवादमा भएको टिप्पणी त स्पष्टै भएको छ । परन्तु जगदीशको निबन्धमा 'प्रपञ्चितश्चास्माभिः' भन्ने शब्दले 'निबन्धेषु' भन्ने शब्दसँग सामञ्जस्य राख्दा जगदीशको ग्रन्थमाथि पनि उनले कलम चलाएका रहेछन् भन्ने स्पष्ट हुन आउँछ । परन्तु जगदीशको कुनचाहिँ ग्रन्थमाथि कलम चलेको हो; त्योचाहिँ ग्रन्थ प्राप्त नभएसम्म अनुसन्धानकै विषय भएको छ । जगदीशको निबन्ध र शब्दशक्तिप्रकाशिका यी दुइमा टिप्पणी गरेको हुनु धेरै सम्भव छ, किनभने सबै महत्त्वपूर्ण ग्रन्थहरूमा मात्र सुकृतिको कलम चलेको देखिन्छ ।

शब्देन्दुशेखरक्रोडपत्र

नागेशको पाण्डित्य 'शब्देन्दुशेखर' बाट बुझिन्छ । राष्ट्रिय अभिलेखालयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको पुस्तकसूचीमा 'शेखरद्वयको क्रोडपत्र' भनेर लेखिएको छ । नैषधको 'क्रोडपत्र' बाट शब्देन्दुशेखरमा पनि सुकृतिदत्त पन्तले टीका लेखेका रहेछन् भन्ने बुझिन्छ, किनकि त्यसमा 'अत्र शेखरटीकायां विलोक्य' भनी लेखेका छन् । परन्तु त्यो टीका आँखाले हेर्न पाएको छैन ।

मकरन्दस्तुतिटीका

'मकरन्दस्तुति' तन्त्रसम्बन्धी ग्रन्थ हो । यो ग्रन्थ सारै ठूलो त छैन, तर सारै महत्त्वपूर्णचाहिं छ । स्वयं सुकृतिदत्त तान्त्रिक थिए । उनी तारिणी र ताराका ज्यादै भक्त देखिन्छन् । हो पनि तपस्या र उपासनाविना कुनै पनि कार्य सफल हुन सक्दैन । लक्ष्यप्राप्तिका लागि अथवा सिद्धान्तसम्म पुग्नका लागि दृढताका साथ जति तपस्या (कर्म) को आवश्यकता छ उति नै इष्टदेवोपासना पनि आवश्यक हुन्छ । सुकृतिदत्त सकलशास्त्र प्राप्तिका लागि जति तपस्या (कर्म) गर्दथे उति नै आफ्ना इष्ट तारिणीको उपासना गर्दथे भन्ने इतिहासको जानकारी उनकै ग्रन्थहरूबाट पाइन्छ ।

वाचस्पति मिश्रलाई ईमानदार टीकाकार भनेर विद्वान्हरूले मानेका छन् । छवटै दर्शनहरूमा वाचस्पतिका सर्वमान्य टीका भेटिएका छन्, तर यी पङ्क्तिका लेखकले वाचस्पतिका पाँच वटा दर्शनहरूमा मात्र टीका देख्न पाएको छ । जुन शास्त्रमा भए पनि उसैको भएर लेख्न सक्ने वाचस्पतिसँग नेपाली वाचस्पति सुकृतिदत्त तुलनीय देखिन्छन् । शास्त्रसाधना र उपासनाद्वारा उनी विलक्षण नैयायिक, उद्भट वैयाकरण, अलौकिक आलङ्कारिक, महाकाव्यकारका साथै अतुलनीय तान्त्रिक पनि बन्न पुगे । बागलुङले मात्रै पाएको सम्पत्ति होइन, अपितु समस्त नेपालको साझा सम्पत्ति हो सुकृति । अझ भनौं भने नेपालले मात्रै होइन, अपितु समस्त संस्कृतजगत्ले पाएको गौरव हो सुकृति ।

सुकृतिको तान्त्रिक ग्रन्थ मकरन्दस्तुति विशुद्ध तान्त्रिक प्रेमनिधि पन्तका तन्त्रग्रन्थहरूभन्दा कुनै हालतमा कमसल छैन । ग्रन्थाकारमा चाहिं यो सानो छ । प्रेमनिधि शुद्ध तन्त्र र धर्मशास्त्रका विद्वान् थिए; तन्त्रमा विशेष प्रख्यात भए । भास्कर रायपछि तन्त्रजगत् प्रेमनिधि पन्तको धेरै ऋणी छ । यसमा राय बाङ्दैन । परन्तु प्रेमनिधिका प्रभावले सुकृतिले एउटै सानो मकरन्दस्तुतिमा तन्त्र सम्बन्धी पाण्डित्यको कसौटी राखेको कुरा हामीले भुल्नु हुँदैन । यसरी सुकृति आज सुकीर्ति भएर बाँचेका छन् । सुकृतिदत्त पन्तले आफ्ना जीवनकालमा यद्यपि कुनै ग्रन्थ प्रकाशित रूपमा देख्न पाएनन्; तथापि अमर र यशस्वी महाकाव्य कार्तवीर्योदयको चर्चा उनकै समयमा पनि पर्याप्त थियो । आज पनि उच्चकोटिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वत्समाजमा त्यसको चर्चा छँदैछ । भारतमा वाराणसी, बङ्गाल, काश्मीर, महाराष्ट्र, गुजरात तथा दक्षिण भारत आदिमा कार्तवीर्योदय महाकाव्यको चर्चा-परिचर्चा भएको बारे र सुकृतिको चतुरस्र विद्वत्ताबारे कानले मनग्य रस लिन पाएको छ ।

शृङ्गारसंग्रह

यस ग्रन्थको प्रारम्भका चार श्लोक मात्र प्राप्त भएका छन् । ग्रन्थ पूरा हेर्न नपाए पनि मङ्गलाचरणका श्लोकबाट स्पष्ट बुझिन्छ, 'शृङ्गारसङ्ग्रह' नामक ग्रन्थ सुकृतिदत्त पन्तले लेखेका रहेछन् । चौथो श्लोक यस्तो छ —

श्रीदत्तसुप्रसादेन्दुविवृद्धमतिवारिधिः ।
सुकीर्तिदत्तशर्माहं कुर्वे शृङ्गारसङ्ग्रहम् ।।४।।

सुकृतिदत्त पन्तले कतै पनि आफूलाई पढाउने गुरुहरूको नाम उल्लेख गरे-जस्तो लाग्दैन । कुनै ग्रन्थमा गुरुहरूको उल्लेख भएको छ कि ? त्यो भविष्यले बताउला । 'शृङ्गारसङ्ग्रह' का श्लोकमा भने सुकृतिले आफ्ना माहिला दाजु श्रीदत्त पन्तको नाम आदरपूर्वक उल्लेख गरेका छन् । ग्रन्थका नामले नै यो ग्रन्थ शृङ्गारविषयकै हो भन्ने स्पष्ट पारेकै छ ।

उदाहरणचन्द्रिका

'अधिकन्तु मत्कृतायामुदाहरणचन्द्रिकायां द्रष्टव्यम्' भनेर सुकृतिले यत्रतत्र लेखेको पाइन्छ । 'उदाहरणचन्द्रिका' को उल्लेख पाइनाले पनि सुकृतिदत्त पन्तले उदाहरणसम्बन्धी स्वतन्त्र ग्रन्थ लेखेको थाहा भएको छ । यतिभन्दा धेरै भन्ने कुरा अहिले देखिएको छैन ।

देवीस्तोत्रम्

यो 'देवीस्तोत्र' जम्मा १६४ श्लोकमा रचित छ । यो भावपूर्ण पाण्डित्य-पूर्ण रचना देखिन्छ, साथै दुःखपूर्ण पनि देखिन्छ । यसमा मिति केही नलेखिए पनि यो सुकृतिको अन्तिम रचना हो कि भनेजस्तो लाग्छ ।

विरुदावली

यो ग्रन्थ नेपालका शाहवंशीय राजाहरूको विरुदावली हो । यसमा केही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोक कार्तवीर्योदय महाकाव्यबाट लिइएका छन् तापनि केही श्लोकलाई हेरफेर पारेर राखिएको देखिन्छ । शेष रचना स्वतन्त्र देखिन्छ । यस विरुदावलीमा पनि १६२ श्लोक छन् । कार्तवीर्योदयमा जस्तै खड्गबन्ध, त्रिशूलबन्ध आदि र कुलकादिको प्रयोग यसमा भएको छ । यसमा कान्तिपुरीको तुलना इन्द्रको अमरावतीसँग गरेको देखिन्छ । पाण्डित्यपूर्ण तथा मनोहर वर्णन गर्ने शैली सुकृतिको बाहेक अरू कसको होला र ?

अष्टपदीव्याख्या भावामृत

यो प्रसिद्ध कवि जयदेवको 'गीतगोविन्दम्' को अष्टपदीको व्याख्या हो । यो व्याख्या सुकृतिदत्तले २० वर्षको उमेर हुँदा लेखेका हुन् । 'अधरे मधुरे वेणुं विन्यस्य ...' बाट शुरू गरेर 'जयति राधाविटः कोऽपि' भन्दै ३ श्लोकमा मङ्गलाचरण गर्छन् । त्यसपछि २० वर्षका युवक बाणभट्टसँग पौंठे खेल्दै ८ पङ्क्तिमा 'बभूव' भन्ने क्रियापद दिने गद्य लेख्छन् । त्यसपछि अष्टपदीको व्याख्या प्रारम्भ गर्छन् । अष्टपदीव्याख्या[1] समाप्त भएपछि यो श्लोक दिइएको छ—

बाणाङ्गवाजीन्दुमिते सुशाके समागतो विंशतिमाभ्यकार्षीत् (?)
सुकीर्तिदत्तो भवदत्तपुत्रः कृष्णातटे पर्वतनिवृतीदम् ॥५॥

त्यसपछि 'इति श्रीविंशतिवर्षदेशीयसुकृतिदत्तकविकृता वदसीत्याद्यष्टपदीव्याख्या समाप्तिमिता' भनेर लेखेका छन् । यी उपर्युक्त पङ्क्तिहरूले के स्पष्ट पार्छन् भने 'अष्टपदीव्याख्या' र 'शृङ्गारसङ्ग्रह' यी दुवै ग्रन्थ सुकृतिदत्तका प्रारम्भिक कालका रचना हुन् । तर विचार गर्ने कुरा के छ भने २० वर्षको अवस्थामा प्रौढ रचना गर्न सक्ने युवा पाउनु मुश्किलै छ । यद्यपि भारतका आद्य शङ्कराचार्यले त्यो चमत्कार देखाएका थिए भन्छन् । तर मैले प्रमाणचाहिं पाउन सकेको छैन । सुकृतिदत्तको यो प्रमाण पाउँदा हामीले खालि अर्काकै मात्र मुख ताक्ने गरेका रहेछौं भन्ने मनमा लाग्छ ।

---

१. अष्टपदीव्याख्या, विरुदावली, देवीस्तोत्र, उदाहरणचन्द्रिका, शृङ्गारसङ्ग्रह यी हस्तलेख रङ्गनाथ लोहनी र श्रीविद्याका छोरा प्रसिद्ध ज्योतिषी राधानाथ लोहनीका जेठा छोरा दामोदरनाथ लोहनीको घर ठमेल काठमाडौंमा छन् । दामोदरनाथकै सौजन्यले मैले हेर्न पाएको थिएँ । दामोदरनाथ सुकृतिदत्तकी छोरी श्रीविद्याका नाति हुन् । अष्टपदीव्याख्या भावामृत वि. सं. २०४९ मा मैले प्रकाश गराएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तवीर्योदय महाकाव्यमा नामोल्लेख भएका ग्रन्थहरू

सुकृतिदत्त पन्तका सम्पूर्ण रचनाहरूमध्ये कार्तवीर्योदय महाकाव्यको पुष्पिका-भित्र गुम्फित ग्रन्थहरूको नामावली महाकविले स्वयं दिएका छन् । महाकविले जानिसकेका रहेछन् कि भविष्यका यी ग्रन्थरत्न हेर्ने कोही हुने छैनन्, अथवा यिनको सङ्कलन गरेर एकै स्थानमा उपलब्ध गराउने कुनै हुने छैनन् ।

१) सिद्धान्तवाद

कार्तवीर्योदयको आठौं सर्गको १०२ श्लोकमा 'सिद्धान्तवादानुज' भन्ने उल्लेख भएको छ । दर्शनको सिद्धान्त हो कि, अलङ्कार अथवा काव्यसिद्धान्त हो या व्याकरणसिद्धान्त हो ? केही भन्ने या लेख्ने आधार पाइएको छैन । ग्रन्थ प्राप्त नभएसम्म यो 'सिद्धान्तवाद सिद्धान्तवादकै रूपमा रहनेछ ।

२) रत्नावली

नवौं सर्गको ११४ श्लोक महाकविले 'रत्नावलीभ्रातरि' भनेर उल्लेख गरेका छन् । रत्नावलीको पनि नामकरणबाहेक परिचय दिने सामग्री पाइएको छैन । नामकरणको दृष्टिले चाहिं यो एउटा नाटिका हुनुपर्छ भन्ने लाग्छ । शेष भविष्यले बताउनेछ ।

३) स्फोटवाद

दशौं सर्गको ११९ श्लोकमा 'स्फोटवादानुजे' भनेर उल्लेख भएको छ । यो चाहिं ग्रन्थ वैयाकरणहरूको अष्टविध स्फोटवाद र आलङ्कारिकहरूको ध्वनि बारेको आलोचनात्मक ग्रन्थमध्ये होला ! किनभने ठाउँठाउँमा त्यस्तै सङ्केत गरेको भेटिन्छ । स्फोट र ध्वनिका सम्बन्धमा विचारको आदान प्रदान अनादि सिद्ध कुरा छ ।

४) गङ्गाप्रसाद

एघारौं सर्गको १२१ श्लोकमा 'गङ्गाप्रसादानुजे' भनेर यस ग्रन्थको उल्लेख गरेका छन् । वाराणसीमा बस्दा दुवै गुरुशिष्यको गङ्गास्नान गर्ने घाट 'नारदघाट' थियो । नारदघाटमै सुकृतिले गङ्गाको महिमाबारे रचना गरेको हुनु स्वाभाविक हो । त्यस्तै गङ्गाजीले सुकृतिलाई अभीष्ट फल दिएको वर्णन हुनु पनि स्वाभाविक हुन जान्छ । कुनै कुरा मनमा लिएर गङ्गाजीमा गएर सङ्कल्प गरेको हुन सक्छ । त्यो सङ्कल्प पूरा भयो होला । त्यसैको वर्णन 'गङ्गाप्रसाद' भयो । यो ग्रन्थ आकारमा सारै ठूलो छैन होला ।

५) अलङ्कारचूडामणि

बाह्रौं सर्गको १५८ श्लोकमा 'कविकुलालङ्कारचूडामणि' भन्ने उल्लेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएको छ । यसका बारेमा धेरै तर्कवितर्क गरेपछि यो कुनै ग्रन्थको नाम हो भन्ने निष्कर्षमा पुगेको छु । उनैका आलङ्कारिक रचनाहरूमध्ये यो रचना ठूलो र सर्वश्रेष्ठ होला भन्ने मनमा राखेको छु । आठौं सर्गमा अलङ्कारहरूको छनोट हेर्दा मलाई लाग्छ उनले ठूलाठूला कविकुल-अलङ्कारचूडामणिहरूको अलङ्कार-शास्त्रबारे समालोचना गरेर आफ्नो स्वतन्त्र मतको स्थापना गरेको हुनुपर्छ । मैले जहाँ पनि उनकै ग्रन्थहरूको उद्धरण दिने विचार गरेको थिएँ । तर दुर्भाग्यले ग्रन्थ नै प्राप्त भएन ।

६) <u>मन्दारमाला</u>

तेह्रौं सर्गको अन्तिम श्लोकमा 'मन्दारमालानुजे' भनी उल्लेख आएको छ । मन्दारमालाका बारेमा सुकृतिदत्तले बाणभट्टको 'कादम्बरी' जस्तै गद्यकाव्य लेखेको हुनुपर्छ । एउटा मन्दारमाला नामक राम्रो गद्यकाव्य प्रकाशित भएको छ, तर त्यो अर्कैको नाममा छ । पूर्ण रूपमा शोध खोज नगरी यस्ता कुरा भन्न सकिने विषय होइनन् । नीलदेव पन्तका ग्रन्थहरू पनि यसरी नै लुप्त भएको हुन सक्छ ।

७) <u>छन्दःप्रबन्ध</u>

चौधौं सर्गमा 'छन्दःप्रबन्धानुजे' भनी उल्लेख भएको छ । यो आलङ्कारिक छन्दहरूका बारेमा लेखिएको ग्रन्थ हो । यसको नामले नै यो कुरा स्पष्ट बुझाएको छ । प्रचलित छन्दहरूका बारेको समालोचना वा सुकृतिको आफ्नै स्वतन्त्र रचना पनि यो हुन सक्छ, ग्रन्थ प्राप्त नभएसम्म यसै भन्न सकिन्न । जहाँसम्म मलाई लाग्छ कार्तवीर्योदय महाकाव्यमा ठाउँ-ठाउँमा प्रचलित छन्दहरूको उल्लङ्घन भएको देख्दा छन्दविषयमा सुकृतिदत्त सूरिको स्वतन्त्र विचार हुँदो हो !

माथि उल्लिखित ग्रन्थलाई कार्तवीर्योदय महाकाव्यका पुष्पिकाहरूमा सूत्रमा मणि उनेर राखेझैं गुम्फित गरेर राखेका छन् । नैषधीय क्रोडपत्र, रसमाला, रसिकरञ्जनी, व्युत्पत्तिवादटिप्पणी, शब्दशक्तिप्रकाशिका टीका, गादाधरीटीका, शब्देन्दुशेखरटीका यी सात ग्रन्थहरूको उल्लेख नैषधीयक्रोडपत्रमा भएको छ ।

कार्तवीर्योदय महाकाव्य

सुकृतिदत्त पन्तका सम्पूर्ण रचना अलौकिक वैदुष्यले भरिएका छन् । भारत विख्यात विद्वान्हरूले कार्तवीर्योदय महाकाव्यलाई चिनेका छन् । यसरी सुकृतिको सुकीर्ति भने कार्तवीर्योदय महाकाव्यले राखेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तवीर्य अर्जुन

'कृतवीर्यस्यापत्यं पुमानिति कार्तवीर्यः' कृतवीर्य शब्दमा अपत्यार्थमा 'अण्' प्रत्यय गरेर कार्तवीर्य शब्द सिद्ध गरिन्छ । कृतवीर्य चन्द्रवंशी राजा थिए । कार्तवीर्य उनका पुत्र थिए । कार्तवीर्यका हैहय, सहस्रबाहु, सहस्रार्जुन, अर्जुन आदि अनेक नाम छन् । कार्तवीर्यको राजधानी महिष्मती थियो ।

कार्तवीर्यले गुरु दत्तात्रेयका योगबलले सहस्र बाहु प्राप्त गरेका थिए । यी सहस्रबाहुले समग्र पृथ्वीमा अधिकार जमाएका थिए । लङ्कापति रावण पनि कार्तवीर्यको फन्दामा परेका थिए । पछि रावणका बाजे पुलस्त्यले छुटाएका थिए । कार्तवीर्यले जमदग्निका आश्रमबाट बाच्छासहित गाई अपहरण गरेका थिए । कार्तवीर्य चक्रवर्ती सम्राट् थिए तापनि उनलाई जमदग्निका पुत्र परशुरामले युद्धमा मारेका थिए । महाभारतको अनुशासनपर्वमा यो इतिहास स्पष्ट छ । महाकविले भने यस विषयमा कुनै चर्चा गरेका छैनन् ।

उड्डामरेश्वर तन्त्र आदिमा कार्तवीर्यको उद्देश्यले दीपदान दिने विधान छ । वाल्मीकिरामायणमा कार्तवीर्यले रावणलाई लछारेर आफ्नो घरमा बाँधेर राखेको उल्लेख विस्तृत रूपमा गरिएको छ । भागवतमा पनि विशेष चर्चा छ –

अर्जुनः कृतवीर्यस्य सप्तद्वीपेश्वरोऽभवत् ।
दत्तात्रेयाद्धरेरंशात् प्राप्तयोगमहागुणः ।।२४।।

न नूनं कार्तवीर्यस्य गतिं यास्यन्ति पार्थिवाः ।
यज्ञदानतपोयोगश्रुतवीर्यजयादिभिः ।।२५।।

(श्रीमद्भागवत ९।२३)

यद्यपि कार्तवीर्यको पुराणहरूको, महाभारतको वर्णन तथा उड्डामर आदि तन्त्रहरूमा भएको वर्णन, शैली र क्रमसमेत मिल्दैन तथापि कार्तवीर्यलाई अद्भुत चमत्कारी विष्णुका अवतार अथवा चक्रावतार मानेर दीपदान दिने र तन्त्रोक्त रीतिले कार्तवीर्यको उपासना गर्ने पद्धति विचित्र छ । तान्त्रिक सम्राट् प्रेमनिधि पन्तले 'कार्तवीर्यसपर्या' लेखेर तन्त्रपद्धतिले उपासना गरेका छन् । सुकृतिदत्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूरिले कार्तवीर्योदय महाकाव्य लेखेर नेपाली विद्वद्वृन्दलाई ठूलो सहयोग पुऱ्याएका छन् । यसरी कार्तवीर्यार्जुन भूमण्डलमा पूज्य भएका देखिन्छन् ।

महाकवि सुकृतिदत्त सूरिका चरित्रनायक कार्तवीर्य अर्जुनका नामले प्रसिद्ध छन् । यस काव्यमा पनि ठाउँ–ठाउँमा अर्जुन संज्ञाको उल्लेख भएको छ । प्रसिद्धिमा आएका अर्जुन जम्मा तीन जना छन् पाण्डुपुत्र अर्जुन, कृतवीर्यपुत्र अर्जुन र मालवा देशका राजा अर्जुन । यीमध्ये मालवाका अर्जुन तेह्रौं शताब्दीतिरका राजा थिए । प्रसिद्ध विद्वान् हरिहर यी अर्जुनका राजगुरु थिए ।[1] हरिहरले अर्जुनको प्रशस्ति लेखेर प्रभूत मात्रामा पारितोषिक पाएका थिए । पाण्डुतनय अर्जुन महाभारतका प्रमुख पात्र थिए । महाभारत भीष्मपर्वको केही अंश छुट्टयाएर 'गीता' नाम राखेर पाठ गर्ने गरेका हुनाले तथा भगवान् कृष्णका साथ अर्जुन नाम जोडिएको हुनाले पाण्डुतनय अर्जुन अत्यन्त प्रसिद्ध भएका छन् । परन्तु यी दुवै अर्जुनभन्दा भिन्नै कृतवीर्यपुत्र अर्जुन थिए । यिनैलाईसह स्रार्जुन, अर्जुन, सहस्रबाहु आदि नामले पुकारिन्छ । कार्तवीर्योदय महाकाव्यका धीरोदात्तनायक यी नै अर्जुन हुन् । यसमा सन्देह छैन ।

परन्तु महाभारत अनुशासनपर्वको १५२ अध्यायमा वर्णित कार्तवीर्य तथा श्रीमद्भागवत (६।२३।२४) मा वर्णित कार्तवीर्य 'हैहय' होइनन् । वाल्मीकि तथा विष्णुपुराणका अनुसार कार्तवीर्यलाई 'हैहय' भन्नु उचित छैन ।[2] पाठकवृन्दले यी ग्रन्थहरूका मूललाई लिई विशेष तुलनात्मक अध्ययन गर्नुहुनेछ । यहाँ विष्णुपुराणका चतुर्थांशका एघारौं अध्यायलाई जस्ताको तस्तै राखिन्छ—

रजिका सन्तान नहुष थिए । नहुषका छ भाइ छोराहरूमध्ये माहिला छोरा ययाति थिए । ययातिका जेठा छोरा यदु थिए । यदुका सहस्रजित् आदि चार भाइ छोरा थिए । सहस्रजित्का छोरा शतजित् थिए । शतजित्का हैहय, हेहय तथा वेणुहय तीन पुत्र भए । हैहयका धर्म तथा धर्मका पुत्र धर्मनेत्र थिए । धर्मनेत्रका कुन्ति, कुन्तिका सहजित् तथा सहजित्का पुत्र महिष्मान् थिए । यिनैले माहिष्मती पुरी बसाएका थिए ।

---

१. कृत्वा काव्यमवाप विश्वमहितां कीर्तिं कविग्रामणीः ।
श्रीहर्षः श्रियमद्भुतां हरिहरो लेभेऽर्जुनः क्ष्माभुजः ॥

(एकावली १।११)

२. नागरी प्रचारिणीसभाको हिन्दी विश्वकोश आदिमा यही लेखिएको छ, हुन सक्छ अशुद्ध छापियो होला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महिष्मान्का पुत्र भद्रश्रेण्य, भद्रश्रेण्यका दुर्मद, दुर्मदका पुत्र धनक थिए। यिनै धनकका कृतवीर्य, कृताग्नि, कृतधर्म तथा कृतौजा नाम गरेका चार पुत्र भए। धनकका जेठा छोरा कृतवीर्यका पुत्र अर्जुन थिए। कृतवीर्यका छोरा हुनाले उनको नाम कार्तवीर्य पऱ्यो। गोरा हुनाले अर्जुन नामले प्रसिद्ध भए। गुरु दत्तात्रेयका तपोबलले सहस्रबाहु कहलाए। कार्तवीर्यका पूर्वज यदु अत्यन्त प्रसिद्ध भएका हुनाले कार्तवीर्यलाई यदुवंशी अथवा यादवकुलभूषण पनि भनेका छन्। अझ पूर्व कुलपरम्परालाई हेर्ने हो भने कार्तवीर्य चन्द्रवंशी हुन्।

सुकृतिदत्त सूरीका धीरोदात्त नायक सप्तद्वीपका शासक यिनै कार्तवीर्य हुन्। कृष्ण विष्णुका पूर्ण अवतार थिए, कार्तवीर्य चक्रका अवतार थिए। वर्तमान युगमा तन्त्रक्षेत्रमा कार्तवीर्यको उपासना सबैभन्दा धेरै गर्छन्। तन्त्रसम्प्रदायमा पाञ्चरात्रपद्धति तथा कार्तवीर्योपासना पद्धतिलाई विष्णुक्रान्त पद्धति पनि भन्ने चलन देखिन्छ। माहिष्मती पुरीवासी सप्तद्वीपका शासक हरिका चक्रावतार नै सुकृतिदतको कार्तवीर्योदय महाकाव्यका नायक हुन पुगेका छन्।

विदर्भको राजधानी माहिष्मती

सुकृतिदत्त सूरिले कृतवीर्यपुत्र कार्तवीर्य (अर्जुन = सहस्रार्जुन) को वर्णन गर्दा विशेष रेवा, सोमपुत्री, सोमोद्भवा, नर्मदा तथा क्षिप्रा (शिप्रा) नदीहरूको गरेका चर्चा छन्। यी सबै नदीहरू वर्तमान भारतको मध्यप्रदेशभित्र पर्छन्। पुराण तथा महाभारतकालसम्म पनि वर्तमान मध्यप्रदेशको उज्जैन आदि लगायत ठाउँ विदर्भदेश कहलाउँथे। महाराज कृतवीर्य यसै विदर्भदेशका शासक थिए। कृतवीर्यको राजधानी माहिष्मती थियो। उनका पुत्र सहस्रार्जुन–सहस्रबाहु अत्यन्त योग्य, वीर, सर्वगुणसम्पन्न शासक थिए। कुण्डिननगरका[1] क्रथकैशिकवंशज[2] महाराज भोजकी पुत्री राजकुमारी कनकप्रभासँग कार्तवीर्य सहस्रार्जुनको स्वयंवर सम्पन्न भयो। कार्तवीर्य यादववंशभूषण[3] थिए।

---

१. क) नगरं खलु कुण्डिनम् (कार्तवीर्योदय ९।६)
ख) कुण्डिनेशदुहितुः (कार्तवीर्योदय १०।६२)
ग) कुण्डिननाकनाथः (कार्तवीर्योदय १४।६७)

२. क) क्रथकैशिकवंशमौक्तिकं गुणविश्रामललामधाम सः।
इह भोज इति प्रथाङ्गतो धरणीजानिरलं बिराजते ।।
(कार्तवीर्योदय ९।३५)
ख) समिति समुपयातो भोजकन्न्या कुबे त्वम् (कार्तवीर्योदय ११।६१)

३. विलोवितुं यादववंशभूषणः (कार्तवीर्योदय १३.४)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुण्डिन नगर

कार्तवीर्यको भौगोलिक देश विदर्भ तथा राजधानी माहिष्मती[१] पुरीका बारेमा विद्वान्हरूमा सन्देह छैन । परन्तु कुण्डिन नगर अथवा कुण्डिनपुरका बारेमा अवश्य सन्देह छ । सुकृतिदत सूरिले पनि विशेष सङ्केत गरेजस्तो लागेन। कुण्डिननगरका बारेमा यहाँ केही चर्चा गर्नु उचितै होला ।

वर्तमान समयमा एउटा कुण्डिननगर बिहार नालन्दाको छेउमा पर्छ । एउटा कुण्डिननगर आसाम प्रान्तमा परशुरामकुण्ड जाने बाटैमा पर्छ । यस कुण्डिन-नगरका राजा भीष्मक अत्यन्त प्रसिद्ध थिए । त्यसैले विहारको कुण्डिननगरका नभएर कामरुप्रदेशका कुण्डिननगरका शासक महाराज भोज थिए भन्न सकिन्छ । तर कार्तवीर्य त प्रसिद्धै थिए । परन्तु प्राचीनकालिक भोज, कुन्तीभोजबाहेक अरूको चर्चा वा उल्लेख देखिएको छैन । त्यसैले महाकविले 'कुन्ती' पद छोडेर भोज मात्रै लेखेका हुन् कि भन्ने तर्कना पनि हुनु स्वाभाविकै हो । तर महाकवि-लाई यस तथ्यको ज्ञान थियो । त्यसैले आदरपूर्वक लेखेका छन् । दुवै तथ्य भविष्यको शोधको गर्भमा छ । कविहरू निराधार हुँदैनन् । कुण्डिननगर आसाम सदियाको नजीक परशुरामकुण्ड जाने बाटैमा पर्छ तापनि विहारीहरूले[२] पनि कुण्डिनपुर वा नगरका अधिकारी हामी हौं भन्ने अधिकार घोषित गर्न सक्छन् । जैनाचार्य महावीरको जन्म पनि विहारकै कुण्डिन ग्राममा भएको थियो । तर कुण्डिनपुर विदर्भको छेउ कतै थियो, अथवा विदर्भभित्र पनि कतै थियो । किनभने कनकप्रभालाई पनि 'विदर्भजा'[३] भनेको पाइन्छ । त्यसैले यो भविष्यको अनु-सन्धानको गर्भमा बसेको छ भनिएको हो । यद्यपि विहारको कुण्डिनगरको प्रसिद्धि छैन । विदर्भभित्र थियो कि भन्ने कुण्डिननगरको पनि पत्ता लागेन । तर आसाम

---

१. अवन्ति, उज्जयिनी, मालवा, माहिष्मती, विदर्भ नर्मदा नदीको घाँटी-मा बसेको प्राचानी राजधानीको नाम हो (प्रा. भा. ज. रा पृ. ४०) ।

२. कुण्डिनपुरे विहारे नालन्दे प्राक् स रुक्मिणीयज्ञे । (ध्व. २ ।)

३. विदर्भजां दर्भदलाग्रबुद्धि सन्दर्भशुद्धां गिरमावभाषे ।

(कार्तवीर्योदय १२।१०३)

विदर्भको राजधानी कुण्डिनपुर थियो (म. भा. व. ६०।१९) भनी लेखेको छ भनेर (प्रा. भा. ज. रा. पृ. ६०) लेखेको छ । अनुसन्धानको विषय छँदैछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(कामरूप) सदियाको छेउको कुन्दनपुर प्राचीनकालमा पनि प्रसिद्ध थियो । आज पनि प्रसिद्ध छ । अहिले भीष्मकनगर कुन्दिनपुरको नामले प्रसिद्ध छ । त्यो अरुणाचलमा पर्छ । अरुणाचलका प्राचीन प्रसिद्ध पुरातात्त्विक अवशेषहरूमध्ये कुण्डिननगर, मालिनी स्थान, परशुरामकुण्ड आदि पर्छन् । यसको अनुसन्धान-को लागि कलमी गएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तवीर्योदय महाकाव्य

रचनाको उद्देश्य

सुकृतिदत्त सूरिका उपलब्ध र उल्लेख भएजति रचनाहरूमध्ये कार्तवीर्योदय महाकाव्यलाई अन्तिम रचना ठानेका छौं। अरू सुदृढ प्रमाण नपाउञ्जेल यही धारणा रहिरहनेछ, लुलो हुने छैन, 'ठोकुवा' पनि होइन। यस अन्तिम रचनाको प्रयोजन केवल 'नैषध महाकाव्य' को प्रतिद्वन्द्विता[1] हो। अर्को सुकृतिदत्तको गर्वोक्ति श्रीहर्षको भन्दा कम छैन। श्रीहर्षले खण्डनको मङ्गलाचरणमा 'मास्म खलः खेलतु' भनेर लेखका छन् भने प्रतिद्वन्द्वितामा उठेका कवि सुकृतिदत्तले के बाँकी राख्थे, 'सुकृतिरसौ मनुते जरत्तृणात्ति' भनिहाले! हो पनि। सुकृतिको एकएक रचनालाई हेर्दा गर्वोक्ति होइन अपितु वस्तुसत्य देखिन्छ।

माघ, भारवि, कालिदास, आदि प्रसिद्ध महाकाव्यकार सबैले पूर्वजहरूकै उच्छिष्ट अर्थात् जुठो चाटेकै हुन्। त्यस्तै मेरो कवितामा पनि प्राचीन विद्वान्हरूको शैली अथवा पदावली मिल्न पुगे भने किन उच्छिष्ट नहोला! विश्वमा नयाँ रचना गर्ने को छ? संसारमा कुनै वस्तु नयाँ छैन। संसार पनि नयाँ

---

१. श्रीहर्षकाव्यमिव सुन्दरसर्गबन्धमानन्दयुक्तमनलङ्कृतमेव नैषत्।
रम्योज्वलं कलिकथाकलितं तदीयञ्जाने जनञ्जनितहीरभवप्रकाशम् ॥३४॥
भूखण्डमण्डनमिदं विमतञ्जयिष्णुः कीरोक्तिभिर्विशदखण्डरसं महार्थम्।
ब्रह्मोत्तरं किमपि निर्वचनासहिष्णुः श्रीहर्षखण्डनमिवातिधिनोति धीरान् ॥३५॥

(कार्तवीर्योदय १ सर्ग)

नासूयामो वयमिह तुधा मत्सरत्यक्तविज्ञाः
श्रीहर्षोक्तिस्सहृदयहृदां हर्षवर्षन्तनोतु।
तुल्या हीना मम भणिति यादृशी चास्ति तस्याः
सत्यं सत्यन्निगदत तथा नानृतात्पापमन्यत् ॥

(कार्तवीर्योदय १७।२०)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होइन । जसले पनि गुरुपरम्पराको उच्छिष्ट खाएकै हुन्छ भने आफ्नो पनि कुनै न कुनै पद्य या शब्दावलीलाई रालसिंगान पुछ्नेहरूले भविष्यमा उच्छिष्ट भन्लान् भनेर शिखरिणीमालामा गर्जेका छन्[1] । भविष्यका आलोचकहरूलाई पहिले नै तर्जना गर्नु सुकृतिदत्त सूरिको दूरदर्शिता थियो । यति मात्रै होइन महाकविले आफ्नो काव्यमाथि भविष्यमा हुने आलोचना–प्रत्यालोचनाहरूको सूत्ररूपमा लुप्तोपमाका साथ आफैंले सङ्केत गरिसकेका छन् । तर मुख्य प्रयोजनका रूपमा सुकृतिले नैषध महाकाव्यको प्रतिद्वन्द्वितामा कार्तवीर्योदय महाकाव्यलाई नेपालको धरातलमा अवतरित गराएको इतिहास स्पष्ट छ ।

सुकृतिदत्तमा श्रीहर्षसँग पाखुरा सुर्काएर प्रतिद्वन्द्विता गर्ने अवसर कसरी आयो ? यो निक्कै विचारणीय विषय भएको छ । नैषध, रघुवंश, कुमारसम्भव, शिशुपालवध, किरातार्जुनीय, हरिविजय, यादवाभ्युदय, सहस्रपादुका आदि महाकाव्यहरू सुकृतिदत्त सूरिका दैलामा हात जोडेर उभिएका हुन्थे । अर्थात् सुकृतिले यी सबै काव्यहरू खारिसकेका थिए । यी महाकाव्यहरूमध्ये नैषध महाकाव्यमाथि क्रोडपत्र लेखन उनी बसे । त्यस वेला 'खण्डनखण्डखाद्य' पनि अवश्य अध्ययन गरे हुनन् । त्यसै वेला खण्डन र नैषधको पद्यात्मक अर्थात् काव्यात्मक शैलीसँग उनको भेट भयो । श्रीहर्षको शुष्क दार्शनिक मस्तिष्क पनि यतिको रसिलो काव्यात्मक हुन सक्छ भने मेरो मस्तिष्कले नवरसरुचिर किन नहुने भन्ने अठोट सुकृतिमा पलायो, फलतः कार्तवीर्योदय महाकाव्यको जन्म भयो । नेपाली विद्वान्ले लेखेको, सर्वाङ्गपूर्ण महाकाव्यको गुणले मरिभराउ भएको यस महाकाव्यका धीरोदात्त नायक नायिका कार्तवीर्य र कनकप्रभा तथा नैषध महाकाव्यमा वर्णित नल र दमयन्तीको तुलनात्मक अध्ययन गर्दा 'कतिपयपदयोजनासु वाचस्पतिरनुयातु तुलाङ्गुरोः प्रसादात्' यो गर्वोक्ति सार्थक भएको देखिन्छ । यसलाई झूटो प्रशंसा अथवा अनावश्यक घमण्ड भनी बुद्धिमा कीरा परेकाले मात्रै भन्न सक्छ । परन्तु सर्ग र श्लोक सङ्ख्याका दृष्टिले प्रतिद्वन्द्विता गरेको देखिँदैन ।

भाषाशैली

सुकृतिदत्त सूरि केवल एक विषयका विद्वान् थिएनन्, उनी न्याय, व्याकरण,

---

१. क्वचित्किञ्चिच्छैलीमनुभजतु मे नाम कविता
वुधां प्राचीनानां भवति च किमुच्छिष्टमियता ।
यतस्सन्तो धन्या जगदुपकृते शीतलगवी
प्रचारङ्कुर्वन्तो विदधति सुधांशोरनुगतिम् ।।
(कार्तवीर्योदय १७।२१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त, मीमांसा, साहित्य, तन्त्र तथा ज्यौतिष शास्त्रका अद्वितीय विद्वान् थिए। उनका समयमा उनीसँग टक्कर लिने विद्वान् काशीमा पनि खोज्नुपर्थ्यो । यो स्व. राजेश्वर शास्त्री द्राविडको कथन हो । यस्ता सुकृतिदत्त सूरिले सानासाना गनाउने विषयहरूमा हात हालेकै छैनन् । व्याकरणका शब्देन्दुशेखर, परिभाषेन्दुशेखर; नव्यन्यायमा शक्तिवाद, व्युत्पत्तिवाद, शब्दशक्तिप्रकाशिका, गादाधरी; प्राचीन न्यायमा उदयनाचार्यको किरणावली; तन्त्रमा मकरन्दस्तुति; साहित्यमा नैषधक्रोडपत्र आदि डेढ दर्जन मूर्धन्य ग्रन्थ लेखिसकेपछि यो कार्तवीर्योदय महाकाव्यको रचना भएको देखिन्छ । यस परिस्थितिमा सुकृतिदत्तको भाषा जुन कुनै विषयमा प्रौढ हुनु कुनै अत्युक्तिको विषय होइन । उपलब्ध ग्रन्थहरूमध्ये यो महाकाव्य अन्तिम रचना भएको हुनाले भाषामा तिखर–तिखरपना हुनु स्वाभाविकै हो । भाषाका बारेमा निष्पक्ष नीरक्षीरविवेचनपेशल विद्वद्वृन्दका सामुमा स्वयं काव्य नै उपस्थित छ ।

वैयाकरणहरूलाई व्यायाम गराउने क्रियापद

कार्तवीर्योदय महाकाव्यको भाषा स्वाभाविकै धारामा बगेको छ, तर पाण्डित्यपूर्ण शब्दावलीमा कठिनता आउनु अत्युक्ति होइन । कतै समासान्त पद कतै क्रियापदको जटिलता भने अवश्य नै छ, पाणिनिको अवतारले पनि डुबुल्की खाएर हम्मे गर्नुपर्ने छ । कतिपय क्रियापदहरू जस्तैः– अचीलृयन्, आप, आस, आपत्, अयष्ट, आस्त, अर्वत्, व्यसिद्धे, विसस्मरुः, वीयुः, गम्मे, गातेस्म, चुकुवे, चेलचे, ममौ, रिरमयिषुः, स्मृस्थ, ससनौ इत्यादि वैयाकरणहरूलाई अवश्य नै उठबस गराउने खालका छन् । कुनै त क्रियापदै होइनन् जस्तो लाग्छ ।

यद्यपि कालिदासका प्रशंसक विश्वमा धेरै छन् । संस्कृत जगत्मा कालिदास एउटा काव्य क्षेत्रका नक्षत्र हुन् भन्न करै लाग्छ । परन्तु कालिदास विद्वान् होइनन् अपितु वैदर्भी र उपमाका परिपाक कवि मात्र थिए । त्यसैले कालिदास र सुकृतिको तुलना गर्नु व्यर्थ छ । माघ वैयाकरण थिए, शिशुपालवधसँग भाषागत रूपमा सुकृतिको कृति आफ्नो क्षेत्रमा आफैं उत्कृष्ट छ । दण्डी र भारविमध्ये दण्डी पदलालित्यले बाँचेका छन् भने भारविले अर्थगौरवको प्रशस्ति पाएका छन् । जयदेवले 'पाञ्चालीपदावलीललितगेय' काव्यमा आफ्नो नाम सुरक्षित गरेका छन् । परन्तु यस्ता कुरा वेदान्तदेशिकका यादवाभ्युदय तथा पादुकासहस्र र हरिविजय आदि महाकाव्यको दर्शन नपाउनेहरूले भनेका हुन् ।

हर्षको 'मालुरं पचेलिमम्' जस्तै सुकृतिको 'क्षितिलेखसखः' तथा 'द्वीपनाकुनलिनोदरः' आदि शब्दप्रयोग भने अवश्य नै व्यायाम गराउने खालका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता शब्द अनेकौं स्थलहरूमा प्रयोग भएका छन् । तर 'उदिते सुकृते: काव्ये क्व माघः क्व च हीरकः' भन्ने विद्वान्हरूको पनि कमी देखिने छैन ।

मङ्गलाचरणको वैशिष्ट्य

कार्तवीर्योदय महाकाव्यको विचित्रता प्रत्येक सर्गको प्रारम्भमा गरिएको मङ्गलाचरणरूपी आफ्ना इष्ट देवी ताराको नमस्कारले व्यक्त गरेको छ । प्रारम्भिक मङ्गल वस्तुनिर्देशात्मक र नमस्कारात्मक कलाले पूर्ण छ । तर झट्ट हेर्दा केवल नमस्कारात्मक मात्रै हो कि भने जस्तो पनि लाग्छ ।

द्वितीय सर्गमा वस्तु–विषयक निर्देशात्मक मङ्गल भएको मानिन्छ । यो कुरा 'अथ' र 'धरणीश्वर' यी दुइ शब्दले बुझाउँछन् । 'कृतवीर्य' राजा हुनाले उनैका पुत्र अर्जुन=कार्तवीर्यको वस्तुनिर्देशात्मक विषय थप भएको छ । तृतीय सर्गमा पनि यता तारिणीको करुणा र उता मुनिको करुणा वस्तु र नमस्कार दुवै प्रकारको मङ्गल वर्णन छ । चतुर्थ सर्गमा 'चक्रधर' र 'क्षीरोदजा' यी शब्दले मङ्गलको रूप स्पष्ट पारेका छन् । दत्त मुनिको उपदेश सुनेर रानीसहितका राजाद्वारा पूजन गर्ने प्रसङ्गमा अर्थापत्ति रूपमा मङ्गल गरिएको छ । पाँचौं, छैटौं र सातौं सर्गमा केवल वस्तु निर्देश मात्रै भएको छ । आठौं सर्गमा कविले आफूलाई 'सत्कवि' को दाँजोमा 'वैधेय' भनेका छन् तथा आफ्ना इष्टदेव तारिणीको करुणादृष्टिको अपेक्षा राखेका छन् । नवौं सर्गमा विघ्नव्यूह हटाउनका लागि तारिणीको वन्दना गरिएको छ । दशौं सर्गमा पनि तारिणीको दयाको अवलम्बन गरिएको छ । एघारौं सर्गमा गरिएको उमाको चरणकमलको वन्दना अति मनोहर र पाण्डित्यपूर्ण छ । द्वादश सर्गमा कविले तारिणीलाई अगाडि लगाएर आफ्नो महाकाव्यरचनारूपी समुद्र सफलतापूर्वक पार गर्न चाहेको स्पष्ट बुझिन्छ । तेह्रौं सर्गमा चतुर्भुज, चतुर्वक्त्र, पञ्चवक्त्र भएका साकारको कथन गरेर कुनै निराकार 'मह' तेजका साथ ताराको नमस्कार गरिएको छ । चौधौं सर्गमा कविले तारिणीका चरणकमललाई हृदयमा राखेर ध्यान गरेको उल्लेख छ । पञ्चदश सर्गमा पनि तारिणीका चरणकमलको धूलीको वर्णन गरिएको छ र साथै नमस्कार पनि गरिएको छ । षोडश सर्गमा पनि पाण्डित्यप्रदर्शनका साथै तारिणीका चरणको ध्यान कविद्वारा गरिएको छ । सप्तदश सर्गमा केवल आफ्नो वंशको परिचय दिइएको छ ।

मङ्गलाचरणका सबै पद्य गेय तथा मुखस्थ गर्न योग्य छन्, साथै अर्थका दृष्टिले अत्यन्त वैदुष्यपूर्ण छन् । कैयौं श्लोक पण्डितहरूका लागि कसौटी बन्न पुगेका छन् । शब्दालङ्कार, अर्थालङ्कार, छन्द, अर्थ र समास सबै विचारणीय छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यशस्वी महाकवि सुकृतिदत्त सूरिले यस काव्यलाई खुरु–खुरु लेखन पाएनन्। पहिले प्रथम सर्ग लेखे होलान् । त्यसपछि स्वास्थ्यले साथ दिएन अथवा अरू नै विघ्न आइलाग्यो । त्यो सर्ग त्यत्तिकै थन्कियो । केही समयपछि फेरि अर्को सर्ग शुरू गरे, फेरि रोकियो । यसरी चतुर्थ सर्ग थालेपछि लगातार पाँच, छ र सात सर्गसम्म लेखेर सिद्ध्याए । फेरि त्यस्तै विघ्न पऱ्यो । ८ देखि १५ सम्मका सर्गहरू त्यस्तै विघ्नव्यूह र प्रत्यूहका समूहमा केही महीना अथवा केही वर्ष रोकिए; अर्थात् पन्ध्रौं सर्गमा कविले केही समय बिसाए । कविको हृदय र मस्तिष्कमा कहाँसम्म थियो भन्न सकिन्न । तर कारणवश महाकविले यस काव्यको समाप्ति पन्ध्रौं सर्गमा गरेका थिए । कविले स्वयं 'काव्येऽस्मिन् कृतवीर्यसूनुचरिते तारापदाब्जार्पिते' भनेर पुष्पिकामा स्पष्ट भनेका छन् । ग्रन्थ समाप्त नभएसम्म इष्टदेवतालाई समर्पण गर्ने प्रसङ्ग आउँदैन ।

सुकृतिदत्तलाई कार्तवीर्योदयको रचना प्रारम्भ गरेपछि धेरैपटक बिसाउँदै शुरू गर्दै फेरि बिसाउँदै गर्नुपऱ्यो । यसरी पन्ध्रौं सर्ग पुगेपछि कविको वार्धक्य नै सबैभन्दा ठूलो उच्चाटन वैरी भयो होला । अनि उनी तारालाई अर्पण गरेर बसे। केही वर्षपछि फेरि केही विसेक भए । अनि १६ र १७ सर्ग थपेपछि मिति लगाएर छोडे । त्यसपछि महाकवि यस धराधाममा धेरै दिन नरहेजस्तो लाग्छ ।

कुलकहरूको प्रयोग

कार्तवीर्योदय महाकाव्यको अर्को विशेषता यसमा भएको 'कुलक' को प्रयोग हो । यसमा प्रचुर मात्रामा मुक्तक, युग्मक, विशेषक, कुलकहरूको प्रयोग भएको छ ।[1] पाँच श्लोक, सात श्लोक, तथा नौ श्लोक आदिमा कविले वाक्यार्थ पूरा

---

१. साकाङ्क्षावयवं भेदे परानाकाङ्क्षशब्दकम् ।
क्रियाप्रधानं गुणवदेकार्थं वाक्यमिष्यते ।।

(महिमभट्टको व्यक्तिविवेक)

मुक्तक श्लोकमा वाक्यार्थ पूरा हुन्छ । अरू श्लोकबाट मुक्त भएको हुनाले मुक्तक नाम विशेष आलङ्कारिकहरूले दिएका हुन् । दुइवटा श्लोकमा वाक्यार्थ पूरा भएमा 'युग्मक' हुन्छ, वाक्यार्थबोधका लागि अन्यत्र जानुपर्दैन। तीन श्लोकभित्र वाक्यार्थ पूरा भएमा विशेषक हुन्छ । पाँच, सात तथा नौ सङ्ख्या-सम्मका श्लोकहरूमा वाक्यार्थ पूरा भएमा पनि 'कुलक' नै हुन्छ । सहायक क्रियापदहरू धेरै भए पनि प्रधान क्रियापद एकै हुनुपर्छ भन्ने आलङ्कारिक शिरोमणिहरूको धारणा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका छन्; त्यसैले 'पञ्चभिः कुलकम्', 'सप्तभिः कुलकम्,' 'नवभिः कुलकम्' भनेर ठाउँ-ठाउँमा निर्देश पनि गरेका छन्। युग्मक र विशेषकचाहिँ निर्देश नगरेका स्थलविशेषमा पनि छन्। यी कुलकहरू कविले काव्यवैचित्र्यका लागि प्रयोग गरेका होलान्। यसरी मुक्तक, युग्मक, विशेषक तथा कुलकहरूको प्रयोग गर्नु कविको वैशिष्ट्य नै हो।

रस-प्रयोग

'रस्यते-आस्वाद्यते इति रसः' यस व्युत्पत्तिका आधारमा रस शब्दले षड्रसलाई पनि बोध गराउँछ।[1] तर यसको सम्बन्ध श्रव्यकाव्य र दृश्यकाव्यगत नवरससँग छ। ती रसहरूमध्ये यस काव्यमा शृङ्गार रस प्रधान रहेको छ। नवौं सर्गको कनकप्रभा स्वयंवरोपक्रम शृङ्गार रसको अनुपम छटा हो। स्वयंवरको उपक्रममा विदर्भनगर गमनका वेलामा वर्णित शृङ्गारिक छटा आफ्नै प्रकारको छ। एकादश सर्गको प्रभात वर्णन, स्वयंवरस्थलमा गएको वर्णन तथा चौधौं

---

१. क) 'रसो वै सः' (तैत्तिरीय उपनिषद् ३।६)

ख) 'विगलितवेद्यान्तरसंवेद्यो रसः' (अभिनवगुप्तः)

ग) रस आस्वादनस्नेहयोरिति धात्वर्थः। तथा च तिस्रो व्युत्पत्तयोऽभ्युपयन्ति विपश्चितः। रसयतीति रसः यो हि सामाजिकान् रसयति-आस्वादयति आस्वादमानन्दं प्रापयति स रसः।

रस्यत इति रसः, यस्सामाजिकै रस्यते-आस्वाद्यते-आस्वादविषयीक्रियते रसः सः।

रस्यतेऽनेनेति रसः। अत्र करणार्थकव्युत्पत्तिद्वाराभ्युपगतः रसशब्दार्थो नाविन्यप्राविण्येन प्रामुख्यं भजत इति निश्चप्रचङ्गदितुं प्रभवामः। शृङ्गारादयो हि रसास्यहृदयानां स्वान्ते रसमुत्पादयन्ति।

अतोऽपि हेतोस्तेषां रसविषयिकी करणतोपपद्यते। अतएव व्युत्पत्तिङ्करणधौरेया विविधार्थेषु रसशब्दप्रयोगेनाभिव्यञ्जयन्ति। पुरुषशरीरस्य धातुविशेषः। कटुकादिरसविशेषः। विभावादीनां स्थायिभावेन सह संयोगादुत्पन्नः काव्यशास्त्रसम्मतरसः। नितान्तनिर्मलमुकुलितस्यान्तःकरणभक्तेरुत्पन्नानन्दोऽपि रसः। अत एव 'स एव रसानां रसतमः' (छा. उ. १।३) विश्वनाथस्यापि 'लोकोत्तरचमत्कारप्राणः कैश्चित्प्रमातृभिः स्वाकारवदभिन्नत्वेनायमास्वाद्यते रसः' (साहित्यदर्पणे ३।३) अत एव ब्रह्मानन्दसहोदरत्वमुच्यते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्गको कार्तवीर्यको विवाहको वर्णन शृङ्गार रसका परिपाक हुन् । १५ सर्गमा प्रावृट् तथा शरद्वर्णन, समुद्रविहार, सप्तद्वीप विहारको वर्णन गर्दा महाकविले शृङ्गार रसले ओतप्रोत गराएका छन् । प्रत्येक सर्गमा प्रसङ्गानुसार शृङ्गारमाला गुम्फित भए पनि वीर, हास्य, करुणा, रौद्र, बीभत्स आदि रसहरू पनि प्रसङ्गानुसार अनायासै हात जोडेर उपस्थित हुन पुगेका छन् । चतुर्दश सर्गमा रावणको दर्प भङ्ग हुँदा वीर रसको सम्पुट उदाहरण योग्य देखिन्छ । द्वादश सर्गको १३३ श्लोकलाई बीभत्स रसको उदाहरणमा राख्न सकिन्छ ।

यस्तै अरू रसको परिपाक मूल काव्यको अध्ययनबाट स्पष्ट हुन्छ । अनुभाव, विभावको स्वरूपलाई उद्दीपन विभावको पराकाष्ठामा राख्दा यस काव्यमा विप्रलम्भ शृङ्गार र सम्भोग शृङ्गार दुवैको रूप स्पष्ट पारेको देखिन्छ । यस काव्यमा उपसंहारको रूपमा अन्तिम रसको परिपाक 'शान्त' रसमा पर्यवसित भएको देखिन्छ । किनभने १६ सर्गमा यज्ञयाग आदि गरेर पुण्यलाभ गरेपछि न्याय, वैशेषिक, बौद्ध, सांख्य, वेदान्त आदि दर्शनहरूका माध्यमले मोक्ष अथवा मुक्तिको स्वरूप विचार गरी कार्तवीर्यको मुखबाट (सदा चिदानन्दमयस्वरूपावाप्ति मुक्ति) स्वीकार गराएका छन् । कयौं स्थानमा निर्वेद पनि 'शान्त' रसमा परिपाक बनेको देखिन्छ ।

निष्केवल-तालव्य आदिको प्रयोग

कविले काव्य रचना गर्दा निष्केवल–तालव्य, निर्मूर्धन्य, निष्केवल-दन्त्य, निष्केवल–ओष्ठ्य, निरनुनासिकसन्ध्यक्षर, निर्दन्त्यौष्ठ्यसन्ध्यक्षर, निरूष्मान्तःस्थ, एकजातीयस्वर, द्विव्यञ्जन, चतुर्व्यञ्जन, पादगोमूत्रिका, अर्द्धगोमूत्रिका, श्लोकगोमूत्रिका, प्रतिलोमार्ध, अपुनरुक्तव्यञ्जन, पूर्वप्रतिलोमापरपद्य, अनुलोमप्रतिलोमैकपाद, द्वितीयतृतीयगूढादिपाद, यमकसङ्कर, सर्वतोभद्र द्व्यक्षर, दशदलपद्मबन्ध, षोडशदलपद्मबन्ध, द्वाभ्यां खड्गबन्ध, धनुर्बन्ध, त्रिशूलबन्ध, विरोधाभास, पुनरुक्तवदाभास, श्लेषलाटानुप्रास, छेकानुप्रास, वृत्यनुप्रास, समुद्गकयमक, महायमक, द्वाभ्यां धेनुबन्ध, हारबन्ध आदि शब्दालङ्कारको परिपूर्ण प्रयोग गरेका छन् । अकारादि क्रमले श्लोक रचना भएको महाकाव्य कार्तवीर्योदय मात्रै हो । अन्य महाकाव्यहरूमा यो विशेषता पाइएको छैन । कतै ओझेल परेका होलान् कि ? त्यो अर्कै कुरा हो । यसरी उक्त शब्दालङ्कारादिको प्रयोगबाहुल्य कार्तवीर्योदय महाकाव्यको अर्को विशेषता हो ।

अलङ्कारको प्रयोग

महाकवि सुकृतिदत्त सूरिले आफ्नो अमर महाकाव्यको आठौं सर्ग १०२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोकको रचना गरेका छन् । यसै सर्गभित्र उपमा, रूपक, अनुमान, स्मृति, उत्तर, अधिक, सामान्य, विशेष, समाधि आदि भेद र उपभेद गरी जम्मा ८० अलङ्कार-हरूका प्रयोग गरेका छन् । यसको तात्पर्य अरू सर्गहरूमा अलङ्कारै छैनन् भन्न खोजेको चाहिँ होइन । अन्यत्र पनि उपमा, उत्प्रेक्षा, रूपक, भ्रान्तिमान आदि र उपभेदको अनायास प्रयोग भएको छ । परन्तु आठौं सर्गमा 'अर्थालङ्कार' को पाण्डित्यप्रदर्शन गर्दा महाकविले यसभित्र आफ्नो रचनालाई उदाहरण बनाएर प्रयोग गरेका छन् । यो पनि कार्तवीर्योदय महाकाव्यको एउटा विशेषता नै हो ।

सुकृतिदत्त सूरिले अलङ्कार, छन्द, रीति, गुण आदिका लक्षण र उदाहरण आदिको प्रयोग आफ्नै कविकुलालङ्कारचूडामणि, रसमाला तथा रसिकरञ्जनी आदि ग्रन्थहरूमा गरेको बुझिन्छ । महाकविले 'नैषधीयक्रोडपत्र' को तेस्रो पानामा उक्त कुराको स्वयं उल्लेख गरेका छन् । तर दुर्भाग्यले सबै ग्रन्थ उपलब्ध छैनन् । उक्त क्रोडपत्र पाएपछि खोजका लागि निक्कै परिश्रम गरें, तर परिश्रम व्यर्थ भएको छ । हिक्मत हारेको छैन । सबै कुरा खानु; तर हरेस नखानु । हरेस खाने साधक आफ्नो लक्ष्यसम्म पुग्न सक्दैन । सुकृतिका ग्रन्थहरूका बारेमा पनि यही नै सोचेको छु ।

ध्वनिको प्रयोग

प्रथम सर्गमा महाकवि सुकृतिदत्त सूरिले माहिष्मती नगरीको छेउमा कल-कल निनाद गर्दै बगेकी रेवा नदीको स्वाभाविक वर्णन गर्दा 'ध्वनिचारु' शब्दको प्रयोग गरेका छन् । रेवाको तरङ्ग मानौं आफ्नो भुजा फैलाएर कल्लोल शब्दले गीत गाएजस्तै सुनिन्छ । त्यस गीतको मधुर ध्वनि रेवाको शब्दमा हुन सक्दैन । तर उत्प्रेक्षा मात्रै हो । मानौं तौर्यत्रिक वाद्यको अनुकरण हो । यहाँ 'चारुध्वनि' मा परेको 'ध्वनि' शब्दले ध्वनिसम्प्रदायलाई स्पष्ट रूपमा स्वीकार गरेको देखिन्छ । परन्तु शब्दतः 'ध्वनिचारु' को अर्थ रेवा नदीको सुन्दर शब्दमा नै जोडिए पनि काव्यको आत्मा नै ध्वनि[1] हो भन्ने सिद्धान्तको परिपाक सुकृतिले देखाएका

१. क) काव्यस्यात्मक ध्वनिः (ध्वन्यालोक १।१)
ख) शब्दो नाम ध्वनिः (तै. प्रा. त्रि. भा २।१)
ग) प्रतीतपदार्थको लोके ध्वनिशब्देनोच्यते (महाभाष्य १।१।१७)
घ) स्फोटः शब्दो ध्वनिः शब्दगुणः (महाभाष्य १।१।७०)
ङ) स्फोटः शब्दो ध्वनिः (हरिवृत्ति १।२२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । यस ध्वनिलाई भाषावैज्ञानिक महावैयाकरण भर्तृहरिले काव्य भनेर 'स्फोट' शब्दको व्यवहार गरेको देखिन्छ । यसरी ध्वनिलाई काव्यको आत्मा स्वीकार गर्ने ध्वनिकाव्यको संस्थापकाचार्य आनन्दवर्धनले पनि स्फोटलाई नै ध्वनि मानेजस्तो बुझिन्छ । 'प्रथमे हि विद्वांसो वैयाकरणाः व्याकरणमूलत्वात्सर्वविद्यानाम्' आनन्दवर्धनले यस पङ्क्तिलाई लेखेर शब्द र अर्थले सम्मिलित शब्द प्रधान नै काव्य हुन्छ भन्न खोजेका हुन् । कालिदासको 'वागर्थाविव संपृक्तौ' (रघुवंश १।१) ले यसै पक्षलाई ध्वनित गर्छ । शब्दावली भिन्न हुनु अर्कै कुरा हो । त्यसैले सुकृतिदत्तको लक्ष्य पनि वाच्यवाचकभावैमा टुङ्गिएको छ । रेवा नदीको ध्वनिचारुता केवल 'गङ्गायां घोषः' जत्तिकै मात्र हो । अब आलङ्कारिक अथवा ग्रन्थ निर्मत्सर तत्त्वबुभुत्सु विद्वान्हरूले लक्षणा, व्यञ्जना अथवा अभिधाले अर्थ लगाए पनि हुन्छ ।

'श्रूयमाणेषु वर्णेषु ध्वनिरिति व्यवहरन्ति' तथा 'प्रतीतपदार्थको लोके ध्वनिशब्देनोच्यते' भनेर पतञ्जलि, भर्तृहरि आदिले ध्वनि शब्दको व्याख्या गरेका छन् । त्यसैले ध्वनि शब्द एकलकाटे शब्द होइन, व्यापक शब्द हो। 'वाच्यवाचकाभ्याम्–अर्थशब्दाभ्यां मिलितः शब्दात्मा=शब्दप्रधानः, काव्यम् व्यञ्जकत्वसाम्यात् ध्वनिः' शब्द नभई अर्थ हुँदैन । अर्थ नभएको शब्द पनि हुँदैन । तर नवुझ्नु अर्कै कुरा हो । त्यसो हुँदा शब्दप्रधान काव्यको नाम 'ध्वनि' (आनन्दवर्धनाचार्यको मत) ठीक देखिन्छ । तर यहाँ व्युत्पत्तिका भेदले अर्को लाक्षा लेखेको देखिन्छ । ध्वनि शब्दको व्युत्पत्ति गराइबाट अभीष्टार्थ निकाल्ने प्रयास गरिएको छ ।

ध्वनिशब्दको व्युत्पत्तिलभ्य अर्थ

ध्वनि शब्दको कैयौं प्रकारको व्युत्पत्ति गरेर आ–आफ्नो अर्थ सिद्ध गर्ने चेष्टा विद्वान्हरूले गरेको देखिन्छ । कुन सही कुनचाहिं असही भन्ने कुरा छुट्टै देखिदैन । तापनि प्रकरणवश व्युत्पत्ति तथा अर्थ गराइको परिपाटी बुझिन्छ । 'ध्वनयति यः स ध्वनिः' यस व्युत्पत्तिले ध्वनित गर्ने व्यञ्जक शब्द नै ध्वनि हो भन्ने अर्थ हुन्छ । 'ध्वनयति ध्वनति वा यः स ध्वनिः' यस व्युत्पत्तिले व्यञ्जक–अर्थपरक ध्वनि शब्दको अर्थ भएको देखिन्छ । 'ध्वन्यते यः स ध्वनिः' यस व्युत्पत्तिद्वारा रस अलङ्कारादि वस्तुलाई ध्वनि भन्ने अर्थ स्पष्ट हुन्छ । 'ध्वन्यतेऽनेनेति ध्वनिः' यस विग्रहले शब्दार्थ व्यापारपरक ध्वनि शब्दको अर्थ गरेको देखिन्छ । करणार्थक व्युत्पत्तिलभ्य ध्वनिमा कैयौं आलङ्कारिक कुराहरूले आग्रह गरेको देखिन्छ । 'ध्वन्यतेऽस्मिन्–इति ध्वनिः' यस व्युत्पत्तिले जसमा रस अलङ्कार आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्वनित हुन्छ त्यही ध्वनि हो भन्ने अर्थ हुन्छ । यसै अर्थमा ध्वनि शब्द काव्यपरक हुन पुगेको छ । करण र अधिकरण–अर्थमा रुचि राख्ने विद्वान्हरूको मात्रा धेरै छ। यी विग्रह व्युत्पत्तिमध्ये 'यदिच्छसि तथा कुरु' गर्नेहरूको मात्रा कम छैन। प्रकृतमा जो ध्वनित भएको छ, त्यही अर्थ तत्त्वबुभुत्सुजनले लिने गरेका छन् । परन्तु काव्यमा ठाउँठाउँमा प्रयोग भएको ध्वनि शब्द प्रसङ्गानुसार विद्वज्जन-ग्राह्य छ । 'लसद् ध्वनिस्सत्कविता च कान्ता' (कार्तवीर्योदय १०।८) आदिमा महाकविले उक्त कुराको सङ्केत दिएको देखिन्छ ।

अभिधाको प्रयोग

कार्तवीर्योदय महाकाव्यमा अभिधा शब्दको प्रयोग गर्दा 'व्यञ्जयत्यभिधयापि दुरापम्' (३।४७) भन्ने पद्यावली प्रयोग भएको छ । 'अभिधीयते = वाच्यवाचकत्वेन कथ्यते निर्वचनं क्रियते वा यया सा अभिधा' यस विग्रहले वस्तुस्वरूप कथन (शब्दार्थले कथन मात्र) अभिधाको अर्थ स्पष्ट हुन्छ । अथवा 'अभिधीयते यया सा अभिधा' यस व्युत्पत्तिमा 'अभिहितानाम्, अभिधाशक्त्या प्रतीतानामर्थानाम् अन्वयः य परस्परसम्बन्धः सः अभिहितान्वयवादः' यसैलाई भट्टमीमांसकले स्वीकारे गरेका छन् । किनभने अभिधाशक्ति र ज्ञात पदार्थको परस्पर सम्बन्धको नाम हो अभिहितान्वय । यस सिद्धान्तअनुसार त्यसलाई अभिहितान्वयवाद भनिएको हो । यस पक्षलाई लिएर कुमारिल भट्टले ठूलो तहल्का मच्चाए । यसै अभिधाशक्तिवादीलाई पदार्थवादी पनि भन्दछन् । यिनका मतमा 'देवदत्तो गच्छति' यस वाक्यमा प्रथम देवदत्त पदार्थको बोध हुन्छ । त्यसपछि गच्छति पदार्थको बोध भयो। तेस्रा क्षणमा देवदत्त र गच्छति दुवै पदार्थको अन्वय सम्बन्ध माने । त्यसपछि चतुर्थ क्षणमा तात्पर्याख्य शक्तिले वाक्यार्थको प्रतीति हुन्छ। परन्तु अन्विताभिधानवादी प्रभाकर (गुरु) आदिले खण्ड वाक्यार्थलाई मान्दैनन् । किनभने शब्दहरूका वाक्यमा अन्वय सम्बन्ध हुन्छ । अन्विताभिधानवादीलाई वाक्यार्थवादी पनि भन्दछन् । यिनका सिद्धान्तमा अन्वित पदयुक्त वाक्यले अन्वित वाक्यार्थको प्रतीति हुन्छ । गुरुमतमा पदहरूको स्वतन्त्र अर्थ छैन । त्यसैले 'अन्वितानां परस्परं गौणप्रधानभावेन सम्बद्धानामर्थानाम् अभिधानं यत्र तदन्विताभिधानम् ।' गौण तथा प्रधान भावले देवदत्त र गच्छति पदार्थको अभिधाशक्तिद्वारा प्रतीति हुन्छ । अभिधाशक्तिले नै अखण्डवाक्यार्थको बोध हुन्छ ।

माथि उल्लिखित दुवै थरीको मत प्रसिद्ध छ । कुनचाहिँ उचित हो भन्ने बारेमा अभिधा, लक्षणा, व्यञ्जना आदिका विशारदहरूले अहिलेसम्म हाईकोर्टमा मात्रै पुऱ्याएका छन् । दुवै पक्षका वकील बराबरै देखिन्छन् मुद्दा पेश गर्ने तरीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र प्रमाण सामग्री पनि उत्तिकै छन् । परन्तु यस विवादमा अथवा सिद्धान्तमा सुकृति पनि नपरेका होइनन् । उनले कार्तवीर्योदय (३।४४–४९) मा भाक्त, गौणी निरूढा, अभिधा, व्यञ्जना तथा योगशक्तिलाई आफ्ना शब्दावलीमा मार्मिक ढङ्गले भनेका छन् । त्यसैमा एउटै शब्दले 'अभिधया दुरापं व्यञ्जयति' भनी अभिधार्थको तात्पर्य बुझाएका छन् ।

लक्षणाको प्रयोग

सुकृतिदत्तले आफ्ना अमर कीर्तिमा लक्षणा शब्दको प्रयोग नगरी 'भाक्तमर्थमपहाय' शब्दले तीन प्रकारका लक्षणाका उदाहरण प्रस्तुत गरेका छन् । सीधा 'भाक्त' का उदाहरणमा 'सुहृद्य' र 'कुशल' शब्द दिइएको छ । गौणी भक्तिको उदाहरणमा 'अग्नि माणवकम्' पद दिइएको छ । तेस्रो लक्षणाको उदाहरणमा 'सुनिरूढा' भनिएको छ । निरूढा लक्षणलाई मीमांसकहरू पनि अनादि परम्पराबाट चलिआएको भनी मान्दछन्, वैयाकरणहरूले चाहिं प्रसिद्धावृत्ति र अप्रसिद्धावृत्तिका नामले मान्दछन् । तर दूधभात भन्नु र खीर भन्नुमा धेरै फरक देखिंदैन।

भाक्त शब्दको अर्थ

यहाँ 'भाक्त' भक्तिबाट आएकालाई भनेका हुन् । 'भज्यते सेव्यते बुधैः प्रसिद्धतया–उद्घोष्यत इति भक्तिः'[1], ततः आगत इति भाक्तं गौणम्' यसको व्युत्पतिलभ्य–अर्थ हो गौणी गर्भलक्षणा । यसलाई 'अग्निर्माणवकः' 'सिंहो माणवकः' आदि उदाहरणहरूमा घटाउन सकिन्छ । रूढार्थ, यौगिकार्थ, योगरूढार्थ, आदि शब्द व्यापार स्थलमा प्रयोग गर्दछन् । त्यसैले मुख्यार्थ अथवा तात्पर्यार्थ बाधित हुँदा 'भाक्त' अर्थात् लाक्षणिक– अर्थ विद्वद्गोष्ठीमा गर्ने चलन छ । परन्तु विद्वान्हरूले मात्र होइन अपितु अभिधा, लक्षणा र व्यञ्जना, प्रयोग नगर्ने र नबुझ्ने साधारण गाउँले, गोठाले आदिले पनि 'खोलैमा घर छ' भनेको सुनिन्छ। गोठालाले 'गङ्गायां घोषः' शब्दलाई सुनेकै छैनन्, फेरि पनि तात्पर्यार्थ बाधित वाक्य प्रयोग गरेर आफ्नो व्यवहार गर्छ । जस्तै पानीको प्रवाह नभएकालाई

---

१. भज्यते-सेव्यते भगवदाकारमन्तःकरणं क्रियतेऽनयेति करणव्युत्पत्त्या भक्तिशब्देन श्रवणकीर्तनादिसाधनमभिधीयते (भ. रसा.) भक्तिशब्देऽत्र व्युत्पत्तिभेदः । अतएव व्युत्पत्तिवैलक्षण्यात् भक्तिशब्दस्यैकत्वेऽपि–अर्थवैलक्षण्यमभ्युपयन्ति विदः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोला भन्ने चलन छैन। त्यस्तै 'भगीरथखातावच्छिन्न' जलप्रवाह नभएकालाई गङ्गा भनिँदैन। पानीको प्रवाहमाथि घर हुन सक्दैन। त्यसैले अभिधेयार्थ वा तात्पर्यार्थ बाधित भयो। अतः 'जहदजहत्' अथवा अनादि परम्परा निरूढा लक्षणाको आश्रय लिएर 'खोलैमा घर छ' भन्ने वाक्य-अर्थको खोलाको किनारैमा घर रहेछ भन्ने तात्पर्यार्थ बुझिन्छ।

व्यञ्जनाको प्रयोग

आलङ्कारिक शिरोमणिहरूले व्यञ्जनालाई पनि स्थान दिएकै छन्। 'किमर्थं गङ्गायां घोषः ?' शैत्यत्वपावनत्वावच्छिन्नत्वाद् गङ्गायां घोषः' भन्ने गरेका छन्। अर्थात् शीतल तथा पवित्र हुनाले, साथै प्रशस्त मात्रामा पानी चलाउन पाइने हुनाले गङ्गा या खोलामा घर बनाएर बसेको अर्थ व्यञ्जनाले गर्ने गरेका छन्। 'गतस्त्वमर्कः' 'सा एव चैत्रक्षपा' आदि वाक्यहरूमा व्यञ्जनालाई झुण्ड्याउने गरेका छन्। यसरी महाकवि सुकृतिदत्तले पनि 'गाङ्गतोऽपि तततोऽतिशुचिश्च' (३।४७) भनेर व्यञ्जनावृत्तिको अभिव्यक्ति गरेको देखिन्छ।

महाकाव्यको लक्षण तथा भेद

'कु शब्दे' तथा 'कवृ वर्णने' धातुबाट 'कौति-कवते इति' यस व्युत्पत्तिमा 'कविः' शब्द निष्पन्न हुन्छ। 'कवृ' धातुका अर्थमा कैयौं धातुपाठहरूमा 'वर्णने' पाठ छैन, परन्तु 'कवृ वर्णे' पाठ छ। परन्तु 'धातुसार' आदिमा 'कवृ वर्णने' भ्वादिपाठ देखिन्छ। त्यसैले 'कु शब्दे' को अर्थ शब्द गर्नु मात्र हो। तर 'कवृ वर्णने' धातुबाट 'कवते ग्रथ्नाति स्वहार्दभावान् पद्यरूपेण इति कविः' जसले अन्तरात्माको तलस्पर्शी भावलाई मार्मिक कवितारूप दिएर व्यक्त गर्छ त्यसलाई कवि भनिन्छ। 'कवेर्भाव कर्म वा काव्यम्' कविको भाव नै लेखनी व्यापार कर्ममा परिणत भएपछि वर्णात्मक काव्य कहलाउँछ। वर्णात्मक काव्य पनि दृश्यकाव्य र श्रव्यकाव्य भेदले दुइ प्रकारका हुन्छन्। नाटकहरू जति छन् ती सबै दृश्य हुन्, किनभने पात्रहरूलाई मञ्चमा मञ्चन नगरेसम्म दृश्य हुनै सक्तैन।

दृश्यकाव्यका रूपमा उपलब्ध रचनाहरूमा छविलाल सूरि ढुङ्गेलका सुन्दरचरित, कुशलवोदय, धर्मगुप्तको महीरावणवध, कालिदासको शाकुन्तल आदि उदाहरण दिन योग्य छन्। श्रव्यकाव्य भनेको सुनेर रसास्वादन गरिने काव्य वा महाकाव्यलाई भनिन्छ। यी पनि दुइ प्रकारका हुन्छन्— खण्डकाव्य र महाकाव्य। खण्डकाव्यमा कालिदासको मेघदूत, गुणराज खनालको रुक्मिणीहरण आदि लिन सकिन्छ भने महाकाव्यमा नैषध, शिशुपालवध, किरातार्जुनीय, कार्त-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्योदय, सत्यहरिश्चन्द्र आदिलाई लिन सकिन्छ । श्रव्यकाव्यमा लघुत्रयी र बृहत्त्रयी भेद गरी दुइ प्रकारका प्रख्यात छन् । यीमध्ये नैषध, शिशुपालवध, किरातार्जुनीयलाई कसैले बृहत्त्रयीमा राखेका छन् भने धेरैको यस कुरामा सहमति छैन । तर कार्तवीर्योदय महाकाव्य नैषधको प्रतिद्वन्द्वी भएको हुनाले नैषधको प्रतिद्वन्द्विताभा नै रहनेछ ।

महाकाव्यको लक्षण गर्दा अग्निपुराणमा 'काव्यं स्फुरदलङ्कारं गुणवद्दोषवर्जितम्' (३३७।६।७) भनेर लेखेको छ । प्रसादादि गुणले प्रकाशित तथा स्फुट अलङ्कारहरूले युक्त दोषरहित काव्य हुन्छ भन्ने पुराणकारको अभिप्राय हो । गुण, अलङ्कार, लक्षणा र रीतिले युक्त निर्दोष रचना नै काव्य हो भनी चन्द्रालोककारले भनेका छन् । परन्तु काव्यप्रकाशकार मम्मटका अनुसार 'तददोषौ शब्दार्थौ सगुणौ–अनलङ्कृती पुनः क्वापि' (काव्यप्रकाश १।३) अर्थात् अलङ्कारले युक्त, गुणसहित, दोषरहित शब्दार्थलाई काव्य भनिन्छ । कतै कतै अलङ्कार नभए पनि 'काव्य' पद व्यवहार हुन्छ भनेर काव्यको लक्षण गरेको देखिन्छ । परन्तु यो लक्षण विश्वनाथलाई मन परेन र 'रसात्मकं वाक्यं काव्यम्'[1] (साहित्यदर्पण १।३) रसात्मक वाक्य नै काव्य हो भनेर लेखे । मम्मटको काव्यलक्षणको विशेष्यांशलाई छुन नसके पनि विशेषणांशलाई विश्वनाथले निकै हल्लाएको देखिन्छ । यसरी नै पण्डितराज जगन्नाथले पनि मम्मटको काव्यलक्षणलाई मानेनन् । त्यसैले 'रमणीयार्थप्रतिपादकशब्दः काव्यम्' भनेर काव्यको लक्षण गरे । रमणीय अर्थलाई प्रतिपादन गर्ने शब्दावली जसमा प्रयोग भएको छ, त्यसैलाई काव्य भन्छन् । परन्तु विश्वेश्वर पाण्डेयले अलङ्कारकौस्तुभमा तिनैलाई उभ्याएका छन् । विश्वेश्वर पाण्डेय अलङ्कारशास्त्रका अन्तिम विद्वान् थिए भन्छन् । मेरो विचारमा काव्य र अलङ्कारका रचयिता सुकृतिदत्त अन्तिम विद्वान् हुन् । काव्यका लक्षण

---

१. लक्षणं हि यदव्याप्ति-अतिव्याप्ति असम्भवदोषत्रयशून्यत्वे सति असाधारणधर्मत्वम् । प्रकृतलक्षणे चोद्देश्यविधेयभावसङ्घटनावसरे काव्यनिष्ठोद्देश्यतानिरूपितरसात्मकवाक्यनिष्ठविधेयताऽभ्युपगम्यत आहोस्वित् रसात्मकवाक्यनिष्ठोद्देश्यतानिरूपितकाव्यनिष्ठविधेयता वा । तथैव रमणीयार्थप्रतिपादकशब्दनिष्ठोद्देश्यतानिरूपितकाव्यनिष्ठविधेयता— अथवा काव्यनिष्ठोद्देश्यतानिरूपित–रमणीयार्थप्रतिपादकशब्दनिष्ठविधेयता किमभ्युपयते ? लक्षणद्वयेऽपि परस्पराश्रयो वदतो व्याघातः । प्रतिपित्सुजनसौकर्याय सम्बन्ध-सम्बन्धी विचारः। सम्बन्धश्च विशिष्टप्रतीतिनियामक इति (अलङ्कारशिरोमणि २।४७) उपर्युक्तदोषाः प्रसक्ता एव प्रतिभान्ति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सयकडौं विद्वान्हरूले गरेका छन्, गर्ने पनि छन् । यी माथिका लक्षणहरूमा कार्तवीर्योदय कुन कसीमा कसिने हो, अथवा कस्नुपर्ने हो यो तथ्य अलङ्कार-काननकण्ठीरवजनमाथि छोडेको छु ।

कार्तवीर्योदय काव्य महाकाव्य हो कि होइन भन्ने तर्कना पनि हुनु स्वाभाविकै हो । यस तर्कनाका उत्तरमा साहित्यदर्पणकार विश्वनाथ महापात्रलाई नै अगाडि सार्ने विचार उत्पन्न भयो ममा । विश्वनाथ महापात्रले लेखेका छन्—

सर्गबन्धो महाकाव्यं तत्रैको नायक सुरः ।
सद्वंशः क्षत्रियो वाऽपि धीरोदात्तगुणान्वितः ।।

(साहित्यदर्पण ६।३१५)

अर्थात् महाकाव्य सर्गबन्धले युक्त हुनुपर्छ । काव्यको नायक शूरवीर सद्वंश क्षत्रिय हुनाका साथ धीरोदात्त गुणले परिपूर्ण हुनुपर्छ । अथवा जातिविशेषमा आग्रह छैन; शूर, वीर र धीरोदात्त गुणले युक्त भए हुन्छ । आठ सर्गभन्दा बढी नै हुनुपर्छ । द्वीप द्वीपान्तरको वर्णन, समुद्रविहार, वर्षा, शरद्, वसन्त आदि ऋतुहरूको सरस वर्णन महाकाव्यका लक्षणभित्र पर्छन् ।

प्रकृत कार्तवीर्योदमा सर्वगुण सम्पन्न धीरोदात्त नायक छन् । नायक उत्तम यदुकुलभूषण हुन् । यस रचनामा द्वीप, द्वीपान्तरको वर्णन प्रचुर मात्रामा छ । वर्षा, शरद्, समुद्र, खोलानाला, वनजङ्गल आदिको वर्णन तथा कविको वंशपरिचय-सहित जम्मा १७ सर्गमा यस काव्यको समाप्ति भएको छ । त्यसैले यो महाकाव्य सर्वगुण सम्पन्न भएको हुनाले कार्तवीर्योदय महाकाव्य नाम सार्थक छ । महाकाव्यको लक्षणले परिपूर्ण यो वि. सं. १९२८ को अन्तिम महाकाव्य हो । यसपछि यस कोटिको महाकाव्यको रचना भएको देखिएको छैन । काव्य, महाकाव्य भारत र नेपालमा गरी दर्जनौं लेखिएका छन् । तर कार्तवीर्यका छेउमा जान सबै डराएका छन् । भविष्यलाई नभनौं अहिलेसम्म कार्तवीर्योदयले नैषधसँग लाप्पा खेलेर बाकसभित्र बन्द रहनु अरूको नभए पनि नेपालीको त भाग्य नै फुटेको हो भन्न कर लाग्छ ।

धीरोदात्त नायक र नायिका

कार्तवीर्योदय महाकाव्यका नायक तीनै लोकमा विख्यात सर्वगुणसम्पन्न विष्णुको चक्रावतार अर्जुन महाराज कृतवीर्यका पुत्र हुन् । कृतवीर्य सन्तानरहित थिए । महाराज कृतवीर्य सपत्नीक दत्तमुनिका आश्रममा गए । पुत्रप्राप्तिको आशीर्वाद प्राप्त भएपछि 'अर्जुन' को जन्म भयो । जातसंस्कार, चूडाकरण आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै कर्म दत्तमुनिले गरे । विद्यारम्भ पनि दत्तमुनिले नै गराए । तपोवनको क्षेम-आश्रममा बसेर अर्जुनले समस्त विद्याध्ययन गरी सर्वशास्त्र सम्पन्न भएपछि विदर्भनगरको राजधानी माहिष्मती नगरीमा फर्के । यता कुण्डिननरेश महाराज भोजपुत्री कनकप्रभा जाज्वल्यमाना थिइन् । सर्वगुणसम्पन्न कार्तवीर्य-अर्जुनको नाम तथा उनका गुणराशिको वर्णन सुनेर भोजपुत्रीमा मिलनको उत्सुकता दिन-दिनै बढ्दै थियो । सर्वलक्षणसम्पन्ना अन्वयवती, विनयवती, लावण्यवती कनक-प्रभाका आभाले कार्तवीर्य अर्जुनका युगल श्रुतिपुटलाई पनि छुन पुग्यो । विस्तारै स्वयंवरमा आबद्ध भएपछि उनीहरू महाराजा कार्तवीर्य र महारानी कनकप्रभाको रूपमा प्रख्यात भए । यसरी धीरोदात्त नायक र नायिकाले युक्त काव्य र नायक-का बारेमा कविले स्वयं आफना अमर लेखनीले उल्लेख गरेका छन् । सर्वाङ्ग परिपूर्ण स्मृतिशास्त्रहरूमा उल्लेख भएको लोकविख्यात नायक यस काव्यले पाउनु कविकल्पना होइन, अपितु वस्तुसत्य हो । कविका शब्दावलीमा हेर्नुहोस् —

भङ्गश्लेषप्रचुरमुदयद्बह्वनुप्रासपद्यं
धीरोदात्तस्मृतिगदितलसन्नायकं पूर्णमङ्गैः ।
वीरप्रागखिलरसयुतन्नातिसंक्षिप्तसर्गं (?)
प्रायो व्यङ्ग्यप्रकटितचमत्कारसारप्रचारम् ।।

यसरी कविले धीरोदात्त नायकका साथै काव्यको विशेषताको वर्णन पनि सूत्र रूपमा गरेका छन् । वस्तुतः स्मृति, पुराण, तन्त्रादिमा प्रख्यात कार्तवीर्य नै यस काव्यका धीरोदात्त नायक हुन् ।

प्रसाद गुण

प्राचीनकालिक-आलङ्कारिकहरूले आ-आफना गुण मान्दै आएका छन् । दार्शनिकहरूले सत्वलाई तमस्, रजस् गुण मानेका छन् । पाणिनि आदि शाब्दिक-हरूले अ, ए, ओ, लाई गुण मानेका छन् । नैयायिकहरूले रूप, रसादि २४ गुण स्वीकार गरेका छन् । यस्तै आलङ्कारिकहरूले प्रसाद, माधुर्य र ओज तीन काव्यगत गुण मानेका छन् । कुन मान्ने र कुन नमान्ने भन्ने प्रश्न गर्ने ठाउँ छैन । तत्तत् विषयहरूमा सबैको गुण मान्य छ । प्रकृतमा सुकृतिदत्त सूरिले स्वीकार गरेर आफनै कवितामा राखेका गुणहरू काव्यगुणरसिक तत्त्वबुभुत्सुजनसमक्ष प्रस्तुत गरिँदै छ । कार्तवीर्यलाई राज्य सुम्पेर कृतवीर्य तपोवनतिर जाँदा कविले (प्रसादगुणयुक्त) निम्न श्लोक प्रस्तुत गरेका छन्—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उटजविपुलसौधः शान्तिराज्ञी विहारी शमदमसचिवाद्यः कामकोपादिशत्रून् ।
द्रुततरमभिभूय प्राप्तयोगाग्रभूमिर्व्यहरदतुलसौख्ये भूमिजानिः पुराणः ।।
(कार्तवीर्योदय ८।९६)

यस पद्यमा कविले उटजलाई सौध (धनिक निवास) तथा शान्तिलाई पटरानी, शम, दम आदिलाई सचिव, कामक्रोधादि शत्रुलाई जितेर योगको तुर्यभूमिमा राजाले विहार गर्नु नै प्रसाद गुणको उदाहरण मानेका छन् । महाकाव्यहरूमा प्रायः प्रसाद गुण नै प्रधान रूपले स्वीकार गरेको देखिन्छ । परन्तु कार्तवीर्योदयकारले जुन ठाउँमा जस्तो आवश्यकता पर्‍यो त्यहाँ त्यही गुण, त्यही रीति अवलम्बन गरेको देखिन्छ ।

उपर्युक्त प्रसाद गुण स्वयं कविका मूलको उदाहरण हो । प्रसाद गुणको विशेषता नै झट्ट अर्थको प्रतीति हनु हो । शीघ्र अर्थको प्रतीति नभएमा प्रसाद गुण मानिदैन । प्रस्तुत उदाहरणमा प्रसाद गुणको झलक राम्रो भएको देखिन्छ ।

माधुर्य गुण

अथ कनकतनूजोत्पश्य मायान्तनूजे
गुरुपदमनुयास्यन्मौनमाधाय वेषम् ।
मितहितवचनेनाश्वासयन्पुत्रपौत्रान्
तपसि विहितकामो मन्दिरात्संप्रतस्थे ।।
(कार्तवीर्योदय ८।९७)

माधुर्य गुणको अर्थ नै मीठो हुनु हो । जुन पद्य वा कवितामा कोमल पदावलीको प्रयोग भएको हुन्छ तथा समान ध्वनिहरूको प्रयोग अर्थात् अनुप्रास अलङ्कारको बाहुल्य छ; जुन कवितामा लामो समास र मूर्धन्य वर्ण ट, ढ आदिका र सन्ध्यक्षरको प्रायः अभाव हुन्छ, त्यही नै रचना माधुर्य गुणले युक्त मानिन्छ । सुकृतिका काव्यमा माधुर्य गुणले भरिभराउ अनुप्रासललित पदावलीको कुनै कमी छैन । प्रसाद र माधुर्य गुणको प्रधानता यस काव्यको विशेषता हो । हर्षको नैषधलाई कैयौंले प्रसाद गुणयुक्त काव्य हो भनेर लेखेका छन् ।

तर महावैयाकरण र साहित्यका विद्वान् हुँ भन्नेहरूलाई पनि अर्थांशमा घोरिनै पर्छ । सुकृतिका सबै पद्य त्यस्ता छैनन् । प्रतिद्वन्द्विताका कारण र प्रखर पाण्डित्यका कारणले गर्दा भाषामा क्लिष्टपना आउनु अर्कै कुरा हो ।

ओज गुण

माधुर्य गुणमा निषिद्ध ध्वनि अर्थात् ट, ढ, ड, आदिको प्रयोग, सन्ध्यक्षरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रचुर प्रयोग तथा लामा-लामा समास ओज गुणका लक्षण हुन् । यस प्रकारको कविता शैलीलाई आलङ्कारिकहरूले 'गौडी रीति' भन्ने संज्ञा दिएका छन् । यो ओज गुण तथा गौडी रीतिको प्रयोग विशेषतः वीररसप्रधान काव्यहरूमा हुने गर्दछ । परन्तु प्रसङ्गवश अन्यत्र पनि प्रयोग गर्न सकिन्छ । सुकृतिदत्त सूरिको ओज गुणको प्रस्तुत उदाहरणलाई लिन सकिन्छ -

> कर्णाभ्यर्णविकृष्टसृष्टगरलज्वालाज्वलत्कुण्डलि-
> व्यात्ता भीषणतुण्डतुल्यविनमत्प्रोद्दण्डकोदण्डतः ।
> क्षिप्रक्षिप्रविपक्षपक्षविलसत्क्षोणीन्दुलक्षात्रसत्
> वाक्ष्यालक्ष्यविलक्षलक्षनिकरः क्षेमं दधौ क्षमापतिः ।।

(कार्तवीर्योदय ८।१०१)

गुणसाङ्कर्य

माधुर्य, प्रसाद, ओज तीनै गुणहरूमा प्रयोग गरिने वर्णहरूको सम्मिश्रण पाइने रचनालाई गुणसाङ्कर्य संज्ञा दिएका छन् काव्यकारले । गुणसाङ्कर्य सबै काव्य र महाकाव्य स्तोत्र आदिमा पाइन्छ । गुणसाङ्कर्यबाट एक दुइ मात्र बाँचेका छन् कि ! त्यसैले गुण, रीति र आलङ्कारिक दृष्टिले मात्र कुनै आचार्यहरूको पद्यरचनालाई हेरिँदैन किनभने उनीहरू साङ्कर्यमा परेकै हुन्छन् । वेदान्तदेशिक स्वामी, रूप गोस्वामी, जीव गोस्वामी, सनातन गोस्वामी र अप्पय दीक्षित जस्तालाई छोडेर अरू सबै साङ्कर्यको भागी भएकै देखिन्छन् । यहाँसम्म कि ठूला-ठूला कविहरूमा पनि 'साङ्कर्य' पाइन्छ । सुकृतिदत्तले पनि आफ्ना रचनामा स्वयंले उदाहरण प्रस्तुत गरेका छन् -

> गते ताते कश्चिद्दिवसगणमुद्विग्नहृदय-
> स्ततो राज्याशक्तिः क्षपितपितृविश्लेषशुक् (?)
> स चक्रे स्वे चक्रे नवनवजनानन्दमनिशम्
> तदात्वे चायत्यामपि सकलयोगैर्नरपतिः ।।

(कार्तवीर्योदय ८।१००)

छन्द प्रयोग

महाकवि सुकृतिदत्त सूरिले अरू काव्यगत विधाहरू जस्तै छन्दहरूलाई मूल काव्यभित्र सूत्रमा मोतीका दाना उनेजस्तै उनेर राखेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्रग्धराको दुग्धधारा

विशालगृहपङ्क्तिकोपवनमालिनी
कृत्रिमाभिनव्यनगशालिनी शिखरिणी कक्षे स्थिताः ।
वसन्ततिलकावली सदृशसुन्दरी,
संवृता कथं रुचिरपद्मका भवतु दैव सैषा पुरी ॥
(कार्तवीर्योदय १।३१)

स्रग्धराको छटा

एनं श्रीनाथशर्वद्वियमतिमतुलाखर्वगर्वारिवर्गा-
ग्राहव्यूहा[1]द्गजेन्द्राज्ज[2]रठकमठकाद्वै जयन्तीतरङ्गात् ।
कोदण्डामन्थदण्डात्सुतसुतरलतरवाय्याहवक्षीरवाद्धेः (?)
सेवेंते चन्द्रलक्ष्मौ निरवधिजलधिस्रग्धरायान्धरायाम् ॥

शिखरिणीमालाको प्रयोग

मधुभ्राम्यद्भृङ्गीमधुररवसंवादितदिशि
विहन्तुञ्चेद्ग्रीष्मे हिमिशिखरिणी हा सुवदने ?
वृणु द्विट्पद्मालीशिशिरमहसं सुन्दरहसन्
त्वमेनं भूपालं समुचितमनङ्गप्रतिकृतिम् ॥

शार्दूलविक्रीडित छन्दको प्रयोग

प्रालेयाचलपादकाननदरीरध्यस्य निर्यज्झरी-
राशिलष्य क्षितिपालमेनमुदितं शार्दूलविक्रीडितम् ।
आलीनां व्यजनानि लेपि विमुखी ग्रीष्मे प्रवालोत्तरे
तल्पे निर्विश कामकौतुककलानन्दं कलेशानने ॥

पृथ्वी छन्दको प्रयोग

इदन्नृपगुणोत्कराकलनकाल एवादरात्
समीपसमितार्जुनेदृशमुपादधे भूपजा ।
निजान्तिकसमागतस्त्रितमध्यान्यदास्था कृता
तिरस्कृतिकला भवेज्जगति कापि पृथ्वी नृणाम् ॥

१. 'व्यूढ' इति पाठः ।
२. 'ज' इति पाठः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मालिनी जातिको प्रयोगछटा

कनकजननभूवं प्राप्य सा क्षेममूर्तिन्नरपतिमभिलिषे नेतरं राजपुत्री ।
विकशितसहकारं माधवे मासि लब्धा तदितरतरुजाले मालिनी भूत्समुत्का ।।

(कार्तवीर्योदय १२।१५३-५७)

यसरी नै द्वादश सर्गको अन्ततिरमा मन्दाक्रान्ता, स्रग्धरा, शिखरिणी, शार्दूलविक्रीडित, पृथ्वी तथा मालिनीको छटा घटाच्छन्न भएर बसेको छ। १३ सर्गमा 'मन्दाक्रान्तातरुणहरिणो तीरवानीरभूमौ' (१३।२१) आदिमा छन्दको छटा आफ्नो अमर महाकाव्यमा प्रयोग गरेका छन् ।

अनुष्टुप् छन्दको प्रयोग केवल १५ सर्गमा गरेका छन्, तर त्यहाँ दिल खोलेर २६८ श्लोकसम्म कलम नरोकिकन दगुराएको देखिन्छ । शब्दहरूको हेरफेर भए पनि पदलालित्य र रसमाधुर्यमा अन्तर आएको छैन । कविले ९ सर्गमा पनि श्लोकहरूका मध्यमा अरू छन्द गाभेका छन् ।

अरू काव्यमा नपाइने विशेषता

कार्तवीर्योदय महाकाव्यलाई एउटै आँखाले हेरेर हुँदैन । यसका कयौं विशेषताहरू यस्ता छन् जो नैषध, शिशुपालवध, किरातार्जुनीय, हरिविजय, राघवपाण्डवीय, कृष्णार्जुनीय, रघुवंश आदि प्रसिद्ध ठूला मानिएका काव्यहरूमा पनि पाइँदैनन् । फुटकर रूपमा कसैले लेखेका छन् भने बेग्लै कुरा हो । तर आजसम्म नपाइएको शैलीमा अकारादि वर्णक्रम क्ष, त्र, ज्ञसम्मका ९९ श्लोक महाकविले सप्तम सर्गमा दिएका छन् । त्यसो गर्दा पनि प्रसङ्ग र कथावस्तुमा फरक पर्न दिइएको छैन । काव्यगत सौन्दर्यमा पनि कमी ल्याएको छैन । यस प्रकारको महाकाव्य अहिलेसम्म यही मात्र हो भन्दा अत्युक्ति नहोला । यस दृष्टिले सुकृतिवत्तको यो महाकाव्यको सातौं सर्गसँग तुलना गर्न सकिने महाकाव्य अर्को देखिँदैन । यो कार्तवीर्योदयको अमर विशेषता हो । महाकाव्यमा हुनुपर्ने लक्षण, गुण र प्रयोग यस काव्यको सातौं सर्गमा पूर्ण रूपले भएको छ । यस प्रकारको चमत्कारपूर्ण शब्दालङ्कार यसै सर्गमा छ । आठौं सर्गमा कविले ८४ अलङ्कार प्रयोग गरेका छन् । अर्काको उधारो लिने कवि र महाकविहरू पनि धेरै छन् । तर अलङ्कार र ओज, माधुर्य, प्रसाद गुण आदि पूर्वाचार्यहरूकै मान्दै आए पनि उद्धरण स्वतन्त्र रूपमा कविका आफ्नै छन् । यी विशेषताहरू अरू महाकाव्यहरूमा पाइँदैनन् । यसरी अन्यका महाकाव्यलाई सुकृतिवत्त सूरिको महाकाव्यसँग तुलना गर्नु पनि अनधिकार चेष्टा मात्र हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तवीर्योदयको रीति

कविले यस महाकाव्यमा विशेषतया सबैभन्दा सजिलो वैदर्भी रीति नै अपनाएको देखिन्छ कतै–कतै 'समासबहुला गौडी' भनेर गौडी रीतिको दिग्दर्शन पनि गरिएको छ। परन्तु वैदर्भी रीति नै मुख्य रीति भएको छ। कतै–कतै पदहरूमा पाञ्चालीले पनि ठाउँ पाएको छ। रीतिका सम्बन्धमा आलङ्कारिकहरूले उपमा अलङ्कार र वैदर्भी रीतिको परिपाक अवस्था दर्शाउने कालिदास हुन् भनेर औंल्याएका छन्। भारविलाई अर्थगौरव सुम्पेका छन्। दण्डीलाई पदलालित्यका सम्राट् भनेका छन्। यसै गरी 'माघे सन्ति त्रयो गुणाः' पनि भनेका छन्। फेरि 'नवसर्गगते माघे नवशब्दो न विद्यते', अर्थात् माघको शिशुपालवध काव्यको ८–९ सर्ग पढिसक्दा कुनै नयाँ शब्द रहँदैनन् पनि भन्छन्।

फेरि कुनै विद्वान् पड्केर गर्जिए — 'उदिते नैषधे काव्ये क्व माघः क्व च भारविः'। अर्कालि पनि 'काव्य' भन्ने शब्दलाई छोडेर 'भानौ' वा कसैले त 'सूर्य' आदि पद जोडेर हरिसुत श्रीहर्षको नैषधलाई नै सर्वश्रेष्ठ काव्य ठहऱ्याए। रस, छन्द, अलङ्कार रीति, अभिधावृत्ति, लक्षणा, व्यञ्जना आदिको सफल प्रयोगले यो सर्वगुणसम्पन्न महाकाव्य हो भनेर धेरैले भनेका छन्। महाकवि सुकृतिदत्त सूरिले श्रीहर्षलाई पनि ललकारेको देखिन्छ। कैयौं पदहरूमा देवगुरु बृहस्पति पनि गुरुकृपाले अनुगमन गर्नेछन् भन्ने महाकविको गर्वोक्ति सुन्न नसक्नेहरूले कार्तवीर्योदय महाकाव्यमा रीतिको अभाव देख्नेछन्। कैयौं मानिएका आलङ्कारिकहरूले प्रेसकापी देखेर नै कविको लोकोत्तर वैदुष्यको चमत्कार मात्रै हो भनेका छन्।

आलङ्कारिकहरूले वैदर्भीको दश गुण मानेका छन्। जस्तै —

श्लेषः प्रसादः समता माधुर्यं सुकुमारता।
अर्थव्यक्तिरुदारत्वमोजकान्तिसमाधयः ॥
इति वैदर्भमार्गस्य प्राणा दशगुणाः स्मृताः।

यसलाई भरत, दण्डी, आदिले स्वीकारेका छन्। तर वामन भने दश शब्दगुण र दश अर्थगुण मान्दछन्। मम्मट, आनन्दवर्धन आदिले ओजमाधुर्य र प्रसाद गुणभित्रै अरू गुणलाई अन्तर्भाव गरेर मानेका छन्। सुकृतिले मानेका कुरा काव्यभित्र स्पष्टै छ। नमूनाका रूपमा वैदर्भीलाई हेरौं —

अनेन यूना तव कम्बुकण्ठि स्वयैव शोभास्य धराधिपस्य।
तडिद्विलासेन विना न मेघो मेघं विना भाति तथा तडिन्न ॥

(कार्तवीर्योदय १२।१०५)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदर्भी रीतिको अर्को छटा

वैदर्भी रीति रीतिहरूमा सर्वोत्तम रीति हो । त्यसैले सबै कवि र महाकवि- हरूले वैदर्भी रीतिलाई छोडेका छैनन् । बीभत्स, वीर, आदि रसको भाव प्रकट गर्नुलाई गौडी रीतिको शब्दावली उपयुक्त मानिए पनि समस्त काव्यमा गौडी रीतिलाई राख्न सकिन्छ । धेरै तिक्खर हुनाले गुण पनि दोषजस्तै हुन्छ। पाञ्चाली मात्रै पनि सर्वत्र हृदयग्राही हुँदैन । 'लाटी' लाई सबैले स्वीकार गरेका छैनन् । त्यसैले प्रस्तुत महाकाव्यमा वैदर्भी, गौडी तथा पाञ्चाली तीनै रीतिहरूको प्रयोग देखिन्छ ।

वैदर्भी रीतिको एउटा सुन्दर उदाहरण प्रस्तुत छ —

इत्थं सखीवाक्यविलोभिताऽपि सा तत्र भूपे लुलुभे न विज्ञा ।
शौरिप्रभा केनचिदर्थिताऽपि नजातु देवान्तरमभ्युपैति ।।

(कार्तवीर्योदय १२।१३४)

बीभत्स रसमा गौडी रीति

क्रन्दत्फेरुरटत्कफेरुनिपतद्गृध्रं द्रवत्कौणपम्
नृत्यद्भूतगणं हसद्यमभटं कृत्वारिपूर्णाबलम् ।
अस्यार्तजितभानुबाडवबृहद्भानुः प्रतापोत्करः
त्रैलोक्यं तिमिरोज्झितं कलयितुञ्चाकल्पमाकल्पते ।।

(कार्तवीर्योदय १२।१३३)

सामान्यतया 'समासबहुला गौडी' भन्ने चलन छ । तर केवल दीर्घ समास मात्रै होइन अपितु टवर्ग, रकार आदि कठिन वर्णविन्यासका साथ समासबहुला हुँदा गौडी आफ्नो रूपमा पूर्ण हुन्छ । त्यो यहाँ स्पष्टै छ ।

अनुप्रास र उत्प्रेक्षाको छविमा पाञ्चाली रीतिको छटा

जलजञ्जलवासजन्मना तपसा तत्पवताङ्कितं तनुः ।
यदिदं श्रितचारुहंसकं कविवाक्यैर्मधुरैश्च संस्तुतम् ।।

(कार्तवीर्योदय ६।९५)

यस पद्यमा कविद्वारा पाञ्चाली रीतिको प्रदर्शन अनायास हुन गएकाले अनुप्रास र उत्प्रेक्षा अलङ्कारको सुन्दर छटा प्रस्तुत भएको छ । पाञ्चालीको अर्को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदर्शन गर्दा अनुप्रासको मनोहर छटा प्रस्तुत भएको छ। साथै लुप्त–उपमा पनि अनायास स्फुट भएको छ। जस्तै—

मदमत्तमरालमानिनी मनसा मन्दगमाभिमानकम् ।
विजहाति विदर्भसुभ्रुवो गतिमालोक्य विलासलालिताम् ।।

(कार्तवीर्योदय ६।६६)

कोमलपदावलीललिता–अनुप्रासबहुला–क्वचित्समासरहिता नै पाञ्चालीको विशेष गुण हो। शुद्ध पाञ्चालीको प्रयोग भएको काव्य जयदेवको 'गीतगोविन्द' प्रसिद्ध छ। परन्तु उपर्युक्त पद्यलाई मनन गर्दा पाञ्चालीमा पनि सुकृतिदत्तको कलम पछाडि छैन भन्ने लागेको छ। ६ सर्ग र १५ सर्गका धेरै जसा पद्यहरू वैदर्भी र पाञ्चालीका छटाले भरिएका देखिन्छन्, तर तीनै रीतिको प्रयोग भएको छ। तथापि आधिक्य कुनचाहिंको छ त्यो अलङ्काररीतिरसास्वादनचतुरजन-समक्ष छोडिएको छ।

*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तवीर्योदय महाकाव्यको संक्षिप्त कथावस्तु

प्रथम सर्ग

महाकवि सुकृतिदत्त पन्त मूलतः तान्त्रिक उपासक थिए । उनका कुलदेवता लक्ष्मीनारायण तथा इष्टदेवता तारा थिए । ताराका यिनी अनन्य उपासक थिए। त्यसैले विघ्न शमनको लागि महाकाव्यको मङ्गल श्लोक (शिखरिणी छन्द) मा आफ्ना इष्टदेव तारालाई स्मरण गर्दछन् । दुइ श्लोकमा ताराको स्तुति गरेपछि कार्तवीर्य (अर्जुन) को महिमा गान गर्छन्— जसको नाम आज पनि समस्त भूमण्डलमा विद्यमान छ, त्यस कार्तवीर्यको महिमाको गुणगान गर्दा मेरो बुद्धि र वाणी दुवै पवित्र हुनेछन् र मैले लेखेको काव्यकथाले पूर्वज र भविष्यका दुवै परम्परालाई पवित्र पारोस् ।

गुणग्राही सत्कवि विद्वज्जन तथा माहिष्मती नगरीको प्रशंसाका साथै रेवा नदीको हृदयस्पर्शी मनोहर वर्णन छ । यसै प्रसङ्गमा पर्यायमा नर्मदा[1] को पनि मनोहर वर्णन विलक्षण शब्दावलीमा छ । कार्तवीर्यको राजधानीको वर्णन गर्दा इन्द्रको 'अमरावती' सँग तुलना गर्दै यो दोस्रो अमरावती हो भन्ने कुराको मनोहारी वर्णन काव्यमा पाइन्छ । द्विजबालाहरूले न्याय, व्याकरण, स्मृति आदिको अध्ययन गर्ने; अध्यापकगणद्वारा न्यायका पक्ष, विपक्ष आदिमा व्याकरण आख्यात कृत्, तद्धित आदिमा साङ्ख्यका प्रकृति पुरुष वेदान्त योग विषय आदिमा शास्त्रार्थ एवं चर्चा गरिने; नयाँ वसन्त ऋतु सधैं भान हुने; महर्घ हीरा, मोती, रत्न आदिले सुशोभित हुने माहिष्मती पुरी छ भन्ने वर्णन महाकाव्यमा कविले

---

१. कैयौं विद्वान्हरूको भनाइअनुसार रेवा र नर्मदा पर्यायवाची संज्ञा हुन्, कैयौंले शोणभद्रलाई रेवा भनेर मानिएको हो पनि भन्दछन् । परन्तु ती दुवै पर्यायवाची नै हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका छन् । जसमा दिग्गज विद्वान्हरू विराजमान छन् । जुन नगरीमा श्रीहर्ष-जस्ता खण्डनखण्डखाद्यका पङ्क्तिहरूको खण्डन गर्ने विद्वान् पनि थिए । अथवा कालिदास र भारविजस्ता सुन्दर कविता रच्ने सुकविहरूले भरिएको, कृष्ण र अर्जुनको गीतारूपी युक्तिले सुशोभित भएको त्यो पुरी थियो । कतै उपवन नाना प्रकारका वृक्षलताहरूले सुशोभित भएको छ । जसमा सुन्दर देवाङ्गनातुल्य युवतिहरू विहार गर्छन् । जुन नगरीमा प्रतिगृहहरूमा सधैं द्वारपाल सुसज्जित छन् । सबैंलाई क्षेम दिने माहिष्मती नगरीको जय होस् भनी प्रथम सर्गको संक्षिप्त कथा वस्तुको वर्णन गरिएको छ । प्रथम[१] सर्ग जम्मा ४५ श्लोकको छ । यसरी माहिष्मती वर्णनको कथावस्तु प्रथम सर्गमा रहेको छ ।

द्वितीय सर्ग

त्यस माहिष्मती नगरीमा समस्त जनताको हित गर्ने समस्त गुणले युक्त अत्यन्त पराक्रमशाली कृतवीर्य राजाले राज गर्दथे यस सर्गमा राजा कृतवीर्यको विद्या, दान, धर्म, यज्ञ आदिको अत्यन्त मनोहारी तथा हृदयग्राही वर्णन गरेका छन् कविले । महाराजा कृतवीर्यको राजधानी माहिष्मती नै भए पनि उनी तपोबल र शौर्यले सम्पूर्ण विश्वमा उदीयमान थिए । त्यसैले कृतवीर्यदेखि हार्ने राजा र महाराजाहरूले सुन, चाँदी, हीरा, मोती आदि दिएर बिदा गर्थे । माहिष्मतीका प्रजावर्गले उनको जयजयकार गर्थे । यस्ता सर्वगुणसम्पन्न महाराज कृतवीर्यले सम्पूर्ण सांसारिक बन्धनलाई छोडी मुनिवेश धारण गरेर समस्त विश्वको पूजनीय क्षेमधामस्थित गुरु दत्तात्रेयको आश्रममा पदार्पण गरे । यस सर्गमा अनेक छन्द

१. यस सर्गमा शिखरिणी, उपजाति, इन्द्रवज्रा, उपेन्द्रवज्रा, वसन्ततिलका, रथोद्धता, शिशुलीला, मालिनी, शार्दूलविक्रीडित र तीन अप्रचलित छन्द गरी जम्मा १३ छन्दको प्रयोग महाकविले गरेका छन् । गुणग्राही विज्ञ पाठक तथा अलङ्कारशिरोमणि विद्वान्हरूले यस महाकाव्यलाई पढ्दा कट्टै 'अशुद्ध' को हिलोले नछयाप्नुहोला । किनभने महाकविजीका छन्दःप्रबन्ध, अलङ्कारचूडामणि, रसमाला आदि ग्रन्थहरू प्राप्त हुन सकेनन् । मेरो विचारमा छन्दःसम्बन्धी विचार महाकविले आफ्नो स्वतन्त्र रचना 'छन्दःप्रबन्ध' मा गरेको हुनुपर्छ र आफ्नो स्वतन्त्र मत राखेको हुन सक्छ । त्यसैले महाकविभित्र धेरै ठाउँमा 'पिङ्गलच्छन्दःसूत्र' 'वृत्तरत्नाकर' 'वृत्तमाला' 'छन्दःकौमुदी' आदिमा पाइने छन्दहरूको नियम मिलेको देखिएन । त्यसैले मैले घोर परिश्रम गरेर पनि काट्ने प्रयास गरिनँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग गर्नुको साथ उत्कृष्ट काव्यात्मक शैलीमा वर्णन भएको छ । यो महाकवि मुक्तिदत्तको वैलक्षण्य हो । यसरी द्वितीय सर्गमा ५८ श्लोकमा[1] सर्ग पूरा भएको छ ।

तृतीय सर्ग

महाराज कृतवीर्य सपत्नीक गुरु दत्तको क्षेमधाममा पुगेपछि उनले महर्षि दत्तात्रेयको राजोचित सम्मान र शिष्टाचारपूर्वक प्रणाम गरे । त्यसपछि एकान्तमा लगेर राजोचित शिष्टाचारका साथ गुरु दत्तात्रेयले पनि राज्यको कुशल क्षेम सोधे ।

सौभाग्यले मुनीश्वर ! दर्शन प्राप्त भयो । यो सौभाग्य यहाँकै आशीर्वादले पाएको हो । यस्ता सम्मानोचित वचनले मुनीश्वर दत्तात्रेयलाई उत्तर दिएपछि मुनीश्वर दत्तात्रेयले पूर्ण आशीर्वाद दिए । पुत्रवान् हुने आशीर्वाद लिएर महाराज कृतवीर्य सपत्नीक आफ्नो राजधानी माहिष्मती फर्के । माहिष्मतीमा प्रजाले ठूलो उत्सवका साथ महाराजा र महारानी दुवैको स्वागत गरे । दुवैले प्रजाको कुशलक्षेम सोधे । फेरि उसै प्रकार राज्य गर्न लागे । ६२ श्लोकमा[2] यो सर्ग पूरा भएको छ ।

चतुर्थ सर्ग

दत्त मुनिले दिएको आशीर्वाद र उपदेशहरूको चिन्तन र मनन गर्दै क्षेम आश्रमबाट रानीसमेत फर्केपछि संसाररूपी समुद्र पारकर्ता भगवान् चक्रधरको पूजा गरे । स्वयं भगवान् चक्रधर अर्थात् विष्णुले नै उनको मूल सन्ततिको रक्षाका लागि जन्म लिए । त्यस बालकको नाम श्वेत = अर्जुन राखे । यिनीले सम्पूर्ण ब्रह्माण्डमा अघटित घटना घटाउनेछन् -- 'अघटितघटना पटीयसी माया' भनियो । विदर्भ देशमा 'कनकप्रभा' नामले श्वेत = अर्जुनकी सहधर्मचरीको रूपमा अवतरित हुने भन्ने पूर्व सूचनाअनुसार त्यस वचनको पनि पालना भयो । यसरी सम्पूर्ण लोककल्याणका लागि महाराज कृतवीर्यका पुत्रका रूपमा स्वयं भगवान्

१. द्वितीय सर्गमा केवल वियोगिनीमा महाकविले काव्यगत हृदय खोलेका छन् । उपसंहार मात्र शार्दूलविक्रीडितमा गरेका छन् ।

२. तृतीय सर्गमा स्वागता र मालिनीका धारा बगेका छन् । अन्त्यमा शार्दूलका चालमा सर्गको समाप्ति भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुले अवतार लिए । कुरुवंशीहरूको वेदविहित नियम विधानअनुसार सम्पूर्ण जातकर्मादि विधिपूर्वक गरेर निगमविधिवक्ता महर्षि दत्त आफ्नो आश्रम क्षेमधामतिर लागे । यसरी यो सर्ग ७२ श्लोकमा[1] पूरा भएको छ ।

पञ्चम सर्ग

अब नरेन्द्र कृतवीर्यका पुत्र कार्तवीर्य महर्षि दत्तबाट संस्कार पाएर आफ्नै राजसंस्कारले चम्कन लागे । नरेन्द्र आफ्ना राजकुमार कार्तवीर्यको संस्कार सुसम्पन्न भएको देखेर प्रसन्न भए । छैटौं दिन षष्ठीकर्म गरेर एघारौं दिन 'अर्जुन' नामकरण गरे । आफ्नै सदुपदेशका फलस्वरूप दशौं दिन व्यतीत भएपछि नरेन्द्र कृतवीर्यले पवित्र संस्कार गरे । वर्षाकालिक मेघले पृथ्वीमा वर्षा गरेर अन्तरिक्षमा गएजस्तै दत्त मुनि पनि आफ्नो क्षेमधामतिर गए । यता बालक कार्तवीर्य राजभवनमा भुईंमा बामे सर्न थाले । अनेक प्रकारका लीलाद्वारा माता–पितालाई प्रसन्न गर्न थाले । पाँच वर्षको भएपछि राजकुमार कार्तवीर्यलाई अक्षरारम्भ गर्न फेरि मुनि दत्त आए (बाह्रौं वर्षमा वैदिक विधिले उपनयन संस्कार सम्पन्न भएको छ) । त्यसपछि ऋक्, यजु, साम, अथर्व चारै वेद तथा अङ्ग–उपाङ्ग आदि समस्त शास्त्र पढेर पारङ्गत भई अद्भुत वैदुष्यले कार्तवीर्य पृथ्वीतलमा चम्किए । यसरी कार्तवीर्यको जन्म र विद्याप्राप्तिको वर्णन पञ्चम सर्गमा महाकविले अत्यन्त मनोहर किसिमले गरेका छन् । ८२ श्लोकमा सर्ग[2] पूरा हुन्छ ।

छैटौं सर्ग

छैटौं सर्गमा कार्तवीर्यले अद्भुत तप गरेको वर्णन छ । आफ्ना पिता कृतवीर्यभन्दा पनि ठूलो तथा घोर साधना गरेको देखेर इन्द्र डराए । कार्तवीर्यको तपस्या भङ्ग गर्ने प्रयासमा इन्द्र लागे । तर कार्तवीर्य आफ्ना तपस्यामा जमी रहे । महाकविले यस सर्गमा पनि द्रुतविलम्बित छन्दको माध्यमले अलौकिक वर्णन गरेका छन् । यस सर्गको वर्णनीयता श्रीहर्षको नैषधसँग तुलनीय छ । यो

---

१. चतुर्थ सर्गमा वसन्ततिलका, मालिनी र शार्दूलविक्रीडित छन्दमा काव्यगत कथावस्तुलाई कुँदिएको छ ।

२ पञ्चम सर्गमा इन्द्रवज्रा, कामचारिणी तथा शार्दूलका साथै कतै-कतै नमिल्ने छन्द पनि छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्ग[1] ६२ श्लोकमा समाप्त भएको छ ।

सातौं सर्ग

सातौं सर्ग कार्तवीर्योदय महाकाव्यको हृदय हो । यस सर्गमा अ, आ आदिदेखि ज्ञसम्मको वर्णाक्षरक्रम क्रमबद्ध रूपमा प्रस्तुत भएको छ । उक्त वर्णहरूलाई श्लोकको आदि अक्षर बनाइएको छ । विचित्र वर्णनका साथमा अर्थालङ्कारको चमत्कारपूर्ण अलौकिक वर्णन गरिएको छ । आजसम्म उपलब्ध काव्यहरूमा यस प्रकारको अर्थालङ्कारिक वर्णन देखिएको छैन । यो सुकृतिदत्त सूरिको ठूलो काव्यात्मक विशेषता हो । यस सर्गमा निष्केवलग्रह, निष्केवलतालव्य, अनुनासिक, निर्दन्त्य, निरूष्म, एकजातीय, द्विव्यञ्जन आदि र पादगोमूत्रिका, अर्द्धगोमूत्रिका, श्लोकगोमूत्रिका, सर्वतोभद्रिका, धनुर्बन्ध, त्रिशूलबन्ध आदि सबै महाकाव्यगत अङ्ग–प्रत्यङ्गको पूर्णता छ; यसर्थ यो काव्य दर्शनीय भएको छ । यसरी उक्त विषयवस्तुको सम्पूर्ण वर्णनका साथै कार्तवीर्य तपोवनबाट आफ्नो राजधानी क्षेमपुरी माहिष्मतीमा फर्केको उल्लेख पनि यस सर्गमा भएको छ । यो शब्द वैचित्र्यले भरिएको सर्ग छ । यस सर्गमा[2] ६६ श्लोक छन् ।

आठौं सर्ग

अष्टम सर्गको कथावस्तु पनि आलङ्कारिक छ । महाराज कृतवीर्य वृद्ध भएका हुनाले सम्पूर्ण राज्यभार आफ्ना योग्य पुत्र कार्तवीर्य (अर्जुन) का हातमा सुम्पिदिए । राज्यका कार्यभारबाट मुक्त भएर महाराज कृतवीर्य फेरि तप गर्न तपोवनतिर लागे । यता अर्जुनले आफ्नो पैतृक परम्पराबाट प्राप्त राज्यको दुइ गुना विस्तार गरी शासन गर्न थाले । समस्त प्रजावर्गलाई पुत्रीकृत बनाएर कार्तवीर्य भुवनमण्डलविख्यात भए । यस वर्णनमा महाकविले सम्पूर्ण आलङ्कारिक ताकत लगाएर देखाएका छन् । यस सर्गमा उपमा, पूर्णोपमा, श्रौति, आर्थी,

---

१. यस सर्गमा द्रुतविलम्बित, स्रग्धरा तथा शार्दूलविक्रीडित छन्द प्रयोग भएका छन् । द्रुतविलम्बित छन्दको धाराप्रवाहमा पनि कथावस्तु जस्ताको तस्तै छ ।

२. यो सर्ग आलङ्कारिक दृष्टिले काव्यको मुटु हुन पुगेको छ । यसमा इन्द्रवज्रा, उपेन्द्रवज्रा, मिश्रित उपजाति, अनुष्टुप्, वंशस्थ, स्रग्विणी, स्रग्धरा, शार्दूल र केही अपरिचित छन्द पनि कतै कतै प्रयोग भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदि ८२ अलङ्कार प्रयोग भएका छन् । साथै क्यच्, विवप्, णमुल्, लुप्त, प्रयोग पनि गरेका छन् । सर्गको अन्तमा प्रसाद, माधुर्य, ओज गुण प्रयोग भएका छन् । गुणसाङ्कर्य पनि मननयोग्य छ । यसरी अर्थालङ्कारको चमत्कारमय वर्णन महाकविले मार्मिक ढङ्गले गरेका छन् । महाराज कृतवीर्यले छोरा कार्तवीर्यलाई राज्यभार दिएर तपोवन गएको मनोहर वर्णन यस सर्गको मूल छवि हो । यही अभूतपूर्व कवित्व प्रदर्शन भएको छ । यस सर्गमा १०१ श्लोकमा सर्ग[1] पूरा भएको छ ।

नवम सर्ग

नवम सर्गमा महाकविले कार्तवीर्य र कनकप्रभाका स्वयंवरका उपक्रममा उनको सौन्दर्य, गुणराशि तथा अङ्गप्रत्यङ्गको अभूतपूर्व वर्णन गरेका छन् । कनकप्रभाको मधुरस्मित, भ्रूकटाक्ष आदि तथा सखीजनोपहसित, ऋतु, वन, पर्वत, आदिको वर्णन यस सर्ग[2]को विशेषता भएको छ । कविको शब्दावली अत्यन्त मनोहर छ । ११२ श्लोकमा कनकप्रभाको वर्णन समाप्त भएको छ । नायिकारसिक जनहरूका लागि यसै सर्गबाट मात्र काव्य प्रारम्भ भएको मानिनेछ । यस सर्गभन्दा पूर्वका सर्गहरू विद्वत्ता र गहनताले परिपूर्ण भएका हुनाले महाकाव्यगत मर्म बुझ्नेहरूले मात्र मधुर रसास्वादन लिन पाउँछन् । 'षष्ठी प्रथमा' पण्डितका बसको छैन । परन्तु यो भन्न खोजेको पनि होइन कि नवम सर्ग एकदमै फ्यातुलो छ । नायिकागत आलम्बन, उद्दीपन, सञ्चारी, व्यभिचारी भाव तथा विप्रलम्भ शृङ्गार मर्मज्ञहरूलाई मात्र विशेष रसदायक छ । महाकवि सुकृतिदत्त सूरिको अद्भुत वर्णन शैलीले अवश्य प्रभाव पार्छ ।

दशम सर्ग

यस सर्गमा कनकप्रभालाई साक्षात् जनार्दनको चक्रावतार अर्जुनकी योग्य महिषी देखाउनुका साथै विदर्भगमनको वेला मार्गमा पर्ने ऋतु, खोला,

---

१. यसमा पनि अनुष्टुप्, वसन्ततिलका, मालिनी, स्रग्धरा, शार्दूल र अरू छन्द पनि मिश्रित भएको देखिन्छ । यो सर्ग पनि (काव्यको दृष्टिले) छन्द र विषयवस्तुको दृष्टिले अभूतपूर्व देखिन्छ ।

२. नवम सर्गमा अनुष्टुप्, वियोगिनी, मालिनी, उपजाति, स्रग्धरा, शार्दूल छन्दका साथै माझ-माझमा अरू छन्द पनि घुसेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाला, वन, पर्वत, मन्त्री, सेवक, सुसारे आदिको वर्णन मार्मिक ढङ्गले भएको छ। कुण्डिनेश भोजपुत्री राजकुमारी कनकप्रभासँग निकट भविष्यमा स्वयंवर प्रायः निश्चय भइसकेको हुनाले वन्दीजनले जयजयकार गर्दै हिंडे। यस्तो मङ्गलमय वेलामा यात्रा गर्दा मदोन्मत्त सेनामा भएका गजसमूहको ध्वनिले पनि मङ्गल जनाउँदै थियो। यस प्रकारका मङ्गलमय वेलामा क्षेमाङ्कबाट विदर्भका लागि महाराज कार्तवीर्यले प्रस्थान गरे। यसरी यस काव्यमा महाकाव्यगत गुणयुक्त हृदयहारी वर्णन भएको छ। ११८ श्लोकमा दशम सर्ग[१]को वर्णन पूरा हुन्छ।

एकादश सर्ग

जन्मेदेखि लिएर महाराजा कृतवीर्यका पुत्र कार्तवीर्य–अर्जुनले अहिलेसम्म अमङ्गल देखेका छैनन्। उनको सर्वत्र जयघोष भइराखेको छ। महाराज कार्तवीर्यको (शयन, उत्थान, स्नान आदि) सम्पूर्ण क्रियाकलाप शास्त्रीय तथा राजकीय ठाँटबाँटको भइराखेको छ। महाराज कार्तवीर्यको शयन उत्थान र प्रभातवेलाको मनोहरमूर्तिको वर्णन चित्रकार सुकृतिदत्त सूरि जस्ताका तूलिकाबाट नै सम्भव थियो। यस सर्गमा प्रभातवर्णन र स्वयंवरस्थलगमनवर्णन वस्तुतः कविहृदयले गरेको छ। प्रत्येक श्लोक मननीय र तुलनीय छन्। १२० श्लोकमा यो सर्ग[२] समाप्त भएको छ।

द्वादश सर्ग

यस सर्गमा विदर्भाधिपति महाराज कार्तवीर्यको राजकीय वैभवयुक्त स्वयंवरको वर्णन भएको छ। महाराजा कार्तवीर्यको स्वयंवरमा कुरुवंशीय राजा, मथुराधीश, वाराणसीका भूपति, अवन्तीनाथ, पाटलीपुत्रका भूपति आदिको उल्लेख महाकविको मधुर लेखनीले उतारेको छ। यस वर्णनमा पुष्पपुरको सुन्दरताको उल्लेख तथा शिप्रा (क्षिप्रा) नदीको उल्लेखका साथै मध्य उज्जैनको भूगोलको पनि उल्लेख भएको देखिन्छ। यसै सर्गमा प्रसङ्गवश आनन्दकानन

१. यस सर्गमा पनि छन्दको धेरै जटिलता देखिन्छ। वसन्ततिलका, इन्द्रवज्रा, उपेन्द्रवज्राको भेद उपजाति, कतै स्वागता र कामचारिणी, कतै मालिनी र शार्दूलबाहेक कैयौं अरू छन्द पनि मिश्रित छन्।

२. यस सर्गमा पनि अनुष्टुप्, मालिनी, द्रुतविलम्बित, वियोगिनी, शार्दूलविक्रीडितका साथ अरू छन्द पनि मुछिएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वेशनगरी, वाराणसी, काशी, मुक्तिक्षेत्र आदिको उल्लेख तथा 'काशी' शब्दको व्युत्पत्तिलभ्य अर्थ दार्शनिक विचारको छ । जहाँ धरित्रीपुरुहूत पुत्री र नवयौवन परिपूर्ण जुंगाको कोमलरेखा रेखित सर्वगुण सम्पन्न तथा वीर शासक कार्तवीर्यको उपमा दिने शब्द नै छँन । यसरी महाराज कार्तवीर्यको अभूतपूर्व स्वयंवरवर्णनमा यो सर्ग समाप्त भएको देखिन्छ । १५७ श्लोकमा यो सर्ग[1] पूरा भएको छ ।

त्रयोदश सर्ग

यस सर्गमा कविले कार्तवीर्यको वर्णन गरेका छन् । पूरा सर्गमा कार्तवीर्यको महत्वाकांक्षा उनको ऐश्वर्य तथा सौन्दर्यको वर्णन कविको काव्यात्मक विशेषता भएको छ । भावी पटरानी कनकप्रभा र उनैका सखीजन विलासवतीवर्णनले काव्यरसिकहरूको मन अवश्य हर्नेछ । तपोवनबाट अर्थात् दत्ताश्रमबाट सर्व-शास्त्रपारङ्गत तथा सर्वगुणसम्पन्न भएर आएका योग्य पुत्रलाई राज्यभार सुम्पेर कृतवीर्य वन गएपछि सुन्दर पत्नी प्राप्त गरेर कार्तवीर्यले प्रजालाई प्रसन्न पारेर राज्य गरे, प्रजाले कार्तवीर्यको जयजय मनाए, कार्तवीर्य पनि सुखी भएर भूलोकको इन्द्र बने आदि वर्णन यस सर्गको विषयवस्तु हो । ५४ श्लोकमा यो सर्ग[2] पूरा भएको छ ।

चतुर्दश सर्ग

यस सर्गमा नारायणचक्रावतार महाराज कार्तवीर्यको स्वयंवर कुण्डिन नगराधीश महाराज भोजकी पुत्री राजकुमारी कनकप्रभाका साथ भएको उल्लेख कविले साक्षात् देखेजस्तै गरेका छन् । कार्तवीर्य स्वयंवर गरेर कुण्डिन नगरबाट फर्केपछि विदर्भदेशको राजधानी माहिष्मतीमा आए । एक दिन महाराज कार्त-वीर्य र महारानी कनकप्रभा रेवा नदीमा स्नान गर्न जाने खबर पाएर दशास्य रावण पनि सन्ध्या पूजाको ब्याजले रेवानदीको तटमा आए । जहाँ राजारानी स्नान गर्दै थिए । सामान्य बहानामा कार्तवीर्यले रावणको पूजासामग्री सबै हरण

१. यसमा पृथ्वी, उपजाति, वसन्ततिलका, शार्दूल, मन्दाक्रान्ता, स्रग्धरा, शिखरिणी, मालिनी आदि र अरू नबुझिने छन्द पनि गाभिएका छन् ।

२. यसमा– अनुष्टुप्, उपजाति, शार्दूल, मन्दाक्रान्ता, मालिनी, छन्दको प्रयोग भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरे। त्यसपछि दुवैको घमासान युद्ध भयो। रावण हाऱ्यो। कार्तवीर्यले रावण- लाई आफ्नो वशमा पारी माहिष्मती नगरीमा लगेर थुने। यसरी यस अध्यायमा कार्तवीर्यको स्वयंवर र रावणको घमण्ड भङ्ग गरेको रमणीय कवितावली अत्यन्त हृदयस्पर्शी वर्णन भएको छ। रावणको दर्प भङ्ग भएपछि आफ्ना बाजे पुलस्त्यले रावणलाई छुटाएर लगे। यसरी १२३ श्लोक[१]मा यो सर्ग पूरा भएको छ।

पञ्चदश सर्ग

यो सर्ग महाकाव्यकार सुकृतिदत्त सूरिको भौगोलिक अध्ययनको कसौटीको रूपमा आएको छ। नर्मदा, रेवा नदीमा जलविहार गर्दा महावली रावणको दर्प- दलन गरेपछि भोजकुमारी कनकप्रभाका साथ पृथ्वीतल सप्तद्वीप उपक्रम भयो। यसै बेला प्रावृट् वर्णन मनोहर रूपमा गरेका छन्। फेरि लगत्तै शरद् ऋतु प्रारम्भ भयो। दुवै ऋतुहरूको हृदयग्राही वर्णन यस सर्गको मुटु हो। त्यसपछि प्लाक्षद्वीपको उपद्वीप तथा तीर्थहरूको दर्शन गर्दै हरिभद्र आदिमा स्वेच्छया विहार गरे। यसरी नै शालमलीद्वीप, कुशद्वीप, जम्बुद्वीप, आदि सप्तद्वीपको भ्रमण गरे। ती द्वीपहरूसँग सम्बन्ध राख्ने समुद्रहरूको विहार गरेर राजा तथा रानी दुवै आनन्दित भए। जम्बुद्वीप आदिमा पर्ने केतुमाल, मानसरोवर कैलास, माल्य- वान, गन्धमादन आदि पर्वतहरूको दर्शन गर्दै भरत[२]द्वारा पालित भारतवर्षमा आइपुगे। यसरी अलकनन्दा नदीमा स्नान गरेर वाराणसीका विश्वनाथको दर्शन गरे। प्रयागराजमा गङ्गायमुनामा स्नान गरेपछि माहिष्मतीबाट राजारानीको सवारी लिन मन्त्रिगण तथा सभ्य नागरिक आए। माहिष्मतीमा पुगेपछि महा- राज कार्तवीर्य र महारानी कनकप्रभाको जयजयकार मनाइयो। यस सर्गमा सप्तद्वीप वर्णन गर्दा भूगोलको वर्णन स्वाभाविक हुन गएको छ। प्रावट् र शरद् ऋतुहरूको मनोहारी वर्णन यसको विशेषता हो। २७० श्लोकमा पञ्चदश सर्ग टुङ्गिएको छ।

---

१. चौधौं-सर्गमा उपजाति, वियोगिनी, पुष्पिताग्रा, शार्दूल र केही मिश्रित छन्दको प्रयोग भएको छ।

२. भरणात् पोषणात् चैव मनुर्भरत उच्यते। यस इतिहासको अनुसार मनुले शासन गरेको देशलाई 'भारत' भनेको हो।

३. यस सर्गमा पूरै अनुष्टुप् छन्द छ। अन्त्यमा वसन्ततिलका र शार्दूल- विक्रीडित छन्दद्वारा सर्गको उपसंहार भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षोडश सर्ग

वस्तुतः यो सर्ग कैयौं वर्षपछि थपेजस्तो लाग्छ । किनभने महाकविले १५ सर्गको पुष्पिकामा आफ्ना इष्टदेव भगवती पराम्बा तारिणीलाई काव्य समर्पित गरिसकेका छन् । परन्तु पछि कार्तवीर्य पनि केवल सम्राट् मात्रै थिएनन्, विद्वान्, कवि, कलाकार र दार्शनिक पनि थिए । यता महाकवि पनि समस्त शास्त्र पारङ्गत भएर वृद्ध भइसकेका थिए । दुवैलाई जीवनको अन्त्यतिर वैराग्यले मोक्षको इच्छा हुनु स्वाभाविक थियो र स्वाभाविकै हो पनि । षोडश सर्गमा महाराज कार्तवीर्यले पनि मोक्षको इच्छा गर्दा मुक्तिको बारेमा निक्कै खोज गरेका छन् । महाराज कार्तवीर्यले महारानी कनकप्रभासहित मनु आदिको नियमअनुसार वर्णाश्रमधर्मको पालन गर्दा भोगवाहिनी प्रवृत्तिदेखि भक्तिवाहिनी प्रवृत्तितिर लागे । अनेक यज्ञकुशल विद्वान्हरूलाई बोलाएर दर्शपौर्णमास, अश्वमेध, वाजपेय, विश्वजित् आदि यज्ञादि गरी प्रशस्त दान दक्षिणा दिए । सय करोड कर लिने शासकले एक करोड दानै दिएर समाप्त गर्थे । यसरी कवीश्वर कार्तवीर्यले फेरि समस्त तीर्थहरूको भ्रमण र स्नानबाट पुण्यार्जन गर्न थाले । कार्तवीर्य देवऋण, ऋषिऋण पितृऋण तीनै ऋणबाट मुक्त भएर दर्शनशास्त्रको चिन्तन गर्न लाग्छन् । जगत्को कार्यकारणभाव, जीवात्मा र परमात्माको ऐक्य विचार, शक्ति र शक्तिमान्को विचार, जीवगत प्रकृति तथा माया र ब्रह्मविचार आदि पर्याप्त रूपमा महाराज कार्तवीर्यले विचार गरेका छन् । यस प्रसङ्गमा वैशेषिक र नैयायिकहरूका पीलुपाकवाद र पिठरपाक वैनाशिक तथा विवर्तवाद आदिका चर्चा हुन पुगेका छन् । मीमांसक, साङ्ख्य आदिको मुक्तिलाई अस्वीकार गरेर चिदानन्दमयस्वरूप प्राप्ति नै मुक्ति हो भन्ने कुरा कविले कार्तवीर्यका मुखबाट स्वीकार गरेका छन् । यसरी मोक्ष प्राप्तिका लागि महारानीसहित महाराज कार्तवीर्य क्षेमाङ्क माहिष्मती नगरीदेखि मोक्षनगरीतिर प्रस्थान गरे । यहाँ आलङ्कारिकहरूको भनाइअनुसार 'शान्तोऽपि केचित्' अर्थात् कतिपयले शान्त रसलाई पनि स्वीकार गरेका छन् । महाकवि सुकृतिदत्त पन्तले कार्तवीर्यको मुक्तिलाई शान्तरसमा पर्यवसान गरेको कुरा स्पष्ट छ । यसरी १२५ श्लोकमा सर्गको[1] समाप्ति भएको छ ।

---

१. यस सर्गमा पृथ्वी, वसन्ततिलका, उपेन्द्रवज्रा, उपजाति, वंशस्थ, वियोगिनी, मालिनी, शार्दूल, स्रग्धरा र मात्रामा अरू पनि एक दुइ छन्द परेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तदश सर्ग

सत्रौं सर्गमा महाकविले आफ्नै वंशपरम्पराको वर्णन गरेका छन् । विद्वान्हरूको कलमवनमा विहार गर्ने विद्वान् राजहंस कूर्माचल निवासी श्रीवसु पन्तका वंशमा रमापति सुधीन्द्र भए । स्वयं वसु पन्त धेरै ठूला विद्वान् थिए । उनका वंशमा रमापति पन्त पनि उत्तिकै ठूला विद्वान् थिए । रमापति पन्त सर्वप्रथम स्वर्गतुल्य कालीगण्डकीको तीरमा आए र पर्वते राजाका राजगुरु भए । रमापतिले लक्ष्मी-नारायण मन्दिरको स्थापना गरे । रमापतिका हरिराम तथा शिवराम आदि पुत्र भए । यी पुत्रहरू पनि उद्भट विद्वान् थिए । राजगुरु नै भए । शिवरामका यशस्वी पुत्र भवदत्त र रुद्रदत्त थिए । भवदत्त सर्वशास्त्र पारङ्गत थिए । भवदत्तका धर्म, अर्थ, काम, मोक्षजस्ता पुरुषार्थचतुष्टयका रूपमा चार भाइ छोरा भए । क्रमशः जेठा व्यासदत्त, माहिला श्रीदत्त, साहिला ज्वालादत्त, कान्छा सुकृतिदत्त, यिनले आफूलाई सबैभन्दा जघन्य भनेका छन् । यसैबाट थाहा हुन्छ अरू दाजुहरू सुकृतिभन्दा ठूला विद्वान् थिए । तर काव्य सुकृतिको मात्रै देखापऱ्यो। यस काव्य (कार्तवीर्योदय) मा भङ्गश्लेष, अनुप्रास, अलङ्कार, तथा धीरोदात्त नायक आदिको सम्मिश्रणले यसलाई महाकाव्य गुणले युक्त पारिएको छ भनेर महाकविले स्वयं लेखेका छन् । यस काव्यमा उसैको अधिकार वा उसैको स्वाद लिन सक्नेछ । जसले महर्षि पतञ्जलिको महाभाष्य, उदयनाचार्य आदिका किरणावली, भरतनाट्य, महाभारत आदि समस्त शास्त्रहरूको अध्ययन गरेको छ । यसरी शास्त्ररसानभिज्ञहरूलाई तर्जन दिंदै यी मेरा कविता व्युत्पन्नहरूका लागि द्राक्षा (अंगुर) जस्तै गुलियो अनुभव हुनेछ र अव्युत्पन्नहरूका लागि विष जस्तै हुनेछ भन्छन् ।

अन्तिममा आफ्ना कवितालाई छोरी बनाएर सम्झाउँछन् हे कविते! मजस्तो सरल कविताका अनुरागको पात्र को होला त ? तिमीले यस्तो चिन्ता नलेऊ । किनभने सुकृतिको तपोबलले त्यस्ता अनुरागभाजन पनि जन्मिने छन् । भएन भने यो मेरो सेवा गर्ने जेठा छोरा बृहस्पतिले नै तिम्रो उद्धार गर्नेछ। त्यो नभए कान्छो छोरा पद्मनाभले अवश्य तिम्रो उद्धार गर्नेछ । मेरो स्वर्गवास-पछि तिमीहरू तीनमध्ये तिमी (काव्य) कान्छो भएको हुनाले तिमीलाई दुवै भाइले अंश दिएर उद्धार गर्नेछन् । तर जहाँ अनेक गुण हुन्छन्, त्यही दोष पनि हुन्छ । विज्ञजनहरूले दोष देखेर निन्दा गरून् कि गुण देखेर प्रशंसा गरून् यो उहाँहरूकै माथि छोडिन्छ । हे तारे ! जस्तो भए पनि यो महाकाव्यरूपी पुष्प तिम्रै चरणकमलमा अर्पण गर्दछु । यसरी अर्पण गरेपछि (वि. सं. १९२८ मा) तारिणीकृपाले यो काव्य चिरञ्जीवी होस् । मजस्तै परिश्रम गर्नेहरूलाई आनन्द

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेभ्रोस् भनेर काव्य समाप्त गरेका छन् । ३७ श्लोकमा कविले सप्तदश सर्ग[1] पूरा गरेका छन् ।

□

१. यस सर्गमा पनि वसन्ततिलका, शार्दूल, मन्दाक्रान्ता, शिखरिणी, स्रग्धरा, पुष्पिताग्रा, वियोगिनी, पृथ्वी यी आठ छन्दबाहेक अरू छन्दको पनि अतिक्रमण भएको छ । महाकविले छन्दमा विशेष पाण्डित्य देखाएको देखिन्छ । किनभने प्रथम सर्गदेखि लिएर अन्तिम १७ सर्गसम्ममा प्रयोग गरिएका छन्दहरू मध्ये कुनै कुनै सर्गलाई छोडेर प्रायः सबै सर्गमा केही नयाँ नियमको छन्द प्रयोग गरेजस्तो लाग्छ । त्यसैले धेरै ठाउँमा छाँटकाँट गर्ने प्रयास नगरेको हो । किनभने कविको ग्रन्थ प्राप्त नभएसम्म यो विषय शोधखोजकै गर्भमा रहनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तवीर्योदय महाकाव्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तवीर्योदयमहाकाव्ये

प्रथमः सर्गः

कृपापारावारोल्लसदमदकल्लोलसुभगा-
  श्चतुर्वर्गस्तोमार्पणपणकृतां[1] भोः कृतिकलाः ।
हरब्रह्मादीनां प्रतिदिनमलङ्कांक्षिततराः
  कटाक्षास्तारिण्या मम विदधतां विघ्नशमनम्[2] ॥१॥

इन्दीवरच्छन्दकसुन्दराङ्ग[3]
  दोर्भिश्चतुर्भिरभिराजितमस्तभीति ।
ताराभिधानममलं हृदये ममास्तु[4]
  त्रैलोक्यतापशमने प्रथितं[5] महस्तत्[6] ॥२॥

---

१. ख–मातृकायां प्रारम्भे श्रीसरस्वत्यै नमः । कार्तवीर्योदयन्नाम महाकाव्यं प्रारभत इति । ख. मा. 'कृती' इति पाठः ।

२. रसै रुद्रै श्छिन्ना यमनसभलागः शिखरिणी । इति ।

३. ख. मा. 'इन्दीवरेन्द्रदलसुन्दरसुकराङ्ग' इति पाठः ।

४. ख. मा. 'चकास्तु' इति पाठः ।

५. क. मा. 'प्रसितं' इति पाठः ।

६. पद्येस्मिन् प्रथमचरणे-एकादशाक्षराणि सन्ति । ततस्त्रिष्वपि पादेषु चतुर्दशाक्षराणि न महाकविवैपरीत्येन जातम् । परमत्र लिपिकरानवधानतया स्खलितमिति प्रतिभाति । आलङ्कारिकसमयानभिमतमेव वक्तुमुचितम् । परन्तु महाकवेस्स्वतन्त्रग्रन्थे 'छन्दप्रसादे' प्रचलितच्छन्दसां समालोचनापूर्वकस्वाभ्युपगतच्छन्दसान्नियमास्सन्तीति प्रतिभाति । यतो हि वहुत्र प्रचलितनियमानुसारेण छन्दसां मात्रावर्णसामञ्जस्यं न तिष्ठति । 'छन्दप्रसादे' करामलकीभूते समीचीनतयेदमित्थन्तया निर्णेतुं शक्यते । तथापि-उपजातिजातिभेदेन समाधातुं शक्यते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यन्नामवाम[1]गुणदाम्नसुरामकीर्तिः
अद्यापि भूमिवलयं विमलीकरोति।
तस्यार्जुनस्य चरितं महितं यथा[2]धीः
सङ्कीर्तयामि निजबुद्धिविशोधनाय ।।३।।

यच्चिन्तनं हरति चेतसि जातमात्रं
दुध्यानमाशुवितनोत्यपि[3] चित्तशुद्धिम् ।
संशोधयन्निह गिरं निज[4]कीर्तनीम्मे
स्वे[5]च्छामयो हि[6]स हरिः कृतवीर्य्यजन्मा ।।४।।

यस्यावदातगुणराशिनिवासहेतोः
ब्रह्माण्डवृन्दमपि सङ्कटमेव[7] गेहम् ।
किम्मा[8]त्यसौ कृतिकृतेऽत्र निपानमध्ये
क्षीरोदधिप्रमथनाचलवत्सुसूक्ष्मे ।।५।।

किञ्चित्तया पदमुपाहरिकीर्तने कः
सामस्त्यतो गुणगणं विवरीतुमीशः ।
आसंविदो यदि गृणन्ति समेऽपि धीरा-
बद्धो मया परिकरोऽत्र यदीयरीत्या[9] ।।६।।

---

१. ख. मा 'धाम' इति पाठः ।
२. क. मा. 'यथाधि' पाठः
३. क. मा. दुध्यानमा भुवि तरत्यपि' इति पाठः ।
४. क– मातृकायां नास्ति ।
५. क– मातृकायां नास्ति ।
६. क- मातृकायां नास्ति ।
७. ख. मा. 'संकटमेव' इति पाठः ।
८. ख. मा. 'प्राप्त्यसौ' इति पाठः ।
९. वसन्ततिलकावृत्तम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगीरथेनेव मया प्रणीता
दिवो भुवं विष्णुपदप्रसङ्गा ।
भ्राजत्कथानिर्झरिणी विशुद्धौ
समास्तु पूर्वैस्सह चापरेषाम्[1] ॥७॥

सन्तस्सदैव कटुदन्तनिवृत्तचित्ता
वित्ता गुणैस्सुनिपुणैरतिबुद्धिमन्तः ।
ते पक्षगा मम भवन्तु भवन्तु येषां
कारुण्यतो व्रजति सर्वकलाकलापः ॥८॥

अस्ति प्रशस्तैर्विभवैस्समस्तैः
समस्तभूमण्डलमण्डनं सा ।
वस्वोकसाराधिकशारशारा
माहिष्मती नाम पुरी सुरीतिः[2] ॥९॥

यत्र स्थितानां तरुणीगणानां
मणिप्रवालादियुताऽऽपणानाम् ।
विलोकना[3] तथ्यमवैति नाम
तद्रत्नगर्भेति वसुन्धरायाः ॥१०॥

शिरःस्पृशं जह्नुसुतां समीक्ष्य
सर्वञ्च शर्वं प्रतिभा[4] वशेन ।

---

१. इन्द्रवज्रोपेन्द्रवज्रयोः सम्मिश्रणादुपजातिजातिः ।

२. माहिष्मती नाम विदर्भदेशस्य राजनाधीति । माहिष्मती पुरी सुरीतीति परिकर्मितवचनविन्यासेनेदम्मदीयं काव्यमपि वैदर्भीरीतिप्रामुख्यं भजत इति व्यञ्जितम् । विष्णुपुराणानुसारेण महिष्मान्नामकेन नृपेण संस्थापिता नगरी माहिष्मतीति नाम्ना ख्याता । तस्यां भूयांसो नृपतयो बभूवुः । तेषु कार्तवीर्यः परां प्रसिद्धिङ्गतः ।

३. क. मा. 'ला' इति ।

४. क. मा. 'द्य' इति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्सङ्ग आधाय मुदा वहन्ती
   रेवानदी यत्परिखेव भाति ॥११॥

विलोलकल्लोलसमुत्थितेन
   प्रफुल्लपद्मामलगन्धभाजा ।
समीरणेन व्यजनञ्चरन्ती
   रेवास्ति[1] सेवाप्रवणेव यस्याः ॥१२॥

नृत्यत्तरङ्गाग्रभुजां विसार्य
   व्याकोशपद्मालिनिनादगीता ।
उल्लोलतीरध्वनि[2]चारुवाद्या
   तौर्य्यत्रिकं यत्र तनोति रेवा ॥१३॥

सुशीतलामूर्मि[3]भुजां प्रसार्य्य
   समाजयन्ती कलहंसवाक्यैः ।

---

१. रेवा तु नर्मदा सोमोद्भवा मेकलकन्यका (अमरकोशः) अनेन कोशप्रमाणेन रेवानर्मदयोरभेदः ।

२. अत्र रेवायाश्चारुध्वनिस्तौर्य्यत्रिकं वाद्यविशेषं ध्वनयन् ध्वनिकाव्यमपि व्यञ्जयतीति । अत एव 'भङ्गश्लेषप्रचुरमुदयत्' इत्यादिवाक्यं सार्थकीभवति । तथा च पञ्चविधव्युत्पत्त्यापि-अवगमयितुं शक्यते । 'ध्वनतीति यः स ध्वनिः' अनया व्याक्रियया व्यञ्जकशब्दपरो ध्वनिः । 'ध्वनति ध्वनयतीति वा यः स ध्वनिः' अनया व्युत्पत्त्या व्यञ्जकार्थोऽपि ध्वनिरित्यभ्युपयन्ति संख्यावन्तस्सन्तः । 'ध्वन्यते यः स ध्वनिः' अनया च व्युत्पत्त्या रसालङ्कारवस्तुविशेषोऽपि ध्वनिरिति समाचक्षते । ध्वन्यत अनेनेति ध्वनिरिति व्युत्पत्त्या शब्दार्थव्यापारो ध्वनिः । 'ध्वन्यतेऽस्मिन्' इति व्याक्रियायामाह्लादजनकालङ्काररसादिवस्तुपरक एव ध्वनिपदेनाभ्युपगच्छन्ति शब्दार्थालङ्कारवादिनः । अत एव ध्वनिस्फोटयोर्न भेदः । अतः शाब्दिकशिरोमणिना भर्तृहरिणा 'स स्फोटः शब्दजशब्दो ध्वनिरित्युच्यते बुधैः' इत्युक्तम् । अत एव 'काव्यस्यात्मा ध्वनिः' इति ध्वनिकार-आनन्दवर्धनाचार्य्यस्समर्थयामास (ध्वन्यालोक १।१) तस्मात्काव्यरसायनरसिकसुकृतिदत्तसूरेरपि ध्वनिव्यञ्जकत्वमिष्टमिति । न खलु रेवानदीनदितध्वनिचारुत्वं सम्भवति ।

३. क. मा. 'मूर्ति' इति पाठः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्फुटोत्पलाक्षी परमादरेण
सखीव यं श्लिष्यति सोमपुत्री[1] ॥१४॥

यत्तुङ्गसौधशिखराणि कुरङ्गनेत्रा-
आरुह्य नाभिकुचदृष्टिरुचं स्वकीयाम् ।
आवर्त्तचक्रयुगलोर्मिषु शोभितासु[2]
पश्यन्ति मेकलभुवः सरितो विदूरे ॥१५॥

यत्र स्थितानामखिलप्रजानां
स्नानेक्षणस्पर्शनपानकार्य्यैः ।
उन्मूलयन्ती च मलं समूलं
सा नर्म्मदा शर्म ददात्यनेकम् ॥१६॥

जजाप[3] दीपानिलये स्थिताः स्वे
गतास्तटे सोमकरोद्भवायाः ।
भूतिप्रदिग्धाः शिवचिन्तकास्ते
क्षमालया रम्यकरा रमन्ते ॥१७॥

सन्त्येव भूमिवलये शतशोऽपि नद्यः
पुण्योऽपि भूरिकमला द्विजसेविताश्च ।
धन्यापगेयमियमेव पुरी च धन्या
नान्या यदत्र शिवलब्धिरयत्नसाध्या ॥१८॥

मञ्जुगुञ्जदलिपुञ्जनिकुञ्जे
नार्मदे मदननर्मदे मदात् ।

१. सोमपुत्री — रेवानदीत्यर्थः ।
२. क. मातृकायां 'शोभमानासु' इति पाठः ।
३. ख. मातृकायां 'जनाय' इति पाठः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सौरभाक्तसुरभो[1] विहरन्ति
स्फारहारदयितैरिह नार्य्यः[2] ॥१९॥

तपस्विजनतानता बहुमतागता मेकला-[3]
नता मलजलैः कलैः श्रुतिफलैः कवीशोदितैः।
यदत्र विहरत्यलञ्जगति शर्मदा नर्मदा
कदापि न मदागमः कलिकृतस्तदत्रोचितः ॥२०॥

कथा भागीरथ्या जगति बहुपथ्यापि न तथा
सतां रथ्यामध्ये विलसति कलिन्दाचलभुवः।
भवेद्वार्ता का वा हरदयित[4]रेवास्तुतिपदैः
त्रिलोके संव्याप्तेऽर्जुनपुरि[5] सदेयं विजयते ॥२१॥

त्र्यक्ष[6]वन्तमभितोबराधरं[7]
यादवाग्रमुचुकुन्दनिर्म्मिता।
भूरिजिष्णुगुरुसौम्यसेविता
सा पुरी विजयतेऽमरावतीम् ॥२२॥

शिष्टैर्विशिष्टैर्यशसा गरिष्ठैः
प्रेष्ठैस्सुराणामतिमिष्टचेष्टैः।
इष्टैर्मनुष्यैरभिवेष्टिताऽसौ
श्रेष्ठा कथं स्यान्नविशेषकाष्ठा ॥२३॥

---

१. ख. मा. 'सुरसो' इति पाठः।
२. इयं रथोद्धताजातिः। 'रात् परैर्नरलगै रथोद्धता' इति लक्षणम्।
३. ख. मा. 'मेकलात्तता' इति पाठः।
४. ख. मा. 'दपित' इति पाठः।
५. ख. मा. 'पुरी' इति पाठः।
६. ख. मा. 'ऋक्षवन्त' इति पाठः।
७. ख. मा. 'अधराधरं' इति पाठः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पठन्ति यत्र द्विजवर्यबालाः
शाला अधिष्ठाय गुरोर्विशालाः ।
ऐकान्यिकत्वे[1] कृतहस्ततालास्
त्रिपुण्ड्रभाला धृतशास्त्रजालाः ॥२४॥

आन्वीक्षिकी[2] पण्डितमन्दिरेषु
व्याप्तिप्रसङ्गेन वितायमानैः ।
वादैस्ससाध्यैरपि वाद्यसाध्यैः
सहेतुपाशैरपि हेतुमद्भिः ॥२५॥

त्रिधा सपक्षैश्च तथा विपक्षैः
सपूर्वपक्षैस्सह मुख्यपक्षैः ।
या चन्द्रशालासु वितायमाना
पुरी सदाभ्यस्यति किन्नु तर्कम् ॥२६॥

युग्मकम्[3] ॥

